लिखु पिके गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्बु, कोसी प्रदेश, नेपाल

प्रथम आवधिक योजना

(आ.व. २०८०/८१-२०८४/८५)



अन्तिम प्रतिवेदन

२०८०

प्राविधिक सहयोगः
भिजन डेभलपमेन्ट सोलुसन, प्रा. लि., भक्तपुर

परियोजनाको बारेमा

परियोजनाको नाम	**लिखु पिके गाउँपालिकाको प्रथम आवधिक योजना** (२०८०/८१-२०८४/८५)
आयोजक	लिखु पिके गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, चौलाखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
आर्थिक सहयोग	प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) कलवलगुडी, भद्रपुर, झापा कोशी प्रदेश
प्रविधिक सहयोग	भिजन डेभलपमेन्ट सोलुसन प्रा. लि. भक्तपुर, बागमती प्रदेश नेपाल
प्रकाशक	लिखु पिके गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, चौलाखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

सर्वाधिकार ©: प्रकाशकमा

प्रकाशन बर्षः २०८०

विषयसूची

परियोजनाको जानकारी /

विषयसूची II

तालिका सूची VIII

चित्र सूची X

नक्सा सूची XI

फोटो सूची XI

परिच्छेद १: परिचय १

१.१ पृष्ठभूमि १
१.२ आवधिक योजनाको आवश्यकता २
१.३ योजना निर्माण गर्नुका उद्देश्यहरु ३
१.४ योजना तर्जुमा कार्यको मुख्य कार्यक्षेत्र ३
१.५ आवधिक योजना तर्जुमा प्रक्रिया ५
१.५.१ अभिमूखीकरण तथा तयारी कार्यशाला ५
१.५.२ निर्देशक समिति तथा विषयगत समिति गठन ६
१.५.३ तथ्याङ्क संकलन ६
१.५.४ प्राथमिक तथ्याङ्क ६
१.५.५ द्वितीय तहको तथ्याङ्क संकलन ७
१.५.६ नक्सा तयारी (Map Preparation) ७

परिच्छेद २: गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समिक्षा ९

२.१ गाउँपालिकाको परिचय ९
२.१.१ नामाकरण, भौगोलिक अवस्थिति, राजनीतिक र प्रशासनिक संरचना ९
२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा ११
२.१.३ जनसांख्यिकीय अवस्था १५
२.२ आर्थिक विकासको अवस्था २१
२.२.१ कृषि तथा खाद्य सुरक्षा २१
२.२.२ पर्यटन तथा संस्कृति २४
२.२.३ उद्योग व्यापार, व्यावसाय र आपूर्ति २८
२.२.४ आम्दानी तथा रोजगारी २९
२.२.५ वित्तीय तथा सहकारी ३२
२.३ सामाजिक विकासको अवस्था ३३
२.३.१ स्वास्थ्य तथा पोषण ३३
२.३.२ शैक्षिक विकास ३६
२.३.३ खानेपानी तथा सरसफाइ ३९
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ४०
२.३.५ युवा खेलकुद तथा कला ४१
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ४१

२.४.१ बस्ती, आवसा, भवन तथा सार्वजनिक निर्माण ४१
२.४.२ सडक, पुल तथा यातायात ४५
२.४.३ विद्युत तथा बैकल्पिक उर्जा ४६
२.४.४ घरायसी सुविधामा पहुँचको अवस्था ४७
२.४.५ सूचना, सञ्चात तथा प्रबिधि ४७
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ४८
२.५.१ वन तथा जैविक विविधता ४८
२.५.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन ४९
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापन ४९
२.६ भू-उपयोग ५१
२.७ सुशासन तथा संस्थागत व्यवस्था ५४
२.७.१ स्थानीय नीति ऐन तथा सुशासन ५४
२.७.२ सङ्गठनात्मक विकास ५५
२.७.३ श्रोत परिचालन ६०
२.७.४ योजना व्यवस्थापन ६१

परिच्छेद ३: सोच तथा विकास अवधारण ६३

३.१ पृष्ठभूमि ६३
३.२ संघीय तथा प्रादेशिक योजना अन्तर आवद्धता ६३
३.३ प्रमुख समस्या तथा चुनौती ६४
३.४ प्रमुख सम्भावना तथा अवसर ६५
३.५ समस्या सम्भावना (SWOT) विश्लेषण ६७
३.६ निर्देशक सिद्धान्त ६८
३.७ सोच, लक्ष्य तथा उद्देश्य ६९
३.८ गाउँपालिका विकासका प्राथमिकताहरु ७१
३.१० लगानी, स्रोत अनुमान र बाँडफाँड ७२

परिच्छेद ४: आर्थिक क्षेत्र ७५

४.१ कृषि तथा पशुपन्छी ७५
४.१.१ पृष्ठभूमि ७५
४.१.२ समस्या तथा चुनौती ७५
४.१.३ सम्भावना तथा अवसर ७६
४.१.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७६
४.१.५ अपेक्षित उपलब्धि ७७
४.१.६ अनुमान तथा जोखिम पक्ष ७८
४.२ सिंचाइ ७८
४.२.१ पृष्ठभूमि ७८
४.२.२ समस्या तथा चुनौती ७८
४.२.३ सम्भावना तथा अवसर ७९
४.२.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७९
४.२.५ अपेक्षीत उपलब्धि ८०
४.२.६ अनुमान तथा जोखिम पक्ष ८०
४.३ पर्यटन, सांस्कृति तथा सम्पदा ८०
४.३.१ पृष्ठभूमि ८०

४.३.२ समस्या तथा चुनौती ८१
४.३.३ सम्भावना तथा अवसर..... ८१
४.३.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८२
४.३.५ अपेक्षित उपलब्धि..... ८३
४.३.६ अनुमान तथा जोखिम पक्ष ८३
४.४ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति..... ८३
४.४.१ पृष्ठभूमि ८३
४.४.२ समस्या तथा चुनौती ८४
४.४.३ सम्भावना तथा अवसर..... ८४
४.४.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८५
४.४.५ अपेक्षित उपलब्धि..... ८६
४.४.६ अनुमान तथा जोखिम पक्ष ८६
४.५ श्रम, रोगार र सामाजिक सुरक्षा..... ८६
४.५.१ पृष्ठभूमि ८६
४.५.२ समस्या तथा चुनौती ८७
४.५.३ सम्भावना तथा अवसर..... ८८
४.५.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८८
४.५.५ अपेक्षित उपलब्धि..... ८९
४.५.६ अनुमान तथा जोखिम पक्ष ८९

परिच्छेद ५: सामाजिक क्षेत्र.....९१

५.१ स्वास्थ्य तथा पोषण.....९१
५.१.१ पृष्ठभूमि ९१
५.१.२ समस्या तथा चुनौती ९२
५.१.३ सम्भावना तथा अवसर..... ९२
५.१.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना.....९३
५.१.५ अपेक्षित उपलब्धि.....९४
५.१.६ अनुमान तथा जोखिम पक्ष ९४
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ९४
५.२.१ पृष्ठभूमि ९४
५.२.२ समस्या तथा चुनौती ९५
५.२.३ सभावना तथा अवसर.....९६
५.२.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना.....९६
५.२.५ अपेक्षित उपलब्धि..... ९७
५.२.६ अनुमान तथा जोखिम पक्ष ९७
५.३ खानेपानी तथा सरसफाइ..... ९८
५.३.१ पृष्ठभूमि ९८
५.३.२ समस्या तथा चुनौती ९८
५.३.३ सम्भावना तथा अवसर..... ९८
५.३.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना..... ९९
५.३.५ अपेक्षित उपलब्धि..... १००
५.३.६ अनुमान तथा जोखिम पक्ष १००
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग १००
५.४.१ पृष्ठभूमि १००

५.४.२ समस्या तथा चुनौती १०१
५.४.३ सम्भावना तथा अवसर १०१
५.४.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना १०१
५.४.५ अपेक्षित उपलब्धि १०२
५.४.६ अनुमान तथा जोखिम पक्ष १०३
५.५ युवा तथा खेलकुद १०३
५.५.१ पृष्ठभूमि १०३
५.५.२ समस्या तथा चुनौती १०४
५.५.३ संभावन तथा अवसर १०४
५.५.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना १०४
५.५.५ अपेक्षित उपलब्धि १०५
५.५.६ अनुमान तथा जोखिम पक्ष १०६

परिच्छेद ६: पूर्वाधार क्षेत्र १०७

६.१ आवास, भवन, बस्ती, तथा सार्वजनिक निर्माण १०७
६.१.१ पृष्ठभूमि १०७
६.१.२ समस्या तथा चुनौती १०८
६.१.३ सम्भावना तथा अवसर १०८
६.१.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना १०८
६.१.५ अपेक्षित उपलब्धि १०९
६.१.६ अनुमा तथा जोखिम पक्ष १०९
६.२ सडक, पुल तथा यातायात ११०
६.२.१ पृष्ठभूमि ११०
६.२.२ समस्या तथा चुनौती ११०
६.२.३ सम्भावना तथा अवसर ११०
६.२.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र योजना १११
६.२.५ अपेक्षित उपलब्धि १११
६.२.६ अनुमान तथा जोखिम पक्ष ११२
६.३ जलश्रोत, विद्युत तथा बैकल्पिक ऊर्जा ११२
६.३.१ पृष्ठभूमि ११२
६.३.२ समस्या तथा चुनौती ११२
६.३.३ सम्भावना तथा अवसर ११३
६.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र योजना ११३
६.३.५ अपेक्षित उपलब्धि ११४
६.३.६ अनुमान तथा जोखिम पक्ष ११४
६.४ सूचना, सञ्चार तथा प्रविधि ११४
६.४.१ पृष्ठभूमि ११४
६.४.२ समस्या तथा चुनौती ११५
६.४.३ सम्भावना र अवसर ११६
६.४.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ११६
६.४.५ अपेक्षित उपलब्धि ११७
६.४.६ अनुमान तथा जोखिम पक्ष ११७

परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ११८

७.१ वन तथा जैविक विविधता ११८
७.१.१ पृष्ठभूमि ११८
७.१.२ समस्या तथा चुनौती ११८
७.१.३ सम्भावना तथा अवसर ११९
७.१.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना ११९
७.१.५ अपेक्षित उपलब्धि १२०
७.१.६ अनुमान तथा जोखिम पक्ष १२०
७.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन १२१
७.२.१ पृष्ठभूमि १२१
७.२.२ प्रमुख समस्या १२२
७.२.३ सम्भावना तथा अवसर १२३
७.२.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना १२३
७.२.५ अपेक्षीत उपलब्धि तथा नतिजा खाका १२४
७.२.६ अनुमान तथा जोखिम पक्ष १२४
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन १२५
७.३.१ पृष्ठभूमि १२५
७.३.२ समस्या तथा चुनौतीहरु १२५
७.३.३ सम्भावना तथा अवसर १२६
७.३.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना १२७
७.३.५ अपेक्षित उपलब्धि १२८
७.३.६ अनुमान तथा जोखिम पक्ष १२८
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता १२८
७.४.१ पृष्ठभूमि १२८
७.४.२ समस्या तथा चुनौती १३०
७.४.३ सम्भावना तथा अवसर १३१
७.३.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना १३१
७.४.५ अपेक्षित उपलब्धि १३३
७.४.६ अनुमान तथा जोखिम पक्ष १३३

परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र १३४

८.१ संस्थागत विकास तथा सुशासन १३४
८.१.१ पृष्ठभूमि १३४
८.१.२ समस्या तथा चुनौती १३५
८.१.३ सम्भावना तथा अवसर १३५
८.१.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना १३६
८.१.५ अपेक्षीत नतिजा १३७
८.१.६ अनुमान तथा जोखिम पक्ष १३७

परिच्छेद ९: योजना कार्यान्वयन व्यवस्था १३८

९.१ पृष्ठभूमि १३८
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना १३८
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट १३९

९.४ स्रोत अनुमान तथा प्रक्षेपण १४२
९.५ स्रोत परिचालन रणनीति.....१४३
९.६ आवधिक योजना कार्यान्वयन.....१४४
९.७ अनुगमन तथा मूल्याङ्कन योजना १४४
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता.....१४५
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी.....१४५
९.७.३ आवधिक योजना कार्यान्वयन १४६
९.७.४ अनुगमन तथा मूल्याङ्कनका विधि तथा प्रक्रिया.....१४७

परिच्छेद १०: नतिजा खाका १४९

१०.१ पृष्ठभूमि.....१४९
१०.२ नतिजा खाका.....१४९

सुझाव संबोधन तालिका (COMMENT RESPONSE TABLE) १६३

सन्दर्भ सामाग्री १६६

अनुसूची १६८

अनुसूची १: माईन्यूट १६८
अनुसूची १.१: कार्यशाका गोष्ठी.....१६८
अनुसूची १.२: वडा भेलाको माईन्यूट.....१७१
अनुसूची १.३: दिर्घकालि सोच निर्धारण २ दिने कार्यशाला गोष्ठि तथा छलफल १७९
अनुसूची २: फोटो.....१८३
अनुसूची ३: क्षेत्रगत विकास योजना, परिमाणात्मक लक्ष्य तथा बजेट बाँडफाँड.....१९५
अनुसूची ४: नगर स्तरीय रणनैतिक आयोजना (प्रोजेक्ट बैंक) २०७
अनुसूची ५: वडा स्तरीय योजनाहरु.....२२५
अनुसूची ६: नक्साहरु २५५

तालिका सूची

तालिका १: गाउँपालिकाको वडा विभाजन र क्षेत्रफल १०
तालिका २: लिखु पिके गाउँपालिकामा मनाइने चाडपर्व/जात्र/मेला/उत्सव को विवरण १३
तालिका ३: जनसांख्यिकीय विवरण १५
तालिका ४: वडागत जनसङ्ख्याको विवरण १५
तालिका ५: उमेर समूह अनुसार जनसङ्ख्या १७
तालिका ६: आश्रित जनसङ्ख्या १८
तालिका ७: मातृभाषाको आधारमा जनसङ्ख्या स्थिति १९
तालिका ८: जातिका आधारमा जनसङ्ख्याको स्थिति २०
तालिका ९: धर्मको आधारमा जनसङ्ख्या स्थिति २०
तालिका १०: कृषि कार्यमा उपयोग भएको जमीनको अवस्था २१
तालिका ११: खाद्यन्न वालीको उत्पादन २२
तालिका १२: दलहन वालीको उत्पादन २३
तालिका १३: तरकारी वालीको उत्पादन २३
तालिका १४: अन्य उत्पादित बस्तुहरु २३
तालिका १५: मसलाजन्य वालीको उत्पादन २३
तालिका १६: गाउँपालिकामा पशु तथा पन्छीपालनको अवस्था २४
तालिका १७: लिखु पिके गाउँपालिकाको धार्मीक तथा पर्यटकीय महत्व बोकेको स्थलहरु २५
तालिका १८: जडीबुटी जन्य प्रसोधित तेलको मूल्यसूची २९
तालिका १९: गाउँपालिकामा पारिवारिक आम्दानीको स्थिति २९
तालिका २०: आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसङ्ख्या १० वर्ष र सोभन्दा माथिका) ३०
तालिका २१: आर्थिक क्रियाकलापको पेसा अनुसारको जनसङ्ख्या विवरण (१० वर्ष र सोभन्दा माथिका) ३०
तालिका २२: आर्थिक क्रियाकलापको औधोगिक क्षेत्र अनुसारको जनसङ्ख्या (१० वर्ष र सोभन्दा माथिका) ३१
तालिका २३: वित्तीय संस्था तथा सहकारी ३३
तालिका २४: स्वास्थ्य संस्थाको विवरण ३३
तालिका २५: स्वास्थ्य सेवा प्राप्त गर्ने को संङ्ख्या ३४
तालिका २६: हालसम्म जीवित जन्मेका, अझै जीवित रहेका र मृत्यु भएका बच्चाको संङ्ख्या ३४
तालिका २७: गाउँपालिकामा खोप लगाउनेको संङ्ख्या ३५
तालिका २८: गर्भवती अवस्थामा लिइएको सेवा ३५
तालिका २९: शुरक्षित मातृत्वको विवरण ३६
तालिका ३०: साक्षरताको स्थिति ३६
तालिका ३१: पाँच वर्ष वा सो भन्दा माथिको जनसङ्ख्याले पास गरेको शैक्षिक योग्यता ३६
तालिका ३२: गाउँपालिकामा सञ्चालित विद्यालयको विवरण ३७
तालिका ३३: विद्यार्थीको विद्यालयमा उपस्थितिको अवस्था ३९
तालिका ३४: घरधुरीले प्रयोग गर्ने खानेपानीको प्रमुख श्रोत ३९
तालिका ३५: घरधुरीले प्रयोग गर्ने खानेपानीको प्रमुख श्रोत ३९
तालिका ३६: सामाजिक सुरक्षा भत्ताको विवरण ४०

तालिका ३७: गाउँपालिकामा अवस्थित मुख्य बस्तीहरु ४१
तालिका ३८: घरको स्वामित्व अनुसार परिवार संङ्ख्या ४३
तालिका ३९: घरधुरी अनुसार जग्गा जमीनको विवरण..... ४३
तालिका ४०: घर, जग्गामा महिलाको स्वामित्व अनुसार परिवार संङ्ख्या..... ४३
तालिका ४१: घरको जगको बनोट अनुसार परिवार संङ्ख्या..... ४४
तालिका ४२: घरको बाहिरी गारोको बनोट अनुसार परिवार संङ्ख्या ४४
तालिका ४३: घरको छानोको बनोट अनुसार परिवार संङ्ख्या..... ४४
तालिका ४४: घरको भुइँको बनोट अनुसार परिवार संङ्ख्या ४४
तालिका ४५: वडागत सडकको विवरण..... ४५
तालिका ४६: बत्ती बाल्न प्रयोग गर्ने इन्धन..... ४६
तालिका ४७: खाना पकाउन प्रयोग गर्ने इन्धन ४७
तालिका ४८: घरायासी सुविधामा पहुँचको अवस्था..... ४७
तालिका ४९: सूचना तथा संञ्चार सुविधामा पहुँचको अवस्था ४८
तालिका ५०: लिखु पिके गाउँपालिकाको वर्तमान भू-उपयोग..... ५२
तालिका ५१: वडागत वर्तमान भू-उपयोग.....५३
तालिका ५२: गाउँपालिकामा हाल कार्यरत जनशक्तिको विवरण.....५६
तालिका ५३: गाउँपालिकामा रहेका भौतिक सम्पत्तिको विवरण ५९
तालिका ५४: गाउँपालिकाको आयको स्थिति (२०७७/७८)..... ६०
तालिका ५५: स्थानीय तहको योजना प्राथमिकीकरणका आधार र अंकभार.....६१
तालिका ५६: लिखु पिके गाउँपालिकाको SWOT विश्लेषण.....६७
तालिका ५७: लिखु पिके गाउँपालिकाको आय विवरण (आ.व. २०७६/७७ - २०७८/७९ रु. मा).....७२
तालिका ५८: लिखु पिके गाउँपालिकाको बिगत ३ आर्थिक वर्षको आम्दानीको विवरण (%).....७३
तालिका ५९: लिखु पिके गाउँपालिकाको आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण.....७३
तालिका ६०: पहिरो र यसका कारण प्रभावित घरपरिवर संङ्ख्या.....१२२
तालिका ६१: आगामी ५ वर्षको लागी आबश्यक पर्ने विषयगत उप-क्षेत्रगत बजेट अनुमान सारांश..... १४०
तालिका ६२: आगामी ५ वर्षको लागी आबश्यक पर्ने विषय क्षेत्रगत बजेट अनुमान सारांश.....१४१
तालिका ६३: आगामी ५ वर्षको लागी आम्दानी प्रक्षेपण.....१४३
तालिका ६४: योजना कार्यान्वयन तालिका १४६
तालिका ६५: अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया र ढाँचा.....१४७
तालिका ६६: विषयगत नतिजा खाका..... १४९

चित्र सूची

चित्र १: आवधिक योजना तयारी विधि तथा प्रकृया ५
चित्र २: बर्षाको र तापक्रमको औसत मापन.....१२
चित्र ३: वर्षमा औषत घाम लागेको, आंशिक बदली, पुरा बदली र पानी परेको दिन १२
चित्र ४: अधिकतम तापक्रम.....१३
चित्र ५: वडागत जनसङ्ख्याको विवरण १६
चित्र ६: लिखु पिके गाउँपालिकाको जनसङ्ख्या कोणस्तूप १८
चित्र ७: मातृभाषा बोल्न जान्ने आधारमा जनसङ्ख्याको विवरण.....१९
चित्र ८: जातजातीको आधारमा जनसङ्ख्या स्थिति..... २०
चित्र ९: धर्मको आधारमा जनसङ्ख्या स्थिति २१
चित्र १०: आर्थिक क्रियाकालपमा संलग्नता अनुसार जनसङ्ख्या (१० वर्ष भन्दा माथिको).....३०
चित्र ११: आर्थिक क्रियाकलापको पेसा अनुसारको जनसङ्ख्या विवरण (१० वर्ष र सोभन्दा माथिका) ३१
चित्र १२: आर्थिक क्रियाकलापको औधोगिक क्षेत्र अनुसारको जनसङ्ख्या (१० वर्ष र सोभन्दा माथिका).....३२
चित्र १३: हालसम्म जीवित जन्मेका, अझै जीवित रहेका र मृत्यु भएका बच्चाको संङ्ख्या ३५
चित्र १४: लिखु पिके गाउँपालिकाको वर्तमान भू-उपयोग ५२
चित्र 15: लिखु पिके गाउँपालिकाको वर्तमान भू-उपयोग (वडागत).....५४
चित्र १६: लिखु पिके गाउँपालिकाको दरवन्दी तेरिज.....५८
चित्र १७: गाउँपालिकाको संगठनात्मक चार्ट..... ५९
चित्र 18: संघ, प्रदेश र स्थानीय तहको आवधिक योजना बीचको अन्तरसम्बन्ध ६३
चित्र १९: लिखु पिके गाउँपालिकाको आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण..... ७४
चित्र २०: जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशीलता विकासमा संघ, प्रदेश र स्थानीय तहको भूमिका ...१३०
चित्र २१: आगामी ५ वर्षको बजेट अनुमान सारांश.....१४१
चित्र २२: आगामी ५ वर्षको लागी आबश्यक पर्ने विषय क्षेत्रगत बजेट अनुमान सारांश.....१४१

नक्सा सूची

नक्सा १: अवस्थिति नक्सा ९
नक्सा २: प्रशासनिक विभाजन नक्सा १०
नक्सा ३: लिखु पिके गाउँपालिकाको जलप्रवाह प्रणाली ११
नक्सा ४: जनघनत्व नक्सा १६
नक्सा ५: लिखु पिके ट्रेकिङ ट्रेल २७
नक्सा ६: लिखु पिके गाउँपालिकामा अवस्थित मुख्य बस्तीहरु ४२
नक्सा ७: गाउँपालिकाको सडक सञ्जाल नक्सा ४६
नक्सा ८: लिखु पिके गाउँपालिकाको आधार नक्सा ५१
नक्सा ९: लिखु पिके गाउँपालिकाको वर्तमान भू-उपयोग नक्सा ५३

फोटो सूची

फोटो १: गाउँपालिकामा खेती गरिएको भूमि २२
फोटो ३: चौलाखर्कमा रहेको गुम्बा २६
फोटो २: स्थलगत अवलोकनका क्रममा खिचिएका केही फोटाहरु २६
फोटो ४: पिकेडाँडाबाट देखिने पर्वत श्रृखलाको मनोरम दृष्य २७
फोटो ५: भकाञ्जे टी स्टेट र यहाँ उत्पादन गरिएको चिया २८

परिच्छेद १: परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधानले स्थानीय तहलाई संघीय संरचना अनुरूप एक बलियो स्थानीय सरकारको रूपमा स्थापित गरेको छ । संविधानमा नै स्थानीय तहको एकल र साझा अधिकारहरू परिभाषित छन् । जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गर्ने उद्देश्य स्थानीय सरकार ऐन, २०७४ ले राखेको छ । उक्त ऐनको दफा ११ र १२ मा क्रमश: गाउँपालिका तथा गाउँपालिका र वडा समितिको काम कर्तव्य र अधिकार तोकिएका छन् भने दफा २४ को उपदफा (१) मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागी आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन र दीर्घकालीन योजना बनाइ लागू गर्ने स्पष्ट उल्लेख छ । त्यसैगरी, ऐनको परिच्छेद ९ मा गाउँपालिकाको वित्तीय अधिकार क्षेत्रसमेत तोकिएको छ । संविधान र कानुन बमोजिम संघीय र प्रदेश सकारले आवधिक योजना र दिगो विकास लक्ष्यको मार्गचित्र समेत तर्जुमा गरिसकेका छन् । संविधानमा व्यवस्था भए अनुसार संघ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित विकास प्रकृयालाई स्थानीय तहमा संस्थागत गर्न, उपलब्ध सीमित स्रोतहरूको न्यायोचित वितरण गरी स्थानीय जनताको विकासको चाहनालाई पूरा गर्नको लागी स्पष्ट मार्गचित्र आवश्यक भएकोले लिखु पिके गाउँपालिकाले आवधिक योजना (आ. व. २०७९/८०-८४/८५) तर्जुमा गरेको छ ।

पालिकामा उपलब्ध स्रोत तथा साधन र विकासको स्थितिलाई ध्यान दिइ आगामी वर्षहरूमा विकास कार्यक्रमहरू सञ्चालन गर्नको लागी योजनावद्ध विकासको आवश्यकता हुन्छ । त्यसकारण आवधिक योजनाले पालिकामा उपलब्ध स्रोत तथा साधनको पहिचान गर्दै भविष्यमा पालिकालाइ कस्तो किसिमको गाउँपालिकाको रुपमा विकास गर्ने हो भन्ने कुराको समेत निक्यौल गर्न मद्दत गर्दछ । नेपालको संविधान र कानुनमा व्यवस्था भए बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको आर्थिक-सामाजिक विकासको लागी आवधिक विकास योजना तर्जुमा गर्नु पर्दछ । खास गरी स्थानीय तहका आर्थिक-सामाजिक नीति, आयोजना र कार्यक्रम, राजस्व र व्ययको अनुमान लगायतका विषय समेटेर स्थानीय सरकारले आफ्नो आवधिक योजना तर्जुमा गर्दछ । यस्तो योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको आवधिक योजनासँग तादम्यता कायम गर्नुपर्दछ । संघ, प्रदेश र स्थानीय तहको आवधिक योजनाहरू बीच अन्तरसम्बन्ध रहेको हुन्छन् ।

यो आवधिक योजनाले लिखु पिके गाउँपालिकाको समृद्धि र विकासको दीर्घकालीन समष्टिगत र क्षेत्रगत सोच, उद्देश्य, रणनीति, कार्यनीति र प्राथमिकताको मार्गचित्र प्रस्तुत गर्दछ । यो आवधिक योजना पाँच वर्षका लागी निर्माण गरिएको भए पनि यसको दीर्घकालीन सोच समृद्ध नेपाल: सुखी नेपालीको दीर्घकालीन सोचसँग तादम्यता कायम हुने गरी तयार गरिएको छ । योजनाको समष्टिगत सोचको परिकल्पना पाँच वर्षभन्दा बढी अवधिको रहेको छ । यही परिकल्पनाको आधारमा लक्ष्य र उद्देश्यको तय गरिएको छ । यस आवधिक योजनामा उल्लेखित समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य स्थलगत अध्ययन, वडा स्तरीय छलफल,

विषयगत समितिहरुसँगको छलफल, कार्यशाला गोष्ठीहरूमा गरिएको सामूहिक छलफलको निचोड हो । रणनीतिको तर्जुमा ५ वर्ष भन्दा बढीको समयावधिलाई ध्यानमा राखेर गरिएको भएतापनि कार्यान्वयन गर्ने नीतिहरू भने ५ वर्षको अवधिका लागी मात्र हुन् । यस परिप्रेक्ष्यमा, लिखु पिके गाउँ पालिकाको पहिलो आवधिक योजना तर्जुमा गरेको हो ।

१.२ आवधिक योजनाको आवश्यकता

पालिकाहरूले आफ्नो दीर्घकालीन तथा मध्यकालीन योजना तर्जुमा गरी कार्यान्वयनमा लैजानु तत्कालीन आवश्यकता हो । आवधिक योजना सरकार सञ्चालन तथा राज्य विकासको अपरिहार्य तत्व हो । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहका अधिकार र कार्यक्षेत्र तोकेको छ । अनुसूची ८ मा स्थानीय तहका २२ वटा अधिकारको सूचीको व्यवस्था गरिएको छ । त्यस्तै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहका १५ वटा साझा सूचीको व्यवस्था छ । जस अनुसार शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण, कृषि, पशु, वातावरण, विपत् व्यवस्थापन, जस्ता संवेदनशिल विषयहरू स्थानीय सरकारको दायित्वभित्र पर्दछन् । स्थानीय तहका यस्ता महत्वपूर्ण जिम्मेवारी द्रुत गतिमा सम्पादन गर्नको लागी आवधिक योजना निर्माण गर्नु अनिवार्य छ ।

योजनावद्ध विकास सन्तुलित, दिगो र समन्यायिक विकासको आधार हो । आवधिक योजनाले स्थानीय तहको विकास प्रयासहरूलाई निर्दिष्ट दिशा प्रदान गर्ने व्यवस्थित रूपरेखा तयार गर्दछ । स्थानीय आवधिक योजनाले स्थानीय जनता र स्थानीयस्तरको आर्थिक, सामाजिक, भौगोलिक परिवेशबीच अन्तरसम्बन्ध कायम गरी नागरिकको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्दछ । यो योजना स्थानीय तहको विकास र समृद्धिको रूपरेखा मात्र नभएर उक्त क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण तथा मानव र प्रकृतिबीचको तालमेलको रूपरेखा पनि हो । राष्ट्रिय एवम् प्रादेशिक विकास लक्ष्य हासिल गर्न तथा स्थानीय विकासका सरोकारवालाहरूको साझा प्रतिवद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्वपूर्ण हुन्छ ।

स्थानीय आवधिक योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्दै स्थानीयवासीहरूको जीवनस्तरमा गुणात्मक सुधार गर्न स्थानीय सम्भावना तथा समस्या पहिचान गर्दछ । त्यस्तै श्रोत विश्लेषण, उपयुक्त रणनीति तथा कार्यनीति तयार गरी रणनीतिक कार्यक्रम तथा आयोजना पहिचान गर्ने र त्यसलाई कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनको स्पष्ट खाकासमेत तयार गर्दछ । मध्यकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको मूल आधारका रूपमा रहेको आवधिक योजनाले योजना अनुशासन कायम राख्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यो आवधिक योजनाले दीर्घकालीन सोचका साथै तत्काल कार्यान्वयन गर्न सकिने कार्ययोजना पनि समावेश गर्दछ भने स्थानीय तहको भूगोल, इतिहास, मूल्यमान्यता तथा संस्कृति, आर्थिक र सामाजिक परिवेश, भौतिक पूर्वाधार, वातावरणीय, जोखिम न्यूनीकरण, संस्थागत विकास जस्ता महत्वपूर्ण विषयहरूलाई विश्लेषण गरेर तयार गरिएको हुन्छ ।

आवधिक योजनाले स्थानीय तहमा विधि र प्रकृयालाई संस्थागत गर्दछ । कुन अवधिका कुन क्षेत्रमा कुन काम कसले र कहिले गर्ने भन्ने कुराको अग्रिम रुपमा स्पष्ट हुन्छ । आवधिक योजना निर्माणको लागी विद्यमान स्थितिलाई कुन अवधिमा कुन स्तरमा रूपान्तरण गर्ने खाका तयार हुन्छ । यसले प्राथमिकता प्राप्त क्षेत्रमा ध्यान केन्द्रित गरी अनावश्यक क्षेत्रमा हुने लगानीलाई निरुत्साहित गर्दछ । आवधिक योजनाले सम्भाव्य स्रोतको पहिचान र प्रक्षेपण गर्दछ । यसले विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति र प्रमुख कार्यक्रम निर्धारण

गरी योजनामा उल्लिखित लक्ष्य, उद्देश्य प्राप्त गर्ने गरी योजनाको प्रभावकारी कार्यान्वयनको लागी विधि, कार्य तालिका र जिम्मेवारी सहित अनुगमन तथा मूल्याङ्कन समेतको व्यवस्था गरिन्छ ।

१.३ योजना निर्माण गर्नुका उद्देश्यहरु

यस आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य लिखु पिके गाउँ पालिकाको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु रहेको छ । यसका विशिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

१. योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागी स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु,
२. स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धिमा साझा प्रतिवद्धता र उत्तरदायित्व सिर्जना गर्नु,
३. विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्नु,
४. सहभागितमूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा
५. हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु, र
६. नतिजामा आधारित स्थानीय विकासलाई प्रवर्द्धन गर्नु ।
७. आवधिक योजनाका विभिन्न कार्यक्रमहरूको सञ्चालनका लागी आवश्यक पर्ने वित्तीय स्रोत परिचालन र त्यसको क्षेत्रगत लगानी योजना तयार गर्ने ।
८. आवधिक योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्ययोजना निर्माण गर्ने ।

१.४ योजना तर्जुमा कार्यको मुख्य कार्यक्षेत्र

आवधिक योजनामा देहाय बमोजिम क्षेत्रका योजनाहरु समावेश गरिएका छन् ।

गाउँ पालिकाको दीर्घकालीन योजनाको प्रारुप:

यस भित्र विकासको दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देस्यहरु र विकासका प्राथमिकताहरु साथै लिखु पिके गाउँ पालिका क्षेत्रका सबलता, दुर्वलता, सम्भावना र चुनौतीहरु समेत प्रस्तुत गरिएको छ ।

भौतिक विकास योजना:

स्थानीय यातायात पूर्वाधार, सिंचाइ, विद्युत र वैकल्पिक उर्जा, खानेपानी, बसोबास तथा भवन निर्माण, सामाजिक पूर्वाधार, पर्यटन, कृषि तथा औद्योगिक पूर्वाधारहरु समेटिएको भौतिक विकास योजना प्रस्तुत गरिएको छ ।

आर्थिक विकास योजना:

यस योजना अन्तर्गत कृषि, पशुपालन, वनमा आधारित आर्थिक क्रियाकलाप, खनिज सम्पदा, भूमि व्यवस्था, खाद्य सुरक्षा, उद्योग, वाणिज्य, आपूर्ति र पर्यटनमा आधारित आर्थिक क्रृयाकलाप, घरेलु तथा साना उद्यम विकासका कार्यक्रमहरु समेटिएका छन् ।

सामाजिक विकास योजना:

यस योजना अन्तर्गत बसाइँसराई व्यवस्थापन, शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइ, जनताको सामाजिक सम्पत्तिमा पहुँच, सामुदायिक स्रोत विकास, लैङ्गिक, जातिगत, बालविकास, वृद्ध, असहाय, दलित, अपाङ्गहरूको सामाजिक अधिकार र सहभागिता सुनिश्चित गर्ने सामाजिक सुरक्षाका कार्यक्रमहरू, युवा तथा खेलकुद विकासका कार्यक्रमहरू समेटिएका छन् ।

वातावरण तथा विपद् तथा जोखिम न्यूनीकरण योजना:

यस अन्तर्गत सरसफाइ, ठोस फोहोर व्यवस्थापन, प्राकृतिक वातावरणको संरक्षण, नदी नियन्त्रण, भूस्खलन नियन्त्रण, वन संरक्षण र उपयोग, आदि कार्यक्रमहरू समेटिएका छन् । जोखिमयुक्त स्थानहरूको पहिचान गरी भूकम्प, आगलागी, बाढी, पहिरो, सुख्खा खडेरी र महामारी जस्ता विपद्हरूको पूर्वतयारी, सूचना प्रणालीको विकास, विपद् पश्चात उद्धार र पुनर्स्थापनाका कार्यक्रमहरू समावेश गरीका छन् ।

वित्तीय व्यवस्थापन योजना:

यस योजना अन्तर्गत गाउँ पालिकाको आयव्ययको विश्लेषणका आधारमा आगामी योजना अवधीको लागी आय र व्ययको प्रक्षेपण गरिनुका साथै गाउँ पालिकाको बजेटको क्षेत्रगत बाँडफाँड, आन्तरिक राजस्व वृद्धिका योजना, निजी र सहकारीको योगदान, अन्तर सरकारी वित्तीय बाँडफाँड र व्यवस्थापनको योजना समेटिएको छ ।

सुशासन र संस्थागत विकास योजना:

यस गाउँ पालिकामा शान्ति र सुरक्षा, न्याय प्रणाली, वित्तीय अनुशासन, सेवा प्रवाहको सहजता, स्वच्छ र प्रभावकारी सेवा, असल शासन प्रवर्द्धन, लेखा र अभिलेखहरूको प्रभावकारी व्यवस्थापन, स्थानीय स्रोत तथा साधनको प्रभावकारी उपयोग, अन्य संस्थाहरूसँग साझेदारी र सञ्जाल, कर्मचारी र जनशक्ति व्यवस्थापन, अभिप्रेरणा र सुदृढीकरण, विकास प्रशासनको ढाँचा र कार्यविधिको विकास, जस्ता कार्यक्रमहरू समेटिएका छन् ।

अन्तरसम्बन्धित विषयहरुको योजना:

यस अन्तर्गत माथि उल्लेखित योजनासँग अन्तरसम्बन्धित विषयहरू - तथ्यांक प्रणाली, गरीबी निवारण, श्रम तथा रोजगारी, जनशक्ति उद्यमशीलता विकास, अनुसन्धान र विकास, समता र समावेशीकरण, सामाजिक सुधार, सामाजिक सांस्कृतिक विविधता, सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरूसँग सहकार्य जस्ता विषयहरू समेटिएका छन् ।

योजना तथा कार्यक्रम कार्यान्वयन योजना:

यस अन्तर्गत विभिन्न क्षेत्रगत योजनाहरूको वर्गीकरण गरी वडा, गाउँ पालिका, प्रदेश र संघीय कार्यक्रमसँग तादाम्यता र जिम्मेवारी बाँडफाँड गरी कार्यक्रम कार्यान्वयनको ढाँचा प्रस्तुत गरिएको छ भने विकास निर्माण र पालिकाबाट प्रवाह हुने सेवाहरूको अनुगमन र मूल्याङ्कनको योजना प्रस्तुत गरिएको छ ।

१.५ आवधिक योजना तर्जुमा प्रक्रिया

१.५.१ अभिमूखीकरण तथा तयारी कार्यशाला

आवधिक योजना तर्जुमा सम्बन्धमा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, गाउँ कार्यपालिका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समिति, विषयगत शाखाका प्रमुख, लक्षित बर्ग सञ्जालका प्रतिनिधि, व्यवसायी संघ संस्थाका प्रतिनिधि, सहकारी, नागरिक समाज, स्थानीय जानिफकार, राजनीतिक दलका स्थानीय प्रमुख वा प्रतिनिधि, गैर सरकारी संस्थाका प्रतिनिधि, गाउँ विकासका सरोकारवालाहरूको सक्रिय सहभागितामा समान बुझाई कायम गर्न मिति २०८०/०१/२६ गते लिखु पिके गाउँपालिकाको सभाहलमा आवधिक योजना तर्जुमाको सन्दर्भमा एक दिवसीय अभिमुखीकरण तथा तयारी कार्यशाला आयोजना सञ्चालन गरियो । उक्त कार्यशालाले आवधिक योजना तर्जुमाको ढाँचा, प्रक्रिया, जिम्मेवारी र आवधिक योजना तर्जुमाको कार्ययोजना सर्वसम्मतिले स्वीकृत गऱ्यो । योजना तयारी विधि तथा प्रकृयालाई चित्र १ मा देखाइएको गरिएको छ ।



चित्र १: आवधिक योजना तयारी विधि तथा प्रकृया

१.५.२ निर्देशक समिति तथा विषयगत समिति गठन

आवधिक योजना तर्जुमा गर्ने क्रममा गाउँपालिकाको प्रमुखको संयोजकत्वमा कार्यपालिका सदस्यहरू निर्देशक समितिको सदस्य र प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरी एक निर्देशक समिति र ५ वटा विषयगत समिति गठन गर्नु पर्ने प्रावधान रहेको छ । यस सन्दर्भमा गाउँपालिकामा पहिले नै १ निर्देशक समिति र ५ वटा विषयगत समितिहरू गठन गरिएकोहुँदा मिति २०८०/०१/२६ गते आवधिक योजना तयारी अभिमुखीकरण तथा तयारी कार्यशालाको बैठकले सोही निर्देशक समिति र विषयगत समितिलाई निरन्तरता दिने निर्णय गऱ्यो ।

१.५.३ तथ्याङ्क संकलन

प्रस्तुत अध्ययनको लागी प्राथमिक तथा द्वितीय दुवै स्रोतका तथ्याङ्कहरू संकलन गरिएकोछ । परामर्शदाताको स्थलगत अध्ययन टोलीबाट अध्ययनको लागी आवश्यक पर्ने दुवै किसिमका तथ्याङ्क, जानकारी तथा सूचनाहरू निम्न अनुसार दुई किसिमले संकलन गरी प्रतिवेदन तयार गरिएको हो ।

१.५.४ प्राथमिक तथ्याङ्क

आवधिक योजना निर्माणका लागी प्राथमिक तथ्याङ्क नै आधारभूत तथ्याङ्क हो । यस आवधिक योजना निर्माणका लागी प्राथमिक तथ्याङ्कहरू संकलन गर्न निम्न विधिहरू प्रयोग गरिएको थियो ।

क) स्थलगत सर्वेक्षण र तथ्याङ्क संकलन

परामर्शदाताको स्थलगत अध्ययन टोलीद्वारा लिखु पिके गाउँपालिकाको भ्रमण गरी स्थलगत सर्वेक्षण तथा अवलोकनको माध्यमबाट तथ्याङ्क तथा जानकारी संकलन गरिएको थियो । Google Image 2022 लाई आधार नक्साको रुपमा लिई स्थलगत सर्वेक्षण तथा अवलोकन गरियो । स्थलगत अध्ययन तथा छलफलको क्रममा खिचिएका गाउँपालिका क्षेत्रको विभिन्न तस्बिरहरू अनुसूचीमा समेत समावेश गरिएको छ । यस आवधिक योजना तर्जुमाको लागी गाउँपालिकाको प्रत्येक वडामा वडाभेला गरी छलफल र अन्तरक्रियाबाट प्रमुख समस्या, चुनौती तथा सम्भावनाहरूको समेत पहिचान गरियो । यसरी पहिचान गरिएको समस्या, तथा चुनौतीलाई विश्लेषण गरी समाधानका उपयाहरू र गर्नु पर्ने कार्यहरूलाई यो अध्ययनमा योजनाबद्ध रुपमा लिपिबद्ध गरिएको छ ।

ख) छलफल अन्तरक्रिया (Discussion Interaction)

आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा योजना तर्जुमा कार्यलाई अगाडि बढाउने सम्बन्धमा लिखु पिके गाउँपालिका जनप्रतिनिधिहरू, स्थानीय बुद्धिजीवीहरू, राजनैतिक पार्टीका प्रतिनिधिहरू, विषयगत शाखाका प्रमुख तथा यस परामर्शदाताका टोलीबीच पटक पटक अन्तरक्रिया गरिएको थियो । छलफलको क्रममा परामर्शदाताबाट भएका प्रयासहरू र पहिलो चरणमा देखिएका विद्यमान समस्याहरूको निराकरणका बारेमा परामर्शदाताद्वारा गाउँपालिका प्रतिनिधिहरू लगायत स्थानीय बुद्धिजीवीहरूबाट महत्वपूर्ण सुझावहरू संकलन गरी यस प्रतिवेदनमा समावेश गरिएको छ । अध्ययन टोलीबाट गाउँपालिकाको स्थलगत

सर्वेक्षणको सिलसिलामा पालिकाका कार्यकारी अधिकृत, शाखा प्रमुखहरू, अन्य अधिकृत तथा प्राविधिकहरू, बुद्धिजीवी तथा स्थानीय प्रतिनिधिहरू लगायत विभिन्न निकायका पदाधिकारीहरू, प्राविधिकहरू लगायत प्रत्येक वडाका वडा सचिवहरूसँग समेत छलफल गरी आवश्यक जानकारी संकलन गरिएको थियो ।

ग) वडा भेला

अभिमुखीकरण तथा कार्यशाला गोष्ठी पछि सबैको उपस्थितिमा वडा भेलाको समयतालिका तयार गरियो । वडा भेला सञ्चालन गर्न परामर्शदाताको तर्फबाट २ वटा समूह खटाई दुबै समूहमा १/१ जना स्थानीयलाई सहयोगको लागी समावेश गराइएको थियो । वडा भेलाको क्रममा सबै वडामा पुगी परामर्श समूहका प्राविधिक टोलीले वडा भेला गराई वडामा रहेको समस्या पहिचान गर्ने, वडा स्तरका कार्यक्रम तथा आयोजनाहरूको पहिचान र प्राथमिकीकरण गर्ने, समस्या न्यूनीकरणको लागी सुझावहरू संकलन गर्ने, अन्य आवश्यक सूचनाहरू संकलन गरिएको छ । संकलन गरिएका सूचना विश्लेषणको आधारमा आगामी पाँच वर्षको योजनामा समावेश गरिएको छ ।

१.५.५ द्वितीय तहको तथ्याङ्क संकलन

दोश्रो स्तरको तथ्याङ्क एवं सूचना सङ्कलनको लागी सम्भव भएसम्मका उपलब्ध प्रतिवेदनहरू, जानकारी मूलक नक्सा तथा केन्द्रिय र प्रदेश स्तरबाट उपलब्ध तथ्याङ्कहरू संकलन गरियो । यसको साथै आवधिक योजना तर्जुमाको लागी त्यससँग सम्बन्धित सबै क्षेत्रगत तथ्याङ्कहरू संकलन गरियो । दोस्रो तहको तथ्याङ्क राष्ट्रिय जनगणना, २०७८ को केन्द्रिय तथ्याङ्क विभागबाट प्रकाशित तथ्याङ्क र लिखु पिके गाउँपालिका पार्श्वचित्र-२०७६ लाई प्रमुख आधार मानिएको छ । त्यसै गरेर जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कलाई पनि तुलनात्मक अध्ययनको लागी प्रयोग गरियो । यो योजना तर्जुमा गर्नको लागी आवश्यक पर्ने अन्य तथ्याङ्क तथा सूचनाहरू जस्तैः जनसङ्ख्या, शिक्षा, स्वास्थ्य, आर्थिक विकाससँग सम्बन्धित तथ्याङ्कहरू संघीय सरकार, प्रदेश सरकारबाट प्रकाशित सामग्रीहरूबाट पनि लिइएको छ ।

१.५.६ नक्सा तयारी (Map Preparation)

लिखु पिके गाउँपालिकाको वर्तमान आधार नक्सा तयार गर्नको लागी Google Image, 2022 लाई प्रयोग गरिएको छ । पाँचवटै वडाको अलग अलग Google Image तयार गरी वडा भेला तथा छलफलको क्रममा प्रयोग गरिएको थियो । उक्त भेलामा वडामा रहेका महत्वपूर्ण सामाजिक संरचना, सरकारी संरचना, भौतिक संरचना लगायतका अन्य महत्वपूर्ण पूर्वाधार, जलस्रोत, वातावरणीय हिसाबले संवेदनशील क्षेत्रलगायतका विषयहरूको पहिचान गरी Google Image मा समावेश गरिएको थियो ।

स्याटलाईट ईमेज

पालिकाको नक्सा तयारीको लागी Google Satellite Image 2022, को प्रयोग गरिएको थियो । प्रत्येक वडाको लागी वडा सिमाना सहितको स्याटलाइट इमेज तयार गरी वडा भेलाको समयमा वडामा रहेका भौतिक पूर्वाधारहरू जस्तैः सडक, सञ्चार, विद्युत, खानेपानी आदि, सामाजिक पूर्वाधारहरूः मठ मन्दिरहरू,

विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालयहरू, वडा कार्यालयहरू, वातावरणीय हिसाबले संबेदनसिल क्षेत्र, नदी कटान, जोखिम बस्तीहरूको पहिचान आदि जस्ता मुद्दामा स्थलगत अवलोकन तथा जाँच गरी नक्सामा समेत पहिचान गरी नक्सा तयार गरिएको छ । यसै विधिका आधारमा स्रोत नक्सामा थप सूचना तथा जानकारीहरूलाई समावेश गर्ने कार्य गरियो । त्यस्तै सामाजिक पूर्वाधारहरू जस्तैः विद्यालय, अस्पताल, आदिको सर्वेक्षण अवलोकन गरी नक्सामा पनि सकेसम्म समावेश गरिएको छ ।

ARC/GIS को प्रयोग

वडा भेलाको समयमा प्रत्येक वडामा Google Image 2022 लाई आधार नक्साको रुपमा लिई ARC/GIS Software बाट हालसम्मको स्थलगत सर्वेक्षण तथा अवलोकन पश्चात स्रोत नक्साहरु तयार पारिएको छ । वडा भेलाको समयमा प्रत्येक वडाबाट स्याटलाइट इमेजमा भरिएको सम्पूर्ण सूचनाहरुलाई ARC/GIS को माध्यामबाट गाउँपालिकाको Base Map र Thematic Maps तयार गरिएको छ । यसैको आधारमा प्रत्येक वडाको Base Map पनि तयार गरिएकोछ।

परिच्छेद २: गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समिक्षा

२.१ गाउँपालिकाको परिचय

२.१.१ नामाकरण, भौगोलिक अवस्थिति, राजनीतिक र प्रशासनिक संरचना

नामाकरण

लिखु पिके गाउँपालिका सोलुखुम्बु जिल्लाको दक्षिण पश्चिमी भागमा रहेको छ। यस गाउँपालिकामा अवस्थित प्रसिद्ध लिखु नदी र पिके चुचुराको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो। यसको सिमाना भएर बग्ने लिखु नदी सप्तकोसी नदीको एक सहायक नदी पनि हो। यस गाउँपालिकाको अग्लो मध्यको एक पिके डाँडा हिमाली दृश्य अवलोकनको लागी निकै मनोरम र रमणीय स्थान हो। यसरी नदीको तीर देखि पहाडको शिर सम्मको भूभाग यहाँ रहेको हुँदा यस गाउँपालिकाको नाम लिखु पिके राखिएको हो। नेपालको राज्य पुनर्संरचनाले बि. सं. २०७२ सालमा साविकका गाविसहरू गोली, चौलाखर्क र भकन्जे मिलेर यो गाउँपालिका बनाइएको हो।

भौगोलिक अबस्थिति

लिखु पिके गाउँपालिकाको क्षेत्रफल १८३५५.९ हेक्टर (१८३.५५ वर्ग किलोमिटर) रहेको छ। यो गाउँपालिका २७°४८" डिग्री उत्तरी अक्षांश देखि २७°६१" डिग्री उत्तर सम्म र ८६°३५" डिग्री पुर्वी देशान्तर देखी ८६°५१" डिग्री पूर्व सम्म फैललएको छ। समुन्द्री सतहबाट १२९८ मिटर देखि ४२१८ मिटर सम्मको उचाईमा अवस्थित छ। यस लिखु पिके गाउँपालिकाको पुर्वी सिमानामा सोलुखुम्बु जिल्लाकै सोलुदुधकुण्ड नगरपालिका पश्चिमी सिमानामा रामेछाप जिल्लाको



नक्सा १: अवस्थिति नक्सा

उमाकुण्ड गाउँपालिका, उत्तरी सिमानामा सोलुदुधकुण्ड नगरपालिका र उमाकुण्ड गाउँपालिका रहेका छन। दक्षिणी सिमानामा ओखलढुङ्गा जिल्लाको खिजीदेम्बा गाउँपालिका रहेको छ।

राजनीतिक र प्रशासनिक संरचना

लिखु पिके गाउँपालिका कोशी प्रदेश अन्तरगत सोलुखुम्ब जिल्लामा अवस्थित रहेको छ। सोलुखुम्ब जिल्लामा १ नगरपालिका र ७ गाउँपालिका गरी ८ स्थानीय तहहरु रहेकाछन्। त्यो मध्ये लिखु पिके गाउँपालिका एक हो। एक मात्र सङ्घीय निर्वाचन क्षेत्र भएको सोलुखुम्बुमा प्रदेश सभाका लागी २ वटा निर्वाचन क्षेत्र रहेका छन्। यो गाउँपालिका प्रदेश निर्वाचन क्षेत्र १ को 'ख' मा पर्दछ। गाउँपालिकालाई ५ वटा वडाहरुमा विभाजन गरिएको छ। गाउँपालिकाको केन्द्र वडा ३ चौलाखर्कमा रहेको छ। गाउँपालिकाको वडागत विभाजन र क्षेत्रफल सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।



नक्सा २: प्रशासनिक विभाजन नक्सा

तालिका १: गाउँपालिकाको वडा विभाजन र क्षेत्रफल

क्र.स.	समावेश साविक गाविस	हाल कायम गरिएका वडा	क्षेत्रफल (वर्ग कि.मि..)
१	गोली (६, ७, ८ र ९)	१	३५.९०
२	गोली (१, २, ३, ४ र ५)	२	२७.६२
३	चौलाखर्क (५, ६, ७, ८ र ९)	३	१०.०३
४	चौलाखर्क (१, २, ३ र ४)	४	५.५३

क्र.स.	समावेश साविक गाविस	हाल कायम गरिएका वडा	क्षेत्रफल (वर्ग कि.मि..)
५	भकान्जे गा. वि. स. का सबै वडाहरु	५	४५.३१
		जम्मा	१२४.३८

स्रोतः नेपाल सरकार नापी विभाग, २०७३

२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

प्रमुख नदीनालाः यस गाउँपालिकामा सप्तकोसी नदीको एक सहायक लिखु नदी लिखु खोला, लगायत मार्बु खोला, थेमजेङ खोला, किञ्जा खोला, ढाडे खोला, घट्टेखोला, कोरेसी खोला, बुकु खोला, कढ्डाबु खोला, ओइमु खोला यो गाउँपालिका भएर बग्ने मुख्य खोला हुन भने अन्य सानातिना खोल्सीहरु प्रशस्तै रहेका छन् । यी सम्पूर्ण जलप्रवाह लिखु खोलामा गएर मिसिन्छन् । लिखु पिके गाउँपालिकाको जलप्रवाह प्रणालीलाई नक्सा ३ मा देखाइएको छ । गाउँपालिकामा चो सम्बा, चो नक्पू, दक्चु जस्ता पोखरीहरू पनि रेहोकाछन् ।



नक्सा ३: लिखु पिके गाउँपालिकाको जलप्रवाह प्रणाली

जलवायु

नेपालको हिमाली जिल्ला सोलुखम्बुमा पर्ने यस गाउँपालिकाको हावापानीमा विविधता रहेको छ । यस क्षेत्रमा मुख्यतः ३ प्रकारको हावापानी रहेको पाइन्छ । समुन्द्र सतहको १२०० मिटर देखि २१०० मि. सम्मको उचाइमा उष्ण प्रदेशिय हावापानी, २१०० मि. देखि ३३०० मि. सम्मको उचाइमा समशितोष्ण हावापानी र ३३०० मि. देखि ५००० मि. सम्मको उचाईमा लेकाली हावापानी पाइन्छ । गर्मी समयमा यहाँको तापक्रम

बढेर ३३ डिग्री सेन्टीग्रेड भन्दा माथि र जाडो मौसममा तापमा झरेर माइनस नौ डिग्री सेन्टीग्रेड सम्म मापन गरिएको छ (लिखु गाउँपालिकाको पार्श्वचित्र, २०७६) । यहाँको औसत बार्षिक बर्षा १६६१.१ मिलिमिटर मापन गरिएको छ (*स्रोत:ttps://www.meteoblue.com/en/weather/historyclimate/climatemodelled/chhiringkharka_nepal_7996480*) ।



चित्र २: बर्षाको र तापक्रमको औसत मापन

स्रोत:ttps://www.meteoblue.com/en/weather/historyclimate/climatemodelled/chhiringkharka_nepal_7996480



चित्र ३: वर्षमा औषत घाम लागेको, आंशिक बदली, पुरा बदली र पानी परेको दिन

स्रोत:ttps://www.meteoblue.com/en/weather/historyclimate/climatemodelled/chhiringkharka_nepal_7996480



चित्र ४: अधिकतम तापक्रम

स्रोत:ttps://www.meteoblue.com/en/weather/historyclimate/climatemodelled/chhiringkharka_nepal_7996480

यो पालिका सांस्कृतिक हिसाबले धनी छ । यहाँ क्षेत्री, बाहुन, शेर्पा, तामाङ, कामी, सुनुवार, दमाइ, र राई जातीहरूको बसोबास गर्दछन् । अल्पसंख्यक जाति थामीको पनि बसोबास रहेको छ । यहाँका मानिसहरू विशेष गरी हिन्दु धर्म, बौद्ध, किराँती र क्रिस्चियन धर्ममा आस्था राख्छन् । यहाँ विभिन्न प्रकारका रीतिरिवाज, जात्रा, चाडपर्व, मूल्य मान्यता रहिआएको पाइन्छ । जसलाई तालिका २ मा समावेश गरिएको छ ।

तालिका २: लिखु पिके गाउँपालिकामा मनाइने चाडपर्व/जात्र/मेला/उत्सव को विवरण

क्र. सं.	चाडपर्व/मेला/ जात्रा	मनाइने महिना	तिथि	मनाउने जातजाति
१	कर्कट सक्रान्ती	श्रावण	श्रावण १ गते	हिन्दु धर्मावलम्बी
२	रक्षा बन्धन	श्रावण/भाद्र	श्रावण शुक्ल पुर्णिमा	हिन्दु धर्मावलम्बी
३	हरितालिका तीज	भाद्र/असोज	भाद्र शुक्ल तृतीय	हिन्दु धर्मावलम्बी
४	कृष्णाष्टमी	भाद्र/असोज	भाद्र कृष्ण अष्टमी	हिन्दु धर्मावलम्बी
५	दशैं	असोज/कार्तिक	आश्विन शुक्ल दशमी	हिन्दु धर्मावलम्बी
६	तिहार	कार्तिक/मङ्सिर	कार्तिक शुक्ल द्वितीय	हिन्दु/बौद्ध
७	हरिबोधनी एकादशी	कार्तिक/मङ्सिर	कार्तिक शुक्ल एकादशी	हिन्दु धर्मावलम्बी

८	बाला चतुर्दशी	मङ्सिर	चतुर्दशी	हिन्दु धर्मावलम्बी
९	मकर सक्रान्ति	माघ	मकरसक्रान्ति १ गते	हिन्दु धर्मावलम्बी
१०	सोनाम ल्होसार	माघ/ फाल्गुण	माघ शुक्ल प्रतिपदा	तामाङ्ग जाति
११	ग्याल्पो ल्होसार	फाल्गुण	फाल्गुण शुल्क प्रतिपदा	शेर्पा जाति
१२	श्रीपंचमी	माघ/फाल्गुण	पंचमी	हिन्दु धर्मावलम्बी
१३	रामनवमी	चैत्र	नवमी	हिन्दु धर्मावलम्बी
१४	दुम्जी	चैत्र	प्रतिपदा	शेर्पा जाति
१५	नयाँ वर्ष	बैसाख	१ गते	हिन्दु/बौद्ध
१६	बुद्ध जयन्ती	बैसाख	बैसाख शुक्ल पुर्णिमा	बौद्ध धर्मावलम्बी
१७	चण्डी	बैशाख	बैसाख शुक्ल पुर्णिमा	(सुनुवार जाती)
१८	ङ्युङ्ने पर्व	जेष्ठ	जेष्ठ शुक्ल पुर्णिमा	शेर्पा
१९	उभौली पर्व	जेष्ठ	चण्डी पुर्णिमा	थामी, राई, सुनुवार
२०	निउनी (सकधावा)	जेष्ठ		शेर्पा जाति
२१	असार छेची	असार		शेर्पा जाति
२२	यार्जेङ्ग	श्रावण		शेर्पा जाति
२३	किन्जा जात्रा	श्रावण/भाद्र	श्रावण शुक्ल पुर्णिमा	सबै
२४	यारज्याङ्ग पुजा	श्रावण/भाद्र	श्रावण शुक्ल प्रतिपदा	शेर्पा जाति
२५	डुक्पा छेची	श्रावण/भाद्र	श्रावण शुक्ल पुर्णिमा	शेर्पा जाति
२६	दशिनी पर्व	असोज	भाद्र शुक्ल पुर्णिमा	शेर्पा जाति
२७	कुर्वा पर्व	कार्तिक/मङ्सिर	कार्तिक शुक्ल पुर्णिमा	शेर्पा जाति
२८	ठेकलरे जात्रा	मङ्सिर	मङ्सिर शुक्ल पुर्णिमा	सबै
२९	म्यारमा जात्रा	मङ्सिर	मङ्सिर शुक्ल पुर्णिमा	सबै
३०	उधौली पर्व	मङ्सिर	धन्नी पुर्णिमा	थामी, राई, सुनुवार
३१	राके मेला	श्रावण		
३२	गौरा पर्व	भाद्र	भाद्र शुक्ल षष्ठी-अष्टमी	क्षेत्री जाति
३३	देवाली पूजा	बैशाख (प्रत्येक	बैशाख शुक्ल पुर्णिमा	क्षेत्री, ब्राह्मण

स्रोतः गाउँपालिका पार्श्वचित्र, २०७६

२.१.३ जनसांख्यिकीय अवस्था

जनगणना २०७८ का अनुसार यस गाउँपालिकाको जम्मा घरधुरी १२५१ छ भने कूल जनसङ्ख्या ५३३४ रहेको छ। महिलाको जनसङ्ख्या २६६१ (४९.८९%) र पुरुषको जनसङ्ख्या संङ्ख्या २६७३ (५०.११%) रहेको यस पालिकामा लैंगिक अनुपात १००.४५:१००.०० रहेको छ। गाउँपालिकाको जनघनत्व ४२.८८ व्यक्ति प्रति वर्ग कि. मी. रहेको छ।

तालिका ३: जनसांख्यिकीय विवरण

क्र.सं.	विवरण	परिमाण
१	जम्मा घरधुरी	१२५१
२	जम्मा जनसङ्ख्या	५३३४
३	पुरुष	२६७३ (५०.११ %)
४	महिला	२६६१ (४९.८९%)
५	सरदर घरधुरी संङ्ख्या	४.२६ (४.३७ नेपालको, र ४.१६ कोशी प्रदेशको)
६	लैगिक अनुपात	१००.४५ पुरषमा १०० महिला
७	जनघनत्व	४२.८८ व्यक्ति प्रति वर्ग कि. मी.
	स्रोतः राष्ट्रिय जनगणना, २०७८	

वडागत जनसङ्ख्या वितरण

गाउँपालिकाको सबैभन्दा धेरै जनसङ्ख्या वडा ५ मा १३२५ (२४.८४%) रहेको छ भने सबै भन्दा कम वडा १ मा ६०१ (११.२७%) रहेको देखिन्छ। वडा गत रुपमा जनघनत्वको अवस्था हेर्दा सबैभन्दा धेरै वडा ४ मा रहेको छ। यो वडामा १७४.६८ व्यक्ति प्रति वर्ग कि. मी. रहेको छ भने कम जनघनत्व भएको वडा १ हो, जहाँ जम्मा १६.७४ व्यक्ति प्रति वर्ग कि. मी. बसोबास गर्दछन्। क्षेत्रफलको हिसाबले हेर्ने हो भने वडा ५ हो। यसको क्षेत्रफल ४५.३१ बर्ग कि. मी. रहेको छ। सबै भन्दा सानो वडा ४ हो यसको क्षेत्रफल केवल ५.५३ बर्ग कि. मी. रहेको छ। वडा गत जनसङ्ख्याको वर्तमान अवस्था, क्षेत्रफल र जनसङ्ख्यालाई तालिका ४ चित्र ५ मा प्रस्तुत गरिएको छ।

तालिका ४: वडागत जनसङ्ख्याको विवरण

क्र.सं.	पुरुष	%	महिला	%	कुल	%	क्षेत्रफल	जनधनत्व
१	३०५	५.७२	२९६	५.५५	६०१	११.२७	३५.९०	१६.७४
२	६३१	११.८३	६३२	११.८५	१२६३	२३.६८	२७.६१	४५.७४
३	५७६	१०.८०	६०३	११.३०	११७९	२२.१०	१०.०३	११७.५५
४	४९९	९.३६	४६७	८.७६	९६६	१८.११	५.५३	१७४.६८
५	६६२	१२.४१	६६३	१२.४३	१३२५	२४.८४	४५.३१	२९.२४
	२६७३	५०.११	२६६१	४९.८९	५३३४	१००.००	१२४.३८	४२.८८
स्रोतः राष्ट्रिय जनगणना, २०७८								



चित्र ५: वडागत जनसङ्ख्याको विवरण



नक्सा ४: जनघनत्व नक्सा

उमेर समूह अनुसार जनसङ्ख्या

यस गाउँपालिकाको विभिन्न उमेर समूहको जनसङ्ख्या विश्लेषण गर्दा सबै भन्दा धेरै जनसङ्ख्या २०-२४ वर्ष समूहमा रहेको छ। यो उमेर समूहमा गाउँपालिकाको कुल जनसङ्ख्याको १०.४६% (५५८ जना) रहेको छ। गाउँपालिकामा ६ वर्ष भन्दा कम उमेरको जनसङ्ख्या ४३३ रहेको छ भने ६-१४ वर्षको जनसङ्ख्या

८९३ रहेको छ । यहा ६० वर्ष भन्दा माथिको कुल जनसङ्ख्या ७३२ (१३.७२%) रहेको छ । उमेरगत जनसङ्ख्या बनोट तालिका ५ मा देखाइएको छ ।

तालिका ५: उमेर समूह अनुसार जनसङ्ख्या

उमेर समूह	पुरुष	%	महिला	%
९५+	२	०.०४	०	०.००
९०-९४	३	०.०६	३	०.०६
८५-८९	३	०.०६	१०	०.१९
८०-८४	१७	०.३२	२८	०.५२
७५-७९	५६	१.०५	५०	०.९४
७०-७४	७२	१.३५	६६	१.२४
६५-६९	१०३	१.९३	९८	१.८४
६०-६४	१२२	२.२९	९९	१.८६
५५-५९	१०५	१.९७	१०८	२.०२
५०-५४	१५०	२.८१	१७५	३.२८
४५-४९	११५	२.१६	१२३	२.३१
४०-४४	१३२	२.४७	१४९	२.७९
३५-३९	१५४	२.८९	१६३	३.०६
३०-३४	२००	३.७५	१६६	३.११
२५-२९	२५१	४.७१	२१६	४.०५
२०-२४	२६४	४.९५	२९४	५.५१
१५-१९	२५४	४.७६	२५७	४.८२
१०-१४	२३७	४.४४	२४४	४.५७
०५-०९	२१३	३.९९	१९९	३.७३
००-०४	२२०	४.१२	२१३	३.९९
कुल	२६७३	५०.११	२६६१	४९.८९

स्रोतः राष्ट्रिय जनगणना, २०७८



चित्र ६: लिखु पिके गाउँपालिकाको जनसङ्ख्या कोणस्तूप

यो गाउँपालिकामा आर्थिक रुपमा आश्रित तथा आर्थिक रुपमा निष्कृय जनसङ्ख्या कुल जनसङ्ख्याको करिव ३९% रहेको छ। यो जनसङ्ख्यामा १४ वर्ष भन्दा मुनिका करिव २५% र ६० वर्ष भन्दा माथिका १४% रहेका छन्। यसबाट के बुझिन्छ भने बालबालिकाहरूको सङ्ख्याको तुलनामा बुढ्यौलीको संङ्ख्या कम छ (तालीका ६)।

तालिका ६: आश्रित जनसङ्ख्या

उमेर समूह	पुरुष	%	महिला	%	कुल	%
०-१४	६७०	१२.५५	६५६	१२.२९	१३२६	२४.८४
६०+	३७८	७.१	३५४	७	७३२	१४.१
	१०४८	१९.६५	१०१०	१९.२९	२०५८	३८.९४
स्रोतः राष्ट्रिय जनगणना, २०७८						

मातृभाषाको आधारमा जनसङ्ख्या स्थिति

सबैभन्दा बढी नेपाली भाषा बोल्ने जनसङ्ख्या ६९.४% शेर्पा भाषा बोल्ने २२.५% तामाङ भाषा वोल्ने ५.२%, सबैभन्दा कम बोल्ने भाषा राई पर्दछ। सुनुवार भाषा बोल्ने १.२%, थामी भाष बोल्ने १% र

नेपालभाषा बोल्ने जनसङ्ख्या ०.२% छ । मातृभाषाका आधारमा जनसङ्ख्या विवरण देहाय बमोजिम रहेको छ (तालिका ७ र चित्र ७) ।

तालिका ७: मातृभाषाको आधारमा जनसङ्ख्या स्थिति

क्र.सं.	भाषा	जनसङ्ख्या	%
१	नेपाली	३७०४	६९.४
२	तामाङ	२७६	५.२
३	नेपालभाषा	१२	०.२
४	शेर्पा	१२०१	२२.५
५	सुनुवार	६४	१.२
६	थामी	५५	१.०
७	अन्य	२२	०.४
		५३३४	१००
स्रोतः राष्ट्रिय जनगणना, २०७८			



चित्र ७: मातृभाषा बोल्न जान्ने आधारमा जनसङ्ख्याको विवरण

जातजातिको आधारमा जनसङ्ख्या स्थिति

गाउँपालिकामा क्षेत्री, बाहुन, शेर्पा, तामाङ, कामी, सुनुवार, दमाइ, थामी र जिरेल आदि जातिहरूको बसोबास रहेको छ। जसमा क्षेत्रीको जनसङ्ख्या ५०% रहेको छ। शेर्पा २२.४%, तामाङ ६.१%, घर्ती/भुजेल ५.७%, थामी ५.१%, विश्वकर्मा ५% रहेको छ। यसको अलावा अन्य जातजातिको पनि बसोबास रहेको छ (तालिका ८ र चित्र ८) ।

तालिका ८: जातिका आधारमा जनसङ्ख्याको स्थिति

क्र.सं.	जातजाती	जनसमख्या	%
१	क्षेत्री	२६८८	५०
२	ब्राम्हण	६३	१.२
३	मगर	१०	०.२
४	तामाङ	३२५	६.१
५	नेवार	७४	१.४
६	बिश्वकर्म	२६९	५.०
७	परियार	३२	०.६
८	घर्ति/भुजेल	३०२	५.७
९	शेर्पा	११९७	२२.४
१०	सुनुवार	६३	१.२
११	थामी	२७४	५.१
१२	जिरेल	२१	०.४
१३	अन्य	१६	०.३
	कुल	५३३४	१००



चित्र ८: जातजातीको आधारमा जनसङ्ख्या स्थिति

धर्मको आधारमा जनसङ्ख्या स्थिति

धर्मको हिसाबले हेर्दा सबैभन्दा बढी हिन्दु धर्म मान्ने जनसङ्ख्या ६८.१% रहेको छ। त्यसैगरी बौद्ध धर्म मान्ने जनसङ्ख्या ३०% र किराँती धर्म मान्ने जनसङ्ख्या १.२% र क्रिष्चियन धर्म मान्ने जनसङ्ख्या ०.७% रहेको छ (तालिका ९ र चित्र ९)।

तालिका ९: धर्मको आधारमा जनसङ्ख्या स्थिति

क्र.सं.	धर्म	जनसङ्ख्या	%
१	हिन्दु	३६३२	६८.१

२	बौद्ध	१६०१	३०.०
३	किराँत	६५	१.२
४	क्रिष्चियन	३६	०.७
	कुल	५३३४	१००
			स्रोतः राष्ट्रिय जनगणना, २०७८



चित्र ९: धर्मको आधारमा जनसङ्ख्या स्थिति

२.२ आर्थिक विकासको अवस्था

२.२.१ कृषि तथा खाद्य सुरक्षा

गाउँपालिकामा ९६.०८% घरधुरीको आफ्नै जग्गा रहेको छ भने ३.४८% को आफ्नो जग्गा छैन। यति धेरै घरपरिवराको आफ्नै खेती योग्य जमीन हुँदा पनि कृषिमा जनतालाई आत्मनिर्भर बनाउने कुनै ठोस नीतिगत योजना छैन। गाउँपालिकामा कूल भूभागको ३८०२.१५ हेक्टर (३०.६१%) खेतीयोग्य जमीन छ। हाल २७०० हे. (२१.७४%) जमीन खेती गरिएको छ। पालिकामा १७०० हे. (१३.६९%) जमीन सिँचित रहेको छ। जस मध्ये बह्रै महिना सिंचाइ हुने जमीन ६५० हे (५.२३%) र मौसमी सिँचित जमीन १०५० हे. (८.४५%) रहेको छ। पालिकामा रहेको बाँझो जमीन २२०० हे. (१७.७१%) रहेको छ (तालिका ८)। हाल सञ्चालनमा रहेका सिंचाइ योजनाहरू पनि व्यवस्थित गरी नयाँ सिंचाइ योजनाहरु प्रयोगमा ल्यागन पहल गर्नु पर्ने हुनन्छ। जसले बाह्रै महिना सिंचाइ नपुगेका खेती योग्य जमीनमा खेती गर्न सहयोग पुग्दछ। यदि यी बाँझो जमीनमा खेती गर्न प्रोत्साहन गर्न सकिएमा पालिकाको उत्पादकत्वमा थप योगदान पुग्ने देखिन्छ। यस सम्बन्धी वडाका विवरण तालिका १० मा समावेश गरिएको छ।

तालिका १०: कृषि कार्यमा उपयोग भएको जमीनको अवस्था

क्र. सं.	विवरण	क्षेत्रफल (हेक्टर)	%
१	सिँचित जमीन	१७००.००	१३.६९
१.१	बह्रै महिना सिंचाइ हुने जमीन	६५०.००	५.२३

१.२	मौसमी सिँचित जमीन	१०५०.००	८.४५
२	बाँझो जमीन	२२००.००	१७.७१
३	हाल खेतीगरिएको जमीन	२७००.००	२१.७४
४	खेतीयोग्य जमीन	३८०२.१५	३०.६१
स्रोतः लिखु पिके गाउँपालिका प्रोफाइल, २०७६			

कृषि बाली उत्पादनको अवस्था

यो पालिकाको भौगोलिक विविधताले गर्दा यहाँ हावापनिमा पनि विविधता पाइन्छ । यसकारण यहाँ खाद्यन्न, गेडागुडी, तरकारी, फलफूलका साथै अन्य नगदेबालीको पनि उत्पादन हुने गर्दछ । तर यहाँको उत्पादनले यहाँका मानिसहरुलाई बाह्रै महिना खानपुग्ने गरी उत्पादन भएको देखिनदैन । गाउँपालिका भरि ३६३.६९ मे.ट. अन्न उत्पादन हुन्छ तर ७० मे. ट. अन्न अभाब देखिन्छ (तालिका ११) । खाद्य सुरक्षाको

फोटो १: गाउँपालिकामा खेती गरिएको भूमि

लागी गाउँपालिकाले पालिकामा रहेको बाँझो जमीन र खेती योग्य जमीनको प्रयोग गरी उत्पादनमा वृद्धि गर्ने नीतिगत व्यवस्था गर्ने र जीवन निर्वाह खेती प्रणालीलाई आधुनिक कृषि प्रविधिसँग जोडेर उत्पादन गर्ने नीति अवलम्वन गर्नु पर्दछ ।

तालिका ११: खाद्यन्न वालीको उत्पादन

क्र. सं.	खद्यन्न	परिमाण (मे.ट.)	सबै भन्दा बढी उत्पादन हुने वडा	खाद्यन्न अभाव परिमाण (मे.ट.)
१	मकै	१८८.१५	२, ३ र ४	१०
२	गहुँ	७२.१७	१, २ र ५	१०
३	धान	३०	२	५०
४	कोदो	६४.७४	२, ३ र ४	
५	फापर	८.६३	२, ३ र ४	
स्रोतः लिखु पिके गाउँपालिका, कृषि शाखा, २०७९				

गाउँपालिकामा तरकारी २३२ मे. ट., गेडागुडी करिव २०मे. ट., मसलाजन्य वस्तु १८ मे.ट., फलफूल ५५ मे.ट. उत्पादन गर्छ तर यी सबै उत्पादनले गाउँपालिकालाई नपुग्ने गाउँपालाकाको त्थ्याङ्कले देखाएको छ ।

बैकल्पिक बालीको रुपमा मौरी पालनलाई जोड दिएको देखिन्छ । यी उपजहरुको विवरण देहाय बमोजिम रहेको छ (तालिका १२, १३, १४ र १५) ।

तालिका १२: दलहन वालीको उत्पादन

क्र. सं.	विबरण	परिमाण (मे.ट.)	सबै भन्दा बढी उत्पादन हुने वडा	कैफियत
१	सिमी	८.३६	सबै	५ मे. ट. अभाव
२	मास	२.५	२, ३ र ४	
३	बोडी	१.७७	२, ३ र ४	
४	अन्य	६.८९		
स्रोतः लिखु पिके गाउँपालिका, कृषि शाखा, २०७९				

तालिका १३: तरकारी वालीको उत्पादन

क्र. सं.	तरकारी	परिमाण (मे.ट.)	सबै भन्दा बढी उत्पादन हुने वडा	कैफियत
१	आलु	१४९.४६	१ र ५	१० मे. ट. अभाव
२	साग	१०.२४	सबै	
३	मुला	८.८९	सबै	
४	काउली	८.३	सबै	
५	वन्दा	७.०१	सबै	
६	अन्य तरकारी	४९.०२		
स्रोतः लिखु पिके गाउँपालिका, कृषि शाखा, २०७९				

यो पालिकामा व्यावसायीक रुपमा चिया खेती गरिएको छ भने चिया कारखाना पनि सञ्चालनमा रहेको छ । यहाँको चिया विश्व बजारमा निर्यात हुने गरेको छ । किवी र मह पनि यहाँबाट निर्यातहुने कृषि उत्पादित वस्तुहरु हुन् ।

तालिका १४: अन्य उत्पादित बस्तुहरु

क्र. सं.	विबरण	परिमाण (मे.ट.)	सबै भन्दा बढी उत्पादन हुने वडा	कैफियत
१	किवी	३.५	२, ३ र ४	२० मे. ट. अभाव
२	अन्य फलफूल	५१.१		
३	चिया	३	५	
४	मह	०.४७	४	
स्रोतः लिखु पिके गाउँपालिका, कृषि शाखा, २०७९				

तालिका १५: मसलाजन्य वालीको उत्पादन

क्र. सं.	विबरण	परिमाण (मे.ट.)	सबै भन्दा बढी उत्पादन हुने वडा
१	वेसार	३.७१	२, ३ र ४

२	लसुन	६.७५	२, ३ र ४
३	प्याज	७.५	२, ३ र ४
स्रोतः लिखु पिके गाउँपालिका, कृषि शाखा, २०७९			

पशुपालन

लिखु पिके गाउँपालिका पशुपालनको लागी अनुकुल वातावरण र मौसम भएको भूगोल हो । यद्यपि यहाँका प्रायः सबै घरपरिवारले पशुपालन गरेको पाइन्छ। गाउँपालिका कृषि शाखाको तथ्याङ्क अनुसार यहाँ ५३६५ को संङ्ख्यामा बाख्रा पालन गरिएको छ । त्यस्तै गरेर गाई, भैँसी, सुँगुर/बंगुर, चौँरी, जोक्पो, याक जस्ता पशुहरु पनि पाल्ने गरेका छन् (तालिका १६) । केही घरपरिवारले पक्षी पालन गर्ने गरेका छन् । चौँरीगाईको दुधबाट एउटा चिज प्याक्ट्रि सञ्चालन गरिएको छ । गाउँपालिकामा एउटा व्यावसायीक बाख्रापालन केन्द्र र एउटा व्यावसायीक च्याउ खेती गरिएको छ ।

तालिका १६: गाउँपालिकामा पशु तथा पन्छीपालनको अवस्था

क्र. सं.	विवरण	संङ्ख्या	कैफियत
१	गाई	१६३४	
२	भैँसी	७९६	
३	बाख्रा	५३६५	
४	बंगुर	१४१	
५	चौँरी	२९७	
६	जोक्पे	२४	
७	याक/नाक	९३	
८	कुखुरा	४२७४	
स्रोतः लिखु पिके गाउँपालिका, कृषि शाखा, २०७९			

२.२.२ पर्यटन तथा संस्कृति

यस गाउँपालिकामा सप्तकोशी नदीको एक सहायक लिखु नदी, किन्जा खोला, घट्टे खोला, खिम्जा खोला पिके क्षेत्र यस गाउँपालिकाको मुख्य पर्यटकीय क्षेत्रको रुपमा चिनिन्छ । यहाँबाट विश्वको अग्लो शिखर सगरमाथा लगायत उच्च हिमशृंखलाहरु महालंगुर, क्यासर, नुम्बुर, पुमोरी, लोत्से जस्ता हिमालहरुको अवलोकन गर्न सकिन्छ । यी क्षेत्रमा जाने पर्यटकहरुको लागी पदमार्गको रुपमा विकास भएको सगरमाथा पदमार्ग यही गाउँपालिकाको पिके डाँडाहुँदै सगरमाथाको आधार सिबिरमा गएर टुंगिन्छ । पिके डाँडा हिमालहरुको दृश्यावलोकन गर्नेको लागी निकै उपयुक्त स्थान हो । यसकारण पनि यो क्षेत्र मुख्य पर्यटकीय क्षेत्रको रुपमा विकास हुँदै गएको छ । गाउँपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पिके-लामजुरा पर्यटन पदमार्ग, किञ्जा-लाम्जुरा पर्यटन पदमार्ग, किञ्जा-छिरिङ खर्क हुँदै दुधकुण्ड सम्म पर्यटन पदमार्ग निर्मा गर्ने र दाक्चुको ३ ओटै पोखरीमा पर्यटकीय पूर्वाधार सहित वगैचा निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने सके गाउँपालिकालाई पर्यटकीय गन्तव्यको नयाँ चिनारी रुपमा अगाडि बढाउन सकिन्छ ।

यस गाउँपालिका भित्र आफ्नै मौलिक विशेषता र महत्व रहेका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको पनि छन । देबी थान, बौद्ध, खवतरी कुल मन्दिर, गुरु रिम्पोक्षे गुम्बा, ओर्गेन साङ छोलिङ गुम्बा, चण्डी

स्थान, सेती भुमे मन्दिर, लगायत अरु धेरै धार्मिक स्थलहरु रहेका छन् जसले पर्यटकीय महत्व समेत बोकेको छ । जसलाई तलको तालिकामा समावेश गरिएको छ ।

तालिका १७: लिखु पिके गाउँपालिकाको धार्मीक तथा पर्यटकीय महत्व बोकेको स्थलहरु

क्र. सं.	स्थलको नाम	अवस्थिति वडा	महत्व	कैफियत
१	पिके डाँडा	१	प्रकृति सुन्दरता, मनोरम दृष्य	यो सबै धार्मिक, प्रकृतिक तथा मनोरम क्षेत्रहरुमा पर्यटकीय पूर्वाधार नभएको कारण सिमीत पर्यटकहरु मात्र आगनेगर्दछन् । त्यसकारण उक्त क्षेत्रहरुमा सेवा सुविधा सहितको पर्यटकीय पूर्वाधारहरु निर्माण गर्नु पर्ने देखिन्छ ।
२	पिके झरना	१	प्रकृति सुन्दरता, मनोरम दृष्य	
३	ओगर गुफा	१	प्रकृति सुन्दरता, मनोरम दृष्य	
४	माने सम्सिंग भञ्याङ्ग	१	प्रकृति सुन्दरता, मनोरम दृष्य	
५	ओर्गेन साङ छोलिङ गुम्बा	१	धार्मिक पर्यटन	
६	ङ्ग्युर थक्छेक छोलिङ गुम्बा	१	धार्मिक पर्यटन	
७	पेमा छोलिङ गुम्बा	१	धार्मिक पर्यटन	
८	गुरु रिम्पोछे गुम्बा	१	धार्मिक पर्यटन	
९	गेप्चुका गुम्बा	१	धार्मिक पर्यटन	
१०	वुकु दोभान	२	रमणीय स्थाल/मनोरम दृष्य	
११	कुपाङ्ग झरना	२	प्रकृति सुन्दरता, मनोरम दृष्य	
१२	कोरेसीखोला झरना	३	प्रकृति सुन्दरता, मनोरम दृष्य	
१३	ज्वालामाई मन्दिर	३	धार्मिक	
१४	उपल्लो खर्क	४	वनभोज स्थाल, मनोरम दृश्यावलोकन	
१५	किटिलि खर्क	४	वनभोज स्थाल, मनोरम दृश्यावलोकन	
१६	चौँरीखर्क	४	वनभोज स्थाल, मनोरम दृश्यावलोकन	
१७	साङछोलीङ गुम्बा	५	धार्मिक पर्यटन	
१८	काम्रिङ छोलीङ्ग गुम्बा	५	धार्मिक पर्यटन	
१९	टशी छोलिङ् गुम्बा	५	धार्मिक पर्यटन	
२०	पाँमु डाँडा	५	प्रकृति सुन्दरता, मनोरम दृष्य	
२१	लामजुरा डाँडा र कलाडँडा	५	प्रकृति सुन्दरता, मनोरम दृष्य	
२२	मेन्जु डाँडा	५	प्रकृति सुन्दरता, मनोरम दृष्य	
२३	लिखु खोला	५	प्रकृति सुन्दरता, मनोरम दृष्य	
२४	किञ्जा बजार	५	प्रकृति सुन्दरता, मनोरम दृष्य	
२५	चिया बगान	५	मनोरम, पर्यटकीय	

फोटो ३: चौलाखर्कमा रहेको गुम्बा

फोटो २: स्थलगत अवलोकनका क्रममा खिचिएका केही फोटाहरु



नक्सा ५ : लिखु पिके ट्रेकिङ ट्रेल

फोटो ४: पिकेडाँडाबाट देखिने पर्वत श्रृखलाको मनोरम दृष्य
स्रोत: https://www.youtube.com/watch?v=ngQLVloeNwU

२.२.३ उद्योग व्यापार, व्यावसाय र आपूर्ति

आर्थिक जनगणना, २०१८ का अनुसार गाउँपालिकामा कुल १८९ वटा उद्योग तथा व्यवसायहरु सञ्चालनमा छन् । यी मध्ये दर्ता भएर सञ्चालनमा आएका उद्योग व्यवसायहरु जम्मा ६५ वटा छन भने दर्ता बिना सञ्चालनमा रहेका १२४ वटा रहेका छन् । यी उद्योग व्यावसायहरुमा १८२ वटाले आयव्यायको व्यवस्थित लागत राख्ने गरेको र बाँकी ७ ले व्यवस्थित हिसाब किताव नगरेको देखियो ।

कुल १८९ वटा उद्योग व्यवसायहरुमा कृषि, वन र मत्स्य पालन सम्बन्धित ३, उत्पादन सम्बन्धित ५, खानी खनिज सम्बन्धि १, होलसेल, खुद्रा, व्यवसाय सम्बन्धित ५०, यातायात, सञ्चार सम्बन्धित १ र बाँकी अन्य रहेका छन् । १८९ वटा उद्योग व्यवसायहरुमा कृषि, वन र मत्स्य पालन सम्बन्धित २२३, उत्पादन सम्बन्धित ५४, खानी खनिज सम्बन्धि ४६, होलसेल, खुद्रा, व्यवसाय सम्बन्धित ८७, यातायात, सञ्चार सम्बन्धित ५

फोटो ५: भकाञ्जे टी स्टेट र यहाँ उत्पादन गरिएको चिया

र

स्रोतः https://perchs.dk/en/bhakanje-tea-project

बाँकी अन्य व्यवसायमा काम गर्दछन् । पालिकामा सञ्चालन रहेको १८९ उद्योग व्यवसायमा कुल २७६० जनसङ्ख्या संलग्न रहेकोमा १५१६ जना महिला र १२४४ जना पुरुष आबद्ध रहेको देखिन्छ (स्रोतः आर्थिक जनगणना, २०१८) । हाल गाउँपालिका भरी ३०० हाराहारीमा व्यापार तथा व्यवसाय सञ्चालनमा रहेका छन् (स्रोतः लिखुप पिके गाउँपालिका, २०८०) । यहाँ रहेको भकाञ्जे टी स्टेट, चिज कारखाना, जडीबुटीबाट प्रशोधन गरी तेल उत्पादन गर्ने २ वटा कारखाना रहेका छन् । यहाँका करिव २ सय भन्दा बढी घरपरिवारले २ रोपनी देखि ५० रोपनीसम्मका क्षेत्रफलमा चिया खेती गर्दै आएका छन् । कृषकहरुले उत्पादन गरेको चियालाई प्रशोधन गर्नका लागी विदेशी संस्था हिमालयन प्रोजेक्ट डेनमार्कको आर्थिक सहयोगमा ३ वर्ष अगाडि भकाञ्जे टि स्टेट समेत सञ्चालन गरिएको छ । भकाञ्जे टि स्टेट उद्योग मार्फत कृषकले लगाएको चिया विक्री वितरण हुने गरेको छ । चियाको सिजन चैत्र महिना देखि कार्तिकसम्म भएकाले ६ महिनाको अवधीमा करिव ५० हजार भन्दा माथि आम्दानी लिन सकिने कृषक सुब्भा तामाङले बताए । चियाको गुणस्तर हेरेर आम्दानी लिन सकिने भएकाले भकाञ्जे टि स्टेटमा ब्ल्याक टि, ग्रिन टि, गोल्डेन टि प्रशोधन हुन्छ । भकाञ्जेमा उत्पादन भएको चिया विशेष गरी डेनर्माकमा निर्यात हुँदै आएको छ भने स्थानीयस्तरमा समेत विक्रिवितरण

गर्ने गरिएको छ। वडा ५ मा निजी तथा साझेदारीमा जडीबुटी प्रशोधन गरी तेल उत्पादन गर्ने २ वटा उद्योग सञ्चालनमा रहेका छन् । यहाँ विशेष गरेर धूपी, सुनापाती, तितेपाती, धस्रे, गोब्रे सल्ला लगायतका जडीबुटीहरुको प्रशोधन गरी तेल उत्पादन गर्ने गरिन्छ। यो तेल बढी महङ्गो मुल्यामा विदेश निर्यात हुने गरेको छ।

तालिका १८: जडीबुटी जन्य प्रसोधित तेलको मूल्यसूची

क्र. सं.	विवरण	मूल्य प्रति लिटर	कैफियत
१	गोब्रे सल्लो	७०००	यहाँ सञ्चालन हुने २ वटा कारखानाबाट वर्षमा करिव १०/११ क्विन्टल तेल विदेश निर्यात हुने गरेको छ।
२	तितेपाति	१३०००	
३	सुनापाती	१६०००	
४	धस्रे	१५०००	
			स्रोतः स्थालगत सर्वेक्षण, २०८०

२.२.४ आम्दानी तथा रोजगारी

लिखु पिके गाउँपालिकाको आम्दानीको स्रोत सिमीत छ। यहाँका घरपरिवारलाई हेर्ने हो भने ६.१८% (८५ घरधुरी) घरधुरीले मासिक रु.१००० भन्दा कम मासिक आम्दानी रहेको देखिन्छ। यो परिवारले बार्षुक रू. १२००० पनि आम्दानी गर्न सक्दैनन् भने मानसिक रू. २५००० भन्दा थ वा वर्षको रू.३००००० भन्दा बढी आम्दानी गर्ने घरपरिवारको संङ्ख्या ८.३६% (१०४ घरधुरी) रहेको छ। मानिक आम्दानीको हिसबले हेर्ने हो भने यहाँ रहेका ५०.२१ प्रतिशत घरपरिवारले प्रतिदिन रू. १६४.३८ मा (१.२५ अमेरिकी डलर भन्दा कम आम्दानीमा) जीवनयापन गरिरहेको देखिन्छ। मासिक आम्दानीका आधारमा घरपरिवार सम्बन्धी आम्दानीको विवरण तलको तालिकामा समावेश गरिएको छ। (तालिका १९)।

तालिका १९: गाउँपालिकामा पारिवारिक आम्दानीको स्थिति

क्र. सं.	औसत परिवारिक आम्दानी (मासिक रू हजारमा)	परिवार संङ्ख्या	प्रतिशत
१	१००० हजार भन्दा कम	८५	६.८१
२	१००० देखि २००० सम्म	१७०	१३.६१
३	२००० देखि ३००० सम्म	१५९	१२.७२
४	३००० देखि ५००० सम्म	२१४	१७.०७
५	५००० देखि १०००० सम्म	२४६	१९.६७
६	१०००० देखि १५००० सम्म	१५७	१२.५७
७	१५००० देखि २५००० सम्म	११६	९.२५
८	२५००० भन्दा धेरै	१०४	८.३६
	कुल	१२५१	१००
			स्रोत: लिखु पिके गाउँपालिका प्रोफाइल, २०७६

लिखु पिके गाउँपालिकाबाट हाल देश भित्र नै तर अन्य भूगोलमा बसोबास गरेको संङ्ख्या २३.६% र विदेश जानेको संङ्ख्या १४.२% रहेको छ। यसबाट गाउँपालिकाको आम्दानीको स्रोत र दायरा बढेको छ भन्ने बुझिन्छ। विगत ४ वर्ष अघिको आम्दानीको तुलनामा यहाँका मानिसहरुको आर्थिक वृद्धि भएको छ तर कति प्रतिशतले आर्थिक वृद्धि भयो यकिन भन्न सक्ने अवस्था भने छैन।

रोजागारी

गाउँपालिकाको कुल जनसङ्ख्या ५३३४ मा १० वर्ष र सो भन्दा माथिको जनसङ्ख्या ४४८९ रहेको छ। यो जनसङ्ख्या कुल जनसङ्ख्याको ८४% को हाराहारीमा हुन्छ। यसमा पनि १० वर्ष वा सो भन्दा माथिका आर्थिक रुपले सक्रिय जनसङ्ख्या ६७.८१% रहेको छ भने आर्थिक रुपमा निस्क्रिय जनसङ्ख्या ३२.१७% रहेको छ (तालिका २०, चित्र १०)।

तालिका २०: आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसङ्ख्या १० वर्ष र सोभन्दा माथिका)

विवरण	जनसङ्ख्या	%
आर्थिक रुपमा सक्रिय	३०४४	६७.८१
आर्थिक रुपमा निस्क्रिय	१४४४	३२.१७
उल्लेख नभएको	१	०.०२
कुल	४४८९	१००
स्रोतः राष्ट्रिय जनगणना, २०७८		



चित्र १०: आर्थिक क्रियाकालपमा संलग्नता अनुसार जनसङ्ख्या (१० वर्ष भन्दा माथिको)

गाउँपालिकामा रहेको १० वर्ष वा सो भन्दा माथिको जनसङ्ख्या ४४८९ मध्ये आर्थिक रुपमा सक्रिय जनसङ्ख्या ३०४४ रहेको छ। यो जनसङ्ख्या पालिकाको कुल जनसङ्ख्याको ५७% जनसङ्ख्या हो। यसको अर्थ पालिकामा हाल ५७% मानिसहरुमात्र आर्थिक रुपमा सक्रिय रहेका छन। ३०४४ आर्थिक क्रियाकलाप जनसङ्ख्यामा संलग्नता अनुसार सबै भन्दा बढी ६५.७०% जनसङ्ख्या कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरु रहेका छन् भने सामान्य वा प्राथमिक पेसाका कामदारहरू १४.९०%, सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरू ४.७०%, व्यवस्थापक ४.६०% रहेका छन्। पेशामा संलग्न जनसङ्ख्याको विवरण तालिका २१ र चित्र ११ मा समावेश गरिएको छ।

तालिका २१: आर्थिक क्रियाकलापको पेसा अनुसारको जनसङ्ख्या विवरण (१० वर्ष र सोभन्दा माथिका)

क्र. सं.	पेसा	जनसङ्ख्या	%
१	सशस्त्र बल	९	०.३०

२	व्यवस्थापक	१३९	४.६०
३	पेसाविद्	११६	३.८०
४	प्राविधिक तथा सहायक पेसाविद्	२४	०.८०
५	कार्यालय सहायक	२१	०.७०
६	सेवा तथा वस्तु बिक्री गर्ने कामदार	१४३	४.७०
७	कृषि वन र माछापालन कार्यमा दक्ष कामदार	१९९८	६५.७०
८	शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदार	१०३	३.४०
९	कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदार	३७	१.२०
१०	सामान्य वा प्राथमिक पेसाका कामदार	४५४	१४.९०
	कुल	३०४४	१००.१०
			स्रोतः राष्ट्रिय जनगणना, २०७८



चित्र ११: आर्थिक क्रियाकलापको पेसा अनुसारको जनसङ्ख्या विवरण (१० वर्ष र सोभन्दा माथिका)

तालिका २२: आर्थिक क्रियाकलापको औधोगिक क्षेत्र अनुसारको जनसङ्ख्या (१० वर्ष र सोभन्दा माथिका)

क्र.सं.	पेसा	जनसङ्ख्या	%
१	कृषि	२१५५	७०.८०
२	खानी	२	०.०३
३	निर्माण	५८	१.९०
४	बिजुली	३३	१.०७
५	पानी	६	०.२०
६	निर्माण	१४६	५.००
७	थोक व्यापार	२५३	८.५०
८	यातायात	२७	०.९०
९	आवास	५५	१.८०
१०	जानकारी	६	०.२०

११	वित्त	१२	०.४०
१२	घरजग्गा व्यापार	२	०.०३
१३	पेसाविद्	६	०.२०
१४	व्यवस्थापक	१२	०.४०
१५	सार्वजनिक प्रशासन	४३	१.४०
१६	शिक्षा	१०७	३.५०
१७	मानवस्वास्थ्य	२४	०.८०
१८	कला	३	०.०३
१९	अन्य सेवा	८२	२.७०
२०	घरायसी क्रियाकलाप	१२	०.४०
कुल		३०४४	१००
			स्रोतः राष्ट्रिय जनगणना, २०७८



चित्र १२: आर्थिक क्रियाकलापको औधोगिक क्षेत्र अनुसारको जनसङ्ख्या (१० वर्ष र सोभन्दा माथिका)

२.२.५ वित्तीय तथा सहकारी

वित्तीय संस्थाहरूको संङ्ख्या र स्थानीयको वित्तीय कारोबारले पालिकाको आर्थिक अवस्था समान्य आकलन गर्न सकिन्छ । जहाँ वित्तीय संस्थाहरु धेरै र निरन्तर सक्रिय रहन्छन् त्यहाँ आर्थिक कारोबार पनि स्वभावैले बढी हुन्छ । यो गाउँपालिकामा वित्तीय व्यवस्थापनको लागी यस गाउँपालिकामा एउटा बैंक र ७ सहकारी

संस्थाको स्थापना गरी आर्थिक कारोबार गरीरहेको देखिन्छ (तालिका २३) । वडा ३ चौलाखर्कमा १ सिटिजन्स बैंकले यस गाउँपालिकामा बैंकिङ सेवा प्रदान गरिरहेको छ । यसबाट पनि पालिकामा आर्थिक गतिविधि न्यून नै रहेको स्थिति देखिन्छ ।

तालिका २३: वित्तीय संस्था तथा सहकारी

किसिम	नाम	ठेगाना
बैंक	सिटिजन बैक इन्टरनेसनल	वडा ३
सहकारी	जन्मभूमि बचत तथा ऋण सहकारी	वडा २
	पिके साना किसान महिला सहकारी संस्था	वडा २
	मंगलद्विप महिला सहकारी संस्था	वडा ३
	लिखु खोला साना किसान कृषि सहकारी संस्था	वडा ४
	लामजुरा सहाकरी संस्था	वडा ५
	नव महिला सहकारी संस्था	वडा ५
	अर्गानिक चिया सहकारी संस्था	वडा ५

२.३ सामाजिक विकासको अवस्था

२.३.१ स्वास्थ्य तथा पोषण

लिखु पिके गाउँपालिकामा हाल ४ वटा स्वास्थ्य चौकीहरु सञ्चालनमा रहेका छन् । वडा २, ३, ४ र ५ मा स्वास्थ्य चौकी रहेको छ । पालिका स्तरीय हस्पिटल निर्माणको प्रक्रियामा रहेको छ । यस बाहेक पालिकामा केही निजी औषधी पसलहरु सञ्चलनमा रहेकाछन् । यी स्वास्थ्य केन्द्रबाट खोप क्लिनिक, शुरक्षित मातृत्व, परिवार नियोजनका साधनको वितरण, क्षयरोगको DOTS सेवा, नेपाल सरकारले तोकेको आधारभूत सम्पूर्ण सेवा र औषधी वितरण, बर्थिङ सेवा जस्ता सेवा सुविधाहरु उपलब्ध गराउँदै आएको छ ।

तालिका २४: स्वास्थ्य संस्थाको विवरण

क्र. सं.	स्वास्थ्य संस्था	अवस्थित वडा	उपलब्ध सेवाहरु
१	गोली स्वास्थ्य चौकी १ र स्वास्थ्य ईकाइ १ वटा	२	खोप क्लिनिक, शुरक्षित मातृत्व, परिवार नियोजनका साधनको वितरण, क्षयरोगको DOTS सेवा, नेपाल सरकारले तोकेको आधारभूत सम्पूर्ण सेवा र औषधी वितरण
२	चौलाखर्क स्वास्थ्य चौकी १ र स्वास्थ्य ईकाइ १ वटा	३	खोप क्लिनिक, शुरक्षित मातृत्व, परिवार नियोजनका साधनको वितरण, क्षयरोगको DOTS सेवा, नेपाल सरकारले तोकेको आधारभूत सम्पूर्ण सेवा र औषधी वितरण, बर्थिङ सेन्टर
३	भकाञ्जे स्वास्थ्य चौकी १ वटा	४	खोप क्लिनिक, शुरक्षित मातृत्व, परिवार नियोजनका साधनको वितरण, क्षयरोगको DOTS सेवा, नेपाल सरकारले तोकेको आधारभूत सम्पूर्ण सेवा र औषधी वितरण

४	सामुदायिक स्वास्थ्य ईकाइ, किञ्जा १ वटा	४	खोप क्लिनिक, शुरक्षित मातृत्व, परिवार नियोजनका साधनको वितरण, क्षयरोगको DOTS सेवा, नेपाल सरकारले तोकेको आधारभूत सम्पूर्ण सेवा र औषधी वितरण
५	स्वास्थ्य चौकी १ र स्वास्थ्य ईकाइ ३ वटा	५	खोप क्लिनिक, शुरक्षित मातृत्व, परिवार नियोजनका साधनको वितरण, क्षयरोगको DOTS सेवा, नेपाल सरकारले तोकेको आधारभूत सम्पूर्ण सेवा र औषधी वितरण
स्रोतः स्वस्थ्य शाखा, लिखु पिके गाउँपालिका, २०७९			

आर्थिक वर्ष २०७७/७८ र ७८/७९ मा ओपिडि सेवामा आउने बिरामीको संङ्ख्या क्रमशः १२१२१ र १०५५७ रहेको थियो भने जम्मा बिरामी सङ्ख्यामा नयाँ आएको प्रतिशत क्रमशः २२८.५% र १९९.९% रहेको देखिन्छ । यसबाट के देखिन्छ भने पहिलेका वर्षहरुको तुलनामा स्वस्थ्य केन्द्रमा उपचारका लागी आउनेको संङ्ख्या बढेर गएको छ भन्ने देखिन्छ (तालिका २५)।

तालिका २५: स्वास्थ्य सेवा प्राप्त गर्ने को संङ्ख्या

सूचक	२०७७/७८	२०७८/७९
ओपिडि सेवामा आउने बिरामीको संङ्ख्या	१२१२१	१०५५७
जम्मा सङ्ख्यामा नयाँ आएको प्रतिशत	२२८.५	१९९.९
जम्मामा महिलाको उपस्थिति		
स्रोतः आर्थिक वर्षको प्रगति समिक्षा विवरण, २०७७/७८ र २०७८/७९		

जीवित जन्मेका कुल बच्चाको संङ्ख्या १९८९ रहेको छ भने यसमा १०१५ पुरुष र ९७४ महिलाको रहेको छ । कुल बच्चाहरुमा महिलाको तुलनामा पुरुषको सङ्ख्या ४१ जनाले बढी देखिन्छ । जीवित जन्मेका कूल बच्चहरुको संङ्ख्यामा हाल जीवित पुरूष बच्चाहरु ९९८ रहेका छन् भने १७ जना पुरुष बच्चाहरुको मृत्यु भएको देखिन्छ । त्यस्तै जीवित जन्मेका कूल बच्चाहरुको संङ्ख्यामा हाल जीवित महिला बच्चाहरु रु ९६६ रहेका छन् भने ८ जना महिला बच्चाहरुको मृत्यु भएको देखिन्छ (तालिका २६ र चित्र १३)। यसबाट के देखिन्छ भने बालमृत्युदर ठूलो मात्रमा घटेको भएता पनि अझै धेरै मात्रमा घटाउनु पर्ने देखिन्छ । यो लिखु पिके गाउँपालिकाको ठूलो चुनौती पूर्ण पाटो हो ।

तालिका २६: हालसम्म जीवित जन्मेका, अझै जीवित रहेका र मृत्यु भएका बच्चाको संङ्ख्या

लिङ्ग	कूल जन्म भएका बच्चा	हालसम्म जीवित बच्चा	मृत्यु भएको बच्चा
पुरुष	१०१५	९९८	१७
महिला	९७४	९६६	८
कुल	१९८९	१९६४	२५
स्रोतः आर्थिक वर्षको प्रगति समिक्षा विवरण, २०७७/७८ र २०७८/७९			



चित्र १३: हालसम्म जीवित जन्मेका, अझै जीवित रहेका र मृत्यु भएका बच्चाको संङ्ख्या

खोपको सेवा सुविधाले शिशु तथा बालमृत्युदरमा ठूलो गिरावट ल्याउँदछ । यस गाउँपालिकामा अघिल्लो आर्थिक वर्षको तुलनामा यो आर्थिक वर्षमा खोप सेवा लिने शिशु तथा बालबालिकाको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको देखिन्छ (तालिका २७) । पहिलो वर्षमा ६०% देखि ७०% सम्मका हाराहारीमा लिईएको खोप सेवा यो आर्थिक वर्षमा भने बढेर ८०% देखि ९०% सम्म बढेको देखिन्छ । यो दरले पनि बाल तथा शिशु मृत्युदर कम गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

तालिका २७: गाउँपालिकामा खोप लगाउनेको संङ्ख्या

सूचक	२०७७/७८	२०७८/७९
पेङ्टा ३ (भ्यागुते लहरेखोकी फ्लु)	६५.५	८४.३
जापानीज ईन्सेफ्लाइटिस	७४.३	९९
दादुरा/रुबेला	७१.४	१०३.७
टिटानस	N/A	N/A
पोलियो	६९.४	८४.३
बिसिजी	५७.७	६४.८
स्रोत: आर्थिक वर्षको प्रगति समिक्षा विवरण, २०७७/७८ र २०७८/७९		

पोषणको अवस्था

तालिका २८: गर्भवती अवस्थामा लिइएको सेवा

सूचक	२०७७/७८	२०७८/७९	कैफियत
% of 0-23 months new registration for growth monitoring	०.३७	३.१	
% of women who received 180 IFA during pregnancy	७०.३	७५.३	
% of women who received 45 IFA during postpartum	५८.६	७३.५	

% of women who received vitamin A during postpartum	७०.३	७९.६	
स्रोतः आर्थिक वर्षको प्रगति समिक्षा विवरण, २०७७/७८ र २०७८/७९			

शुरक्षित मातृत्व

शुरक्षित मातृत्व स्वास्थ्यको सबै भन्दा महत्वपूर्ण सूचक मध्ये एक हो । यो गाउँपालिकाका गर्भवती महिलाहरुले आर्थिक वर्ष २०७७/७८ को तुलनामा २०८७/७९ मा शुरक्षित मातृत्वमा सजग भइ चेकजाँचमा ध्यान दिएको देखिन्छ । यो शुरक्षित मातृत्वको लागी सकारात्मक सुधार हो (तालिका २९) ।

तालिका २९: शुरक्षित मातृत्वको विवरण

सूचक	२०७७/७८	२०७८/७९
% of pregnant women who had 1st ANC visit any time		
% of pregnant women who had 4 ANC visit as per protocol	६३.१	७४.५
% of delivery attended by SBA	२७	५८
% of institutions delivery	७२.१	१२६.२
% of pregnant women who had 3 PNC visit as per protocol	४५.९	७६.३
स्रोतः आर्थिक वर्षको प्रगति समिक्षा विवरण, २०७७/७८ र २०७८/७९		

२.३.२ शैक्षिक विकास

शैक्षिक विकासले कुनै पनि समुदायको ज्ञानको तथा चेतना स्तर निर्धारण गर्दछ । यो गाउँपालिकामा ७३.६% मानिसहरु साक्षर छन् । पुरुष साक्षरतादर ८१% रहेको छ भने महिला साक्षरतादर ६६.३% रहेको छ । पालिकाले पूर्णसाक्षर बन्नको लागी अझ २६.४% जनसङ्ख्यामा बल गर्नु पर्ने देखिन्छ (तालिका ३०) ।

तालिका ३०: साक्षरताको स्थिति

साक्षरताको विवरण	जम्मा	पुरूष	महिला
लेख पढ गर्न सक्ने	७३.६	८१.०	६६.३
पढ्न मात्र सक्ने	०.८	०.७	०.७
लेख पढ गर्न नसक्ने	२५.६	१८.३	३३.०
कुल	१००	१००	१००
स्रोतः राष्ट्रिय जनगणना, २०७८			

शैक्षिक योग्यता

तालिका ३१: पाँच वर्ष वा सो भन्दा माथिको जनसङ्ख्याले पास गरेको शैक्षिक योग्यता

क्र.सं.	विवरण	संङ्ख्या	%
१	बालविकास	१२८	३.७१

२	आधारभूत तह	१९२९	५५.९८
३	माध्यामिक तह	६०७	१७.६१
४	एसएलसी	२३६	६.८५
५	प्रवीणता प्रमाण पत्र तह	४२१	१२.२२
६	स्नातक	७८	२.२६
७	स्नातकोत्तर	४६	१.३३
८	अन्य	१	०.०३
	जम्मा	३४४६	१००
			स्रोतः राष्ट्रिय जनगणना, २०७८

गाउँपालिकामा सञ्चालित विद्यालयको विवरण

गाउँपालिकामा हाल २२ वटा शैक्षिक संस्थाहरु सञ्चालनमा रहेकाछन् । जसमध्ये ३ वटा माध्यामिक विद्यालय र बाँकी १९ वटा आधारभूत विद्यालय छन् । कुल १५०८ विद्यार्थीमा ८०८ जना छात्रा र ७०० जना छात्र रहेकाछन् । पालिकामा हाल १२१ जना शिक्षकले अध्यापन गराई रहेकाछन् । पालिकामा विद्यार्थी शिक्षक अनुपात १२:१ रहेको छ ।

पालिकाको ५ वटा विद्यालयमा मात्र खानेपानीको सुविधा रहेको छ । चार वटा विद्यालयमा सामान्य अवस्थाको छ भने १३ वटा विद्यालयमा खानेपानी सुविधा छैन । त्यस्तै गरे हाल ९ वटा विद्यालयमा मात्र शौचालयको सुविधा छ भने ३ वटा विद्यालयमा सामान्य अवस्थाको शौचालय छ भने बाँकी १० वटा विद्यालयमा शौचालयको सुबिध छैन (तालिका ३२) ।

तालिका ३२: गाउँपालिकामा सञ्चालित विद्यालयको विवरण

क्र. सं.	विद्यालयको नाम	ठेगाना	विद्यार्थी संङ्ख्या		शिक्षक संङ्ख्या	उपलब्ध सुविधाहरु				
						शौचालय		खानेपानी	पुस्तकालय	छात्रावास
			छात्र	छात्रा		छात्र	छात्रा			
१	श्री चन्द्र ज्योति माध्यमिक विद्यालय	वडा ५ - भकान्जे	८०	१०२	१४	छ	छ	छैन		छ
२	श्री सगरमाथा आधारभूत विद्यालय	वडा ५ - सगडाँडा	२०	२७	५	मर्मत	मर्मत	अभाव		
३	श्री गौरीशंकर आधारभूत विद्यालय	वडा ५- वडारे	११	७	२	छैन	छैन	छैन		
४	छिम्ब आधारभूत विद्यालय	वडा ५ - छिम्बु	१९	१४	५	सामान्य	सामान्य	अभाव		
५	श्री महादेव आधारभूत विद्यालय	वडा ५ - छिरिङखर्क	२०	१७	३	सामान्य	सामान्य	अभाव		
६	श्री बुडा किन्जा आधारभूत विद्यालय	वडा ५- किन्जा	५०	५५	८	छ	छ	छ		
७	श्री जनसेवा आधारभूत विद्यालय	वडा ४- डुडाँ	५७	५४	८	छ	छ	छैन		
८	श्री सिंह सेती देवी आधारभूत विद्यालय	वडा ४ - खाम्दिङ	८	१२	२	छ	छ	छैन		

९	श्री सरस्वती आधारभूत विद्यालय	वडा ४ -लेलपु	९	९	२	छ	छ	छैन		
१०	श्री हिमगंङ्गा माध्यामिक विद्यालय	वडा ३- काफ्लेचौर	१२३	१५५	१७	छैन	छैन	छैन		
११	श्री मञ्जुश्री आधारभूत विद्यालय	वडा ३ - नाम्खेली	१९	१९	५	छ	छ	छ		
१२	श्री सिरुवा आधारभूत विद्यालय	वडा ३- चौलाखर्क	१७	१६	२	छैन	छैन	छैन		
१३	श्री बिद्यादात्री आधारभूत विद्यालय	वडा ३- चौलाखर्क	११	१६	२	छैन	छैन	छैन		
१४	श्री बुद्ध माध्यामिक विद्यालय	वडा २ - गोली	११७	१४८	१७	छैन	छैन	छैन		
१५	श्री कमलामाई आधारभूत विद्यालय	वडा २ - मैली	५३	६३	७	छ	छ	छ		
१६	श्री चण्डेश्वरी आधारभूत विद्यालय	वडा २- मेस्की	१४	२४	४	छैन	छैन	छैन		
१७	श्री नमुना आधारभूत विद्यालय	वडा २ - यर्मुख	११	१७	२	छैन	छैन	छैन		
१८	श्री जनचेतना आधारभूत विद्यालय	वडा २ - पोखरी	९	६	३	छैन	छैन	छैन		
१९	श्री गोली आधारभूत विद्यालय	वडा १ - गेप्चुका	२७	२७	५	छ	छ	छ		
२०	श्री लुमुकर्मा आधारभूत विद्यालय	वडा १- कोसिनासा	१३	७	४	छैन	छैन	छैन		
२१	श्री रिगेल्मु आधारभूत विद्यालय	वडा १ खरे	७	४	२	छैन	छैन	छैन		
२२	श्री सेतीभूमे आधारभूत विद्यालय	वडा १ - यर्माखु	५	९	२	छ	छ	छ		
		जम्मा	७००	८०८	१२१	९ विद्यालयमा छ १० विद्यालयमा छैन ३ विद्यालयमा सामान्य छ		१३ मा छैन ५ मा छ ४ मा अभाव		
		कुल जममा	१५०८							

स्रोतः शिक्षा शाखा, लिखुपिके गाउँपालिका, २०८०

विद्यार्थीको विद्यालयमा उपस्थिति

विद्यालयमा नियमित पठनपाठन सञ्चालन हुने गरेको छ। तर भर्ना भएका सबै विद्यार्थीहरु नियमित पठन पाठनमा गएको देखिदैन। कुल भर्ना भएका विद्यार्थीहरु मध्ये करिव २५% को हाराहारीमा मात्र नियमित

उपस्थिति हुने गरेको देखिन्छ भने करिव ७०% विद्यार्थीहरु नियमित विद्यालय नजाने र करिव ५% विद्यार्थीहरु कहिल्यै उपस्थित नहुने देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) (तालिका ३३)।

तालिका ३३: विद्यार्थीको विद्यालयमा उपस्थितिको अवस्था

क्र. सं.	विवरण	जम्मा	छात्र	छात्रा
१	हाल उपस्थित	७०.०	६९.१	७०.९
२	जहिले पनि उपस्थित	२६.३	२७.८	२४.७
३	कहिल्यै उपस्थित भएन	३.७	३.१	४.४
	जम्मा	१००.०	१००.०	१००.०
स्रोतः राष्ट्रिय जनगणना, २०७८				

२.३.३ खानेपानी तथा सरसफाइ

गाउँपालिकामा खानेपानीको पहुँच मध्यम अवस्थाको रहेको छ । यहाँका १२५१ घरपरिवार मध्ये ९०६ परिवारले धारा/पाइप पानी (कम्पाउन्ड भित्र) को पानी प्रयोग गर्छन भने ३२९ घरपरिवाले धारा/पाइप पानी (कम्पाउन्ड बाहिर) को पानी प्रयोग गर्दछन् । केही परिवारले कुवाको पानी र मुलको पानी खाने गरेको पाइन्छ (तालिका ३४) ।

तालिका ३४: घरधुरीले प्रयोग गर्ने खानेपानीको प्रमुख श्रोत

क्र. सं.	खानेपानीको श्रोत	घरधुरी	%
१	धारा/पाइप पानी (कम्पाउन्ड भित्र)	९०६	७२.४
२	धारा/पाइप पानी (कम्पाउन्ड बाहिर)	३२९	२६.३
४	राम्रोसँग ढाकिएको/कुवा	३	०.२
५	राम्रोसँग खोलिएको/कुवा	८	०.६
६	मूलको पानी	५	०.४
९	अन्य	१	०.१
	कुल	१२५१	१००.०
स्रोतः राष्ट्रिय जनगणना, २०७८			

सरसफाइको कुरा गर्दा गाउँपालिकामा परिवारले शौचालय प्रयोगको अवस्थाले उक्त स्थानको सरसफाइको अवस्थालाई समेत जनाउने गर्दछ । यो गाउँपालिकामा शौचालयको प्रयोग तथा उपलब्धताको अवस्थालाई हेर्दा ९८.९% (१२३७ घरधुरी) घरपरिवारमा शौचालय रहेको छ । जसमध्ये ९५.५% घरधुरीको शौचालय व्यवस्थित र ३.४% घरधुरीको समान्य अवस्थाको छ । हालसम्म पनि गाउँपालिकाको १३ घरपरिवारमा शौचालय नरहेको अवस्था छ (तालिका ३५) ।

तालिका ३५: घरधुरीले प्रयोग गर्ने खानेपानीको प्रमुख श्रोत

क्र. सं.	शौचालयको किसीम	घरधुरी	%
१	फ्लस शौचालय (सार्वजनिक ढल)	४०	३.२
२	फ्लस शौचालय (सेप्टिक ट्याङ्की)	११५५	९२.३
३	खाल्टो शौचालय	४३	३.४

४	सार्वजनिक शौचालय	१	०.१
५	शौचालयको सुविधा नभएको	१३	१.०
	कुल	१२५१	१००
			स्रोतः राष्ट्रिय जनगणना, २०७८

२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

नेपाल एक बहुजातीय, बहुभाषिक एवम् बहुसांस्कृतिक देश हो । यहाँ प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसँग प्रगति भएमा मात्र दिगो शान्ति, उन्नति र विकास हुनेमा दुईमत छैन । यही वस्तुगत यथार्थतालाई मनन गर्दै नेपालको संविधान, २०७२ भाग ३ ले मौलिक हक सम्बन्धी व्यवस्था गरेको छ भने मौलिक हकको भाग १६ मा सबैलाई सम्मान पूर्वक बाँच्नपाउने हकको व्यवस्था गरेको छ । धारा १८ ले समानताको हक, धारा ३८ ले महिला हकको व्यवस्था गरेको छ । जस अनुसार सबै नागरिकलाई समान व्यवहार गरिने र कुनै पनि आधारमा भेदभाव गरिने छैन भनी उल्लेख गरेको छ । त्यसै गरी राज्यले अवलम्वन गरेका नीतिहरुको व्यवस्था धारा ५१ मा गगरेको छ । धारा ५१ को 'ञ' मा सामाजिक नीति र समावेशीकरणको नीति अवलम्वन गरेको छ । त्यसकारण लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको आबश्यकता पहिचान भएको हो । त्यसैले बहुजातीय, बहुभाषिक, बहुधर्मिक एवम् बहुसांस्कृतिक भूगोल रहेको लिखु पिके गाउँपालिकामा प्रत्येक समुदाय, जातजातिको समानुपातिक सन्तुलन र न्यायसँगत प्रगति भएमा मात्र पालिकामा दिगो विकास, शान्ति र समृद्ध पालिकाको रुपमा रुपान्तरण हुन सक्छ ।

यो गाउँपालिकामा पालिकामा ५०% को हाराहारीमा महिलाको जनसङ्ख्या रहेको छ । १४ वर्ष मुनिका बालबालिका संङ्ख्या २४.८४% रहेको छ भने ६० वर्ष माथिका बुढ्यौली जनसङ्ख्या ९.६०% रहेको छ । १० भन्दा बढी जातजाति, ६/७ भाषाभाषी बोल्ने समुदाय २.२ प्रतिशत बढी अपारुता (१.९% महिला र २.६% पुरुष) को जनसङ्ख्या रहेको छ ।

गाउँपालिकामा रहेका विभिन्न बर्ग वा क्षेत्रका जनसङ्ख्याको पहिचान गरिएको छ । जेष्ठ नागरिक ४८१ जना, जेष्ठ नागरिक दलित १८ जना, जेष्ठ नागरिक एकल महिला जना ४३, विधवा आर्थिक सहायता ८१ जना, आंशिक अपाङ्गता जना ४०, पूर्ण अपाङ्गता १० जना, दलित बालबालिका ४३ जना लाई पहिचान गरिएको छ (तालिका ३६) र यी पहिचान गरिएका जनसङ्ख्यालाई गाउँपालिकाले भत्ता वितरण गर्दै आएको छ ।

तालिका ३६: सामाजिक सुरक्षा भत्ताको विवरण

क्र. सं.	विवरण	संङ्ख्या
१	दलित बालबालिका भत्ता	४३
२	आंसिक अपाङ्ग भत्ता	४०
३	पूर्ण अपाङ्गता भत्ता	१०
४	विधवा (आर्थिक सहायता)	८१
५	जेष्ठ नागरिक एकल महिला	४३
६	जेष्ठ नागरिक भत्ता दलित	१८
७	जेष्ठ नागरिक भत्ता	४८१

	कुल	७१६
		स्रोतः राष्ट्रिय जनगणना, २०७८

यस गाउँपालिकामा सबै पक्षहरूलाई समग्र रुपमा समावेश गरी आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, संस्थागत विकासमा समाबेशीकरण गर्दा सबै पक्षको आवश्यकता र उद्देश्यलाई सम्बोधन हुन्छ, तवमात्र गाउँपालिकामा समग्र समृद्धिको बाटो खुल्छ। अनिमात्रै जातीय, क्षेत्रिय, लैङ्गिक भेदभाव मुक्त समतामूलक, न्यायपूर्ण र समृद्ध समाजको निर्माण गर्न सकिन्छ।

२.३.५ युवा खेलकुद तथा कला

व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ। खेलकुद राष्ट्रियता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय पहिचान स्थापित गर्ने प्रमुख माध्यमको रुपमा रहिआएको छ। विश्वव्यापी मूल्य मान्यता र प्रविधिको संयोजनबाट नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न स्थानीय तहदेखि नै खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी "सबैका लागी खेलकुद" अभियानलाई सार्थकता दिन आवश्यक छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार खेलकुद सम्बन्धी लिखु पिके गाउँपालिकाको काम, कर्तव्य र अधिकारमा स्थानीयस्तरको खेलकुदको संरचनाको पूर्वाधार निर्माण सञ्चालन तथा विकास, स्थानीयस्तरका खेलकुद प्रशासन तथा संघ संस्थाको नियमन र समन्वय, खेलकुदको विकास र प्रवर्द्धन, खेलकुद प्रतियोगिता आयोजना र सहभागिता, खेलकुद सम्बन्धी पूर्वाधारको विकास गर्ने रहेको छ।

लिखु पिके गाउँपालिकामा कुल जनसङ्ख्याको ४७.९४ प्रतिशत युवा (१५ देखि ३९ वर्ष) रहेको जनसांख्यिक लाभको अवसरलाई पुँजीकृत गरी आर्थिक समृद्धिमा युवाको योगदान सुनिश्चित गर्नु जरुरी छ। कला तथा कलाकारिताको सुरुवाती समय नै यही युवा समय हो। अधिकांश कलाकारको उदय यही युवा अवस्थाबाट सुरु हुने र स्थापित हुने हुँदा युवा बर्गलाई लक्षित गर्दै योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सके भविष्यमा सफल कला तथा कलाकारिता उत्पादन गर्न सकिन्छ।

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

२.४.१ बस्ती, आवसा, भवन तथा सार्वजनिक निर्माण

बस्ती

लिखु पिके गाउँपालिकामा साना तथा ठूला बस्ती गरी १५० भन्दा बढी रहेको छ। उचाइको हिसाबले पालिकाको सबै भूगोलमा बस्ती बस्न योग्य भूगोल छैन। वडा ५ सबै भन्दा बढी मानव बस्ती भएको वडा हो भने वडा १ सबैभन्दा कम बस्ती भएको वडा हो। गाउँपालिकामा रहेका प्रमुख बस्तीहरुलाई वडागत रुपमा तालिका र नक्सा समावेश गरिएको छ।

तालिका ३७: गाउँपालिकामा अवस्थित मुख्य बस्तीहरु

वडा	मुख्य बस्तीहरु
१	नउर, पैरे, सेतोपानी, खहरे, मैदाने, डोरछिरे, डल्लेमाने, किशिनासा, लाममाने, गुम्बा, नागथान, चङ्गागाउँ, सिङ्बिरे गाउँ, पानजुम, मंडली गाउँ, घुर्मिसे गाउँ, गेप्चुका

२	मेस्की, बुङदेल, पोखरी, डाँडाघर, बाहुनीकाठ, चेनास्लु, कृषि डाँडा, तामदोङ्ग, यारमार्तु, चेपार्दिन
३	जयदालु, कोरेशी, निगाली, नामखेली, चौँरीखर्क, चिहानडाँडा, डोर्मा, चमारगाउँ, माझगाउँ, सिरुवा, रिस्ति, लेलेपु
४	डुँडा, दोछिम, रिनडाँडा, मानेमुनी, छुटाप, कुँडर, तादिङ्, रिनठेली, थल्मा, घडेरी, बुलडाँडा, राद्मो, छुसा, किञ्जा
५	किञ्ना, चिम्बु, अराङ, भकाञ्जे, सागरडाँडा, चिरिङखर्क, लोले, मझुवा, तेमजेङ, णिमार, सेथे, सेक, गुराँसे, दकचु, काठ विसौना, गयाम, लामजुरा भञ्याङ
	स्रोतः वडाभेला तथा छलफल, २०८०



नक्सा ६: लिखु पिके गाउँपालिकामा अवस्थित मुख्य बस्तीहरु

घर, जमीनको स्वामित्व र आवासको स्थिति

लिखु पिके गाउँपालिकाको ९५.८ प्रतिशत परिवारसँग आफ्नै स्वामित्वमा घर भएको देखिन्छ भने २.६ प्रतिशत घर भाडको रहेको छ तालिका ३८)। त्यस्तै गरेर १.६ प्रतिशत अन्य तथा संस्थागत घर रहेको छ।

तालिका ३८: घरको स्वामित्व अनुसार परिवार संङ्ख्या

क्र. सं.	घरको स्वामित्व	संङ्ख्या	प्रतिशत
१	आफ्नै	११९८	९५.८
२	भाडामा	३३	२.६
३	संस्थागत तथा अन्य	२१	१.६
	कुल	१२५१	१००
			स्रोतः राष्ट्रिय जनगणना, २०७८

जग्गा जमीनको उपलब्धता

गाउँपालिकामा आफ्नो स्वामित्वमा जग्गा नभएको परिवार संङ्ख्या ३.८ प्रतिशत रहेको छ भने आफ्ना स्वामित्वमा जग्गा भएका परिवार संङ्ख्या ९५.७ प्रतिशत रहेको छ (तालिका ३९)।

तालिका ३९: घरधुरी अनुसार जग्गा जमीनको विवरण

क्र.सं.	जग्गाको उपलब्धता	परिवार संङ्ख्या	प्रतिशत
१	२ रोपनी भन्दा कम	१४०	११.२
२	२ देखि ५ रोपनी	२७०	२१.६
३	६ देखि १० रोपनी	२५४	२०.३
४	११ देखि २० रोपनी	२५९	२०.७
५	२० रोपनी भन्दा बढी	२७५	२२.०
६	जग्गा नभएका	४७	३.८
७	थाहा नभएका	६	०.५
	कुल	१२५१	१००
			लिखु पिके गाउँपालिका पार्श्वचित्र, २०७६

यो गाउँपालिकामा घर तथा जग्गाको स्वामित्व अधिकांश पुरुषको नाममा रहेको छ। गाउँपालिकामा १२५१ घर परिवार मध्ये ५ प्रतिशतमा महिलाको घर जग्गा दुबै रहेको देखिन्छ भने ०.४ प्रतिशत महिलाको मात्र आफ्नो नाममा घर रहेको देखिन्छ। महिलाको नाममा घर र जग्गा दुवै नभएको संङ्ख्या करिव ८६ प्रतिशत रहेको छ (तालिका ४०)।

तालिका ४०: घर, जग्गामा महिलाको स्वामित्व अनुसार परिवार संङ्ख्या

क्र.सं.	घरको स्वामित्व	संङ्ख्या	प्रतिशत
१	घर मात्र भएको	५	०.४
२	घर र जग्गा दुवै भएको	६३	५.०
३	जग्गा मात्र भएको	८९	७.१
४	घर र जग्गा दुवै नभएको	१०७२	८५.७
५	उल्लेख नभएको	२३	१.८
	कुल	१२५१	१००
			स्रोतः राष्ट्रिय जनगणना, २०७८

लिखु पिके गाउँपालिकामा ९५ प्रतिशत भन्दा बढी माटोको जडान भएका घरहरू छन् भने सिमेन्टको जोडाई र काठ वा बाँसको जडान भएका घरहरु क्रमशः २.१ प्रतिशत र २.४ प्रतिशत रहेको छ। माटोको जडान

भएको घर ९५ प्रतिशत छ भने काठ /फल्याकको र सिमेन्टको जडान भएको घरहरु क्रमशः २.१ प्रतिशत र २ प्रतिशत रहेको छ। गाउँपालिकामा ९० प्रतिशत घर जस्ताको छाना, ३.१ प्रतिशत काठ/फल्याल र १.३ प्रतिशत ढलान घर रहेको छ। पालिकामा ५ प्रतिशत घरको छाना ढुङ्गा/स्लेटले छाएको छ (तालिका ४१, ४२, ४३ र ४४) (स्रोतः राष्ट्रिय जनगणना, २०७८)।

तालिका ४१: घरको जगको बनोट अनुसार परिवार संङ्ख्या

क्र. सं.	विवरण	संङ्ख्या	प्रतिशत
१	माटोको जोडाई भएको इँटा/ढुङ्गा	११९०	९५.१
२	सिमेन्टको जोडाई भएको इँटा/ढुङ्गा	२६	२.१
३	ढलान पिल्लर सहितको	५	०.४
४	काठ/बाँसको खम्बा गाडेको	३०	२.४
	कुल	१२५१	१००
			स्रोतः राष्ट्रिय जनगणना, २०७८

तालिका ४२: घरको बाहिरी गारोको बनोट अनुसार परिवार संङ्ख्या

क्र. सं.	विवरण	संङ्ख्या	प्रतिशत
१	माटोको जोडाई भएको इँटा/ढुङ्गा	११८८	९५.०
२	सिमेन्टको जोडाई भएको इँटा/ढुङ्गा	२५	२.०
३	काठ/फल्याक	२६	२.१
४	बाँसजन्य सामग्री	५	०.४
५	जस्ता/टिन/च्यादर	६	०.५
		१२५१	१००
			स्रोतः राष्ट्रिय जनगणना, २०७८

तालिका ४३: घरको छानोको बनोट अनुसार परिवार संङ्ख्या

क्र. सं.	विवरण	संङ्ख्या	प्रतिशत
१	जस्ता/टिन/च्यादर	११२६	९०.०
२	सिमेन्ट ढलान	१६	१.३
३	खर/पराल/छवाली	४	०.३
४	टायल/खपडा/झिँगटी	३	०.२
५	ढुङ्गा/स्लेट	६३	५.०
६	काठ/फल्याक	३९	३.१
७	अन्य	३	०.२
		१२५१	१००
			स्रोतः राष्ट्रिय जनगणना, २०७८

तालिका ४४: घरको भुइँको बनोट अनुसार परिवार संङ्ख्या

क्र. सं.	विवरण	संङ्ख्या	प्रतिशत
१	माटो	११०३	८८.२
२	काठको फल्याक/बाँस	४१	३.३
३	इँटा/ढुङ्गा	८	०.६
४	सेरामिक टायल	४	०.३

५	सिमेन्ट ढलान	९०	७.२
६	अन्य	५	०.४
	कुल	१२५१	१००
			स्रोतः राष्ट्रिय जनगणना, २०७८

२.४.२ सडक, पुल तथा यातायात

लिखु गाउँपालिकामा सडक तथा यातायात पूर्वाधार अन्तर्गत गाउँपालिकाको रणनीतिक सडक किन्जा लाम्जुरा सडक २५ कि. मी., सोती खोला- चौलाखर्क- गुम्बा- लाममाने सडक २५ कि. मी. र किन्जा खोला डुडा- चौलाखर्क-गोली- मैली मादलु ३० कि. मी. तथा अन्तर स्थानीय तह सडकहरूमा कोर्षा खोला चमार्खु गोली बुद्ध मा.वि हुँदै मैलि सम्म सडक पिच गर्ने-१० कि. मी., राङदा घाट देखि जालेखु पोखरी हुँदै बुद्ध मा.वि सडक ४ कि. मी., जालेखु हुँदै माझगाउँ हुँदै धनेमोठ सम्म सडक ३कि. मी., चण्डी थान देखि साउना राम्चे सम्म सडक ७ कि. मी., च्यान डाडाँ हुँदै रछेपु दिले डाडाँ हुँदै खोले खर्क सम्म (नयाँ ट्र्याक ओपेन गर्ने) ५ कि. मी., खाम्दिङग-ठेल्मा सडक (नयाँ निर्माण), रिनडाडाँ-कालदिह सडक (नयाँ निर्माण), डुडाटार-उपचाङग तादिङग सडक (नयाँ निर्माण), तामेडाडा-तादिङग-किन्जा सडक रहेका छन् । यसका अलावा गाउँपालिकामा अन्य शाखा सडक निर्माण गरिएका छन् । गाउँपालिका क्षेत्रभित्र १७४.३४ कि. मी. सडक रहेको भएता पनि हाल सम्म कुनै पनि सडक कालोपत्रे हुन सकेको छैन । गाउँपालिका पुग्ने भरपर्दो र स्थायी सडक नभएकोले पालिकाभित्र रहेका प्रमुख सडकहरु तथा वडा स्तरीय प्रमुख सडकको स्तरोन्नति गर्न आवश्यक देखिन्छ । वातावरण संरक्षणलाई समेत मध्यनजर गरी नयाँ ट्र्याक खन्ने क्रमलाई निरन्तरता दिन जरुरी छ । सडकको व्यवस्थापन गर्न तथा गाउँपालिकाको केन्द्र देखि वडा केन्द्रसम्म बाह्रै महिना मोटर मोटर बाटो सञ्चालन गर्नुपर्ने देखिन्छ । लिखु पिकेमा वडागत सडकको विवरण तालिका ४५ मा समावेश गरिएको छ ।

तालिका ४५: वडागत सडकको विवरण

वडा	लम्बाइ कि. मी.	कैफियत
१	५४.३९	गाउँपालिकामा हाल सम्म कुनै पनि सडक कालो पत्रे छैन ।
२	२४.०१	
३	२१.६८	
४	१७.७४	
५	५६.५१	
कुल लम्बाई	१७४.३४	



नक्सा ७: गाउँपालिकाको सडक सञ्जाल नक्सा

२.४.३ विद्युत तथा बैकल्पिक उर्जा

लिखु पिके गाउँपालिका पूर्णरुपमा ग्रामीण परिवेसको गाउँपालिका हो । यहाँ पाँचवटै वडामा बिजुली बत्ती पुगेको छ । तर पनि बाह्रै महिना पूर्ण रुपले बिजुली बत्ती बितरण भएको पाइदैन । यस पालिकाका ९८ प्रतिशत घरधुरीले उज्यालोको लागी बिजुली बत्ती बाल्ने, १.७ प्रतिशत घरधुरीले सोलार/सौर्य उर्जा र ३ घरधुरीले अन्य इन्धनको स्रोत प्रयोग गर्ने गरेको पाइन्छ (तालिका ४६) ।

तालिका ४६: बत्ती बाल्न प्रयोग गर्ने इन्धन

क्र. सं.	इन्धनको स्रोत	घरधुरी	प्रतिशत
१	बिजुली	१२२७	९८.१
२	सोलार/सौर्यउर्जा	२१	१.७
३	अन्य	३	०.२
	कुल	१२५१	१००
			स्रोतः राष्ट्रिय जनगणना, २०७८

यो गाउँपालिकाका ९७.८ प्रतिशत घरमा खाना पकाउनको लागी दाउरा प्रयोग गर्ने गरेको पाइन्छ भने २ प्रतिशत घरले एल. पि. ग्याँस र ०.२ प्रतिशतले बायोग्यस प्रयोग गरेको पाइन्छ (तालिका ४७) । यो पालिकामा हाल ३ वटा निर्माणाधीन तथा एक निर्माण सम्पन्न गरी कुल ४ वटा जलविद्युत योजना रहेकाछन्।

तालिका ४७: खाना पकाउन प्रयोग गर्ने इन्धन

क्र.सं.	इन्धनको स्रोत	घरधुरी	प्रतिशत
१	काठ/दाउरा	१२२३	९७.८
२	एल.पी.ग्याँस	२५	२.०
३	बायोग्याँस	३	०.२
	कुल	१२५१	१००
			स्रोतः राष्ट्रिय जनगणना, २०७८

२.४.४ घरायसी सुविधामा पहुँचको अवस्था

घरायसी सेवा तथा सुविधाको उपलब्धतामा यो गाउँपालिका कमजोर देखिएको छ । तालिका ४८ मा उल्लेखित घरायसी सेवा सुविधाको पहुँचको अवस्थामा कुनै पनि सुविधा नभएका घरधुरी ६.९% रहेकाछन् भने कम्तिमा एउटा सुविधा भएको घरपरिवारको संङ्ख्या ९३.१ प्रतिशत रहेको छ । गाउँपालिकामा सबै भन्दा साधारण मोबाईल फोन ७८.७% घरधुरीले प्रयोग गरेको देखिन्छ । गाउँपालिकामा आधुनिक घरायसी सुबिधाको प्रयोग क्रमशः विस्तार हुँदै गएको पाइन्छ (तलिका ४८) ।

तालिका ४८: घरायासी सुविधामा पहुँचको अवस्था

क्र. सं.	सुविधाको प्रकार	घरधुरी	प्रतिशत
१	कुनै पनि सुविधा नभएको घरपरिवार	८६	६.९
२	कम्तिमा एउटा सुविधा भएको घरपरिवार	११६५	९३.१
	रेडियो सुविधा	८३६	६६.८
	टेलिभिजन	४९९	३९.९
	ल्यान्डलाइन टेलिफोन	१४	१.१
	मोबाइल फोन (साधारण)	९८५	७८.७
	स्मार्ट मोबाइल फोन	४७८	३८.२
	कम्प्युटर/ल्यापटप	८	०.६
	इन्टरनेट सुविधा	१३	१.०
	कार/जीप/भ्यान	१	०.१
	मोटरसाइकल/स्कुटर	७४	५.९
	साइकल	१	०.१
	रेफ्रिजरेटर	१	०.१
	वाशिङ्ग मशिन	१	०.१
	एयर कन्डिसन	१	०.१
			स्रोतः राष्ट्रिय जनगणना, २०७८

२.४.५ सूचना, सञ्चात तथा प्रबिधि

लिखु पिके गाउँपालिकामा सञ्चार सुविधामा उपलब्ध गर्ने माध्यम भनेको मोबाइल फोन, रेडियो,टेलिभिजन, ल्यान्डलान टेलिफोन, तथा इन्टरनेट हो । यी सेवा सुबिधा उपलब्ध भएको भएता पनि प्रभावकारी हुन सकेको छैन । केही स्थानमा टेलिफोन टावर (नेपाल दुरसञ्चार र एनसेल) स्थापना गरिएको भएतापनि प्रभावकारी सेवा भने पाउन सकेका छैनन् । गाउँपालिकामा मोबाइल प्रयोग गर्ने परिवार ७८.७ प्रतिशत रहेको छ भने

रेडियो सुविधा उपयोग गर्ने ६६.८ प्रतिशत र टेलिभिजन प्रयोग गर्नेको संङ्ख्या ४० प्रतिशत रहेको छ (तालिका ४९) । यसका अलावा स्थानीय स्तरमा एफ. एम. रेडियोले पनि राम्रो सेवा दिएको पाइन्छ ।

तालिका ४९: सूचना तथा संञ्चार सुविधामा पहुँचको अवस्था

क्र. सं.	सुविधाको प्रकार	घरधुरी	प्रतिशत
१	मोबाइल फोन (साधारण)	९८५	७८.७
२	रेडियो सुविधा	८३६	६६.८
३	टेलिभिजन	४९९	३९.९
४	स्मार्ट मोबाइल फोन	४७८	३८.२
५	ल्यान्डलाइन टेलिफोन	१४	१.१
६	इन्टरनेट सुविधा	१३	१.०
७	कम्प्युटर/ल्यापटप	८	०.६
स्रोतः राष्ट्रिय जनगणना, २०७८			

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन

२.५.१ वन तथा जैविक विविधता

वन महत्वपूर्ण प्राकृतिक सम्पदा हो । वन आर्थिक विकासका मेरुदण्डका रुपमा रहेका कृषि, पर्यटन, जलस्रोत, उद्योग आदिको आधारस्तम्भ पनि वन नै हो । लिखुपिके गाउँपालिकाको आर्थिक, सामाजिक एवं वातावरणीय क्षेत्रको विकासमा वनको उल्लेखनीय योगदान रहेको छ । यो गाउँपालिकामा वन क्षेत्रले गाउँपालिकाको कुल क्षेत्रफलको ७६४१.८९ हेक्टर क्षेत्रफलमा वनजंगल फैलिएको छ । यो गाउँपालिकाको कुल क्षेत्रफलको करिव ६२% हुन आउँछ । यो पालिकाको वडा ५ मा ३ वटा समुदायीक वन, वडा १, २, र ३ मा एक एक वटा गरी कुल ६ वटा वटा सामुदायिक वन रहेकाछन् । जसले ६०० हेक्टर क्षेत्रफल ढाकेको छ । वडा ४ मा भने सामुदायिक वन छैन । वडा ४ का वन उपभोक्ताले वडा ५ को वन नजिक पर्ने भएको कारण वडा ५ को सामुदायिक वन प्रयोग गर्दै आएकाछन् । पालिकामा रहेको नागे वन एक मार्त सरकारी वन हो , वडा १, २, ३ र ४ का उपभोक्ताको लागी आवश्यक काठ तथा बन्य पैदावार यसै वनबाट प्रयोग गर्दै आएकाछन् । पालिकामा एउटा निजी वन दर्ता भएको छ, यसले १० हेक्टर क्षेत्रफल ओगटेको छ ।

यहाँको वनमा विभिन्न प्रजातिका वनस्पतिहरु पाइन्छ । तिनीहरु मध्य गोब्रे सल्ला, खस्रु, उतिस, गुराँस, अँगेरी, चिमाल, धुपी, लोठ सल्लो, चिलाउने, ओखर, चाँप, चेथाङ/भद्रथे को बाहुल्यता रहेको छ ।

विभिन्न प्रकारका औषधीजन्य महत्वपूर्ण जडिबुटीहरू पाइन्छ । जडीबुटीमा चिराइतो, पाँचऔँले, जटामसी, पाखनभेद, पाखनभेद, कुड्की, पदमचाल, सुनापाती, धुपी, वनलसुन, सतुवा, बोझो, गुर्जो, मजिटो, धसिङ्ग्रे, कालो मुस्ली, सेतो मुस्ली, यार्चागुम्बाको, आदि पाइन्छ । यी जडिबुटीहरू उत्पादन, संकलन तथा बिक्री वितरण समेत हुने गरेको छ । रेडपान्डा, झारल, कस्तुरी जस्ता लोपउन्मुख वन्यजन्तु र डाँफे, मुनाल, चिलिमे, लुईचे/कालिज जस्ता लोपउन्मुख चराचुरुङ्गीहरू पाइन्छन् ।

२.५.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

नेपाल विविध प्रकृतिका प्रकोपका घटनाहरूबाट संकटापन्न अवस्थामा रहेको छ । प्राकृतिक विपद्का घटनामध्ये भू-स्खलन (भूक्षय, पहिरो) प्रमुख समस्या हो । नेपालको पर्वतीय भूसतह ज्यादै कमजोर छ । वन जङ्गलको तीव्र विनाश, अत्यन्तै भिरालो सतह, अवैज्ञानिक खेती प्रणाली, मनसुनको समयमा हुने मुसलधारे वर्षा र त्यसपछिको प्रचण्ड तापमानका कारणबाट नेपालको पहाडी भू-भागमा बारम्बार पहिरो जाने गरेको छ । यसका अतिरिक्त पूर्वाधारको रूपमा निर्माण गरिने सडक, ठूला भवन तथा सिंचाइको कुलोहरू सुरक्षाको उपायहरू अवलम्बन गरी ठिक ढंगबाट निर्माण गर्ने नगरिएबाट पनि पहाडी भूभागमा बारम्बार पहिरो जाने गरेको देखिन्छ ।

यसरी नेपालले बर्सेनि प्राकृतिक विपद्का घटनाहरूको सामना गरिरहनु परेको छ । भू-क्षयको कारण हरेक वर्ष खेती योग्य माटोको ह्रास भएको पाइन्छ । यो गाउँपालिका हिमाली तथा पहाडी भूगोल भएको कारण यहाँ पहिरो र भू-क्षयको समस्या रहेको छ । विगत ९ वर्षको तथ्याङ्क विश्लेषण गर्दा पहिरोले यस अवधिमा ९०४ जनाको ज्यान लियो भने यही अवधिमा २३३ जना बेपत्ता भएका छन् (मनसुन पुर्व तयारी र प्रतिकार्य कार्ययोजना, २०७७, भाग-१)।

पालिकामा भूक्षयको मुख्य कारणहरू भिरालो भूगोल, कमजोर भूबनोट, छोटो अवधिमा हुने अधिक मनसुनी वर्षाजस्ता प्राकृतिक कारणहरु क्षतिका कारकहरू हुन् । अवैज्ञानिक भूउपयोग, संरक्षण एवं वातावरणमैत्री विकासको अवधारणा विपरीत जथाभावी सञ्चालन गरिने विकास निर्माणका कार्यहरू, वनजंगल विनाश, जनचेतनाको कमी आदि मानवीय कारणहरू समेतले गर्दा पालिकामा गाउँबस्ती हरेक वर्ष बाढी र पहिरोको समस्यामा पर्ने, भौतिक पूर्वाधार तथा सम्पत्तिको क्षति हुँदै आएको छ ।

जलाधार व्यवस्थापन जलाधार क्षेत्र भित्र रहेका समस्त वन, वनस्पति, जनावर तथा मानव समुदायलाई आवश्यक पर्ने जलाधारीय सेवाहरूको परिचालन सुनिश्चित गर्न जलाधार क्षेत्रको भित्रको विभिन्न अंगहरूको कार्य योजना तथा कार्यक्रम विकास गरी जलाधारको क्रियाकलापहरूलाई दिगोरूपमा अगि बढाउनु हो । यसको जलाधार क्षेत्रमा उपलब्ध हुने सबै प्रकारका प्राकृतिक श्रोतहरू मुख्यतयाः जमीन, जल र जङ्गमलाई आर्थिक सामाजिक, भौतिक तथा वातावरणीय श्रोतहरूको दिगो विकास हुनेगरि व्यवस्थापन गर्नु पर्दछ । यो परिप्रेक्षमा भू-संरक्षण र जलाधार व्यवस्थापनलाई एकीकृत रुपमा सँगसँगै व्यवस्थापन गर्नु पर्ने हुन्छ । यसको लागी लिखु खोला, लगायतका यो पालिका भएर बग्ने अन्य लिखु खोला, लगायत मार्बु खोला, थेमजेङ खोला, किञ्जा खोला, ढाडे खोला, घट्टेखोला, कोरेसी खोला, बुकु खोला, कढ्डाबु खोला, ओईमु खोलाको प्रवाह क्षेत्र (watershed) मा स्थानीय समुदायलाई दैनिक जीवन यापन गर्न चाहिने मानवीय क्रियाकलापहरू सञ्चालन गर्दै यसको व्यवस्थापन गर्नु पर्ने हुन्छ । तव मात्र भू-संरक्षण तथा जलाधारको सही व्यवस्थापन हुन्छ ।

२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापन

जलवायु परिवर्तन प्रमुख वातावरणीय समस्या हो । यो समस्या विश्वव्यापी मुद्दा बनेको छ । यसले हाल नेपालमा धेरै प्रकारको वातावरणीय परिवर्तनका सङ्केतहरु देखा परेको पाइछ जस्तैः हिमाली क्षेत्रको हिउँ पग्लने क्रम तिब्र हुनु, हिमरेखाको औसत उचाइ बढ्नु, वर्षामा अनियमितता देखिनु लगायतका अन्य धेरै उदाहरणहरु रहेको देखिन्छ । यसलाई व्यवस्थापन गर्नका लागी नेपाल सरकारले जलवायु परिवर्तन नीति २०११, राष्ट्रिय अनुकुल कार्यक्रम २०१०, स्थानीय अनुकुल कार्य योजना २०११, र राष्ट्रिय अनुकुल योजना २०१७ नीति तथा संस्थागत व्यवस्था गरेकोछ । यी रणनीतिहरुमा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित विकासको अवधारणालाई आत्मसाथ गरिएको छ । यी नीतिहरुमा जलवायु परिवर्तनको असर न्यूनिककरण गर्न हरित विकासको अवधारणालाई आत्मसाथ गरिएकोछ । अनुकुलनका रणनीति कार्यक्रमहरुको तर्जुमा, कार्बन व्यापारको थालनी, वातावरण संवेदनशीलताको मुद्धाहरुको आन्तरिकीकरण र सम्बोधन जस्ता प्रयासहरु भइरहेकाछन् । यस क्षमता लगानी यकिन गर्ने जलवायु परिवर्तन बजेट सङ्केतको व्यस्था समेत गरिएकोछ । नेपाल सरकारले विपद् जोखिम व्यवस्थापन गर्नको लागी अवलम्बन गगरेको विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०७४ र नियमावली २०७६ प्रयोगमा ल्याएको छ । यसले विपद् जोखिम व्यवस्थापनमा महत्व पूर्ण भूमिका निर्वाह गरेको छ ।

संकट तथा विपद् प्राकृतिक तथा मानवीय दुबै कारणले निम्तिने आकस्मीक र स्वभाविक प्रकृया हो । वातावरण प्रदुषण तथा जलवायुमा विस्तारै परिवर्तनका सङ्केतहरु देखा पर्नाले प्रकृतिमा विपद्को अवस्था देखा पर्दै गएका छन् । यसको प्रकृति तथा विशेषताका आधारमा शुरक्षित रहनु, पूर्वतयारी गर्नु तथा न्यूनीकरणका उपायहरु प्रयोग गरी मानवीय क्षति र आर्थिक क्षति हुनबाट जोगाउन सकिन्छ । विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन यसको विषय सामुदायिक सशक्तिकरण, वातावरण संरक्षण तथा स्रोतको दिगो उपयोग सम्बन्धी चेतना र कार्यक्रमसँग जोड्ने हो भने विपदबाट हुने मानवीय तथा आर्थिक लगायतका अन्य क्षति न्यूनीकरण गर्न सकिन्छ । गाउँपालिकाको पालिकास्तरीय तथा वडा छलफलका क्रममा विभिन्न स्थानमा १४ वटा पहिरो पहिचान भएको छ । यसले गाउँपालिकाको विभिन्न स्थानमा भौतिक सम्पत्तिको क्षति गरेको, कति पय घरपरिवार विस्थापित भएका र कति पय बस्तीहरु सार्नु पर्ने अवस्थामा रहेका देखिन्छन् ।



नक्सा ८: लिखु पिके गाउँपालिकाको आधार नक्सा

२.६ भू-उपयोग

लिखु गाउँपालिकाको विद्यमान भू-उपयोगलाई हेर्दा कुल क्षेत्रफलको सबैभन्दा बढी ६६.०१% जमीन वनले ढाकेको छ । त्यसैगरी २०.९८% जमीन कृषि भूमिको रुपमा प्रयोग भएको छ भने जल क्षेत्रले ११.१२% भूभाग ढाकेको छ । अन्य भू-उपयोगको बर्गीकरणमा परेका क्षेत्रहरुले गाउँपालिकाको जम्म १.८९% भुभाग

ओगटेको छ। लिखु पिके गाउँपालिकाको विद्यमान भू-उपयोगलाई तालिका ५०, चित्र १४ र नक्सा ९ प्रस्तुत गरिएको छ।

तालिका ५०: लिखु पिके गाउँपालिकाको वर्तमान भू-उपयोग

क्र.सं.	भू-उपयोग	क्षेत्रफल (हेक्टरमा)	
१	कृषि	३८५१.४	२०.९८
२	व्यावसायिक क्षेत्र	९.९	०.०५
३	सांस्कृतिक तथा पुरातात्विक क्षेत्र	२.१	०.०१
४	वन क्षेत्र	१२११६.८	६६.०१
५	जल क्षेत्र (नदी, पोखरी तथा हिउँले ढाकेको क्षेत्र)	२०४०.४	११.१२
६	औद्योगिक क्षेत्र	०.८	०.००
७	खानी तथा खनिज क्षेत्र	२.१	०.०१
८	अन्य क्षेत्र	१४८.५	०.८१
९	सार्वजनिक क्षेत्र	११८.८	०.६५
१०	बस्ती क्षेत्र	६५.२	०.३६
	कुल	१८३५५.९	१००
स्रोतः लिखु पिके गाउँपालिकाको भू-उपयोग योजना, २०७९			



चित्र १४: लिखु पिके गाउँपालिकाको वर्तमान भू-उपयोग



नक्सा ९: लिखु पिके गाउँपालिकाको वर्तमान भू-उपयोग नक्सा

तालिका ५१: वडागत वर्तमान भू-उपयोग

क्र.सं.	भू-उपयोग	वडा				
		१	२	३	४	५
१	कृषि	९९२.६१	७६०.४९	५३३.१८	४२६.८५	११३८.२८
२	व्यावसायिक क्षेत्र	०.०१	३.७५	२.७३	०.०५	३.३९
३	सांस्कृतिक तथा पुरातात्विक क्षेत्र	०.५३	०.२२	०.३०	०.२२	०.८०
४	वन क्षेत्र	२३९५.७२	१८१७.०१	४१५.१६	९३.०२	७३९५.८८
५	जल क्षेत्र (नदी, पोखरी तथा हिउँले ढाकेको क्षेत्र)	१२३.२८	६०.११	१४.००	११.२६	१८३१.७०
६	औद्योगिक क्षेत्र	०.२४	०.३३	०.१०		०.१५
७	खानी तथा खनिज क्षेत्र	०.४२	०.१४		०.६८	०.८१
८	अन्य क्षेत्र	३२.५५	८४.२५	०.६०		३१.०९
९	सार्वजनिक क्षेत्र	३१.०२	१७.४१	२१.३०	९.०८	३९.९७
१०	बस्ती क्षेत्र	९.०५	१४.२४	१४.०६	१०.८२	१७.०५
	कुल	३५८५.४२	२७५७.९६	१००१.४३	५५१.९७	१०४५९.१३

स्रोतः लिखु पिके गाउँपालिकाको भू-उपयोग योजना, २०७९



चित्र १५: लिखु पिके गाउँपालिकाको वर्तमान भू-उपयोग (वडागत)

२.७ सुशासन तथा संस्थागत व्यवस्था

२.७.१ स्थानीय नीति ऐन तथा सुशासन

नेपालको संविधानले स्थानीय तहलाई आफ्नो दैनिक कार्यसम्पादन, सेवा प्रवाह, योजना तर्जुमा र कार्यान्वयन, कर्मचारी भर्ना तथा नियुक्ति, संघ सस्था दर्ता तथा सञ्चालन, गुनासो सुनवाई तथा सम्बोधन, आन्तरिक र अन्तिम लेखापरीक्षण, कार्यक्रम अनुगमन तथा मूल्याङ्कनका साथै स्थानीय सरकारमा सुशासन कायम गर्न र नागरिक बडापत्रको पूर्ण कार्यान्वयनको लागी विभिन्न नीति, ऐन, निर्देशिका र कार्यविधि आदि तर्जुमा गरी प्रयोगमा ल्याउन सक्ने अधिकार प्रदान गरेको छ । यसै अनुरूप लिखु पिके गाउँपालिकाले पनि केही नीति तथा ऐनहरु तर्जुमा गरी प्रयोगमा ल्याएको छ ।

गाउँपालिकाको न्यायिक समितिलाई विभिन्न किसिमको विवाद निरुपण गर्ने अधिकार प्रदान गरेको भएतापनि विशेष गरी स्थानीय स्रोतको बाँडफाँड, बाली नोक्सानी, ज्याला मजदुरी नदिएको, जेष्ठ नागरिकको पालन पोषण नगरेको, नाबालक छोराछोरी वा पति पत्निलाई इज्जत आमद अनुसार खान लगाउन नदिएको वा शिक्षा दिक्षा नदिएको, घरेलु हिंसा, घर बहाल नदिएको, सार्वजनिक बाटो धाराको प्रयोग, पति पत्नीको सम्बन्ध बिच्छेद, गाली बेइज्जती, जग्गा भोगचलन आदि जस्ता विवाद र मुद्धाहरू पनि गाउँपालिकाको न्यायिक समितिमा दर्ता भइ निरुपण हुँदै आइरहेको छ । तर यो संङ्ख्या अत्यन्त न्यून रहेको छ । गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ सम्म तर्जुमा गरेका नीति तथा कानुहरू निम्न बमोजिम रहेका छनः

- आर्थिक ऐन, २०७९
- न्ययिक समिति कार्यविधिका समब्धमा व्यवस्थापन गर्न बनेको ऐन- २०७७
- स्थानीय बजार व्यवस्थापन ऐन, २०७७
- कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७

- संस्था दर्ता ऐन, २०७७
- औद्योगिक व्यावसायिक ऐव, २०७७
- निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण ऐन-२०७७
- आर्थिक सहायता सम्बन्धीऐन-२०७७
- तथ्याङ्क तथा अभिलेख व्यवस्थापन ऐन-२०७७
- अनाथ तथा जोखिम युक्त बालबालिकाको सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन-२०७७
- गाउँ प्रहरी सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन-२०७७
- सार्वजनीक निजी साझेदारी ऐन-२०७७
- आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्ती) सम्बन्धी ऐन-२०७७
- वातावरण संरक्षण ऐन-२०७७
- व्यवसाय दर्ता ऐन-२०७७
- पूर्वाधार व्यवस्थापन ऐन-२०७७
- खेलकुद विकास ऐन-२०७७
- उर्जा विकास समबन्धी ऐन-२०७७
- सुशासन ऐन – २०७७
- जेष्ठ नागरिक परिचय पत्र वितरण तथा सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन-२०७७
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७७
- एफ.एम. रेडियो सञ्चालन तथा व्यवस्तापन समबन्धमा बनेको ऐन-२०७७
- मदिरा उत्पादन। बिक्रि वितरण, प्रयोग तथा नियन्त्रण तथा व्यवस्थापन गर्न बनेको ऐन-२०७७
- स्थानीय स्वास्थ्य व्यवस्थापन ऐन-२०७७
- अशक्त व्यवस्थापन तथा परिचय पत्र विवरण सम्बन्धी ऐन-२०७७
- लिखु पिके गाउँपालिका विनियोजन ऐन-२०७७
- प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति मापदण्ड- २०७८
- लिखुपिके गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्य विधि, २०७८ (पहिलो संशोधन)
- लिखु पिके गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि-२०७८
- 'घ' बर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि-२०७८

उपरोक्त नियमावली, ऐन तथा नियमहरू गाउँपालिकाले अभ्यास गरिरहेको भएतापनि आवश्यक अन्य नियम, नियमावली र ऐनहरु समेत बनाई गाउँपालिकाले सुशासनको लागी थप कार्य गर्दै जानुपर्दछ ।

२.७.२ सङ्गठनात्मक विकास

नेपाल बि.सं. २०७२ सालमा राज्य पुनर्संरचना भए पश्चात नेपालको संविधान, २०७२ ले नेपालमा ३ तहको सरकारको व्यवस्था गरेको छ । यस बमोजिम केन्द्रिय, प्रदेश र स्थानीय सरकार गरी तिन तहकोम विभाजन गरेको छ । उक्त निकायहरूवाट सेवा प्रवाह जनस्तरसम्म चुस्त, सहजता र प्रभावकारी रुपमा पुऱ्याउन जनशक्ति व्यवस्थापनका लागी कर्मचारी समायोजन ऐन २०७४ बमोजिम राज्यबाट जारी विभिन्न

ऐन कानुनको परिधि भित्र रही स्थायी रुपमा सेवा प्रवेश गरेका निजामती सेवा र स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन गर्ने प्रयोजनार्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त संगठन संरचनाका आधारमा समायोजन भएका कर्मचारीहरू र विभिन्न सेवाहरु सञ्चालनार्थ गाउँपालिका आफैले करार सेवामा व्यवस्थापन गरेका कर्मचारीहरु यस गाउँपालिकाको जनशक्तिको रुपमा रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ११ दफा ८३ मा कर्मचारीहरु समायोजन पश्चात स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा वा ईकाइ रहेको संगठन संरचना कायम गर्नु पर्ने व्यवस्था रहेको छ । स्थानीय तहको प्रशासकीय प्रमुखको रुपमा प्रमुख प्रशासकीय अधिकृत रहने, प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति कानूनले तोके बमोजिम हुने र कानुनले नियुक्ति नभएसम्मका लागी नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा व्यवस्था गरिएको छ । यसको अतिरिक्त अन्य कर्मचारीहरु तहगत प्रणालीमा रहने व्यवस्था गरिएको छ । गाउँपालिकामा प्रयाप्त मात्रामा प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुको अभाव नै रहेको छ । गाउँपालिकामा हाल कार्यरत जनशक्तिको विवरण तालिका ५२ प्रस्तुत गरिएको छ ।

तालिका ५२: गाउँपालिकामा हाल कार्यरत जनशक्तिको विवरण

क्र.सं.	सेवा समूह	पद	कर्मचारी संङ्ख्या	कैफियत
क) प्रशासन सेवा तर्फ				
	प्रमुख प्रशासकीय अधिकृत	अधिकृत सतौँ	१	
	स.ले.पा.	पाँचौँ	१	
	खरिदार	पाँचौँ	१	
	खा.पा.स.टे.		१	
	ओभरसियर		१	
	सहायक	पाँचौँ	२	
	सहायक	चौथो	२	
ख) स्वास्थ्य सेवा				
	ज.स्व. स. नि.	छैटौँ	१	
	मे. अ.	आठौँ	१	डाक्टर
	अहेव	चौंथो	२	
	अनमी	पाँचौँ	१	
	का.स.	पाँचौँ	१	
	रेडियोग्राफर		१	

	मेकानिकल अपरेटर	पाँचौँ	१	
	का. स.		२	करार सेवा
	अनमी		५	करार सेवा
	अहेव		८	करार सेवा
	हे. अ.	पाँचौँ	१	करार सेवा
ग) संघीय सरकार तर्फबाट विविध कार्यक्रम				
	एम आइ एस अपरेटर		१	करार सेवा
	रोजगार संयोजक		१	करार सेवा
	रोजगार सहायक		१	करार सेवा
	प्राविधिक सहयक		१	करार सेवा
	कृषि प्रसार	छैठौँ	१	करार सेवा
	ना.प्रा. स.		३	करार सेवा
घ) पशु सेवा				
	प्रा. स.	चौथो	४	
ङ) कृषि सेवा				
	ना. प्र. स.	पाँचौँ	२	
	ना. प्र. स.	चौंथो	३	
च) ईन्जिनियरिङ सेवा				
	ईन्जिनियर	छैठौँ	१	
	सव. ई.	पाँचौँ	२	
	सव. ई.	चौंथो	५	
छ) विविध सेवा				
	सूचना प्रविधि अधिकृत	अधिकृत	१	
	स. क. अ.	पाँचौँ	१	
	स. क. अ.	चौंथो	२	
ज) हेल्प डेस्क				
	सहायक	पाँचौँ	१	
झ) कार्यालय सहयोगी र अन्य				
	का. स.		१७	पालिका, वडा कार्यालय र अन्य शाखाहरुमा
	ह. स. चालक	सबारी चालक	२	ऐम्बुलेन्स
	ह. स. चालक	सबारी चालक	१	पालिका

स्रोतः लिखु पिके गाउँपालिका, २०८०

अनुसूची २.१

लिखुपिके गाँउपालिका, सोलुखुम्बु

गाउँ कार्यपालिकाको कार्यालयको दरवन्दी तेरिज

क.सं.	पद	तह	सेवा	समूह	उपसमूह	स्वीकृत दरवन्दी	अन्य सेवाबाट समायोजन हुने दरवन्दी	बाँकी दरवन्दी	कैफियत
१	प्रमुख प्रशासकीय अधिकृत	८ औं	प्रशासन	सा.प्र.		१			
२	इन्जिनियर	७/८ औं	इन्जि.	सिभिल		१		१	
३	अधिकृत	७/८ औं	शिक्षा	शि.प्र.		१		१	
४	अधिकृत	७/८ औं	प्रशासन	लेखा		१		१	
५	अधिकृत	६ औं	प्रशासन	सा.प्र.		२		२	
६	आन्तरिक लेखापरीक्षक	५ औं	प्रशासन	लेखा		१		१	
७	सहायक	५ औं	प्रशासन	सा.प्र.		४		४	
८	कम्प्यूटर अपरेटर	५ औं	विविध			१		१	
९	लेखा सहायक	५ औं	प्रशासन	लेखा		१		१	
१०	प्रा.स.	५ औं	शिक्षा	शि.प्र.		१		१	
११	हे.अ.	५/६ औं	स्वास्थ्य	हे.ई.		१		१	
१२	सब-इन्जिनियर	५ औं	इन्जि.	सिभिल		१		१	
१३	अ.सब.इन्जिनियर	चौथो	इन्जि.	सिभिल		१		१	
१४	स. महिला विकास निरिक्षक	चौथो	विविध			१		१	
१५	खा.पा.स.टे.	चौथो/पाँचौं	इन्जि.	सिभिल	स्यानीटरी	१		१	
कार्यालय तर्फ जम्मा						१९	०	१८	
वडा कार्यालय (५ वटा)									
१	सहायक	५ औं	प्रशासन	सा.प्र.		२		२	
२	सब-इन्जिनियर	५ औं	इन्जि.	सिभिल		२		२	
३	सहायक	चौथो	प्रशासन	सा.प्र.		२		२	
४	अ. सब-इन्जिनियर	चौथो	इन्जि.	सिभिल		३		३	
वडा कार्यालय तर्फ जम्मा						९	०	९	
कुल जम्मा						२८	०	२७	

कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचनामनुसारको मिल्दो चौथो तहमा कामकाज लगाउन सकिनेछ । त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वतः खारेज हुनेछ।

संगठन संरचना भित्र नपरेका सरसफाई, दमकल सञ्चालन, एम्बुलेन्स सञ्चालन, नगर प्रहरी जस्ता स्थायी कर्मचारीलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणबाट रिक्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ ।

स्थानीय तहमा समायोजन भएका खा.पा.स.टे. चौथो र पाँचौं कर्मचारीलाई [illegible] योग्यता समेतको आधारमा सब-ई., अ.स.ई. वा प्रा.स. को पदमा कामकाज लगाउन सकिनेछ ।

यस दरवन्दी भन्दा बाहेक गाउँपालिकाका स्थायी कर्मचारीहरुलाई [illegible] काम गर्नु पर्ने छ ।

चित्र १६: लिखु पिके गाउँपालिकाको दरवन्दी तेरिज

स्रोतः स्थानीय तहको संगठन ढांचा र दरबन्दी तेरिज १२.१६, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७५/०९/१५



चित्र १७: गाउँपालिकाको संगठनात्मक चार्ट

स्रोतः स्थानीय तहको संगठन ढांचा र दरबन्दी तेरिज १२.१६, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७५/०९/१५

यो गाउँपालिकामा रहेका भौतिक सम्पत्तिको विवरण तालिका ५३ मा समावेस गरिएको छ।

तालिका ५३: गाउँपालिकामा रहेका भौतिक सम्पत्तिको विवरण

सि.नं.	विवरण	सङ्ख्या	सि.नं.	विवरण	सङ्ख्या
१	मोटर साइकल	८	२६	लेभल मेसिन	१
२	टेलिभिजन	१	२७	एवनी लेभल	२
३	डिजिटल क्यामेरा	१	२८	स्टाफ	१
४	डिस होम सेट	२	२९	फायर ईस्टिनगुसर	२६
५	ह्वाइट बोर्ड	१	३०	शोइल टेष्ट किट बक्स	१
६	चेक राइडर	१	३१	Burdizzo Castetar	४
७	वाटर डिस्पेन्सरी	१	३२	टेबुल	१९
८	डेक्टप कम्प्युटर	१४	३३	दराज	३
९	ल्यापटप	१६	३४	स्टिल दराज	११
१०	प्रिन्टर	६	३५	टि टेबल	१८
११	फोटोकपी मेसिन	२२	३६	कम्प्यूटर टेबल	३
१२	स्क्यानर	१	३७		२

१३	प्रेजेक्टर	२	३८	काठको दराज	२
१४	प्रोजेक्टर स्किन	१	३९	स्टिल दराज	५
१५	ट्यावलेट	३	४०	रोष्टम	१
१६	जेनेरेटर	१	४१	सफ्टवयर	१
१७	भ्याकुम क्लिनर	३	४२	Switch Router Rack	१
१८	ब्याट्री	५	४३	जिप	१
१९	सोलार प्यानल	३	४४	टेलिफोन	१
२०	इन्भर्टर	१	४५	GPS मेसिन	१
२१	अन्य विद्युतीय उपकरण	१	४६	फ्रिज	१
२२	सोलार सेट	१	४७	कुर्ची	१
२३	लाउड स्पिकर	२	४८	सोफासेट	७
२४	माइक्रोस्कोप	३	४९	घुम्ने कुर्ची	१६
२५	कन्ट्रिफ्यूज मिसिन	२	*स्रोतः लिखु पिके गाउँपालिका, २०८०*		

२.७.३ श्रोत परिचालन

तालिका ५४: गाउँपालिकाको आयको स्थिति (२०७७/७८)

आय शिर्षक		आर्थिक वर्ष २०७७/७८	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०
क) संघ (अनुदान, राजस्व)				
	वित्तीय समानीकारण	६७३०००००	६९३०००००	७५८०००००
	सशर्त अनुदान	८९४०००००	१०४३०००००	९९९०००००
	राजस्व बाँडाफाँड	३९०८४८००	३९३६००००	४७६८००००
	समपूरक अनुदान	०	०	०
	विशेष अनुदान	०	०	०
	पर्यटन रोयल्टी	०	०	०
	जम्मा	**१९५७८४८००**	**२१२९६००००**	**२२३३८००००**
ख) प्रदेश (अनुदान, राजस्व)				
	वित्तीय समानीकारण	७००१०००	३८५४०००	३८५४०००
	सशर्त अनुदान	१०००००	५००००	१२३०००
	राजस्व बाँडाफाँड	२००००००	१७७८७४०	१७७८७४०
	समपूरक अनुदान	१०००००००	१०००००००	१०००००००
	विशेष अनुदान	२००००००	०	०
	जम्मा	**२११०१०००**	**१५६८२७४०**	**१५७५५७४०**
ग) आन्तरिक (अनुदान, राजस्व)				

	भूमिकर/मालपोत	-	-	२५००००
	घरबहाल कर	-	-	२५००००
	अन्य कर	-	-	५०००००
	सिफारिस दस्तुर	-	-	५०००००
	बेरुजु	-	-	५०००००
	जम्मा (मौज्दात रकम सहित)	१०६८७०००	२५६४८९२०	२००००००
कुल जम्मा (क+ख+ग)		२२७५७२८००	२५४२९१६६०	२४११३५७४०
स्रोतः लिखु पिके गाउँपालिका, २०८०				

२.७.४ योजना व्यवस्थापन

गाउँपालिकाको समग्र स्रोत परिचालन र व्यवस्थापन गर्न स्थानीय तहको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत गरी सबै वर्ग, समुदाय र क्षेत्रको प्रतिनिधित्व, पहुँच र स्वामित्व रहने गरी जनमुखी, मितव्ययी, पारदर्शी गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउने गरी योजना व्यवस्थापन गर्नुपर्ने हुन्छ। यसको लागी गाउँपालिकाले योजना व्यवस्थापन कार्यविधि अविलम्व तयार गरी कार्यान्वयनमा ल्याउनु जरुरी हुन्छ। यस्तो कार्यविधिले अनुदानको किसिम र रकम विनियोजनका क्षेत्रहरु तोक्ने, प्राथमिक आयोजनाहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने, योजनाहरुको अनुगमन तथा मूल्यांकन गर्ने, बजेट निकासा प्रक्रियाहरु तय गर्ने, कोषको व्यवस्थापन गर्ने, लेखा परीक्षण गर्ने जस्ता गतिविधिहरु चुस्त दुरुस्त राख्नको लागी मद्दत पुऱ्याउँदछ।

तालिका ५५: स्थानीय तहको योजना प्राथमिकीकरणका आधार र अंकभार

क्र.स.	प्राथमिकताका आधारहरु	अधिकतम प्राप्ताङ्क	न्यूनतम प्राप्ताङ्क
१	राष्ट्रिय लक्ष्य प्राप्त गर्न प्रत्यक्ष योगदान गर्ने भए १ अङ्क र प्रत्यक्ष योगदान नगर्ने भए ० अङ्क	१	०
२	प्रदेश विकासको प्रमुख चालकसँग सम्बन्धित भए १ अङ्क र नभए १ अङ्क	१	०
३	दिगो विकास लक्ष्य प्राप्त गर्न योगदान गर्ने भए १ अङ्क र प्रत्यक्ष योगदान नगर्ने भए ० अङ्क	१	०
४	स्थानीय तहको दीर्घकालीन सोच प्राप्त गर्न योगदान गर्ने भए ३ अङ्क र प्रत्यक्ष योगदान नगर्ने भए १ अङ्क	३	१
५	स्थानीय तहको क्षेत्रगत उद्देश्य प्राप्त गर्न प्रत्यक्ष योगदान गर्ने भए ३ अङ्क र प्रत्यक्ष नगर्ने भए १ अङ्क	३	१
६	रोजगार, आय वा उत्पादन वृद्धिमा प्रत्यक्ष योगदान गर्ने भए ३ अङ्क र प्रत्यक्ष नगर्ने भए १ अङ्क	३	१
७	५० प्रतिशत वा सोभन्दा बढी लाभग्राही समुदाय अपाङ्गता भएका व्यक्ति, दलित, महिला र सीमान्तकृत समुदाय भए ३ अङ्क र अन्य भए १ अङ्क	३	१

क्र.स.	प्राथमिकताका आधारहरु	अधिकतम प्राप्ताङ्क	न्यूनतम प्राप्ताङ्क
८	कार्यपालिकाको बैठकले वडाहरूको समग्र विकासको दृष्टिले पदानुक्रम गरे अनुसार सबभन्दा कम विकसित वडा भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क	३	०.१
९	वडा समितिले निर्धारीत गरेको योजनाहरूको प्राथमिकता अनुसार वडाको लागी अति आवश्यक योजना भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क	३	०.१
	वा		
१०	निर्देशक समितिले निर्धारित गरेको पालिका स्तरीय योजनाहरूको पदानुक्रम अनुसार अति आवश्यक योजना भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क	३	०.१
	जम्मा	२१	४.२

नोटः यो मापदण्डलाई गाउँ कार्यपालिकाको वैठकले वा कार्यपालिकाको वैठक तत्काल वस्न नसक्ने भएमा पछि अनुमोदन हुनेगरी गाउँपालिकाको अध्यक्षबाट स्वीकृत गरेर लागू गर्न सकिनेछ ।

परिच्छेद ३: सोच तथा विकास अवधारण

३.१ पृष्ठभूमि

यस आवधिक योजनाले संघीय योजनाको दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" र "समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवन सहितको समाजवाद उन्मुख राज्यको रुपमा रूपान्तरण गर्दै उच्च आय स्तर भएको मुलुकमा स्तरोउन्नती हुने आधार निर्माण गर्ने" भन्ने लक्ष्य एवं निर्धारित उद्देश्य एवं प्राथमिकताहरू र आ.व. २०७७/७८ को कोशी प्रदेशको वार्षिक नीति र कार्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू तथा कोशी प्रदेशको प्रथम आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) ले निर्धारण गरेको दिर्घकालीन सोचः "स्वच्छ, सुखी र समुन्नत प्रदेश", लक्ष्य र उदेश्यहरुसँग तादाम्यता हुनेगरी यस गाउँपालिकाको आवश्यकता र प्राथमिकता अनुसार यो आवधिक योजना तर्जुमा गरिएको छ ।

३.२ संघीय तथा प्रादेशिक योजना अन्तर आवद्धता

यस आवधिक योजनाले सङ्घीय योजनाको दीर्घकालीन सोच ***"समृद्ध नेपाल, सुखी नेपाली"*** र **"समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवन सहितको समाजवाद उन्मुख राज्यको रुपमा रुपान्तरण गर्दै उच्च आय स्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने"** भन्ने लक्ष्य एवम् पूर्वनिर्धारित उद्देश्य एवम् प्राथमिक्ताहरू र आ.व. २०७९/७९ को कोशी प्रदेशको पहिलो आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) को दीर्घकालीन सोच ***"स्वच्छ, सुखी र समुन्नत प्रदेश"*** र लक्ष्य र उद्देश्यसँग तादाम्यता हुने गरी यस गाउँपालिकाको आवश्यकता र प्राथमिकताका आधारमा यो आवधिक योजना तर्जुमा गरिएको छ ।

चित्र १८: संघ, प्रदेश र स्थानीय तहको आवधिक योजना बीचको अन्तरसम्बन्ध

स्रोतः स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

३.३ प्रमुख समस्या तथा चुनौती

लिखु पिके गाउँपालिकाको आवधिक योजना तर्जुमाको सन्दर्भमा निर्देशक समिति, विषयगत समिति, वडा भेला र स्थानीय श्रोत व्यक्तिहरुको विभिन्न समयमा भएको सहभागितात्मक छलफल, विगतमा भएगरेका प्रयास र उपलब्धीहरु, वस्तुस्थिति विवरण र स्थलगत सर्वेक्षणका क्रममा पहिचान गरिएका समस्या तथा चुनौतीहरुलाई संक्षिप्तमा तल प्रस्तुत तथा विश्लेषण गरिएको छ ।

क) भौगोलिक विकटता हुनु तथा राज्यबाट विशेष ध्यान नदिनु

यो गाउँपालिका हिमाली जिल्लामा रहेको एक विकट भूगोलमा अवस्थित छ । जसको कारण राज्यबाट जुन स्तरको सेवा परिचालन हुनु पर्दथ्यो सो स्तरको सेवा सुविधाको उपलब्धता भएको पाइदैन । यसतर्फ राज्यले विशेष ध्यान दिनुपर्ने आवश्यक देखिन्छ । खास गरी संविधानमा व्यवस्था भए अनुसार विशेष क्षेत्र विकासको अवधारणा यस पालिका क्षेत्रको लागी लागू हुन्छ ।

ख) बाह्य स्रोतमा अत्यधिक निर्भरता

गाउँपालिकाको आन्तिरक आयमा स्रोतहरु न्यून रहेको र संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने निशर्त, ससर्त अनुदान, राजस्व बाँडफाँड बजेटबाट स्थानीय विकास निर्माणमा कार्यहरू गर्नुपर्ने अवस्था रहेकोले यस गाउँपालिका बाह्य स्रोतमा निर्भर रहेको छ । राजस्वको आन्तरिक श्रोतहरुको पहिचान गर्नको लागी गाउँपालिकाले राजस्व अभिवृद्धि गरी स्व-निर्भरता तीर उन्मुख हुन सकेको छैन ।

ग) आन्तरिक रोजगारी सृजना गर्न नसक्नु तथा युवा शक्ति पलायन हुनु

गाउँपालिकाको सम्भावनालाई रोजगारी सृजना गर्ने कुनै पनि नीति नियम वन्न सकेको छैन । फलस्वरुप उत्पादनशील श्रमशक्ति विशेष गरी युवाशक्ति विदेश तथा शहर पलायन भइरहेका छन् । यो क्रम बढ्दो क्रममा रहेको छ । साथै बैदेशिक रोजगारमा जाँदा भएका घाइते र मृतकको संङ्ख्या पनि दिनहुँ बढ्दो क्रममा रहेको छ ।

घ) विकासको प्राथमिकता निर्धारण गर्न नसक्नु र श्रोत साधन उपलब्ध गराउन नसक्नु

यस क्षेत्रको विकासमा प्राथमिकता अनुसार श्रोत साधनहरुको ब्यवस्था गर्न नसक्नु राज्य तथा स्थानीय सरकारको कमजोरीको रुपमा रहेको छ । साथै गाउँपालिकाको प्राथमिकता तथा समस्यालाई हेरी विकासका कार्यक्रमहरु लैजान नसक्दा समग्र जिल्लाकै विकासमा समस्याहरु देखिएका छन र यहाँको चुनौती पनि यही नै रहेको छ ।

ङ) जलवायु परिवर्तनको असर पर्नु

कार्वन लगायत ग्रिनहाउस ग्यासहरुको बढ्दो उत्सर्गको कारण विश्व तापमानमा वृद्धि भएको छ । यसबाट विशेष गरी हाम्रो जस्ता विकासोन्मुख तथा अल्पविकसिक देश प्रत्यक्ष मारमा रहेकाछन् । त्यसमा पनि ग्रामीण जनताको जनजीविका, श्रोत र साधनमा नकारात्मक प्रभाव परिरहेको छ । समयमा वर्षा नहुनु, लामो समय

खडेरी हुनु, अतिवृष्टि, खण्डवृष्टि तथा अनावृष्टि हुनु, गर्मी तथा जाडोमा वृद्धि हुनु, तापक्रम बढ्नु, वनस्पतिको जीवनचक्रमा बदलाव देखिनु, कृषि तथा वनबालीमा रोग, कीराको प्रकोपमा वृद्धि हुनु जस्ता जलवायु परिवर्तनका लक्ष्यणहरू देखिन थालेको छ । यस गाउँपालिका क्षेत्रका विभिन्न स्थानमा भू-क्षय तथा पहिरो जस्ता प्रकोपजन्य समस्या घटाउन अनुकुलन योजनाहरु तर्जुमा र लागू हुन सकिरहेका छैनन् । फलस्वरुप विपद र यसबाट हुने मानवीय तथा भौतिक क्षतिमा सालै पिच्छे वृद्धि देखिएको छ ।

च) समग्र विकासलाई सम्बोधन गर्ने अनुकुल नीति नियमको अभाव तथा कार्यान्वयनमा कमजोरी

गाउँपालिकाको भौतिक, भौगोलिक, सामाजिक, आर्थिक र सांस्कृतिक विशेषता अनुकुल नीति, नियम र योजनाको अभाव हुनुका साथै भएका नीति, नियम, व्यवस्था र योजनाहरू पनि कम व्यवहारिक र समय सापेक्ष नभएको कारण सफल कार्यान्वयनमा समस्या रहेको छ ।

छ) बसाईँसराइ र वैदेशिक रोजगारी

गाउँमा भएका आर्थिक तथा सामाजिक विकास एवं रोजगारी लगायतका कार्यक्रमको कमी र उचित वातावरणका कारण युवा वर्गहरुमा ठूला शहरहरु र विदेशमा जाने प्रबृतिमा वृद्धि भइरहेको छ । गाउँबाट ऊर्जाशील युवाशक्ति रोजगारीका लागी शहर तथा विदेशिने क्रम बढ्नु समग्र विकासको एक प्रमुख समस्याको रुपमा देखिएको छ ।

३.४ प्रमुख सम्भावना तथा अवसर

स्थलगत सर्वेक्षण, विभिन्न सूचना सम्वाहकहरुसँगको अन्तरक्रिया र सरोकारवालहरुसँगको छलफलको आधारमा गाउँपालिकाको विद्यमान वस्तुस्थितिको विश्लेषण गर्दै गाउँपालिकाको सम्भावना तथा अवसरहरुलाई संक्षेपमा तल प्रस्तुत गरिएको छ ।

क) कृषिमा उन्नत प्रविधिको प्रयोग

तुलनात्मक रुपमा यस गाउँपालिका खाद्य उत्पादन कम भएतापनि कृषिका अन्य उत्पादनको व्यवसायिकरण तथा बजारीकरणबाट गाउँपालिकाको आर्थिक विकास माथ उठाउन सम्भव छ । कृषि विज्ञानको प्रविधिमा आएको आमूल परिवर्तनसँग कृषि तथा कृषि उत्पादनमा उपयोग गरी गाउँपालिकाको आर्थिक विकासमा गति प्रदान गर्न सकिन्छ । खास गरी गाउँपालिकामा तुलनात्मक रुपमा धेरै उत्पादन गर्न सकिने र सम्भव भएका खास गरी नगरमा बढी सम्भावनाको रुपमा देखिएको जडीबुटी, तरकारी, चिया, अलैंची, आलु लगायतको उत्पादनलाई कृषिको उन्नत प्रविधिसँग जोडेर बढी भन्दा बढी उत्पादन गर्न सकिन्छ ।

ख) पर्यटन विकासको सम्भावना

गाउँपालिकाको विकासको लागी पर्यटन विकासको सम्भावना प्रचुर मात्रामा रहेको छ । यहाँ रहेका धार्मिक, सांस्कृतिक, प्राकृतिक स्थल, घाँसे मैदान, ट्रेकीङ, हाइकिङ, हिमश्रृखलाका मनोरम दृश्यावलोकन तथा लिखु खोलाको किनार देखी पिकेको टुप्पो सम्म उचाइगत भिन्नता र यसको अनुभूति जस्ता प्रमुख पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरु छन् । यी पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरुलाई एकीकृत रुपमा विकास गरी पर्यटन व्यवसायको विकास गर्न सकिन्छ । यसले गर्दा आन्तरिक तथा बाह्य दुबै प्रकारका पर्यटकलाई यहाँ तान्न सकिन्छ ।

ग) उर्जा/विद्युत उत्पादन

यो गाउँपालिका जलस्रोतमा धनी छ। यहाँ सनाठूला खोला धेरै रहेको छ। सप्त कोशीको एक महत्वपूर्ण शाखा लिखु नदी यो गाउँपालिकाको पश्चिम सिमाना भएर बगेको छ भने अन्य थुप्रै लिखुका शाखा नदीहरु रहेका छन्। जहाँबाट विद्युत उत्पादन गर्न सक्ने संभबना अत्याधिक छ। यहाँको खोला प्रयोग गरी ४ वटा ठूला जलविद्युत आयोजनाहहरु निर्माणको क्रममा रहेका छन् जहाँबाट १९३ मेगावाट विद्युत उत्पादन हुनेछ। एउटाबाट विद्युत उत्पादन गर्न सुरु गरिसकेको छ। यसले गाउँपालिकालाई आगामी आर्थिक वर्षबाट निकै ठूलो राजस्व संकलन हुने निश्चित छ। जुन रकमलाई पालिकाले आफ्नो गाउँको हितमा लगानी गर्नेछ।

घ) पशुपालन

यो गाउँपालिकाको उचाइगत भिन्नताको कारण हावापानीमा तातो देखि चिसो सम्मको विविधता पाइन्छ। यसको कारण पिके डाँडाको चिसो र घाँसे मैदानमा चौंरी पालन र भेडा पालन गर्ने सकिन्छ भने तल्लो भूगोलमा गाई, भैंसी र बाख्रापालनको लागी उपयुक्त हावापानी रहेको छ। गाउँपालिकामा पशुपालनको लागी सम्भाव्य देखिएतापनि चौंरीपालन बाहेक गाउँका किसानहरु अझै पनि व्यवसायिक रुपमा पशुपालन गर्न सकेको अवस्था भने देखिदैन। गाउँपालिकामा पशुपालनको विकासको लागी पकेट क्षेत्र बनाई सोही बमोजिम कार्यक्रम सञ्चालन गर्न सकेमा थप आर्थिक अभिवृद्धि हुने देखिन्छ।

ङ) जडीबुटी सङ्कलन

यो गाउँपालिकाको माथिल्लो भू-गोल चिसो हावापानी भएको कारण लेकाली जडिबुटीको प्रचुर उत्पादन हुन्छ। यो उत्पादित जडीबुटीलाई व्यवसायिकरण गर्न सकिएमा गाउँपालिकाको आर्थिक विकासमा मनग्य फाइदा लिन सकिने अवस्था छ। जडीबुटी उत्पादनको लागी हावापानी अनुकुल भएकोले गाउँपालिकाका विभिन्न स्थानमा जडीबुटी उत्पादनलाई अभियानको रुपमा लैजान सकेमा यसले स्थानीयवासीको आयआर्जनमा उल्लेखनीय रुपमा टेवा दिन सञ्चालन देखिन्छ।

च) दक्ष जनशक्ति उत्पादन र परिचालन

यस गाउँपालिकामा प्राविधिक र व्यवहारिक शिक्षा, परामर्श र अवसरको अभावका कारण गाउँका उत्पादनशील जनशक्ति विशेष गरी ठूलो संङ्ख्यामा युवाहरु शहर तथा विदेश पलायन हुने गरेका छन। यसका साथै देश तथा वाह्य बजारमा प्राविधिक सीपयुक्त मानव संसाधनको अत्यधिक माग रहेको छ। फलस्वरुप यस गाउँपालिकामा कार्यरत सरकारी, गैर सरकारी र निजी क्षेत्रको लगानी तथा साझेदारीमा गाउँका युवा शक्तिलाई दक्ष र शिपयुक्त बनाउन सकिने अवसर गाउँपालिकाको लागी रहेको छ।

छ) संस्थागत क्षमता तथा सुशासन अभिवृद्धि

प्रभावकारी विकास प्रक्रियामा संस्थागत विकास, श्रोत परिचालन तथा सुशासन प्रमुख माध्यमको रुपमा रहेको हुन्छ। नेपालको समग्र विकास प्रक्रियामा जस्तै यस गाउँपालिकाको विकास प्रक्रियामा संस्थागत विकास श्रोत परिचालन र सुशासन सम्बन्धी समस्याहरू विद्यमान रहेका छन्। फलस्वरुप विकास कार्यहरू परिमाणमुखी र प्रभावकारी हुन सकेका छैनन्। यस सम्बन्धी उपलब्ध संवैधानिक तथा कानूनी व्यवस्था, औजार तथा रणनीति, प्रशासनिक र नागरिकस्तरबाट समेत परिपालना गर्न पालिका विकासको अवधारणा अनुसार विकास कार्यलाई दिशानिर्देश गरी अपेक्षित परिणाम तथा प्रभावकारिता हासिल गर्न सम्भव हुनेछ।

३.५ समस्या सम्भावना (SWOT) विश्लेषण

योजना तर्जुमाको क्रममा गाउँपालिकाको सबल पक्ष (Strength), कमजोर पक्ष (Weakness), अवसर (Opportunity) र चुनौतीहरुको (Threat) विश्लेषण गर्नको विद्यमान वस्तुस्थितिको विश्लेषण, स्थलगत सर्वेक्षण, विभिन्न सूचना सम्बाहकहरुसँगको अन्तरक्रिया र सरोकारवालहरुसँगको छलफलबाट SWOT विश्लेषण गरिएको छ। सामान्यतया सबल र कमजोर पक्षहरु आन्तरिक कारणहरुसँग सम्बन्धित हुन्छन् भने अवसर र चुनौतीहरु बाह्य कारणसँग सम्बन्धित हुने गर्दछन्।

तालिका ५६: लिखु पिके गाउँपालिकाको SWOT विश्लेषण

	सबल पक्ष (Strength)	**कमजोर पक्ष (Weakness)**
आन्तरिक कारणहरु	भौगोलिक विविधता, हावापानी विविधता र जैविक विविधता	भौगोलिक विकटता
	प्रशस्त जलस्रोत	कृषिको राम्रो सम्भावनाका बावजुद अपेक्षाकृत लाभ लिन नसक्नु
	जलविद्युतको प्रशस्त सम्भावना	परम्परागत र निर्वाहमुखी कृषि प्रणाली
	व्यवसायिक खेतीको लागी उपयुक्त हावापानी (पशुपालन, फलफूल र तरकारी खेतीको)	अपेक्षित पर्यटन प्रवर्द्धन नहुनु
	होमस्टेको सम्भावना	विभिन्न क्षेत्रमा लगानी आकर्षित गर्न नसक्नु
	पर्यटकीय स्थालहरु प्राकृतिक सौन्दर्यता (हिमाली शृङ्खला देख्न सकिने)	आन्तरिक रोजगारी सृजना गर्न नसक्नु
	धार्मिक सांस्कृतिक सम्पदाको धनी (गुम्बा, मठमन्दिर, चाडपर्व, रीतिरिवाज)	ग्रामीण बस्तीहरुमा पूर्वाधारको पहुँचको कमी
	वन क्षेत्रले ६१% भूभाग ढाकेको	शिक्षा र स्वास्थ्य जस्ता सामाजिक पूर्वाधारको विकास अपेक्षित नहुनु
	उचाइको भिन्नता	प्राकृतिक प्रकोप (भू-क्षय, बढी, पहिरो)
बाह्य कारणहरु	**अवसरहरु (Opportunities)**	**चुनौतीहरु (Threats)**
	सबै वडाहरुमा सडकको पहुँच बिस्तार हुँदै	बाह्य स्रोतमा अत्यधिक निर्भरता
	कृषिमा उन्नत प्रविधिको प्रयोग गरी व्यवसायिक कृषि गर्न सकिने	भौगोलिक विकटता कारण पूर्वाधार विकास गर्न
	तरकारी, पशुपालन र फलफूलको पकेट क्षेत्र विकास गरी आम्दानीको स्रोत बढाउन सकिने	युवाहरूको वैदेशिक रोजगार र बसाइँसराइ
	पर्यटन क्षेत्रबाट रोजगार तथा आय गर्न सकिने	भौगोलिक अवस्थिति र छरिएर रहेका बस्तीहरू
	स्थानीय प्राकृतिक श्रोतहरु (वन, वनपैदावार, जडीवुटी, जल, जमीन) को समुचित प्रयोग गरी पालिकाको आन्तरिक आम्दानी बढाउन सकिने	पहिरो, भू-क्षय र प्राकृतिक प्रकोपको न्यूनीकरण र रोकथाम
	स्थानीय उद्योग स्थापना गरी रोजगारी	पर्यटकीय पूर्वाधारको विकास गर्न

	नायाँ पर्यटकीय पदमार्गको विकास गर्न सकिने	स्थानीय प्राकृतिक श्रोतहरु (वन, वनपैदावार, जडीवुटी, जल, जमीन) को समुचित प्रयोग गरी पालिकाको आन्तरिक आम्दानी बढाउन सकिने
	पर्यटन व्यवसायको विकास	व्यवसायिक खेतीको बजारीकारण गर्न
	पर्यटन र पर्यटन व्यवसाय सञ्चालन गर्न सकिने	विद्युत उत्पादन र सिंचाइमा लगानी जुटाउन
	कृषि र पर्यटनसँग सम्बन्धित प्राविधिक शिक्षालय स्थापना गरी दक्ष जनशक्ति उत्पादन गर्न सकिने	सुशासन व्यवस्थापन
	उचाइको भिन्नता र जैविक विविधताबाट तुलनात्मक लाभ लिन सकिने	
	व्यवसायिक चिया खेती, आलुखेती, किवी खेती मार्फत आर्थीक लाभ लिन सकिने	
	जलस्रोतलाई उर्जा, सिंचाइमा उपयोग गर्न सकिने	
	सूचना प्रविधिको प्रयोग द्वारा पारदर्शी, उत्तरदायी र प्रभावकारी सेवा प्रवाह गर्न सकिने	

३.६ निर्देशक सिद्धान्त

गाउँपालिकाको दीर्घकालीन सोचको आधारमा गाउँपालिकाको विकासको प्रतिवद्धता, विशेषता र चाहना स्पष्ट दर्शाउने गरी र दीर्घकालीन सोच प्राप्ति तर्फ विकास प्रयासलाई डोऱ्याउने गरी विकासका सिद्धान्तहरु तय गरिएको छ । यस आवधिक योजनाले परिलक्षित गरेका लक्ष्य, उद्देश्यहरु प्राप्ती गर्नको लागी लिखु पिके गाउँपालिका विकासको निर्देशक सिद्धान्त निम्नानुसार रहनेछन् । निर्देशक सिद्धन्त छ ।

क) जन-सहभागितात्मक विकास अभियान
- उपभोक्ता समूहहरुको सुदृढीकरण र विकास
- स्थानीय समुदायमा आधारित सङ्गठनहरुको विकास तथा परिचालन
- स्थानीय गैरसरकारी संस्थाहरुको परिचालन र सुदृढीकरण
- निजी-सार्वजनिक साझेदारीमा आधारित विकास अभियान
- सरकारी तथा निजी साझेदारीमा विशेष जोड

ख) जन सबलीकरण, समावेशी विकास र लक्षित समूहलाई विशेष जोड
- सेवा र सुविधामा सबै वर्ग समुदायको समान पहुँच
- दलित, उपेक्षित तथा जनजाति उत्थान र विकास
- महिला सशक्तिकरण, सहभागिता र परिचालन
- मानवीय विकास

ग) प्राकृतिक श्रोतसाधनको दिगो उपयोग

घ) वातावरण मैत्री विकास

ङ) आर्थिक गतिविधिमा अभिवृद्धि
- समानुपातिक बजेट बाँडफाँड
- स्थानीय श्रोत, साधन र सीपको समुचित उपयोग
- रोजगारीको अवसरमा अभिवृद्धि तथा लक्षित वर्गलाई रोजगारीमा पहुँच
- गरीबी न्यूनीकरण

३.७ सोच, लक्ष्य तथा उद्देश्य

दीर्घकालीन सोचले गाउँपालिकाको आगामी दिनमा हासिल गर्न चाहेको एक आदर्शतम् वा इच्छित अवस्थालाई सङ्केत गरेको छ । दीर्घकालीन अवस्था प्राप्त गर्न लिखु पिके गाउँपालिकामा उपलब्ध स्रोत, साधन, सम्भाव्यतालाई सदुपयोग गर्दै पालिकाको मुख्य समस्या र चुनौतीलाई सामना गर्न सक्नु पर्दछ । दीर्घकालीन सोच एक आवधिक योजनामा मात्र प्राप्त गर्न सकिने सोच नभएतापनि आवधिक योजनाले यसलाई अगाडि बढाउन मद्दत गर्दछ ।



स्रोतः स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

समग्र राष्ट्र र सम्बन्धित प्रदेशको दीर्घकालीन सोच तब मात्र पूरा हुन सक्दछ जब स्थानीय तहले त्यसका योजनाका उद्देश्य र लक्ष्यमा सहयोग पुऱ्याउँदछ । त्यसैले लिखु पिके गाउँपालिकाको योजना तर्जुमा गर्दा केन्द्रीय सरकारले तर्जुमा गरेको राष्ट्रिय दीर्घकालीन सोच, त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीति आदिलाई पनि ध्यान दिइएको छ ।

लिखु पिके गाउँपालिकाको सोच निर्धारण गर्दा गाउँपालिकाको सम्भावना तथा अग्रणी क्षेत्रको आधारमा दीर्घकालीन सोच तय गरिएको छ । आगामी १५-२० वर्षको अवधिको लागी लिखु पिके गाउँपालिकाको समग्र दिगो आर्थिक विकास र समृद्ध गाउँपालिका विकासको लागी दीर्घकालीन सोच निर्धारण गर्न निर्देशक समितिका पदाधिकारीहरु, विषयगत समितिका संयोजक तथा सदस्य, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका कर्मचारी लगायत पालिकाका सरोकारवाला, बुद्धिजीवीहरू र योजना तर्जुमाका विज्ञ टोलीको उपस्थितिमा मिति २०७९/१२/१४ र १५ गतेको दुई दिनको छलफल कार्यक्रमको आयोजना गरी गाउँपालिकाको निम्न दीर्घकालीन सोच निर्धारण गरिएको थियो ।

“कृषि, पर्यटन, उर्जा र पूर्वाधार
लिखु पिके विकासको मूल आधार”

दिर्घकालीन सोचमा समेटेका क्षेत्रहरुलाई यहाँ समावेश गरिएको छ ।

कृषि

- व्यवसायिक कृषि तथा पशुपालन

- पकेट क्षेत्र विकास
- कृषि उपज सङ्कलन केन्द्र तथा शीत भण्डार
- उच्च उत्पादकत्व
- सहज बजार पहुँच र उचित मूल्य
- कृषि सामाग्री, मल, बिउबिजन, प्रविधि, तालिम र सहज ऋणको व्यवस्था

पर्यटन

- पर्यटन गुरुयोजना
- पर्यापर्यटन
- पर्यटन पूर्वाधार विकास
- होमस्टे
- निजी क्षेत्रलाई लगानीको लागी आकर्षित गर्ने
- तालिम र क्षमता अभिवृद्धि

उर्जा

- जलस्रोतको अधिकतम उपयोग गर्ने

पूर्वाधार विकास

- सडक तथा यातायात
- शिक्षा तथा स्वास्थ्यको पूर्वाधार विकास र स्तरोन्नति
- खानेपानी र सिंचाइ पूर्वाधार विकास
- बसपार्क तथा हाटबजार पूर्वाधार निर्माण

लक्ष्य

योजनाका निम्न लक्ष्य रहेका छन्:

१. गाउँपालिकालाई कृषिको उपयुक्त क्षेत्रको रुपमा विकास गर्ने ।
२. गाउँपालिकाको पर्यटकीय क्षेत्रहरुको विकास गर्ने ।
३. गाउँपालिकाको विद्यमान जलस्रोत लगायत अन्य स्रोत साधनको अधिकतम प्रयोग गरी आर्थिक वृद्धि गर्ने ।
४. गाउँपालिकामा भौतिक लगायत सामाजिक र आर्थिक पूर्वाधारको विकास गर्ने ।

उद्देश्य

गाउँपालिकाको सबै क्षेत्र र पक्षको यथार्थ वस्तुस्थिति विश्लेषण गरी दिर्घकालीन रुपमा गाउँपालिकालाई कस्तो रुपमा विकास गर्ने र आगामी पाँच वर्षमा गाउँपालिकाको विकास योजना तयारी गर्ने मूल उद्देश्य रहेको छ । अन्य विशिष्ट उद्देश्यहरु निम्न प्रकार रहेका छन्:

- व्यवसायिक कृषि तथा पशुपालन र स्थानीय उद्योग व्यवसाय माध्यमद्वारा रोजगारी र आयमा वृद्धि गर्नु।
- गाउँपालिकालाई तरकारी, खाद्य उत्पादन, माछा, मासु, दूधमा आत्मनिर्भर बनाउनु ।
- लगानी मैत्री वातावरणको सृजनाद्वारा कृषि, उद्योग तथा व्यापार/व्यवसायको प्रवर्द्धन गर्ने । आधारभूत स्वास्थ्य र सरसफाइ तथा गुणस्तरीय शिक्षाका माध्यमबाट समावेशी विकास गर्नु ।

- पर्यटन व्यवसायलाई स्थानीयको आर्थिक विकाससँग जोडेर होम स्टे र पर्यटकीय गन्तव्य स्थानहरुमा पर्यटकीय पुर्वाधारको विकास गरी पर्यटनको प्रबर्द्धन गर्नु ।
- गाउँपालिकामा शिक्षा, स्वास्थ्य, रोजगार शान्ति-सुरक्षा जस्ता आधारभूत अधिकारको विकासको लागी उपयुक्त वातावरण निर्माण गर्दै उत्पीडित, असहाय, गरीब, बालबालिका, अशक्त, वृद्धवृद्धाहरुको हक अधिकार र सहभागिता सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने ।
- जलस्रोतको अधिकतम उपयोग गरी जलविद्युत उत्पादन गर्ने ।
- वातावरण मैत्री आधारभूत पूर्वाधारले सम्पन्न बनाउनु ।
- प्राकृतिक स्रोत र साधनहरुको दिगो उपयोग गर्नु ।
- संस्थागत सुशासन कायम भई प्रभावकारी सेवा प्रवाह गर्नु ।
- गाउँपालिका र वडा कार्यालयबाट सम्पादन र प्रवाह हुने सेवा सुविधाहरुलाई प्रविधियुक्त बनाई सुशासनलाई अझ शसक्त र प्रभावकारी बनाउनु
- दिर्घकालीन सोचले निर्दिष्ट गरेका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकीकरण गरी गाउँपालिकालाई सोही अनुसार डोऱ्याउने ।
- संघीय तथा प्रादेशिक योजनालाई सहयोग पुऱ्याउने ।

३.८ गाउँपालिका विकासका प्राथमिकताहरु

गाउँपालिकाको आवधिक विकास योजना तर्जुमाका क्रममा पहिचान भएका समस्या तथा सम्भावना र उपलब्ध अवसरहरुकै आधारमा सहभागितामूलक छलफलबाट तल उल्लेख गरिए अनुसारका विषय क्षेत्रहरुको प्राथमिकताक्रम निर्धारण गरिएको छ । यी प्राथमिकताका आधारमा गाउँपालिकाले आयोजना छनौट, लगानी वृद्धि तथा उचित कार्यान्वयन गर्दा सन्तुलित, समावेशी तथा दिगो विकास हुने देखिन्छ ।

१. सडक तथा यातायात
२. खानेपानी
३. पर्यटन
४. ऊर्जा
५. सिंचाइ
६. कृषि तथा पशुपालन
७. स्वास्थ्य
८. शिक्षा (प्राविधिक)
९. सञ्चार
१०. वन तथा जडीबुटी
११. उत्पादित बस्तुको बजार व्यवस्थापन
१२. खेलकुद
१३. धार्मिक, सांस्कृतिक विकास
१४. संस्थागत विकास (गाउँपालिकाको कार्यालय तथा वडा कार्यालय)

३.१० लगानी, स्रोत अनुमान र बाँडफाँड

३.१०.१ गाउँपालिकाको आयको प्रवृति, विश्लेषण र प्रक्षेपण

लिखु पिके गाउँपालिका ग्रामीण परिवेश भएको, विकट पहाडी भूगोल र व्यापारिक तथा आर्थिक गतिविधिहरु अत्यन्तै सीमित भएकोले आम्दानीका आन्तरिक स्रोतहरु अत्यन्त न्यून रहेको छ। गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकार र प्रदेश सरकारबाट क्रमशः रु २१२९६०००० र १५६८२७४० प्राप्त गरेको देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा संघीय सरकार र प्रदेश सरकारबाट क्रमशः २२३३८०००० र रू. १५७५५७४० प्राप्त गरेको देखिन्छ । आर्थिक वर्ष देखी २०७७/७८/ देखी २०७९/८० क्रमशः रु.१०६८७००, रु.२५६४८९२० र रु. २०००००० रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/७७ बाट आर्थिक वर्ष २०७८/७९ मा उतार चडाव देखिन्छ। लिखु पिके गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ देखि आर्थिक वर्ष २०७८/७९ सम्मको वार्षिक आयको विवरण तालिका ५७ मा प्रस्तुत गरिएको छ।

तालिका ५७: लिखु पिके गाउँपालिकाको आय विवरण (आ.व. २०७६/७७ - २०७८/७९ रु. मा)

आय शीर्षक		आर्थिक वर्ष २०७७/७८	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७९/८०
क) संघ				
	वित्तीय समानीकारण अनुदान	६७३०००००	६९३०००००	७५८०००००
	सशर्त अनुदान	८९४०००००	१०४३०००००	९९९०००००
	राजस्व बाँडाफाँड	३९०८४८००	३९३६००००	४७६८००००
	समपूरक अनुदान	०	०	०
	विशेष अनुदान	०	०	०
	पर्यटन रोयल्टी	०	०	०
	जम्मा	**१९५७८४८००**	**२१२९६०००० **	**२२३३८०००० **
ख) प्रदेश				
	वित्तीय समानीकारण अनुदान	७००१०००	३८५४०००	३८५४०००
	सशर्त अनुदान	१०००००	५००००	१२३०००
	राजस्व बाँडाफाँड	२००००००	१७७८७४०	१७७८७४०
	समपूरक अनुदान	१०००००००	१०००००००	१०००००००
	विशेष अनुदान	२००००००	०	०
	जम्मा	**२११०१०००**	**१५६८२७४०**	**१५७५५७४०**
ग) आन्तरिक				
	भूमिकर/मालपोत	-	-	२५००००
	घरबहाल कर	-	-	२५००००
	अन्य कर	-	-	५०००००
	सिफारिस दस्तुर	-	-	५०००००
	बेरुजु	-	-	५०००००
	जम्मा	**१०६८७०००***	**२५६४८९२०***	**२०००००००**

कुल जम्मा (क+ख+ग)	२२७५७२८००	२५४२९१६६०	२४११३५७४०
			स्रोतः लिखु पिके गाउँपालिका, २०७९

** मौजात रकम सहितको छ । ** मौजात रकम समावेश गरिएको छैन ।*

आर्थिक वर्ष २०७६/७७ को बार्षिक आयलाई हेर्दा गाउँपालिकाको आन्तरिक आय कुल आयको केवल १.५६% मात्र रहेको आन्तरिक आय आर्थिक वर्ष २०७८/७९ मा आउँदा करिव ३.४२% ले बढेको देखिन्छ । गाउँपालिकाको आन्तरिक आयको स्रोतहरुमा वडा कार्यालयहरुबाट प्राप्त राजस्व, आर्थिक ऐनमा व्यवस्था गरिएका अन्य राजस्व तथा गैर कर राजस्व र पालिकाले संकलन गरेको प्रशासनिक शुल्क मात्र देखिन्छ । घरबहाल कर भर्खरै मात्र शुरु गरिएको छ र यो अत्यन्त न्यून छ । यसबाट के देखिन्छ भने गाउँपालिका पूर्णतया संघ र प्रदेश सरकारबाट प्राप्त हुने ससर्त र निशर्त अनुदानमा निर्भर छ (तालिका ५८) ।

तालिका ५८: लिखु पिके गाउँपालिकाको बिगत ३ आर्थिक वर्षको आम्दानीको विवरण (%)

सि.नं.	विवरण	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/८०
१	आन्तरिक श्रोत	०.६१	१.५६	३.४२
२	राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम	११.२३	१३.०९	१७.०२
३	अनुदान	८८.१६	८५.३५	७९.५६
जम्मा		१००.००	१००.००	१००.००
				स्रोतः लिखु पिके गाउँपालिका, २०७९

गाउँपालिकाको राजस्वका सीमित स्रोतहरु भएकोले आफ्नो आन्तरिक आय बढाई सङ्घ र प्रदेशको निर्भरता कम गर्न निकै चुनौतीपूर्ण छ । तर पनि गाउँपालिकाले राजस्व अभिवृद्धि कार्ययोजना तर्जुमा, लगानी मैत्री वातावरण मार्फत बाहिरी लगानी आकर्षण, स्थानीय लघु तथा घरेलु उद्योग र व्यापार व्यवसायहरुका प्रवर्द्धन मार्फत आफ्नो राजस्व बढाउन सञ्चालन सम्भावनाहरु देखिन्छ । पालिकामा फलफूल, तरकारी, आलु, पशुपालन, पर्यटन, जलविद्युतको प्रशस्त सम्भावना रहेकोले यी उत्पादनको निर्यात र लघु तथा घरेलु उद्योगहरुको प्रवर्द्धन मार्फत आफ्नो आन्तरिक आय बढाउन सक्दछ । पालिकाको बिगत ३ वर्षको आयको प्रवृतिलाई आधार मानी आगामी वर्षहरुमा न्यूनतम १० प्रतिशतको दरले वार्षिक आय वृद्धि हुने अनुमान गरिएको छ र सोही वृद्धिदरको आधारमा आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण गरिएको छ ।

तालिका ५९: लिखु पिके गाउँपालिकाको आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण

विवरण/आर्थिक वर्ष	२०८०/८१ (आधार वर्ष)	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६
क) आन्तरिक आय	८२६५११५	९०९१६२६.५	१००००७८९.२	११०००८६८.१	१२१००९५४.९	१३३११०५०.४
ख) राजस्व बाँडफाँड	४११३८७४०	४५२५२६१४	४९७७७८७५.४	५४७५५६६२.९	६०२३१२२९.२	६६२५४३५२.२
ग) अनुदान	१९२२८४०००	२११५१२४००	२३२६६३६४०	२५५९३०००४	२८१५२३००४.४	३०९६७५३०४.८
कुल आय	२४१६८७८८५५	२६५८५६६७४०.५	२९२४४२३४१४.६	३२१६८६५७५६	३५३८५५२३३१.६	३८९२४०७५६४.८



चित्र १९: लिखु पिके गाउँपालिकाको आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण

परिच्छेद ४: आर्थिक क्षेत्र

४.१ कृषि तथा पशुपन्छी

४.१.१ पृष्ठभूमि

गाउँपालिकामा ९६.०८% घरधुरीको आफ्नै जग्गा रहेको छ भने ३.४८% को आफ्नो जग्गा छैन । गाउँपालिकामा ३८०२.१५ हेक्टर (३०.६१%) खेतीयोग्य जमीन छ। हाल २१.७४% जमीन खेती गरिएको छ भने २२०० हे. (१७.७१%) जमीन बाँझो छ। पालिकामा १७०० हे. (१३.६९%) जमीन सिँचित भूमि रहेको छ। जस मध्ये बाह्रै महिना सिंचाइ हुने जमीन ६५० हे. (५.२३%) र मौसमी सिँचित जमीन १०५० हे. (८.४५%) रहेको छ (स्रोतः लिखु पिके गाउँपालिका पार्श्वचित्र, २०७६)।

यो गाउँपालिकामा मकै, गहुँ, कोदो, धान, फापर जस्ता खाद्यन्न उत्पादन हुन्छ। गाउँपालिकाको वडा २, ३ र ४ अन्नवाली, तरकारी, दलहन तथा फलफूलको लागी र वडा १ र ५ आलु उत्पादनको लागी उपयुक्त भूगोल हो । यहाँका कृषकहरूले आधुनिक तथा व्यवसायिक हिसाबले कृषि कार्य गरेको पाइदैन । गाउँपालिकामा आफ्नै जमीनबाट उत्पादित खाद्यन्न बाहेक धान ५० मे. टन, मकै र गहुँ क्रमशः १०/१० मे.टन अभाव देखिन्छ । त्यस्तै गरे तरकारी वालीको उत्पादनमा आलु सबै भन्दा धेरै हुन्छ भने अन्य तरकारी वालीहरु साज, मुला, काउली, बन्दा लगायत अन्य तरकारी उत्पादन हुने गरेको पाइन्छ तर पनि पालिकामा १० मे. टन तरकारी अभाव देखिन्छ । यसै गरी गेडागुडी जन्य वालीमा २० मे. टन उत्पादन भएतापनि ५ मे.टन अभाव रहेको देखिन्छ (स्रोतः कृषि शाखा, लिखु पिके गाउँपालिका, २०८०)।

गाउँपालिकाका परिवारको आम्दानीको अर्को महत्वपूर्ण स्रोत भनेको पशु तथा पन्छी पालन हो। पालिकाको प्रायःजसो घरधुरीले पशु तथा पन्छीपालन गरेका छन्। त्यस्तै गरेर गाई, भैँसी, सुँगुर/बंगुर, चौँरी, जोक्पो, याक जस्ता पशुहरु पाल्ने गरेका छन्। यो पालिकामा व्यावसायिक रुपमा चिया खेती गरिएको छ र यहाँ उत्पादित चिया विश्व बजारमा निर्यात हुने गरेको छ। यो पालिकाबाट निर्यात हुने पशुहरुमा खसी, बोका, सुगुर, बुंगुर, पंछीहरुमा कुखुरा हुन् भने अन्य कृषि उत्पादनमा किवी, अलैची, मह पर्दछन् (स्रोतः कृषि शाखा, पशुपंछी शखा, लिखु पिके गाउँपालिका, २०८०) । यो गाउँपालिकामा उचाइगत भिन्नता (Alti-potentiality) भएको कारण एउटै सिजनमा पनि धेरै प्रकारका कृषि उत्पादन गर्न सकिन्छ । त्यसकारण उचाइगत भिन्नताको तुलनात्मक लाभ लिन सके गाउँपालिका आर्थिक रुपमा समृद्ध हुनेमा दुईमत हुने छैन ।

४.१.२ समस्या तथा चुनौती

समस्याहरु	चुनौतीहरु
➢ कृषि पूर्वाधारमा सरकारी क्षेत्रको लगानी न्यून हुनु	➢ कृषिलाई आकर्षक र सम्मानित पेसाको रुपमा विकास गर्नु।
➢ अप्ठ्यारो भू-अवस्था र कमजोर ग्रामीण पूर्वाधार	➢ कृषि योग्य जमीनमा सिंचाइको व्यवस्था गर्नु
➢ सिंचाइ सुविधा पर्याप्त नभएको।	➢ व्यवसायिक पशु तथा पन्छीपालन गर्नु

➢ स्थानीय स्तरमा कृषि मल, उपकरण र अन्य सामग्रीहरु समयमा उपलब्ध नहुनु ।	➢ कृषि भूमिको सही व्यवस्थापन गरी तुलनात्मक लाभ लिनु
➢ उत्पादन गर्ने सबै कृषकको पहुँचमा जग्गाको स्वामित्व नहुनु	➢ पकेट क्षेत्र विकास गरी कृषि विकास गर्नु।
➢ कृषिमा भित्रन नसकेको प्रविधि र आधुनिकिकरण, विऊ बिजन, कीटनाशक विषाधिको उपयोगमा सही उपयोग	➢ उन्नत मल बीउ र प्रविधि कृषक सम्म सहज रुपमा पुऱ्याइ व्यावसायिक कृषि करण गर्नु ।
➢ कृषिको व्यवसायिकरण नहुनु	➢ बढ्दो आयातको न्यूनीकरण गर्न ।
➢ जिविकोपार्जन खेती/परम्परागत खेतीबाट माथि उठ्न नसक्नु	➢ उन्नत नश्लको पशु र प्रविधिद्वारा व्यावसायिक पशुपालनको विकास गर्नु ।
➢ खाद्य सुरक्षाको कमी ।	➢ पशुपालनलाई आकर्षक र सम्मानित पेसाको रुपमा विकास गर्नु ।
➢ उच्च उत्पादकत्व भएका पशु पालन नहुनु	➢ पशु खाद्य व्यवहारमा सुधार गरी स्थानीय उत्पादनको उपभोग प्रवृत्ति बढाउनु ।
➢ उच्च नश्लका पशुहरुको अभाव ।	

४.१.३ सम्भावना तथा अवसर

सम्भावनाहरु	अवसरहरु
➢ तरकारी; आलु, फलफूल; किवी, ओखर, अलैची, चिया लगायतका स्थानीय उत्पादनलाई वृद्धि गरी मूल्य श्रृङ्खालामा आवद्ध गर्न सकिने । ➢ चरण र घाँसे मैदान भएकोले व्यावसायिक पशुपालनको अनुकूलता । ➢ सञ्चालनमा रहेका चौँरी खर्कको र चौँरीपालनको व्यावसायिकरण । ➢ उच्च मूल्यको लेकाली जडीबुटीको सम्भावना। ➢ पशुपालनको विस्तार गरी मूल्य श्रृङ्खालामा आवद्ध गर्न सकिने । ➢ दूध र मासु उत्पादनको प्रशस्त सम्भावना । ➢ कृषि क्षेत्र स्थानीय व्यवसायी, नागरिक र स्थानीय सरकारको चासोको विषय रहनु । ➢ सिंचाइका श्रोतहरूको उपलब्धता भएकोले यसको अधिकतम उपयोग गर्न सकिने ।	➢ कृषि तथा पशु पन्छीको विकास र विस्तार गरी निर्यात गर्न सकिने । ➢ पशुपालन, कुखुरा पालन, मौरी पालन गरी आयआर्जन बढाउन सकिने । ➢ कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरु भित्र्याउन सकिने । ➢ उन्नत जातका पशुपालन गरी वरिपरिका बस्तीहरुमा समेत विस्तार गर्न सकिने । ➢ फलफूल, तरकारी खेतीको विकास र विस्तार गरी कृषकको आय-आर्जन बढाउन सकिने । ➢ बेमौसमी तरकारी खेती गरी कृषकहरु लाभान्वित हुन सक्ने । ➢ कृषि उत्पादन हाल रष्ट्रिय, प्रदेश तथा स्थानीय सरकारको प्रमुख मुद्दा रहनु ।

४.१.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

कृषि, पशु तथा पन्छीको विकासको लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजनाहरु निम्नानुसार प्रस्ताव गरिएको छ ।

लक्ष्य

खाद्य र पोषण सुरक्षा, व्यवसायिक कृषि, पशुपन्छी पालद्वारा रोजगारीको माध्यमद्वारा समृद्ध गाउँपालिका निर्माण गर्न योगदान पुऱ्याउने ।

उदेश्य

- कृषि र पशुपालनमा आधुनिकीकरण गरी कृषकको जीवन स्तरमा सुधार गर्नु ।
- खाद्य बस्तु र खाद्यान्नमा आत्म निर्भरको वातावरण तयार गर्नु ।

रणनीति

- व्यवसायिक कृषि र पशुपालनको प्रवर्द्धन गर्ने
- कृषि, पशु तथा पन्छी जन्य उत्पादनलाई मूल्य श्रृंखलामा आवद्ध गर्ने
- स्थानीय विशिष्टीकृत उत्पादनको ब्रान्डिङ र बजारीकरण गर्ने

मुख्य कार्यक्रम

क्र. स.	कार्यक्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सरकारी र अन्य
१	बाँझो जमीनमा खेती गर्ने नीतिगत व्यवस्था गर्ने			✓	✓	
२	कृषकहरुलाई बेमौसमी खेती गर्न प्रोत्साहन गर्ने			✓	✓	✓
३	उन्नत नश्ल पशु विकास कार्यक्रम सञ्चालन गर्ने			✓	✓	
४	नमूना कृषि तथा पशु पकेट क्षेत्र विकास गर्ने		✓	✓	✓	
५	चौँरी तथा चरण खर्क संरक्षण तथा विकास गर्ने		✓	✓	✓	
६	कृषक तालिम र भ्रमण कार्यक्रमहरु सञ्चालन गर्ने	✓	✓	✓		✓
७	उच्च मूल्य श्रृङ्खला अभिमुखीकरण कार्यक्रम गर्ने		✓	✓		
८	व्यावसायिक कफी खेतीको लागी पूर्वाधार तयार गरी कार्यक्रम सञ्चालन गर्ने	✓	✓	✓	✓	✓
९	स्थानीय उत्पादन (आलु, चिया, अलैची, किवी, चौँरीको चिज) को ब्रान्डिङ् गर्ने	✓	✓	✓	✓	✓
१०	दुग्ध चिस्यान केन्द्र निर्माण गर्ने		✓	✓	✓	
११	कृषि उपज संकलन केन्द्र निर्माण गर्ने		✓	✓	✓	
१२	प्रविधि हस्तान्तरण सम्बन्धी कार्यक्रम गर्ने		✓	✓	✓	
१३	कृषि तथा पशु बीमा कार्यक्रम सञ्चालन गर्ने		✓	✓	✓	
१३	अनुसन्धान केन्द्र तथा शैक्षिक संस्थाहरुससँग आवद्धता विकास गर्ने		✓	✓	✓	

४.१.५ अपेक्षित उपलब्धि

- खेती योग्य बाँझो जमीनमा खेती गरिएको हुनेछ ।
- स्थानीय कृषि जन्य उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुनेछ ।

- गाउँपालिकामा खाद्यन्न, तरकारी जस्ता आधारभूत बस्तुको अभाव हट्ने ।
- खाद्यन्न, तरकारी, गेडागुडीमा आत्म निर्भर भएको हुनेछ ।
- कृषि क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा वृद्धि भएको हुनेछ ।
- स्थानीय उत्पादनहरुको ब्राण्डिङ भएको हुनेछ ।
- कृषि उत्पादन संकलन केन्द्रहरु र चिस्यान केन्द्रको निर्माण भएको हुनेछ ।
- कृषि पकेट क्षेत्रको विकास भएको हुनेछ ।
- कृषकहरुको वित्तीय र कृषि सामाग्रीमा सहज पहुँच स्थापित भएको हुनेछ ।
- उचाइगत भिन्नता (Alti-potentiality) अनुसार जमीनको उपयोग भएको हुनेछ ।

४.१.६ अनुमान तथा जोखिम पक्ष

- आयोजनाहरुको कार्यान्वयनमा केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायको समन्वयात्मक र सकृय सहभागिता हुनेछ ।
- ठूला आयोजनाहरुको कार्यान्वयनमा दातृ निकायबाट सहयोग प्राप्त हुनेछ ।
- सार्वजनिक, निजी साझेदारीमा योजनाहरुको कार्यान्वयन हुनेछ ।
- गाउँपालिकाको आन्तरिक स्रोत परिचालन हुनेछ ।

४.२ सिंचाइ

४.२.१ पृष्ठभूमि

कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाइ सुविधा पुऱ्याई कृषिको उत्पादकत्व बढाउन सिंचाइको दिगो व्यवस्था गर्न आवश्यक छ। गाउँपालिकामा ३८०२.१५ हेक्टर खेतीयोग्य जमीन मध्ये २७०० हे. जमीन खेती गरिएको छ भने १७०० हे. जमीन सिँचित भूमि रहेको छ। जस मध्ये बह्रै महिना सिंचाइ हुने जमीन ६५० हे र मौसमी सिँचित जमीन १०५० हे. रहेको छ। पालिकामा रहेको बाँझो जमीन २२०० हे. रहेको छ। हाल सञ्चालनमा रहेका सिंचाइ योजनाहरु पनि व्यवस्थित गरी नयाँ सिंचाइ योजनाहरु सञ्चालनमा गर्नु पर्ने हुन्छ। जसले बाह्रै महिना सिंचाइ नपुगेका खेती योग्य जमीनमा खेती गर्न सहज हुनेछ। यसको लागी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय साना सतह तथा भूमिगत सिंचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सङ्कलन सम्बन्धी व्यवस्थापन गर्न सकिने नीतिगत व्यवस्था छ। तसर्थ भूमिमा बाह्रै महिना सिंचाइ सुविधा पुऱ्याई कृषिको उत्पादकत्व बढाउन सिंचाइको दिगो व्यवस्था गर्न आवश्यक छ।

४.२.२ समस्या तथा चुनौती

समस्या	चुनौती
➢ खेतीयोग्य जमीनमा सिंचाइ सेवा पुऱ्याउन नसक्नु । ➢ परम्परागत रुपमा स्थानीय कुलोको आवश्यक मर्मत सम्भार हुन नसक्नु ➢ गाउँपालिकासँग न्यून बजेटका कारण सिंचाइ पूर्वाधारको लागी आवश्यक बजेट बिनियोजन नहुनु ।	➢ सिंचाइ सुविधा विस्तार गर्न नसक्नु ➢ सिंचाइ पूर्वाधार विस्तार गर्न कठिन भूगोल र सिंचाइ आयोजना महँगो पर्ने । ➢ परम्परागत रुपमा स्थानीय कुलोहरुको नियमित मर्मत सम्भार गर्नु । ➢ नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजनाको विस्तार गरी सिंचाइ सुविधा पुऱ्याउनु । ➢ पानीजन्य प्रकोप नियन्त्रण गर्नु ।

➢ सिंचाइ सुविधा पुगेको वा पुग्न सक्ने भूमिमा खण्डीकरण र बाँझो हुँदै जानु । ➢ नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजनाको विस्तार हुन नसक्नु । ➢ निर्माण सम्पन्न भइसकेका सिंचाइ प्रणालीको आवश्यक मर्मत सम्भार हुन नसक्नु ।	➢ सिंचाइ पूर्वाधार विस्तार गर्न स्रोतको व्यवस्था गर्नु । ➢ उपलब्ध जलस्रोतको संरक्षण गर्दै सिंचाइ सहितको बहुआयामिक उपयोग गर्नु ।

४.२.३ सम्भावना तथा अवसर

सम्भावनाहरु	अवसरहरु
➢ परम्परागत रुपमा रहेका स्थानीय कुलोहरुको आवश्यक मर्मत संभार गरी सिंचाइ सुविधा बढाउन सकिने । ➢ सिंचाइ सुविधा नभएको जमीनमा सिंचाइ मार्फत कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने ।	➢ जलस्रोतको बहुउपयोगको सम्भावना रहनु । ➢ सिंचाइ सम्बन्धी नयाँ प्रविधिको प्रयोग तथा विस्तार हुनु । ➢ सिंचाइ विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच र सहभागिता बढ्दै जानु । ➢ सिंचाइ प्रणाली विस्तारका लागी कृषकहरुको माग बढ्दै जानु । ➢ युवा पुस्तालाई कृषि तथा पशुपालनमा आकर्षित गर्न सकिने ।

४.२.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

कृषियोग्य भूमिमा सिंचाइ सुविधा उपलब्ध गराउने ।

उद्देश्य

- ➢ सिंचाइ नपुगेको कृषियोग्य भूमिमा सिंचाइ सेवा विस्तार गर्ने ।
- ➢ बहुउद्देश्यीय आयोजनाको विकास गरी कृषियोग्य भूमिमा सिंचाइ सुविधा उपलब्ध गराउनु ।
- ➢ सञ्चालनमा रहेका कुलोको मर्मत सम्भार एवम् व्यवस्थापनलाई सुदृढ गरी दिगो बनाउनु ।

रणनीति

- ➢ परम्परागत सिंचाइलाई व्यवस्थापन गर्दै नयाँ सिंचाइ प्रणालीको विकास गरी कृषि योग्य भूमिमा सिंचाइ सुविधा विस्तार गरिनेछ ।

मुख्य कार्यक्रमहरु तथा कार्यान्वयन योजना

क्र. स.	कार्यक्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सरकारी र अन्य
१	सतह सिंचाइको पूर्वाधार निर्माण गर्ने			✓	✓	
२	स्थानीय कृषकहरुको क्षमता विकास गर्ने			✓	✓	
३	ठूला पहिरोहरु व्यवस्थापन र नदी नियन्त्रण गर्ने	✓	✓	✓	✓	
४	बायो इन्जिनियरिङ तथा नदी किनारमा वृक्षरोपण गर्ने			✓	✓	✓
५	सिंचाइ सम्बन्धी नीति र ऐनहरु तर्जुमा गर्ने	✓	✓	✓		

६	सिंचाइ आयोजना निर्माण गर्ने	✓	✓	✓	✓	

४.२.५ अपेक्षीत उपलब्धि

- थप १०५० हेक्टर जमीनमा सिंचाइ सुविधा पुगेको हुनेछ ।
- थप ७ वटा सतह सिंचाइ संरचना निर्माण भएको हुनेछ ।
- सिंचाइ गुरुयोजना निर्माण हुनेछ ।
- नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजना निर्माण भएको हुनेछ ।
- सिंचाइ प्रणालीमा संलग्न जनशक्ति तथा किसानहरुको क्षमता अभिवृद्धि हुनेछ ।
- जलाधार क्षेत्र संरक्षण भएको हुनेछ ।
- सिंचाइ कुलो सिंचाइ उपभोक्ता समिति निर्माण गरी हस्तान्तरण भएको हुनेछ ।

४.२.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकाको आन्तरिक स्रोत परिचालन हुनेछ ।
- सार्वजनिक, निजी साझेदारीमा योजनाहरुको कार्यान्वयन हुनेछ ।
- आयोजनाहरुको कार्यान्वयनमा केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायको समन्वयात्म र सकृय सहभागिता हुनेछ ।
- ठूला आयोजनाहरुको कार्यान्वयनमा दातृ निकायबाट सहयोग प्राप्त हुनेछ ।

४.३ पर्यटन, सांस्कृति तथा सम्पदा

४.३.१ पृष्ठभूमि

नेपालको अर्थतन्त्रमा पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । पर्यटन नेपालको आर्थिक विकासको लागी उच्च सम्भावना बोकेको क्षेत्र हो । आर्थिक वर्ष २०७६/७७ मा प्रदेशको कुल गार्हस्थ उत्पादनमा पर्यटनको योगदान २% मात्र रहेको छ भने आर्थिक वर्ष २०८०/८१ मा ५% पऱ्याउने लक्ष्य लिएको छ (प्रदेस नं. १ को प्रथम आवधिक योजना, २०७६/७७-२०८०/८१) । आर्थिक वर्ष २०७६/७७ मा १२ लाखको हाराहारीमा भित्रिएको बाह्य पर्यटनले देशको कुल ग्रार्हस्थ उत्पादनमा करिव ३% योगदान पुगेको र २ लाख भन्दा बढी मानिसले प्रत्यक्ष रोजगारी प्राप्त गरेको देखिन्छ । यही सम्भावनालाई मध्यनजर गर्दै संघीय, प्रदेश र स्थानीय सरकारले पनि पर्यटन उद्योगलाई प्रवर्द्धन गर्दै नीति योजना, आयोजना र कार्यक्रम अवलम्वन गर्ने हो भने पर्यटनलाई आकर्षण गरी संघीय, प्रदेश र स्थानीय ३ वटै सरकारको आर्थिक समृद्धि बढ्ने सम्भावना रहेको देखिन्छ ।

लिखु पिके गाउँपालिका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक हिसाबले महत्वपूर्ण मानिन्छ । यहाँ रहेको प्राकृतिक सुन्दरतामा मध्ये सप्तकोसी नदीको एक सहायक लिखु नदी, किन्जा खोला, घट्टे खोला, खिम्जा खोला गाउँपालिकाको मुख्य पर्यटकीय क्षेत्र हुन् । त्यस्तै यहाँ रहेको पिके डाँडाबाट महत्वपूर्ण पर्यटकीय क्षेत्र हो जहाँबाट सगरमाथा लगएतका महालंगुर, क्यासर, नुम्बुर, पुमोरी, लोत्से जस्ता हिमशृंखलाका अवलोकन

गर्न सकिन्छ । सगरमाथा पदमार्ग यही गाउँपालिकाको पिके डाँडै डाँडा सगरमाथाको आधार सिविरमा गएर टुंगिन्छ । यो रुट भएर वर्षमा हजारको सङ्ख्यामा बाह्य तथा आन्तरिक पर्यटकहरु पदयात्रा गर्दछन् । यसकारण पनि यो पालिका पर्यटकीय महत्व बोकेको गाउँपालिका हो ।

यस गाउँपालिका भित्र आफ्नै मौलिक विशेषता र महत्व रहेका विभिन्न २५ भन्दा बढी धार्मिक महत्व बोकेका धार्मिक पर्यटकीय क्षेत्रहरु छन् । ति मध्ये देवी थान, बौद्ध, खवतरी कुल मन्दिर, गुरु रिम्पोचे गुम्बा, ओर्गेन साङ छोलिङ गुम्बा, चण्डी स्थान, सेती भुमे मन्दिर महत्वपूर्ण हुन् । यी क्षेत्रहरुमा वर्षको विभिन्न समयमा धार्मिक मेला लाग्ने गर्दछ जहाँ छिमेकी पालिका र छिमेकी जिल्लाका मानिसहरु आउने गर्दछन् । यहाँ रहेको नदीनाला, १२ वटा भन्दा धेरै वन, पालिकामा रहेका खेल मैदान, झरना, मनोरञ्जनपार्क, भकाञ्जे, समरडाडाँ, ठेमजेङ, छिरिङ्खर्कको चिया वगान र चिया कारखाना रहेका छन् जुन पर्यटन उद्योगसँग प्रत्यक्ष जोडिएको छ । वडा १ र वडा ५ मा सञ्चालन होम स्टे र अन्य वडाहरुमा प्रस्तावित होम स्टेले पनि पर्यटन प्रवर्धन गर्नका लागी महत्वपूर्ण भूमिका खेलेको छ । पिके क्षेत्रमा हाल सञ्चालनमा रहेको चौँरी पालन र चौँरी खर्कलाई व्यावसायीक रुपमा विकास गरी पर्यटन व्यवसायसँग जोड्न सकिन्छ । यसले एकातिर हराउँदै गएको चौँरी पालनलाई स्थापित गर्छ भने आर्कोतिर स्थानीयको आर्थिक समृद्धिलाई प्रत्यक्ष सहयोग पुग्छ । यसको लागी गाउँपालिका क्षेत्र भित्रका अन्य पर्यटकीय सम्भावनाका क्षेत्रहरुको पहिचान गर्ने, पर्यटकीय स्थलहरुसम्म पुग्नको लागी पहुँच मार्गको विस्तार गर्ने र त्यस्ता पर्यटकीय क्षेत्रहरुमा आवश्यक पूर्वाधार विकास गर्दै जानुपर्ने देखिन्छ जुन गाउँपालिकाको समृद्धिको लागी पर्यटन एक प्रमुख माध्यम हुनेछ ।

४.३.२ समस्या तथा चुनौती

समस्याहरु	चुनौतीहरु
➢ पर्यटन गुरुयोजना निर्माण नहुनु । ➢ पर्यटन पूर्वाधारको कमी तथा प्रचार प्रसार कम हुनु । ➢ सडक यातायातको पहुँच नभएको । ➢ पर्यटन क्षेत्रको विकासमा उद्यमशीलतालाई जोड्न नसकिनु । ➢ पर्यटन क्षेत्रमा लगानीको कमी । ➢ स्थापित पर्यटकीय पदमार्गहरूमा पनि पूर्ण रुपमा पर्यटकीय पूर्वाधारको विकास हुन नसक्नु । ➢ पर्यटकीय स्तरका होटल र होमस्टेको कमी । ➢ तालिम प्राप्त पथ प्रदर्शक, भरिया, होटल व्यवसायीहरूको कमी । ➢ पर्यटकीय पूर्वाधारका कार्यक्रमलाई विशेष प्राथमिकता नदिनु ।	➢ पर्यटनमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु । ➢ स्थानीय संस्कृतिलाई पर्यटन विकाससँग आवद्ध गर्नु । ➢ पर्यटकीय उपजहरूको विविधिकरण गर्नु र गन्तव्यहरूको विकास गर्नु । ➢ पर्यटन पूर्वाधारहरुको विकास गर्नु ।

४.३.३ सम्भावना तथा अवसर

सम्भावनाहरु	अवसरहरु

➢ प्राकृतिक सौन्दर्यता ➢ नदीनाला, झरना, वन, घाँसेमैदान ➢ पर्यटकीय पदमार्ग ➢ सांस्कृतिक तथा धार्मिक विविधता ➢ Homestay, village tourism, ट्रेकिङ, हाइकिङ, फोटोग्राफी	➢ पर्यटन गुरुयोजना तयार गरी पर्यटन पूर्वाधारहरु विकास गर्ने सकिने । ➢ पर्यटकीय गन्तव्य पिके डाँडा, चौँरी खर्क, चियाबारी, लिखु खोला र झरनाले पर्यटकीय गतिविधिमा प्रवर्द्धन गर्ने । ➢ कृषि पर्यटन सम्भावना भएका क्षेत्रमा कृषि पर्यटनको डिजाइन र सम्भाव्य अध्ययन गर्न सकिने । ➢ पर्यटन विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गर्न सकिने । ➢ पर्यटकको लागी सम्वद्ध संघ सस्थाहरूसँग समन्वय गरी आवश्यक सुरक्षाको व्यवस्था गर्न सकिने । ➢ धार्मिक सांस्कृतिक विविधता ।

४.३.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

पर्यटकीय क्षेत्रमा पर्यटकीय पूर्वाधारको विकास गरी पर्यटनको माध्यामबाट स्थानीयको आर्थिक गतिविधि बढाउने ।

उद्देश्यहरु

- ➢ पर्यटनलाई रोजगारीसँग जोडेर आर्थिक वृद्धि गर्ने ।
- ➢ स्थानीय कला, संस्कृति र प्राकृतिक विविधताको संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्ने ।

रणनीति तथा कार्यनीतिहरु

- ➢ पर्यटन पूर्वाधार निर्माण गर्ने
- ➢ मौलिक कला तथा सांस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्ने ।
- ➢ पर्यटक संङ्ख्या, बसाइँ अवधि र खर्च गराइमा आयआर्जनमा वृद्धि गराइनेछ ।

मुख्य कार्यक्रमहरु तथा कार्यान्वयन योजना

क्र. स.	कार्यक्रमहरु	सहकार्य गर्ने निकाय				
		सङ्घ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सहकारी र अन्य
१	पर्यटकीय गन्तव्य सम्म पुग्न भौतिक पूर्वाधार विकास गर्ने ।			✓	✓	✓
२	नगर पर्यटन गुरुयोजना तर्जुमा गर्ने ।			✓		
३	पर्यटन सूचना केन्द्र स्थापना गर्ने, पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार र अन्तर स्थानीय तह समन्वय गर्ने	✓	✓	✓	✓	✓

४	पर्यटकीय स्थलहरुमा पर्यटकीय पूर्वाधार विकास गर्ने	✓	✓	✓	✓	✓
५	ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रको संरक्षण गर्ने।		✓	✓	✓	
६	सम्भाव्य स्थानहरुमा मनोरञ्जन पार्क, पिकनिक स्पट, विभिन्न धार्मिक तथा ऐतिहासिक प्रतिमाहरु निर्माण गर्ने।		✓	✓	✓	
७	पर्यटकीय स्थलहरुमा सरसफाइका कार्यक्रमहरु गर्ने ।			✓	✓	
८	निजी क्षेत्र लगानी मैत्री नीति निर्माण गर्ने ।			✓		
९	नयाँ गन्तव्यहरूको खोजी र विकास गरी पर्यटकीय प्रवेश अनुमतिको व्यवस्था गर्ने ।		✓	✓	✓	
१०	आवश्यक गाइड, कुक, वेटरलाई तालिम दिने ।			✓	✓	✓

४.३.५ अपेक्षित उपलब्धि

- पर्यटकीय पूर्वाधार निर्माण भएको हुनेछ ।
- पर्यटन गुरु योजनाको तयार हुनेछ ।
- पालिकामा पर्यटन सूचना केन्द्रको स्थापना भएको हुनेछ ।
- होम स्टेको संङ्ख्या बढेको हुनेछ ।
- ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रको संरक्षण हुनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटन आवागमनमा वृद्धि भएको हुनेछ ।
- करिब २०० जनाले पर्यटन क्षेत्रमा रोजगारी प्राप्त गरेका हुनेछन् ।
- स्थानीयहरुले आतिथ्य व्यवस्थापन, होटल व्यवस्थापन, सुरक्षा जस्ता विषयमा तालिम प्राप्त गरेका हुने छन् ।
- पर्यटन क्षेत्रमा लगानीहरु आकर्षित भएको हुनेछ ।
- पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार र अन्तर स्थानीय तहरुविच समन्वय भएको हुनेछ ।

४.३.६ अनुमान तथा जोखिम पक्ष

- आयोजनाहरुको कार्यान्वयनमा केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायको समन्वयात्मक र सकृय सहभागिता हुनेछ ।
- पर्यटन विकासमा निजी क्षेत्रहरु परिचालित हुनेछ र लगानी सुनिश्चितताको वातावारण भएको हुनेछ ।
- पालिकाले पर्यटन विकासमा आन्तरिक स्रोत परिचालन गर्नेछ ।
- पर्यटन बोर्डको सहयोग भएको हुनेछ ।
- पर्यटन क्षेत्रमा वित्तीय संस्थाको ऋण लगानी भएको हुनेछ ।

४.४ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

४.४.१ पृष्ठभूमि

उद्योग क्षेत्र आर्थिक विकासको प्रमुख आधार स्तम्भ हो । यसले कुनै पनि ठाउँको अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यो रोजगारीसँग प्रत्यक्ष जोडिएको हुन्छ । लिखु पिके गाउँपालिकामा हाल ४ वटा ठूला उद्योग (चिया कारखाना, जडीबुटी प्रशोधन उद्योग र चिज उद्योग) सञ्चालनमा रहेका छन् । यी बाहेक सिमीत मात्रामा घरेलु तथा कुटिर उद्योगहरु सञ्चालनमा रहेका छन् । लिखु पिकेमा दैनिक घरायसी उपभोगका

सामाग्री, निर्माण सामाग्री, औषधी, इन्धन, लत्ताकपडा, भाँडाकुँडा, शृंगार सामाग्री, इलेक्ट्रोनिक्स आदि लगायतका सामाग्रीहरुको आयत छिमेकी जिल्लाको सदरमुकाम सिन्धुली बजार, मन्थली बजार, काठमाण्डौबाट हुने भएकोले गाउँपालिकामा यस्ता सामानहरुको यथोचित आपूर्ति र वितरणमा गाउँपालिकाले ध्यान दिनु जरुरी रहेको छ । यस्ता अधिकांश सरसामानहरु निजी क्षेत्रबाट आपूर्ति हुने र स्थानीय निवासीहरुको दैनिक जीवन र स्वास्थ्यसँग समेत प्रत्यक्ष सरोकार राख्ने भएकोले उक्त सामानहरुको अप्राकृतिक मूल्य निर्धारण हुने, गुणस्तरमा ध्यान नदिने आदि जस्ता मुद्दाहरु उठ्ने गरेको पाइन्छ ।

कुल १८९ वटा उद्योग व्यवसाय दर्ता भएकोमा दर्ता भएर सञ्चालन भएका जम्मा ६५ वटा छन भने दर्ता बिना सञ्चालनमा रहेका १२४ वटा उद्योग व्यवसायहरु रहेका छन् । यी उद्योग व्यवसायहरुमा १८२ वटाले आयव्ययको व्यवस्थित लागत राख्ने गरेको र बाँकी ७ ले व्यवस्थित हिसाब किताव नगरेको देखियो । कुल १८९ वटा उद्योग व्यवसायहरुमा कृषि, वन र मत्स्य पालन सम्बन्धित ३, उत्पादन सम्बन्धित ५, खानी खनिज सम्बन्धित १, होलसेल, खुद्रा, व्यवसाय सम्बन्धित ५०, यातायात, सञ्चार सम्बन्धित १ र बाँकी अन्य रहेका छन् । १८९ वटा उद्योग व्यवसायहरुमा कृषि, वन र मत्स्य पालन सम्बन्धित २२३, उत्पादन सम्बन्धित ५४, खानी खनिज सम्बन्धित ४६, होलसेल, खुद्रा, व्यवसाय सम्बन्धित ८७, यातायात, सञ्चार सम्बन्धित ५ र बाँकी अन्य व्यवसायमा काम गर्दछन् । पालिकामा सञ्चालन रहेको १८९ उद्योग व्यवसायहरुमा कुल २७६० जनसङ्ख्या संलग्न रहेकोमा १५१६ जना महिला र १२४४ जना पुरुष आबद्ध रहेको देखिन्छ (स्रोतः आर्थिक जनगणना, २०१८) ।

४.४.२ समस्या तथा चुनौती

समस्याहरु	चुनौतीहरु
➢ स्तरीय सडक यातायात, औद्योगिक पूर्वाधार तथा बजारको व्यवस्था नहुनु ➢ उद्यमशील सोचको विकास हुन नसक्नु ➢ औद्योगिक ग्राम स्थापना नहुनु । ➢ ठूला उद्योगहरु स्थापनाका लागी बाहिरी लगानी आउन नसक्नु ➢ वाह्य बजारसँग पहुँचको अभाव । ➢ वित्तीय पहुँचको कमी ।	➢ लगानी मैत्री वातावरण सिर्जना गरी तुलनात्मक लाभ र प्रतिष्पर्धि क्षमताका उद्योग क्षेत्रमा लगानी आकर्षित गर्नु ➢ स्थानीय उत्पादन (आलु र चिज) को लेभलिङ र ब्रान्डिङ गरी निर्यात गर्नु ➢ दुर्लभ र महत्वपूर्ण जडीबुटीहरूको अव्यवस्थित सङ्कलन र प्रशोधन बिना निकासी हुनु । ➢ सडक, विद्युत आदि भौतिक पूर्वाधारको पहुँच वृद्धि गर्नु । ➢ युवा जनशक्तिलाई उद्यमशीलता तर्फ आकर्षित गराउनु । ➢ व्यापार व्यवसायको आकार सानो हुनु ।

४.४.३ सम्भावना तथा अवसर

सम्भावना	अवसरहरु

➢ कृषिजन्य उद्योगहरुको विकासको सम्भावना ➢ पर्यटकीय उद्योगहरुको विकासको सम्भावना ➢ मझौला तथा साना उद्योगहरुको विकासको सम्भावना ➢ दुर्लभ र महत्वपूर्ण जडीबुटीहरूको सङ्कलन र प्रशोधन गरी निकासी गर्न	➢ स्थानीय कच्चा पदार्थको उपयोग गरी औद्योगिक लगानीको लागी वाह्य क्षेत्रलाई आकर्षित गराउन सकिने ➢ पालिकाको आर्थिक समृद्धिको विषय साझा मुद्दाको रुपमा रहनु

४.४.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

उद्योग, व्यवसाय र व्यापारको विकास र विस्तारद्वारा गाउँपालिकाको अर्थतन्त्रमा योगदान बढाउने ।

उद्देश्यहरु

- उद्योग, व्यापार र व्यवसायको विकास गरी आय र रोजगारी वृद्धि गर्नु ।

रणनीति तथा कार्यनीतिहरु

- उद्यमशीलताको प्रवर्द्धन गरी लघु तथा घरेलु उद्योगको विकास तथा विस्तार गर्ने ।
- व्यापार व्यवसायको विकास र विस्तार गर्ने ।

मुख्य कार्यक्रमहरु तथा कार्यान्वयन योजना

क्र. स.	कार्यक्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सहकारी र अन्य
१	औद्योगिक प्रवर्द्धन नीति एवं कानून तर्जुमा गर्ने।			✓		
२	उद्योग, व्यापार तथा व्यवसायमा लगानी आकर्षण गर्ने ।	✓	✓	✓	✓	✓
	औद्योगिक ग्रामको पूर्वाधार स्थापना गर्ने ।	✓	✓	✓		✓
३	उद्योग, व्यापार तथा व्यवसायहरुलाई कनूनी प्रकृया अनुसार दर्ताको दायरामा ल्यउने			✓	✓	✓
४	परम्परागत उद्योगको आधुनिकीकरण र प्रवर्द्धन गर्ने ।			✓	✓	
५	स्थानीय पहिचान उत्पादनहरूको प्रशोधन, लेवलिङ, व्रान्डिङ तथा प्याकेजिङ गर्ने ।	✓	✓	✓	✓	
६	उद्यमशीलता तथा सीप तथा क्षमता विकास गर्ने।			✓	✓	
७	महिला उद्यम विकास गर्ने ।			✓	✓	✓
८	औद्योगिक पूर्वाधारको विकास गर्ने ।		✓	✓	✓	
९	उत्पादित बस्तुको व्यापार व्यवसायको लागी बाह्य बजारसँग समन्वय गर्ने ।	✓	✓	✓	✓	✓
१०	बजारको नियमित अनुगमन गर्ने ।			✓		✓
११	उत्पादित वस्तुको निर्यातमा बढवा दिने	✓	✓	✓	✓	✓

४.४.५ अपेक्षित उपलब्धि

- औद्योगिक ग्राम स्थापना भएको हुनेछ ।
- थप १५० लघु तथा घरेलु उद्योग स्थापना भएको हुनेछ ।
- थप १००० जनाले रोजगारी प्राप्त गरेका हुनेछन् ।
- स्थानीय युवा र उद्यमीहरुले उद्यम विकास तालिम लिएको हुनेछन ।
- करिब ४०० महिलाहरुले सीपमूलक तालिम लिएका हुनेछन ।
- बाह्य तथा आन्तरिक लगानीको वातावरण सृजना भएको हुनेछ ।
- सडक पूर्वाधारहरुको विकास भइ बजारसम्मको सहज पहुँच स्थापित भएको हुनेछ ।
- सबै उद्योग व्यवसाय दर्ता भएको हुनेछ ।

४.४.६ अनुमान तथा जोखिम पक्ष

- निजी क्षेत्रको सहयोग भएको हुनेछ ।
- अन्तर सरकार समन्वय भएको हुनेछ ।
- उद्योगहरुको स्थापनाको लागी स्थानीय व्यवसायीहरु आकर्षित भएको हुनेछन् ।
- स्थानीय निकायले लगानीमैत्री वातावरण तयार गर्नुपर्ने ।
- लगानी सुरक्षाको प्रत्याभूत हुनुपर्ने ।

४.५ श्रम, रोगार र सामाजिक सुरक्षा

४.५.१ पृष्ठभूमि

नेपालको संविधानको रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । यो हक लाई कार्यान्वयन गर्न राष्ट्रिय रोजगार नीति, २०७१र रोजगारी हक सम्वन्धी ऐन-२०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम २०७५ तथा युवा रोजगारीका लागी रुपनान्तरण पहल कार्यबिधी २०७६ तर्जुमा गरी स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरेको छ । यसका साथै अन्तराष्ट्रिय श्रम संगठनको अभीसन्धि १६९ ले शुरक्षित रोजगारी र श्रमको उत्पादकत्वको प्रत्यभूति गरेको छ भने बैदेशिक रोजगार नीति २०६८ यसले स्थानीय तहमा बेरोजगार व्यक्तिको पहिचान गर्ने सूचिकरण गर्ने, र सूचिकृत व्यक्तिलाइ रोजगारी प्रदान गर्दै आएको छ ।

गरिबी निवारण र आर्थिक विकासमा उल्लेख्य प्रगति गर्न सकिने तथ्यलाई मध्यनजर गरी श्रम बजारको आवश्यकता अनुरुप सीपमूलक श्रम शक्तिको विकास गर्नु आजको आवश्यकता हो । गुणस्तरीय मानव संशाधनको विकास मार्फत श्रमको उत्पादकत्व अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई सवल बनाउन उत्पादनको क्रियाशील साधनको रुपमा श्रमको महत्वपूर्ण भूमिका हुन्छ । कार्यान्वयनमा आएका छन् । यसै कानुनी आधारमा टेकेर उत्पादनमूलक रोजगारी सिर्जना गरी मुलुकमा उपलब्ध आर्थिक रुपमा कार्यशिल जनसङ्ख्या प्रयोग गरी उद्योग, व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य जस्ता सेवा क्षेत्रमा स्थानान्तरण गर्न सकेमा पालिकाको अर्थतन्त्रमा योगदान पुग्दछ (पन्ध्रौ पञ्च योजना, २०७६/७७-२०८०/८१) ।

गाउँपालिकामा पेसागत रोजगारीको कुरा गर्ने हो भने गाउँपालिकामा ७०% मानिसहरु कृषि र कृषिसँग सम्बन्धित क्रियाकलापमा, १४% सामान्य र प्राथमिक पेसाका कामदार, ४.७% सेवा तथा वस्तु बिक्रिगर्ने, ४.६% व्यवस्थापक, ३.८% पेसाविद्, ३.४% शिल्पकार तथा कालिगढ, १.२% कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरु रहेका छन् (राष्ट्रिय जनगणना, २०७८)। यसबाट के देखिन्छ भने गाउँपालिकामा सबै भन्दा धेरै श्रम शक्ति कृषिमा आश्रित रहेको छ ।

नेपालको संविधानले सामाजिक सुरक्षालाई मौलिक हकको रुपमा स्थापित गरे अनुरूप सबै नागरिकको गुणस्तरीय जीवन सुनिश्चितताको लागी राज्यले सामाजिक सुरक्षा र संरक्षणको नीति अवलम्बन गरेको छ । त्यसैगरी, अन्तराष्ट्रिय प्रतिवद्धता पुरा गर्न र दिगो विकासको लक्ष्य प्रप्तिका लागी नागरिकलाई सामाजिक सुरक्षा प्रदान गर्न आवसश्यक हुन्छ । यसर्थ विभिन्न क्षेत्र तथा निकायबाट सञ्चालित सामाजिक सुरक्षा र संरक्षण कार्यक्रमलाई एक द्वार नीति प्रयोग गरी प्रभावकारी बनाउन आवश्यक देखिन्छ । आर्थिक तथा सामाजिक वञ्चित तथा जोखिममा परेका परिवरका लागी सामाजिक संरक्षणका लागी सामाजिक सुरक्षा ऐन, २०७५ जारी भएको र श्रमिकको सामाजिक सुरक्षाका लागी योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ कार्यान्वयनमा रेहेको छ। खाद्यन्न, पोषण, स्वास्थ्य, शिक्षा, कृषि, श्रम तथा रोजगारी लागयतका क्षेत्रमा सामाजिक सुरक्षा र संरक्षणका लक्षित कार्यक्रम सञ्चालित छन् । यसलाई मध्यनजर राख्दै नेपाल सरकारले विगतका आर्थिक वर्षदेखि नै लगातार समाजिक सुरक्षामा र संरक्षण क्षेत्रमा बजेट विनियोजन गर्दै आएको छ (पन्ध्रै पञ्च बर्षिय योजना, २०७६/७७-२०८१/८२) ।

सामाजिक सुरक्षा भत्ता स्वरुप दलित बालबालिका, अपाङ्गता, आंसिक अपाङ्गता, पूर्ण अपाङ्गता, विधवा, जेष्ठ नागरीकः (महिला, दलित, र जेष्ठ नागरीक) सबै वर्गका गरी ७१६ जनालाई गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता दिँदै आएको छ ।

४.५.२ समस्या तथा चुनौती

समस्या	चुनौतीहरु
➢ रोजगारीको अभाव । ➢ ठूला तथा मझौला उद्योगहरु नहुँदा रोजगारीको कमी । ➢ अल्पसंङ्ख्य तथा पिछडिएका समुदायको सामाजिक सुरक्षामा कम पहुँच । ➢ बाहिरी लगानी आकर्षित हुन नसक्दा न्यून आर्थिक गतिविधि । ➢ स्थानीय मानिसहरु श्रमको लागी अन्य शहर तथा वैदेशिक रोजगारीमा गएका । ➢ उच्च दक्ष श्रम शक्ति न्यून हुनु । ➢ सरकारी, सहकारी, निजी तथा सामुदायिक क्षेत्रबीच समन्वय नहुनु ।	➢ आर्थिक रुपमा सक्रिय जनसङ्ख्यालाई स्थानीय स्तरमा नै रोजगारीका अवसरहरु सिर्जना गर्नु । ➢ स्थानीय उत्पादनमा आधारित उद्योगहरुको स्थापना गरी रोजगारी सृजना हुन सक्ने । ➢ बाह्य स्रोतलाई आकर्षित गरी आर्थिक गतिविधि बढाउनु । ➢ श्रम शक्तिको माग र आपूर्ति बीचको सन्तुलन मिलाउनु । ➢ गन्तव्य मुलुकहरुसँग द्विपक्षीय श्रम सम्झौता र त्यसको कार्यान्वय गर्नु । ➢ तालिम प्राप्त जनशक्तिको निम्ति सही कामको उपलव्धता गराउनु । ➢ योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा स्थानीयको पहुँच स्थापित गराउनु।

४.५.३ सम्भावना तथा अवसर

सम्भावना	अवसरहरु
➢ आर्थिक रुपमा सक्रिय जनसङ्ख्यालाई स्थानीय श्रममा सहभागिता गराउन सक्ने। ➢ स्थानीय उत्पादनलाई बाह्य बजारकेन्द्रसँग जोड्ने र आर्थिक समृद्धिमा रुपान्तरण गर्ने। ➢ आन्तरिक तथा बाह्य श्रम बजारको पहिचान गर्नु । ➢ स्थानीय उत्पादनले बजार प्राप्त गरी कृषकहरुले उत्पादनको उचित मूल्य पाउन सक्ने । ➢ विप्रेषणको उत्पादनमूलक क्षेत्रमा लगानी गरी आयआर्जन बढाउन सकिने ।	➢ स्थानीय उत्पादनमा आधारित उद्योगहरुको स्थापना गरी रोजगारी सृजना हुन सक्ने । ➢ स्थानीय उत्पादनले बजार प्राप्त गरी कृषकहरुले उत्पादनको उचित मूल्य पाउन सक्ने । ➢ सीपयुक्त जनशक्तिको परिचालनद्वारा समृद्धि हासिल गर्न सकिने । ➢ विदेशबाट फर्किएका मानिसहरुलाई परिचालित गरी नविनतम उत्पादन प्रकियाको थालनी गर्न सकिने । ➢ स्थानीय सरकारको राजस्व अभिवृद्धि हुने । ➢ स्थानीय उत्पादनलाई ब्रान्डिङ् गरी बढी मूल्य प्राप्त गर्न सकिने ।

४.५.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

स्थानीय स्तरमै दक्ष तथा सीपयुक्त मानव संसाधनको विकास गर्नु ।

उद्देश्य

- बेरोजगार तथा अर्धबेरोजगारलाई रोजगारीका अवसरहरु विस्तार गर्नु ।
- सबै नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्नु ।
- सामाजिक सुरक्षा संरक्षण मार्फत नागरिकको आर्थिक, सामाजिक, पर्यावरणीय र अन्य जोखिम कम गर्नु।

रणनीति तथा कार्यनीतिहरु

- श्रमिकको हक र अधिकारको कानुनी तथा आर्थिक आधार तयार गरिनेछ ।
- लगानीमैत्री वातावरण सिर्जना गरी निजी तथा सामुदायिक/सहकारीको माध्यमद्वारा रोजगारीका अवसर निर्माण गरिनेछ ।
- प्राविधिक शिक्षा, व्यवसायिक तालिम तथा सीपको माध्यमबाट दक्ष जनशक्तिको उत्पादन गरिनेछ ।
- योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई औपचारिक क्षेत्रका साथसाथै अनौपचारिक क्षेत्रमा समेत बिस्तार गरी सर्वव्यापी बनाउने ।
- वैदेशिक रोजगारीलाई कम खर्चिलो, शुरक्षित र मर्यादित बनाउने र विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरिनेछ ।

मुख्य कार्यक्रम

क्र.सं .	कार्क्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सहकारी र अन्य
१	युवा लक्षित रोजगारीका अवसर वृद्धि गर्ने ।	✓	✓	✓	✓	✓
२	रोजगार सूचना केन्द्र सञ्चालन गर्ने ।			✓		
	रोजगारदाताहरुको अभिलेख अद्यावधिक गर्ने ।			✓	✓	
३	श्रमिकको कार्य क्षेत्रमा सुरक्षाको मापदण्ड लागू गर्न सहयोग गर्ने ।	✓	✓	✓	✓	✓
४	कम्तिमा एउटा बहुविषयगत सीप विकास तालिम केन्द्र स्थापना गर्ने ।	✓	✓	✓	✓	
५	राष्ट्रिय रोजगार नीति तथा श्रमिकको हक हित सम्वन्धी कानुन प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।	✓	✓	✓	✓	✓
६	रोजगारीको आवश्यकतालाई हेरी श्रम शक्ति उत्पादन गर्ने	✓	✓	✓	✓	✓
७	सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्ने ।		✓	✓	✓	
८	वैदेशिक रोजगारीलाई शुरक्षित र लाभप्रद बनाउन पालिकामा नियमित अनुगमनको व्यवस्था गर्ने ।		✓	✓	✓	
९	वैदेशिक रोजगारमा जान पालिकाबाट श्रम क्षेत्र निर्धारण गरी उपयुक्त पूर्व तालिमको व्यवस्था गर्ने ।		✓	✓	✓	
१०	श्रम अडिट गर्ने ।		✓	✓	✓	✓

४.५.५ अपेक्षित उपलब्धि

- सीप युक्त जनशक्तिको सङ्ख्यामा बढेको हुनेछ ।
- रोजगारदाताहरुको अभिलेख अद्यावधिक हुनेछ ।
- आर्थिक रुपमा सकृय जनसङ्ख्यालाई रोजगारीको सिर्जना हुनेछ ।
- श्रमिकहरुको श्रम सम्मान, मर्यादा र जीवनस्तर बढेको हुनेछ ।
- श्रम र कामदार प्रति असल सम्बन्ध स्थापना हुनेछ ।
- वैदेशिक रोजगारी व्यवस्थित र मर्यादित भएको हुनेछ ।
- न्यूनतम पारिश्रमिक पालना हुनेछ ।
- बालश्रम मुक्त पालिका घोषणा हुनेछ ।
- श्रम अडिट हुनेछ ।
- विप्रेषण उत्पादन क्षेत्रमा लगानी भई श्रमिकको जीवनस्तरमा स्तरोन्नति भएको हुने छ ।
- सामाजिक सुरक्षा प्रभावकारी भएको हुनेछ ।

४.५.६ अनुमान तथा जोखिम पक्ष

- आवश्यक दक्ष जनशक्ति र प्राविधिकहरुको सहज आपूर्ति हुनुपर्ने ।
- गाउँपालिका भित्रै रोजगारीको अवसरहरुका साथै शुरक्षित र सहज लगानीको वातावरण हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबीच श्रम, रोजगारी सृजना र नागरिकको सामाजिक सुरक्षामा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

परिच्छेद ५: सामाजिक क्षेत्र

५.१ स्वास्थ्य तथा पोषण

५.१.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । देश विकासमा स्वस्थ र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु राज्यको दाहित्व हो । यसै सन्दर्भमा लोक कल्याण कारी राज्यको अवधारणा अनुरुप स्वास्थ्य क्षेत्रलाई नाफामूलकबाट क्रमशः सेवामूलक क्षेत्रमा रुपान्तरण गर्दै लैजानु पर्ने आवश्यकता छ । संविधानको एकल तथा साझा अधिकार सूची अनुसार संघ, प्रदेश र स्थानीय तहलाई स्वास्थ्य सेवाको जिम्मेवारी दिँदै स्वास्थ्य नीति, मापदण्ड, गुणस्तर, अनुगमन, परम्परागत उपचार सेवा र सरुवा रोग नियन्त्रण लगायतको कार्य संघको अधिकार भित्र राखिएको छ (पन्ध्रौ पञ्चबर्षिय योजना, २०७६/७७-२०८०/८१) ।

गाउँपालिकामा चारवटा स्वास्थ्य चौकी सञ्चालनमा रहेकाछन् । स्वास्थ्य चौकीहरुमा दक्ष जनशक्ति, स्वास्थ्य उपकरण, ल्याब सेवा र पूर्वाधारहरुको अभाव रहेको छ । भौगोलिक विकटता र भौतिक पूर्वाधारको अभावका कारण स्वास्थ्य सेवामा स्थानीयहरुको पहुँच न्यून रहेको छ । स्थानीय स्वास्थ्य केन्द्रहरुमा प्राथमिक तहको स्वास्थ्य सेवा मात्र उपलब्ध रहेकोले गम्भिर प्रकारको रोगको उपचारको लागी स्थानीय मन्थली बजार, धुलीखेल र राजधानी काठमाडौं जानुपर्ने वाध्यता रहेको छ ।

पालिकामा कुल जीवित जन्म मध्ये १.७% पुरुष शिशु तथा बालबालिका र ०.६% महिला शिशु तथा बालबालिका मृत्य रहेको छ । दादुरा वा रुबेला विरुद्धको खोप लिनेको संङ्ख्या सतप्रतिशत, जापानिज ईन्सेफ्लाइटिसको खोप लिने ९९%, पोलियो खोप लिने को संङ्ख्या ८४.३%, पेन्टा ३ खोप लिनेको संङ्ख्या ८४.३% र बिसिजी खोप लिनेको संङ्ख्या जम्मा ६४.८% रहेको छ । गर्भवती अवस्थामा जचाउनेको संङ्ख्या र भिटामिन लिनेको संङ्ख्या पनि औसतमा ७५% रहेको देखिन्छ । त्यस्तै गरेर आर्थिक वर्ष २०८७/७९ मा औसतमा ७४% गर्भवती महिलाहरुले स्वास्थ परीक्षण गरेको पाइन्छ ।

पोषण मानव शरीरको लागी चाहिने महत्वपूर्ण पदार्थ हो । यदि मानव शरीरमा आवश्यकता अनुसारको पौष्टिक तत्वको अभाव भयो भने विभिन्न प्रकारका रोग लाग्ने, शारीरिक तन्दुरूस्ती नहुने, बालबालिकाको उमेर अनुसार Body Mass Index (BMI) मापनमा सन्तुलन नहुने जसले गर्दा कतिपय बालबालीकामा हुनु पर्ने भन्दा कम उचाइका, कम तौलका, लुला लँगडा र विभिन्न प्रकारका रोगको असरले नकारात्मक प्रभाव पारेको देखिन्छ ।

गाउँपालिकाका करिव ७.९% घरधुरीले मात्र आफ्नो उत्पादनले वर्षभरि खान पुग्ने र ०.६६% परिवारले मात्र आफूलाई चाहिने भन्दा धेरै हुने र विक्रि समेत गर्ने गरेको पाइन्छ । ६ महिना मात्र खान पुग्नेको सङ्ख्या ७८% हाराहारीमा रहेको छ भने करिव १४% घरधुरीले ६ देखी ९ महिना सम्म पुग्ने खाद्यन्न उत्पादन

गरेको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने यो गाउँपालिकामा ९०% भन्दा वढी घरधुरी गरिबीको रेखामुनि रहेकाछन् (लिखु पिके गाउँपालिका पार्श्वचित्र, २०७६) । केही घरपरिवारले मात्र वर्ष भरि पेटभरि खान पुग्ने उत्पादन गर्दछन भने अधिकांश घरपरिवारमा आर्थिक रुपमा समस्या देखिएको पाइन्छ यस्तो अवस्थामा पोषण तथा खाद्य सुरक्षा त धेरै टाढाको कुरा हो पेटभरि दुई छाक खना खान पनि चिन्ताको विषय हुन जान्छ । भोकमरी, कुपोषण तथा Hidden Hunger बाट स्थानीयहरुलाई माथि उठाउन पालिकामा रहेका सबै प्रकारको गरिबी हटाई दिगो विकासको लक्ष्य प्राप्त गर्न विशेष योजना तथा कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ । गाउँपालिकाको यो वस्तुगत अवस्था आर्थिक वर्ष २०७९/८० भन्दा ४ वर्ष अगाडिको हो । यो ४ वर्षको बिचमा स्थानीयहरुको जीवन स्तर परिवर्तन भएको छ र पहिलेको जस्तो अभाव नभएको कुरा गाउँपालिकाको विभिन्न छलफलबाट निक्यौंल गर्न सकिन्छ (स्रोतः गाउँपालिकाको कार्यपालिकाको छलफल, वडा भेला तथा छलफल र स्थानीय जानिफकारहरुसँगको छलफल, २०७९/८०) ।

५.१.२ समस्या तथा चुनौती

समस्याहरु	चुनौतीहरु
➢ सबै स्वास्थ्य संस्थामा Birthing centre नहुनु। ➢ अस्पतालको अभावले गम्भिर प्रकारको रोग निदानमा समस्या । ➢ सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण र विशेषज्ञ चिकित्सकको अभाव । ➢ कुपोषण, श्वास प्रश्वास जन्य स्वास्थ्य समस्या रहनु । ➢ स्वास्थ्य र पोषण सम्बन्धी चेतनाको कमी। ➢ सबै घरपरिवरमा पोषण र खाद्य सुरक्षाको पहुँच नहुनु । ➢ सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण र विशेषज्ञ चिकित्सकको अभाव । ➢ अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूको स्वास्थ्य चौकीको कमजोर पहुँच । ➢ स्वास्थ्य र पोषण सम्बन्धी चेतनाको कमी। ➢ गरीबी र बेरोजगारीको कारण पोषणमा कमी	➢ आधारभूत स्वास्थ्य सेवालाई सबैको पहुँच भित्र ल्याउनु । ➢ सबै सुत्केरी सेवालाई संस्थागत दायरामा ल्याउनु । ➢ निशुल्क, स्वास्थ्य संस्थामा आधारभूत तथा अत्यावश्यक औषधी सर्वसुलभ उपलब्ध गराउनु। ➢ स्वस्थ्य संस्थाहरूमा आधारभूत सुविधा युक्त (औजार/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार) पुऱ्याउनु । ➢ स्वास्थ्य बिमालाई सबै नागरिकको दायरामा पुऱ्याउनु । ➢ खाद्य सचेतना तथा खाद्य व्यवहार सुधारलाई स्वास्थ्य प्रणालीको अङ्गको रुपमा विकास गर्नु । ➢ बालबालिका मृत्युदर कम गर्नु । ➢ पूर्ण खोपयुक्त पालिकाको बनाउनु ।

५.१.३ सम्भावना तथा अवसर

सम्भावनाहरु	अवसरहरु
➢ पूर्वाधारहरुको विकास गरी स्वास्थ्य सेवामा स्थानीय नागरिकहरुको सहज पहुँच स्थापना गर्न सकिने । ➢ नयाँ स्वास्थ्य संस्थाहरुको विकास हुँदै गरेको हुँदा जनतामा स्वास्थ्य पहुँच बढाउन सकिने ।	➢ स्वास्थ्य सचेतनामा क्रमिक वृद्धि हुँदै गएकोले स्वास्थ्य चेतना वृद्धि गर्ने सकिने। ➢ स्थानीय उत्पादनमा वृद्धि गरी खाद्य सुरक्षाको स्थितिमा सुधार ल्याउन सकिने।

➢ नागरीकहरुलाई स्वास्थ्य तथा सरसफाइमा परिचालित गर्न सकिने ।	➢ गाउँपालिकामा रहेका स्वास्थ्य केन्द्रहरुको स्तरोन्नती गरी स्वास्थ्य सेवालाई सहज बनाउन सकिने । ➢ १५ शैया सम्मको अस्पताल सबै स्थानीय तहमा खोल्ने सरकारी नीति रहनु । ➢ राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनमा रहनु ।

५.१.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना

लक्ष्य

सबैको पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा र पोषण सहितको खाद्य सुरक्षा उपलब्ध भएको हुनेछ ।

उद्देश्य

- आधारभूत स्वास्थ्य सेवामा निशुल्क र सर्वसुलभ पहुँच सुनिश्चित गर्नु ।
- गुणस्तरीय स्वास्थ्य सेवा, पोषण र खाद्य सुरक्षालाई सबैको पहुँचमा पुऱ्याउनु ।

रणनीति र कार्यनीति

- आधारभूत स्वास्थ्यमा समतामूलक पहुँच सुनिश्चित गर्ने ।
- वैकल्पिक स्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने ।
- स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षाबारे चेतना अभिवृद्धि गर्ने ।

मुख्य कार्यक्रम

क्र. स.	कार्यक्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सरकारी र अन्य
१	गाउँपालिकाको स्वास्थ्य नीति तर्जुमा			✓		
२	स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम		✓	✓	✓	✓
३	विद्यालय नर्स कार्यक्रम	✓	✓	✓	✓	
४	स्वास्थ्य जनशक्तिको क्षमता विकास	✓	✓	✓	✓	
५	आधारभूत औषधीहरु सर्वसुलभ रुपमा पालिकामा नै उपलब्ध हुने व्यवस्था		✓	✓	✓	✓
६	गाउँपालिकामा ५ शैयाको अस्पताल निर्माण	✓	✓	✓		
७	विद्यमान स्वास्थ्य चौकीहरुमा स्वास्थ्य पूर्वाधार तथा उपकरणहरुको व्यवस्था		✓	✓	✓	
८	खोप कार्यक्रम र स्वास्थ्य घुम्ती सेवा नियमित रुपमा सञ्चालन		✓	✓	✓	✓
९	विद्यमान स्वास्थ्य चौकीहरुमा प्रसुति सेवा सञ्चालन		✓	✓	✓	✓

१०	विद्यमान स्वास्थ्य चौकीहरुमा चिस्यान भण्डारको व्यवस्था			✓	✓	
११	रेफरल अस्पतालको लागी विशेषज्ञ अस्पतालसँग समन्वय	✓	✓	✓	✓	
१२	चिकित्सकहरुको पदपूर्ति	✓	✓	✓		
१३	खाद्य पदार्थको शुद्धतामा ध्यान दिने	✓	✓	✓	✓	✓
१४	खाद्य सुरक्षाबाट वञ्चित घरपरिवारको हकमा खाद्यन्न राहत योजना तर्जुमा	✓	✓	✓	✓	✓

५.१.५ अपेक्षित उपलब्धि

- सतप्रतिशत परिवारमा खाद्य सुरक्षा उपलब्ध भएको हुनेछ ।
- सतप्रतिशत बिरामीहरूको उपचार स्वास्थ्यकेन्द्रमा गराइनेछ ।
- ९०% भन्दा बढी महिलाले संस्थागत सुत्केरी सेवा प्राप्त गरेका हुनेछन ।
- बालबालिकाको बिरामी दर र मृत्युदर घट्नेछ ।
- पूर्ण खोपयुक्त गाउँपालिका घोषित भएको हुनेछ ।
- ५ बेडको अस्पताल निर्माण भएको हुनेछ ।
- विद्यमान स्वास्थ्य चौकीहरुको स्तरोन्नति सहित आधारभूत सुविधा तथा प्रसूति सेवा उपलब्ध भएको हुनेछ ।
- रिफरल अस्पतालसँग सहकार्य सम्झौता भएको हुनेछ ।
- स्वास्थ्य बीमाको पहुँच ५०% जनसङ्ख्यामा स्थापित भएको हुनेछ ।
- सबै विद्यालयमा पोषण स्वास्थ्य कार्यक्रम पुगेको हुनेछ ।
- कुल जीवित जन्म मध्ये (पुरुष शिशु तथा बालबालिका र महिला शिशु तथा बालबालिका मृत्य) ०.४% मा झरेको हुनेछ ।

५.१.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकाले स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्राथमिकताका साथ सम्वर्द्धन तथा प्रवर्द्धन गर्नेछ ।
- सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग भएको हुनेछ ।
- संघीय र प्रदेश र स्थानीय सरकारबिच समन्वय भएको हुनेछ ।

५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

५.२.१ पृष्ठभूमि

शिक्षा विकासको आधार हो । साथै, परिष्कृत एवम् मर्यादित जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित समाजको माध्यामबाट मुलुकको दिगो शान्त र समृद्धिको लागी शिक्षालाई महत्वपूर्ण माध्यामको रुपमा स्वीकार गरिदै आएको छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तह सम्मको शिक्षामा पहुँच एवंम् अनिवार्य र माध्यामिक तह सम्मको निःशुल्क शिक्षा पाउने हकको प्रत्यभूत गरेको छ । अपांगता

भएका आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निशुल्क शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागी विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेकोछ । साथै शिक्षालाई बैज्ञानिक, प्राविधिक व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लागानीलाई नियम र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ (पन्ध्रौ पञ्चबर्षीय योजना, २०७७/७७-२०८०/८१) ।

लिखु पिके गाउँपालिकामा ७३.६% मानिस साक्षर छन् । यो साक्षर दर हालको राष्ट्रिय साक्षर दर ७६.२% भन्दा २.६% ले कम हो । पालिकामा पुरुष साक्षर दर (८१%) को तुलनामा महिला साक्षरतादर (६६.३%) झण्डै १५% ले कम छ । पालिकाले महिला पूरुष बिचको साक्षरता दरको खाडल कम गरी पूर्णसाक्षर गाउँपालिका घोषणा गर्न ठूलो मेहनत गर्नु पर्ने देखिन्छ ।

गाउँपालिकामा कुल १५०८ विद्यार्थीमा ८०८ जना छात्रा र ७०० जना छात्र रहेकाछन् भने १२१ जना शिक्षकले अध्यापन गराई रहेकाछन् । विद्यार्थी शिक्षक अनुपात १२:१ रहेको छ ।

गाउँपालिकामा हाल २२ वटा शैक्षिक संस्थाहरु सञ्चालनमा रहेकाछन् । जसमध्ये ३ वटा माध्यामिक विद्यालय र बाँकी १९ वटा आधारभूत विद्यालय छन् । कुल १५०८ विद्यार्थीमा ८०८ जना छात्रा र ७०० जना छात्र रहेकाछन् । पालिकामा हाल १२१ जना शिक्षकले अध्यापन गराई रहेकाछन् । पालिकामा विद्यार्थी शिक्षक अनुपात १२:१ रहेको छ ।

पालिकाको ५ वटा विद्यालयमा मात्र खानेपानीको सुविधा, ४ वटा विद्यालयमा सामान्य अवस्थाको, १३ वटा विद्यालयमा खानेपानी सुविधा छैन । त्यस्तै गरे ९ वटा विद्यालयमा व्यवस्थित शौचालयको सुविधा छ, ३ वटा विद्यालयमा सामान्य अवस्थाको शौचालय र बाँकी १० वटा विद्यालयमा शौचालयको सुविध छैन ।

भर्ना भएका २५% विद्यार्थीहरु मात्र नियमित स्कूलजाने र बाँकी ७०% विद्यार्थीहरु अनियमित र ५% विद्यार्थीहरु कहिल्यै उपस्थित नहुने देखिन्छ । भर्ना भएर विद्यालय नजाने यो ज्यादै ठूलो समस्या हो।

५.२.२ समस्या तथा चुनौती

समस्याहरु	चुनौतीहरु
➢ विद्यार्थीको स्तर वृद्धि सँगै विद्यार्थीको भर्नादर कम हुनु । ➢ गुणस्तरीय शिक्षामा पहुँचमा कमी । ➢ कमजोर शैक्षिक पूर्वाधार तथा पहुँच । ➢ दरबन्दी अनुसार शिक्षक पदपूर्ति नभएको । ➢ प्राविधिक विद्यालय नहुनु । ➢ विद्यार्थीको स्तर वृद्धि सँगै विद्यार्थीको भर्नादर कम हुनु । ➢ विद्यालयका भौतिक पूर्वाधार अपाङ्ग मैत्री पूर्वाधार नहुनु ।	➢ गुणस्तरीय शिक्षाको पहुँचको सुनिश्चितता गर्न ➢ कक्षा छाड्ने र दोहोऱ्याउने दर घटाउनु । ➢ शिक्षण र सिकाइ दरमा सुधार गर्नु । ➢ भौगोलिक विकटता र सडक पूर्वाधारको अभावले विद्यालय पुग्ने औसत समय धेरै हुनु। ➢ शैक्षिक पूर्वाधारको विकास । ➢ गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षाको उपलब्धता बढाउनु । ➢ दरबन्दी अनुसार शिक्षक पदपूर्ति गर्नु ।

➢ लक्षित समूहका बालबालिकाको विशेष शिक्षामा पहुँचको कमी । ➢ शिक्षकहरूमा पेसागत दक्षतामा कमी हुनु । ➢ भौगोलिक विकटता र सडक पूर्वाधारको अभावले विद्यालय पुग्ने औसत समय धेरै हुनु ।	➢ स्थानीय स्तरमा नै गुणस्तरीय शिक्षाको अवसर बढाउनु । ➢ भौगोलिक विकटता र सडक पूर्वाधारको अभावले विद्यालय पुग्ने औसत समय धेरै हुनु । ➢ अन्वेषणात्मक तथा नयाँ विषयवस्तुमा आधारित भइ सिपपूर्ण शिक्षाको विकस गर्न ।

५.२.३ सभावना तथा अवसर

सम्भावना	अवसर
➢ सीपयुक्त जनशक्तिलाई परिचालित गरी स्वरोजगार बनाउन सकिने । ➢ विदेशबाट फर्किएका जनशक्तिको ज्ञान सिपलाई स्थानीय विकासमा लगाउन सकिने। ➢ स्थानीय सरकारले नियमित अनुगमनबाट विद्यालय शिक्षालाई समय सापेक्ष बनाउन सकिने । ➢	➢ आधारभूत शिक्षा मौलिक हकको रुपमा स्थापित हुनु ➢ शैक्षिक वातावरण, पूर्वाधार र सामाग्रीहरुको व्यवस्था गरी साक्षरता वृद्धि गर्न सकिने । ➢ शैक्षिक जनशक्ति उत्पादन गरी स्थानीय जनशक्तिको मागलाई पूर्ति गर्न सकिने । ➢ वैदेशिक रोजगारबाट फर्किएका युवाहरु उद्यम विकासमा लाग्न थालेका हुँदा नयाँ नयाँ क्षेत्रहरुमा अवसर बढ्दै गएको । ➢ अन्वेषणात्मक तथा नायाँ विषयवस्तुमा आधारीत भई सिपपूर्ण शिक्षाको विकास गर्नु ।

५.२.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना

लक्ष्य

दक्ष मानव संसाधनको निर्माण गरी गाउँपालिकाको समृद्धिको आधार तयार गर्ने ।

उदेश्य

- ➢ गुणस्तरीय शिक्षामा सबै बर्ग एवम् समुदायको समतामूलक पहुँच पुऱ्याउनु ।
- ➢ प्राविधिक, व्यवसायिक, सीपयुक्त एवम् व्यवहारिक शिक्षाको विकास एवम् विस्तार गर्नु ।

रणनीति र कार्यनीति

- ➢ आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गरिनेछ ।
- ➢ शिक्षामा समतामूलक पहुँच स्थापित हुनेछ ।
- ➢ प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार गरिनेछ ।

मुख्य कार्यक्रम

क्र. स.	कार्यक्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सरकारी र अन्य
१	शैक्षिक विकास योजना तर्जुमा गर्ने					

२	विद्यालयमा बालमैत्री, अपाङ्गता मैत्री, महिला मैत्री संरचना विकास गर्ने ।		✓	✓		
३	अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।		✓	✓	✓	✓
४	विद्यालय भर्ना अभियान सञ्चालन गर्ने ।		✓	✓		
५	दरबन्दी अनुसार शिक्षक पदपूर्ति तथा दरबन्दी मिलान गर्ने ।	✓	✓	✓		
६	सूचना प्रविधि तथा कम्प्युटर ल्याव स्थापना गर्ने ।		✓	✓	✓	✓
७	आवासिय विद्यालयको निर्माण गर्ने ।		✓	✓	✓	✓
	स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने ।		✓	✓	✓	✓
८	प्राविधिक विद्यालयको स्थापना गर्ने ।	✓	✓	✓		
९	सामाजिक परीक्षण गर्ने ।			✓		✓
१०	शिक्षक तालिम सञ्चालन गर्ने ।		✓	✓		
११	विद्यालयका भौतिक पूर्वाधार निर्माण ।	✓	✓	✓	✓	✓
१२	साक्षरता दर बढाउन लक्षित वर्गहरुलाई अनौपचारिक कक्षा सञ्चालन गर्ने ।		✓	✓		
१४	आवश्यकता अनुसार सामुदायिक माविमा व्यावसायिक विषयको पठनपाठन	✓	✓	✓		
१५	परम्परागत सिपलाई र अनुभबलाइ मापदण्डका आधारमा प्रमाणीकरण गर्ने ।	✓	✓	✓		

५.२.५ अपेक्षित उपलब्धि

- साक्षरता दर ९०% प्रतिशत पुगेको हुनेछ ।
- आधारभूत तहको खुद भर्ना दर ९०% प्रतिशत पुगेको हुनेछ ।
- माध्यमिक तहको खुद भर्ना दर ८०% पुगेको हुनेछ ।
- विद्यालय छाड्ने दरमा उल्लेख्य कमी आएको हुनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण भई लागू भएको हुनेछ ।
- हरेक माध्यामिक तहको विद्यालयमा कम्प्यूटर ल्याव र विज्ञान प्रयोगशाला स्थापना भएको हुनेछ ।
- सबै शिक्षकहरुले तालिम प्राप्त गरेका हुनेछन ।
- दरबन्दी अनुसार शिक्षकहरुको पदपूर्ति भएको हुनेछ ।
- अनौपचारिक शिक्षा मार्फत साक्षरता दर बढेको हुनेछ ।
- प्राविधिक विद्यालय स्थापना भएको हुनेछ ।

५.२.६ अनुमान तथा जोखिम पक्ष

- सामुदायिक संघ/संस्था र नागरिक समाजको सहयोग भएको हुनेछ ।
- संघीय र प्रदेश सरकारको सहयोग भएको हुनेछ ।
- शिक्षा र विज्ञानको लागी केन्द्र र प्रदेश सरकारको सहयोग निरन्तर हुनेछ ।

५.३ खानेपानी तथा सरसफाइ

५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय स्तरको खानेपानीलाई स्थानीय तहको अधिकारमा राखेको छ। साथै, अन्तर्राष्ट्रिय रुपमा समेत दिगो विकास लक्ष्यले खानेपानी तथा सरसफाइ सम्बन्धी स्पष्ट लक्ष्यहरु निर्धारण गरेको छ। जसले खानेपानीको कारण उत्पन्न हुने रोगको प्रकोपबाट शुरक्षित रही मानव स्वास्थ्य सहयोग पुग्ने र समग्र स्वास्थ्य स्थितीमा सुधार गर्न सकिन्छ। त्यसकारण पनि खानेपानी तथा सरसफाइ मानव जीवनयापनको अत्यावश्यक आधार हो।

गाउँपालिकामा खानेपानीको मुख्य स्रोत धाराको पानी हो। यहाँका ७२.४% घरधुरीहरु धारा/पाइप पानी (कम्पाउन्ड भित्र) को प्रयोग गर्दछन्। धारा/पाइप पानी (कम्पाउन्ड बाहिर) को धाराको पानी प्रयोग गर्ने को संङ्ख्या २६.३% रहेको छ। बाँकी घरधुरीहरुले कुवा र अन्य स्रोतको पानी प्रयोग गर्ने गरेको पाइन्छ (स्रोतः राष्ट्रिय जनगणना, २०७८)।

गाउँपालिकामा ९८.९% घरपरिवारमा शौचालय रहेको छ। जसमध्ये ९५.५% घरधुरीको शौचालय व्यवस्थित र ३.४% घरधुरीको सामान्य अवस्थाको छ भने १३ घरपरिवारमा शौचालय छैन्। पालिकामा वडागत रुपमा मुख्य बस्तीमा बजार केन्द्र, प्रशासनिक केन्द्र, सेवा केन्द्रको विकास भइरहेको छ। यी वजारकेन्द्रहरुमा फोहोर मैलाको व्यवस्थापन गर्दै जानु पर्ने देखिन्छ।

खानेपानी तथा सरसफाइ सेवाले मानव स्वास्थ्यमा बहुआयामिक प्रभाव पर्दछ। त्यसकारण सफा र शुद्ध खानेपानी प्रयोग गर्न र उपलब्ध गराउन स्थानीय तथा संघीय सरकाले पहल गर्नु पर्दछ। यो वास्तविकतालाई ध्यान केन्द्रित गर्दै गाउँपालिकाले अवको बार्षिक कार्यक्रममा एक घर एक धारा र एक घर एक व्यवस्थित शौचालयको नारालाई व्यवहारमा उतार्नु पर्दछ।

५.३.२ समस्या तथा चुनौती

समस्याहरु	चुनौतीहरु
➢ प्रत्येक घरधुरीमा खानेपानीको सुविधा नहुनु। ➢ प्रत्येक घरधुरीमा शौचालयको सुविधा नहुनु ➢ वातावरणीय सरसफाइमा त्यति धेरै चासोको विषय नहुनु ➢ जनचेतनाको कमी हुनु। ➢ स्वच्छ खानेपानीको व्यवस्था नहुँदा पानी जन्य रोगहरू वढ्नु। ➢ व्यक्तिगत तथा सामुदायिक सरसफाइको अभ्यास कमजोर हुनु।	➢ स्वच्छ पानीको वितरण गर्नु। ➢ खानेपानीका मुहानहरुको संरक्षण गर्नु। ➢ खानेपानी प्रणालीको दिगो व्यवस्थापन गर्नु। ➢ "एक घर एक धारा र एक चर्पी" नीतिको प्रभावकारी कार्यान्वयन गर्नु। ➢ सरसफाइको अभ्यास बढाउनु।

५.३.३ सम्भावना तथा अवसर

सम्भावनाहरु	अवसरहरु
➢ "एक घर एक धारा र एक चर्पी" नीतिको प्रभावकारी कार्यान्वयन भइ सबै घरधुरीमा खानेपानीको पहुँच स्थापित हुनु । ➢ स्वच्छ पानीको वितरण हुने । ➢ खानेपानीका मुहानहरुको संरक्षण गर्न सकिने। ➢ खानेपानी प्रणालीको दिगो व्यवस्थापन हुने । ➢ सरसफाइको अभ्यास वढ्ने ।	➢ खानेपानी तथा सरसफाइ सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको । ➢ स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय स्तरको खानेपानीलाई स्थानीय तहको अधिकारमा राख्नु। ➢ पानीको स्रोहरुको संरक्षण गरी प्राकृतिक स्रोतको सदुपयोग गर्न मद्दत पुग्ने । खानेपानी तथा सरसफाइलाई पालिकाले आफ्नो जिम्मेवारीको रुपमा ग्रहण गर्नु । ➢ खानेपानीमा विभिन्न सरकारी, निजी तथा गैसस विच सहकार्य हुनु । ➢ स्वच्छ खानेपानी तथा सरसफाइको कारण जनस्वास्थमा सुधारमा सहयोग पुग्ने । ➢ स्वच्छ, सफा, हराभरा गाउँपालिका स्थापित हुने ।

५.३.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना

लक्ष्य

खानेपानी शुद्धिकरण र वातावरण सरसफाइका माध्यामबाट रोगको न्यूनीकरण हुने ।

उद्देश्य

- ➢ प्रत्येक घरधुरीमा शुद्ध खानेपानीको सुविधा पुऱ्याउने ।
- ➢ घरायसी वातावरण सरसफाइमा राख्नु ।

रणनीति तथा कार्यनीतिहरु

- ➢ एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने ।
- ➢ प्रत्येक घरमा शौचालय निर्माण गर्नुका साथै वातावरणीय सरसफाइमा जोड दिने ।

मुख्य कार्यक्रम

क्र. स.	कार्यक्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सरकारी र अन्य
१	एक घर एक धारा र एक शौचालयको लागी पूर्वाधार निर्माण गर्ने ।		✓	✓	✓	✓
२	खानेपानी तथा सरसफाइ गुरुयोजना तर्जुमा गर्ने ।		✓	✓		
३	खानेपानीका श्रोतहरुको संरक्षण गर्ने ।		✓	✓	✓	✓
४	खानेपानीका विद्यमान संरचनाहरु मर्मत गर्ने।	✓	✓	✓	✓	
५	खानेपानी अपुग भएका वडा र बस्तीहरुको लागी नयाँ खानेपानी आयोजना निर्माण गर्ने ।		✓	✓	✓	✓

६	खानेपानी उपभोक्ता समितिहरुलाई प्राविधिक सहयोग उपलब्ध गराउने ।			✓	✓	
७	फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरण स्वच्छ राख्ने ।	✓	✓	✓	✓	
८	मुख्य बजार केन्द्रहरुमा सार्वजनिक शौचालयहरुको निर्माण गर्ने ।		✓	✓	✓	✓

५.३.५ अपेक्षित उपलब्धि

- एक घर एक धारा र एक शौचालयको लागी पूर्वाधार निर्माण भएको हुनेछ ।
- खानेपानी नपुगेका वडा र बस्तीहरुमा नयाँ खानेपानी आयोजना निर्माण भएको हुनेछ ।
- मुख्य बजार केन्द्रहरुमा सार्वजनिक शौचालयको निर्माण भएको हुनेछ ।
- खानेपानीको श्रोतहरुको संरक्षण भएको हुनेछ ।
- सरसफाइको अवस्थामा उल्लेख्य सुधार भएको हुनेछ ।
- खानेपानी र सरसफाइ सम्बन्धी जनचेतनाको विकास भएको हुनेछ ।

५.३.६ अनुमान तथा जोखिम पक्ष

- खानेपानी र सरसफाइमा स्थानीय जनसमुदाय र उपभोक्त समितिको सहयोग र सहभागिता हुनेछ ।
- नागरिकरहरुमा खानेपानी र सरसफाइ प्रति सचेतना वृद्धि हुँदै जानेछ ।
- संघीय र प्रदेश सरकारको सहयोग भएको हुनेछ ।
- खानेपानी र सरसफाइको लागी संघीय तथा प्रदेश सरकारको सहयोग निरन्तर हुनेछ ।

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

५.४.१ पृष्ठभूमि

यस गाउँपालिकाको लक्षित बर्ग भनेका अपांग, पिछडिएका र सीमान्तकृत वर्ग र जातजातिहरु, महिला, बालबालिका, बृद्ध हुन् । गाउँपालिकामा अपाङ्गको संङ्ख्या ११७ (२.२%) रहेको छ । शेर्पा, तामाङ, कामी, सुनुवार, दमाइ, थामी र राई गाउँपालिकाका लक्षित बर्ग हुन् । गाउँपालिकामा महिलाको संङ्ख्या ४९.९% रहेको छ भने लैगिक अनुपात १००.४५ पुरुषमा १०० महिला रहेको छ । ० देखि १४ वर्ष सम्मको बालबालिकाहरुको लैंङ्गिक अनुपात १०२.१३ पुरुषमा १०० महिला रहेको छ । त्यसैगरी ६० वर्ष माथिको उमेर समूहका मानिसहरुको संङ्ख्या कुल जनसङ्ख्याको १३.७५% छ । यो पालिकामा जनजातिको रुपमा रहेको शेर्पा जातिको संङ्ख्या सबै भन्दा बढी २२.५२% र दलित ४.९८%, तामाङ ४.३६%, र राई ०.०७% रहेको छ ।

नेपालको संविधानले तोकेका लक्षित बर्गमा यस गाउँपालिकामा रहेका तामाङ, घले, दमाइ, कामी, शेर्पा जस्ता समुदायको बसोबास रहेको छ । यो समुदायको उत्थानको लागी संवैधानिक र कानुनी व्यवस्था रहेको छ । जसले समाजमा रहेका बिभेद, कुसंस्कार, कुरीति, असमानता, महिला हिंसा, श्रम शोषण, बालश्रम,

विभेद आदि कानुनी रूपमै वर्जित भएको र गाउँपालिकामा लक्षित वर्गको उत्थानको लागी कार्यक्रमहरुको सुरुवात भएको छ । यस आवधिक योजनाले महिला बालबालिका तथा लक्षित समूहलाई प्राथामिकताका साथ सम्बोधन गर्नेगरी कार्ययोजना प्रस्ताव गरेको छ । पिछडिएका समुदायलाई विकासको मूल प्रवाहमा ल्याउन यस आवधिक योजनाले सुझाएको छ ।

५.४.२ समस्या तथा चुनौती

समस्याहरु	चुनौतीहरु
➢ शिक्षा, स्वास्थ्य लगायत सेवामा महिलाको न्यून पहुँच । ➢ महिला, अपाङ्गता तथा वाल मैत्री पूर्वाधारको कमी । ➢ अशक्त तथा जेष्ठ नागरिकलाई असमान व्यवहार गर्ने प्रवृत्ति बढ्दो । ➢ लक्षित वर्गमा सचेतनाको अभाव । ➢ लक्षित बर्गहरु आर्थिक रुपमा अत्यन्तै पछाडि पर्नु । ➢ लक्षित वर्गका लागी कार्यक्रमहरु हुनु ।	➢ स्थानीय तहमा समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणलाई मूलप्रवाहमा ल्याउन ज्ञान, दक्षता र क्षमता भएका जनशक्तिको उचित व्यवस्थापन गर्नु । ➢ अन्तर निकाय र समन्वय र सहकार्यलाइ प्रभावकारी बनाउनु । ➢ लक्षित वर्गको शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा पहुँच स्थापित गर्नु ।

५.४.३ सम्भावना तथा अवसर

संविधान, र यसलाई आधार मानी तर्जुमा गरिएका कानुन, र विभिन्न सरकारी संवैधानिक आयोगले महिला, बालबालिका, र लक्षित बर्गमा परेका समुदायहरु सिमान्तबाट उठेर विस्तारै मुख्य भूमिकामा उपस्थिति गराउने कानुनी आधार तयार भएको छ । महिला, बालबालिकाहरु समेत गाउँपालिकाको प्राथमिकतामा रहँदै आएको । विकासमा लक्षित वर्ग र समुदायलाई परिचालित गर्ने सम्भावना रहेको र स्थानीय सरकारमा लक्षित वर्गको सम्मानजनक उपस्थित भएको हुँदा उनीहरुको सहभागिता रहने सम्भावना रहेको छ । समावेशी र समानतामूलक समाज निर्माण गर्न, लक्षित वर्गको सामाजिक र आर्थिक उत्थान गर्न, स्थानीय विकास निर्माणमा लक्षित वर्गहरुको समावेशी सहभागिता सुनिश्चित गर्न, स्थानीय सरकारमा लक्षित वर्गको सम्मानजनक उपस्थित हुने अवसर प्रदान गरेको छ ।

५.४.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना

लक्ष्य

समावेशी र समतामूलक समाज निर्माण गर्ने ।

उद्देश्य

- ➢ विकासमा महिला, बालबालिका तथा लक्षित वर्गको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नु ।
- ➢ विकास निर्माणमा लक्षित वर्गको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नु ।
- ➢ बिभेद/भेदभाव, हिंसा तथा दुर्व्यवहारमा परेका समूहहरुलाई बिभेद/भेदभाव, हिंसा र दुर्व्यवहारबाट मुक्त गर्नु ।
- ➢ वञ्चित तथा सामाजिक सुरक्षा नपाएका समुदायहरूलाई सामाजिक सुरक्षा प्रदान गर्नु ।

रणनीति तथा कार्यनीतिहरु

- समानता र सामाजिक समावेशीकरणलाइ संस्थागत गर्ने ।
- महिलाहरुको सशक्तिकरण र समावेशीकरणमा जोड दिने
- बालबालिका मैत्री वातावरण निर्माण गर्ने
- जेष्ठ नागरिकको, सम्मान र संरक्षण गर्ने
- लक्षित वर्ग, र सिमान्तकृत समुदायको सशक्तिकरण र विकास गर्दै सामाजिक गतिविधिमा सहभागी गराइनेछ ।

मुख्य कार्यक्रम

क्र. सं.	कार्क्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सहकारी र अन्य
१	समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अध्ययन अनुसन्धान गर्ने ।	✓	✓	✓		
२	समानता र सामाजिक समावेशीकरण रणनीति तय गर्ने ।	✓	✓	✓	✓	✓
३	समानता र सामाजिक समावेशीकरण सम्बन्धी संस्थागत(गाउँपालिकाको) क्षमता विकास गर्ने ।			✓	✓	
४	महिला, दलित, जनजाति, बिपन्न वर्ग र सीमान्तकृत समुदायको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण र सहभागितामा वृद्धि कार्यक्रम गर्ने ।	✓	✓	✓	✓	✓
५	सामाजिक सुरक्षा कोष स्थापना र सञ्चालन गर्ने ।		✓	✓	✓	✓
६	बाल अधिकारको संरक्षण एवम् प्रवर्द्धन सम्वन्धी नीति, कानुन, योजना तथा मापदण्ड निर्माण र कार्यान्वयन गर्ने ।		✓	✓		
७	महिला हिंसा, दलित, जनजाति, बिपन्न वर्ग, र सीमान्तकृत समुदायको विभेदको अन्त्यका लागी स्थानीय तह, समुदाय, विद्यालय, निजी क्षेत्र लगायत अन्य क्षेत्रमा क्रियाशील व्यक्ति, संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने ।	✓	✓	✓	✓	✓
८	वृद्धवृद्धाको ज्ञान, सीप र अनुभवलाई स्थानीय तहको विकासमा उपयोग गर्ने ।		✓	✓		

५.४.५ अपेक्षित उपलब्धि

- समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, रणनीति तथा योजना तथा कार्यक्रम तयार भई कार्यान्वयनमा आउनेछ ।

- सामाजिक विभेद र लैङ्गिक हिंसा अन्त्य सम्बन्धी कानुन निर्माण भइ कार्यान्वयनमा आएको हुनेछ।
- जोखिम अवस्थाका बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिकहरुको उचित संरक्षण हुनेछ ।
- सामाजिक सुरक्षाका सेवाग्राहीहरुको एकीकृत अभिलेख स्थापित भएको हुनेछ ।

५.४.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकाले महिला, बालबालिका र लक्षित समूहको सहभागितालाई प्राथमिकता दिनेछ ।
- राजनीति, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा लक्षित समूहको सहभागिता बढ्दैजाने छ ।
- सरकार, दातृ निकाय र निजी क्षेत्रले आ-आफ्ना कार्य योजनामा लक्षित वर्गलाई प्राथमिकतामा राख्ने छ ।

५.५ युवा तथा खेलकुद

५.५.१ पृष्ठभूमि

राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक आदिकारहरुको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र युवा उद्यमशीलताका लागी शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ । संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव नं. २२५०, दिगो विकासको लक्ष्य र युथ भिजन-२०२५ ले युवा विकास र सहभागितामा जोड दिएको छ (पन्ध्रौ पञ्चबर्षिय योजना, २०७६/७७-२०८०/८१)।

यो गाउँपालिकामा १५-३० वर्ष उमेर समूहका युवाहरुको संङ्ख्या १५३६ (२८.८०%), १३-४५ वर्ष समूहका ९६४ (१८.०७%) रहेको छ । पालिकामा कुल युवाहरुको सङ्ख्यालाई हेर्ने हो भने १५-४५ वर्ष समूहको जनसङ्ख्या २५०० (४६.८७%) रहेको छ , तर गाउँपालिकाको कुल जनसङ्ख्या मध्ये आर्थिक रुपबाट सक्रिय (१५ -६५ वर्ष उमेर समूहको) जनसङ्ख्या ३४९७ (६५.५७%) रहेको छ । यो जनशक्तिलाई गाउँपालिकाले पूर्ण रुपमा प्रयोग गर्न सकेको अवस्था छैन। यदि यो जनशक्तिको श्रम शक्तिलाई व्यवस्थापन गर्न सक्ने हो भने गाउँपालिकाले आर्थिक क्षेत्रमा महत्वपूर्ण लाभ लिन सक्छ ।

खेलकुद राष्ट्रिय एकतामा बाँध्ने र अन्तराष्ट्रिय जगतमा राष्ट्रिय पहिचान गराउने प्रमुख माध्यम हो । युवा जनशक्तिको लागी खेल महत्वपूर्ण रहेको छ । यसले व्यक्तिको शारीरिक, सामाजिक, मानसिक, संवेगात्मक स्वास्थ्यको सन्तुलित विकास गर्छ । विश्वव्यापी मूल्य मान्यता र प्रविधिको संयोजनबाट नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैंगिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरु हाँसिल गर्न स्थानीय तहदेखि नै खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी सबैका लागी खेलकुद अभियानलाई सार्थकता दिन आवश्यक छ (पन्ध्रौ पञ्चबर्षीय योजना, २०७६/७७-२०८०/८१)।

लिखु पिके गाउँपालिकामा हालसम्म ठूलो खेल मैदान छैन । गाउँपालिकामा पालिका स्थरीय पूर्वाधर र कबर्डहल सहितको खेल मैदानको आवश्यकता रहेको छ, भने हरेक वडामा वडा स्तरीय कभर्डहल सहितको

खेल मैदान आवश्यक छ । हाल प्रत्येक विद्यालयमा सानो ठूलो खेल मैदान रहेको छ र सम्भव भए सम्म सबै सामुदायिक विद्यालय पूर्वाधार सहितको खेल मैदान निर्माण गर्नु पर्ने देखिन्छ । यसलाई व्यवस्थापन गर्न हरेक विद्यालयमा खेल सिकाउने शिक्षकको व्यवस्था गर्नु पर्ने आवश्यकता देखिन्छ । यसले बालबालिका तथा युवा समूहको शारीरिक, समाजिक, मानसिक, संवेगात्मक स्वास्थ्यको सन्तुलित विकास गर्न सहयोग पुग्छ ।

५.५.२ समस्या तथा चुनौती

समस्याहरु	चुनौतीहरु
➢ खेलकुदको विकास र प्रवर्द्धन हुन नसक्नु। ➢ युवा परिषद् गठन हुन नसक्नु । ➢ स्रोत र साधनको अभाव । ➢ खेलकुदको विकासका लागी पूर्वाधारको अभाव। ➢ युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु । ➢ युवाहरुको निरन्तर पलायन । ➢ व्यावसायिक खेलकुद खेलकुद प्रशिक्षणको कमी । ➢ युवामा दक्षता र क्षमताको कमीका साथै उनीहरूलाई उद्यमशील, रोजगारीमूलक र स्वरोजगार बनाउन नसक्नु ।	➢ युवा क्षमताको विकास गर्नु । ➢ युवा प्रतिभा पलायन रोक्नु । ➢ युवामा सकारात्मक सोचको निर्माण गर्नु । ➢ स्थानीय स्तरमा सृजना गर्न सकिने रोजगारीका सम्भावनाहरूमा युवाहरूको आकर्षण गराउनु । ➢ खेलकुद पूर्वाधारको निर्माण गर्नु । ➢ नियमित खेलकुद प्रतियोगिताहरु आयोजना गरी व्यावसायिक खेलकुदको विकास गर्नु ।

५.५.३ संभावन तथा अवसर

सम्भावनाहरु	अवसरहरु
➢ खेलकुदको विकास गरी युवा क्षमताको विकास गर्न सकिने । ➢ स्थानीय स्तरमा खेलकुदको नियमित कार्यक्रम गरी स्थानीय खेल प्रतिभाहरुको पहिचान र विकास गर्न सकिने । ➢ युवा लक्षित आय-आर्जनका कार्यक्रम सञ्चालन गरी युवाहरुलाई रोजगारीमा आवद्ध गराउन सकिने ।	➢ खेलकुद पूर्वाधार विकास गर्न स्थानहरु उपलब्ध हुन सक्ने । ➢ स्थानीय खेल प्रतिभाहरुको माध्यमबाट पालिकाको पहिचानमा थप योगदान हुने । ➢ खेलकुदको विकास गरी युवा क्षमताको विकास गर्न सकिने । ➢ स्थानीय युवायुवतीहरुलाई स्वस्थ्य र स्फूर्त गराउन सकिने । ➢ स्थानीय स्तरमा खेलकुदको नियमित कार्यक्रम गरी स्थानीय खेल प्रतिभाहरुको पहिचान र विकास गर्न सकिने । ➢ युवा विकासका लागी संवैधानिक व्यवस्था हुनु।

५.५.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना

लक्ष्य

खेलकुद विकासको माध्यामबाट युवाशक्तिको विकास गरी पालिकाको समृद्धिमा योगदान पुऱ्याउने ।

उद्देश्य

- युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु ।
- खेल पूर्वाधार निर्माण गर्दै खेलकुदको विकास गर्नु ।
- खेलकुद क्षेत्रलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

रणनीति तथा कार्यनीतिहरु

- युवाहरूको क्षमता विकास गरी रोजगारीको अभिवृद्धि गर्ने
- खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।
- प्रतिभावान खेलाडीको पहिचान क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने ।

मुख्य कार्यक्रमहरु तथा कार्ययान्वयन योजना

क्र. स.	कार्यक्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सरकारी र अन्य
१	युवाहरुलाई कृषि, पशुपालन तथा घरेलु उद्योगतर्फ आकर्षित गर्न आवश्यक नीति निर्माण गरी अनुदान समेत प्रदान गर्ने ।		✓	✓	✓	
२	कार्यविधि निर्माण गरी युवा परिषद् गठन गर्ने ।			✓		
३	एक वडा एक खेल मैदानको योजनालाई निरन्तरता दिने ।		✓	✓		
४	प्रत्येक वडामा सुविधा सम्पन्न कभर्डहल बनाउन पूर्वाधार निर्माण गर्ने ।	✓	✓	✓	✓	
५	युवाहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु गर्ने।		✓	✓		
६	युवा तथा खेलकुदको संस्थागत विकास गर्ने ।		✓	✓	✓	
७	युवाहरुलाई रोजगार सृजना र उद्यमशीलताको लागी सहुलियत ऋण र तालिम प्रदान गर्ने ।	✓	✓	✓	✓	✓
८	खेलकुद मैदान निर्माण गर्ने (वडा नं. २, ४, ८)।	✓	✓	✓	✓	
९	पालिकास्तरिय खेकलुद प्रतियोगीताहरु नियमित रुपमा सञ्चालन गर्ने ।		✓	✓	✓	✓
१०	प्रशिक्षकहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गर्ने ।		✓	✓	✓	✓
११	विद्यालयमा खेलकुद शिक्षक र सामाग्रीहरु उपलब्ध गराउने ।		✓	✓	✓	
१२	स्थानीय युवा क्लबहरुको क्षमता अभिवृद्धि गर्ने ।		✓	✓	✓	

५.५.५ अपेक्षित उपलब्धि

- पालिका स्तरीय खेलकुद मैदान स्तरोन्नती हुनेछ ।
- प्रत्येक वडामा कभर्डहल निर्माण हुनेछ ।
- सबै माध्यमिक विद्यालयमा खेलकुद शिक्षक र खेलकुदका सामाग्रीहरुको व्यवस्था हुनेछ ।

- वार्षिक रुपमा अन्तर विद्यालय खेलकुद प्रतियोगिताहरु आयोजना हुनेछ ।
- युवाहरुले उद्यमशीलता तालिम प्राप्त हुने छन् ।
- स्थानीय क्लबहरु स्थापन हुनेछन् ।
- स्थानीय क्लबहरुको क्षमता अभिवृद्धि हुनेछ ।
- युवाहरुले उद्यम र स्वरोजगारको लागी सहुलियत रुपमा ऋण प्राप्त हुनेछन् ।

५.५.६ अनुमान तथा जोखिम पक्ष

- सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग भएको हुनेछ ।
- अन्तर सरकार समन्वय भएको हुनेछ ।
- पालिकाले युवालक्षित कार्यक्रमहरु वार्षिक योजनामा समावेश गर्नेछ ।
- युवाहरु पालिकाको विकासमा लाग्न प्रेरित हुनेछन् ।

परिच्छेद ६: पूर्वाधार क्षेत्र

६.१ आवास, भवन, बस्ती, तथा सार्वजनिक निर्माण

६.१.१ पृष्ठभूमि

आवासको हक मौलिक हक भनी नेपालको संविधानले नै व्याख्या गरेको छ । नेपालको संविधानले सबै नागरिकको शुरक्षित, उपयूक्त र वातावरण मैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने र आवास नभएका नागरिकलाई आवासको व्यवस्था गर्दै अव्यवस्थित वसोवासलाई व्यवस्थित बस्तीको विकास गर्ने नीतिगत व्यवस्था गरेको छ ।

यो गाउँपालिकामा भू-उपयोग क्षेत्रहरुमा वन क्षेत्र सबै भन्दा धेरै रहेको छ । वनले ६१.५२%, खेती योग्य जमीन ३०.६१%, पानीले ढाकेको क्षेत्र ५.२२%, सार्वजनिक उपयोग १%मानव बस्ती ०.५९% र अन्य (उद्योग, खानी, सम्पदा, पहिरो, भिर) १.११% रहेको छ (स्रोतः भू-उपयोग योजना, २०७९) । लिखु पिके गाउँपालिका भौगोलिक हिसाबले आफै विकट छ । भौगोलिक विकटताको कारण यहाँ जनसङ्ख्या न्यून छ । न्यून जनसङ्ख्या रहेता पनि आवास निर्माण र बस्ती विकास कार्य भइरहेको हुनाले यस क्षेत्रमा पनि व्यवस्थित आवास र बस्ती विकास हुन आवश्यक छ । गाउँपालिकामा निर्मित आवासहरुमा भवन सम्बन्धी मापदण्ड र संहिता पालनामा कमी हुने गरेको देखिन्छ । जसले गर्दा यसरी आफुखुसी विकास गरिएका आवास र बस्तीहरु जोखिमयुक्त र अव्यवस्थित हुने गरेका छन् भने कति पय भएगरेका बस्तीहरु पनि जोखिपूर्ण स्थानमा रहेकाछन् ।

भूगोलको हिसाबले आफै विकट अनि आफुखुसी विकास गरिएका आवास र बस्तीहरु जोखिमयुक्त र अव्यवस्थित त्यस्तै विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा छरिएर बसेका घरपरिवारलाई नजिकको शुरक्षित स्थानमा आर्थिक रुपले सबल हुने गरी एकीकृत बस्तीमा स्थानान्तरण गर्नु पर्ने विद्यमान आबश्यकता बनेको छ । एकातिर सार्वजनिक निर्माणका लागी पनि प्रशस्त अनुकुल र सरकारी जग्गा जमीनको अभावले गर्दा नयाँ सार्वजनिक संरचान निर्माणमा समस्या देखिएको छ भने अर्कातिर भए गरेका सार्वजनिक संरचनाहरु पनि पूर्णरुपमा भरपर्दा र विश्वसनीय कती छ भन्ने हो ।

यो गाउँपालिकामा साना तथा ठूला बस्ती गरी १५० भन्दा बढी रहेको छ । यहाँ १२५१ घरधुरी रहेको भने ९५.८% को आफ्नै घर रहेको छ र गाउँपालिकाको जनघनत्व ४२.८८ व्यक्ति प्रति वर्ग कि. मी. छ । गाउँपालिकाका अधिकांश आवास छरिएर रहेका छन् । यद्यपि केही क्षेत्रमा केही बाक्लो बस्ती बिस्तार भएको देखिन्छ । यस गाउँपालिकामा धेरै भिरालो जमीन भएको र भौगोलिक हिसाबले कमजोर जमीन रहेको छ । पालिका पूर्ण रुपले ग्रामीण गाउँपालिका हो । त्यसकारण यहाँ पक्की घर १.३% देखिन्छ भने ९५.१% घर माटोको जडान भएको, २.४% घर काठ/बाँसको खम्बा गाडेको, २.१%सिमेन्टको जडान भएका घर रहेको छ । यस्तै गरेर जस्ता पाता लगाएको घर ९०%, काठ/पल्याक को छाना भएको ३.१% र सिमेन्ट ढलान घर १.३% रहेको छ (स्रोतः राष्ट्रिय जनगणना, २०७८) ।

६.१.२ समस्या तथा चुनौती

समस्याहरु	चुनौतीहरु
➢ व्यवस्थित आवास र बस्ती विकासमा हुन नसक्नु कठिन भू-धरातल र योजनाबद्ध बस्ती विकास गर्न नसकिएको । ➢ आवास तथा बस्ती विकासको लागी उच्च लागत लाग्ने । ➢ निर्माण सामाग्रीहरु बाहिरबाट आयात गर्नुपर्ने । ➢ जोखिम युक्त बस्ती तथा भिरालो जमीन ➢ ग्रामीणयुक्त छरिएर रहेको बस्ती भएकोले पूर्वाधार सेवा विस्तार गर्न कठीन । ➢ धेरै ठाउँमा पहिरो गएको र भौगोलिक हिसाबले कमजोर जमीन रहेको कारण बसोबासयोग्य क्षेत्रको कमी ।	➢ छरिएर रहेका बस्तीहरुमा सेवा सुविधा विस्तार गर्न कठीन । ➢ छरिएर रहेका बस्तीहरुमा सेवा सुविधा विस्तार गर्न कठीन । ➢ पालिकामा निम्न आय भएकाहरुको घरपरिवारको लागी योजनाबद्ध जनता आवास कार्यक्रम सञ्चालन गर्न । ➢ भवन संहिता र निर्माण मापदण्डको पूर्ण कार्यान्यवयन गर्न । ➢ नयाँ घरहरु निर्माण गर्दा मौलिकता लोप हुँदै गएको । ➢ अशुरक्षित तथा जोखिमयुक्त स्थानमा बस्तीहरु भएको । ➢ व्यवस्थित आवास र बस्ती विकासमा जग्गा प्राप्त गर्न जटिल हुँदै गइरहेको ।

६.१.३ सम्भावना तथा अवसर

सम्भावनाहरु	अवसरहरु
➢ जोखिमपूर्ण बस्ती व्यवस्थित गर्न सकिने ➢ शहरीकरण नभएको हुँदा पूर्वाधार विकासलाई सहज हुने । ➢ शुरक्षित स्थानहरु पहिचान गरी शुरक्षित वस्ती तथा आवास निर्माण गर्न सकिने । ➢ बस्ती तथा बजारलाई एकीकृत गर्न सकिने । ➢ जोखिमयुक्त क्षेत्रमा बसोबास गरीरहेका घरधुरीहरुलाई एकीकृत बस्ती आवास गरी शुरक्षित आवासहरुको विकास गर्ने सकिने ।	➢ व्यवस्थित र भूकम्प प्रतिरोधक बस्तीहरु निर्माण र विकास गर्न सकिने । ➢ अशुरक्षित र जोखिमयुक्त बस्तीहरुलाई स्थानान्तरण गर्न सकिने । ➢ नयाँ घरहरु निर्माण गर्दा स्थानीय मौलिकता कायम राख्न सकिने । ➢ तीव्र शहरीकरण नभएको कारण पूर्वाधार विकासलाई सहज हुने गरी बस्ती तथा बजारलाई एकीकृत गर्न सकिने ।

६.१.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना

लक्ष्य

व्यवस्थित र शुरक्षित आवास तथा बस्ती विकास गर्ने ।

उद्देश्य

➢ सबै आय बर्गका निम्ति उपयुक्त, शुरक्षित वातावरणमैत्री, सुलभ र उत्थानशील आवास निर्माण तथा स्तरोन्नति गर्नु ।

रणनीति तथा कार्यनीति

➢ भौगोलिक रुपमा विकट, विकासको लागी बाधक, अपायक र विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका बस्तीलाई निरुत्साहित गर्ने ।

- वातावरणीय हिसावले सन्तुलित, आर्थिक हिसावले सम्भव र प्राविधिक हिसाबले शुरक्षित तथा व्यवस्थित एकीकृत बस्तीहरुको विकास गर्ने ।
- स्थानीय जनसमुदायलाई भू-कम्प प्रतिरोधी आवास निर्माणमा प्रेरित गरिनेछ ।

प्रमुख कार्यक्रमहरु

क्र. स.	कार्यक्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सरकारी र अन्य
१	आवास, बस्ती विकास र भवन सम्बन्धी आवश्यक नीति तथा मापदण्डहरु तर्जुमा गर्ने ।			✓		
२	भू-उपयोग योजना अनुसार आवास तथा बस्ती विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।			✓	✓	✓
३	आवास तथा बस्ती विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।			✓	✓	
४	शुरक्षित र व्यवस्थित बस्ती विकासको लागी योग्य र अयोग्य भूमिको पहिचान गर्ने ।			✓	✓	✓
५	न्यून आय हुने वर्गका लागी सुलभ आवासको व्यवस्था गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने ।			✓	✓	
६	जोखिममा रहेको बस्तीहरुको शुरक्षित स्थानमा स्थानान्तरण गर्ने र यस्ता स्थानान्तरण गरिएका बस्तीलाई एकीकृत बस्तीमा विकास गर्ने ।	✓	✓	✓	✓	✓
७	सार्वजनिक जग्गा र नदी किनार लगायतका क्षेत्र अतिक्रमण गरी गरिने बस्ती विकास लगायतका कार्यक्रमहरुलाई निरुत्साहित गर्ने ।			✓	✓	
८	भवन निर्माणमा सहभागी ठेकेदार, कामगर्ने श्रमिकलाई तालिम दिने ।	✓	✓	✓	✓	✓
९	भवनहरु निर्माण गर्दा परम्परागत वास्तुकला र शैलीलाइ बढावा दिइ निर्माण गर्ने ।			✓	✓	✓
१०	जनतासँग आवास कार्यक्रमलाई समन्वय गर्ने ।	✓	✓	✓	✓	✓

६.१.५ अपेक्षित उपलब्धि

- जोखिमयुक्त स्थानमा बसोबास गरिरहेकाहरुका लागी शुरक्षित स्थलमा एकीकृत बस्ती विकास कार्यक्रम लागू हुनेछ ।
- शुरक्षित र सुविधा सम्पन्न शहरी पूर्वाधारयुक्त आवास र बस्तीहरु विकास हुनेछन् ।
- भवन संहिता र निर्माण मापदण्डको पूर्ण कार्यान्यवयन हुनेछ ।

६.१.६ अनुमा तथा जोखिम पक्ष

- पालिकाले निर्माण तथा योजना मापदण्डको सफल कार्यान्वयन गर्नेछ ।
- स्थानीय निबासीहरु शुरक्षित आवास तथा योजना बद्ध बस्ती विकासमा सकृय सहभागी हुनेछन् ।

- बस्ती विकास पूर्वाधार निर्माणमा पालिका, सरकारी निकाय र अन्य सरोकारवालाहरुको निरन्तर सहयोग हुनेछ ।

६.२ सडक, पुल तथा यातायात

६.२.१ पृष्ठभूमि

सडक पूर्वाधारको मेरुडण्ड हो । सडक, पुल पुलेसा तथा यातायातले स्थानीय सामाजिक, आर्थिक र भौतिक विकासमा महत्वपूर्ण भूमिका हुने गर्दछ । सडक र यातायाताको विकाससँगै स्थानीय उत्पादनहरुले बजारसम्मको सहज पहुँच पाउँछन् भने वरीपरीका अन्य बजार केन्द्र, शहर र पालिकाहरुसँग गाढा सामाजिक आर्थिक अन्तरसम्बन्ध स्थापित हुन्छ । सडक तथा यातायात प्रणालीमा गरिने लगानीले बजार र शहरीकरणलाई समेत सहयोग पुऱ्याइरहेको हुन्छ । यसै तथ्यलाई मध्यनजर गरी सडक तथा यातायात पूर्वाधार विकासको सन्दर्भमा ५ बर्षे आवधिक लक्ष्य, उदेश्य, समस्या र चुनौती, सम्भावना र अवसर, रणनीति र कार्यनीति तथा विकासका कार्यक्रमहरुको प्राथामिकिकरण तल प्रस्तुत गरिएको छ ।

६.२.२ समस्या तथा चुनौती

समस्याहरु	चुनौतीहरु
➢ सवै बस्ती तथा वडामा सडक सञ्जालले नजोडिएको ➢ विद्यमान सडक पूर्वाधार कमजोर हुँदा नियमित यातायात सेवा सञ्चालन हुन नसक्नु । ➢ मुख्य बस्ती, बजार र धार्मिक/पर्यटकीय क्षेत्रहरु सम्म स्थानीय सडकको पहुँच नहुनु । ➢ अध्ययन इन्जिनियरिङ डिजाईन विना मापदण्ड बिहीन सडकहरुको ट्र्याक खोल्नु । ➢ सडक संजालको अभावमा ग्रामीण भेगका बजार केन्द्रहरुमा आर्थिक गतिविधिहरुको कमी । ➢ सडकहरु ज्यादै साँघुरो तथा घुम्ती भएकोले जोखिम धेरै भएको ।	➢ स्थानीय नागरिकहरु जोखिमपूर्ण यात्रा गर्न बाध्य हुनु । ➢ सडक निर्माणको लागी लगानी जुटाउनु । ➢ भौगोलिक कठिनाईलेगर्दा सडक निर्माणमा कठिनाइ र धेरै लगानी चाहिने । ➢ गाउँपालिकाको आन्तरिक आय कमहुँदा सडक पूर्वाधारमा लगानी बढाउनु । ➢ सडक दुर्घटना न्यूनीकरण गरी शुरक्षित यातायात सञ्चालन गर्नु ।

६.२.३ सम्भावना तथा अवसर

सम्भावनाहरु	अवसरहरु
➢ ईञ्जिनियरिङ अध्ययन र डिजाइन अनुसार गुणस्तरीय सडक निर्माण गर्न सकिने । ➢ स्थानीय बजार, बस्तीहरु र मुख्य पर्यटकीय स्थलहरुलाइ सडक संजालसँग जोडी सडक तथा यातायात पूर्वाधार विकासले स्थानीयवासीको आवगमनलाइ सहज बनाउन सकिने ।	➢ सडक संजालको विकास गरी पर्यटन तथा आर्थिक गतिविधि बढाउन सकिने । ➢ गाउँपालिकालाई वरिपरिका गाउँ/नगरपालिकासम्म जोड्न सकिने । ➢ पूर्वाधारमा लगानी केन्द्रित गरी स्तरीय सडकहरु बनाउन सकिने ।

➢ वातावरणमैत्री हुँदै वातावरणलाई कम क्षति गरेर सडक निर्माण गर्न सकिने । ➢ गाउँपालिकाको आन्तरिक व्यापार र अन्तर पालिका कारोबारलाई वृद्धि गर्न सकिने ।	➢ स्थानीय अर्थतन्त्रलाई समुन्नत बनाउन सक्ने ।

६.२.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र योजना

लक्ष्य

सडक तथा यातायातको पूर्वाधार गाउँपालिकाको समृद्धिको आधार ।

उदेश्य

- ➢ सडक पूर्वाधारको विस्तार र विकास, मर्मत संभार र सडक सुरक्षा गरी सहज सवारी आवगमन सुनिश्चित गर्नु ।
- ➢ गाउँपालिकाका सेवाकेन्द्र, बजारकेन्द्र र बस्तीहरुमा सडक तथा यातयातको पहुँचमा विस्तर गर्नु ।

रणनीति तथा कार्यनीति

- ➢ सडक तथा यातायातको पहुँचमा सुधार गर्ने ।
- ➢ सडक संजाल सुधार गर्ने ।
- ➢ सडक तथा यातायात प्रणालीलाई व्यवस्थित गर्ने
- ➢ सडकको डिजाइन निर्माण, मर्मत-संभार तथा सडक सुरक्षाका लागी आधुनिक प्रविधिको उपयोग र यान्त्रीकरणमा जोड दिने ।

प्रमुख कार्यक्रमहरु

क्र. स.	कार्यक्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सरकारी र अन्य
१	गाउँपालिकामा यातायात गुरु योजना तयार गर्ने ।			✓		
२	यातायात गुरु योजनाले तयार गरेको कार्ययोजना लागू गर्ने ।			✓		
३	गाउँपालिकाको केन्द्रदेखि प्रत्येक वडासम्म जोडने सडकहरुको स्तरोन्नती गर्ने ।		✓	✓		
४	गाउँपालिकाको रणनैतिक सडकहरुलाई बाह्रै महिना सञ्चालन हुने गरी तयार गर्ने ।	✓	✓	✓		
५	रणनैतिक सडक र पक्की तथा झोलुङ्गे पुलहरुको आवश्यक मर्मत संभारका लागी पर्याप्त अध्ययन र अनुसन्धान गरी प्राथमिकता निर्धारण गर्ने ।			✓		
६	सडक तथा यातायात सम्बन्धी नीति, कानुन र मापदण्ड तयार गर्ने ।			✓		

६.२.५ अपेक्षित उपलब्धि

- ➢ गाउँपालिकाका सम्पूर्ण वडा, बजार, बस्ती र टोलहरुमा सडकको पहुँच स्थापित हुनेछ ।
- ➢ प्राथामिकताको आधारमा सडकहरुको स्थरोन्नति गरिनेछ ।

- गाउँपालिका भित्र स्थानीयवासीहरुको सहज आवागमन हुनेछ ।
- गाउँपालिकाको यातायात गुरु योजनाको पूर्ण कार्यान्वयन हुनेछ ।
- स्थानीय खोला र नदीहरुमा पक्की पुलहरु निर्माण हुनेछ ।
- विद्यमान ग्राभेल र धुले सडकहरुको स्तरोन्नती हुनेछ ।
- मुख्य सडक क्रमागत रुपमा पक्की हुने छ ।
- सम्भाव्यता अध्ययन सहित नयाँ सडकहरु निर्माण हुनेछ ।

६.२.६ अनुमान तथा जोखिम पक्ष

- सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग भएको हुनेछ
- अन्तर सरकार समन्वय भएको हुनेछ ।
- सडक तथा यातायात मापदण्ड अनुसार गुणस्तरीय निर्माण हुनेछ ।

६.३ जलश्रोत, विद्युत तथा बैकल्पिक ऊर्जा

६.३.१ पृष्ठभूमि

गाउँपालिकाको विकास र समृद्धिको लागी जलस्रोतको बहुउपयोगलाई प्रवर्धन गर्नु आबश्यक छ । यसको समुचित व्यवस्थापन विकास मार्फत जलविद्युत, सिंचाइ, खानेपानी जस्ता पूर्वाधारको विकास सम्भव छ । जलस्रोतको समुचित विकास तथा उपयोग गर्नका लागी नीतिगत व्यवस्था मार्फत संघ, प्रदेश र स्थानीय तहको सक्रियता, समन्वय र सहकार्यको आवश्यकता रहेको छ । यो पालिकाको जलस्रोत प्रयोग गरेर हाल ४ वटा ठूला जलविद्युत उत्पादन आयोजनाहरु सञ्चालनमा रहेकाकाछन् । यस मध्ये एउटाबाट उत्पादन शुरु भईसकेको र अन्य ३ वटा भने निर्माणाधिन अवस्थामा छन् । यी चारवटा पावरहाउसबाट करिव १० मेगावाट विद्युत उत्पादन हुन्छ । विद्युतमा स्वदेशी तथा बैदेशिक लगानी आकर्षण वढेको र भइरहेको यो परिवेशलाई यदि यहाँ रहेका लिखु खोला, लगाएत मार्बु खोला, थेमजेङ खोला, किञ्जा खोला, ढाडे खोला, घट्टेखोला, कोरेसि खोला, बुकु खोला, कढ्डाबु खोला, ओईमु खोला लाई प्रयोग गर्न सकेको खण्डमा लिखु पिके गाउँपालिका उर्जाको हव बन्न सक्दछ ।

गाउँपालिकाको सबै वडा र ९८.१% घरधुरीमा विद्युत जडान भएको छ भने भने १.७% घरधुरीले बैकल्पिक उर्जा सोलार प्रयोग गर्ने गरेका छन् । यति धेरै विद्युत उत्पादन हुने यस गाउँपालिकामा हाल पनि लोडसेडीङ हुने र छिन छिनमा विद्युत आपूर्ति बन्दहुने समस्याले छोडेको छैन । यो समस्यालाई समाधान गर्न गाउँपालिकामा निरन्तर र नियमित विद्युत वितरण गर्न यहाँका विद्युत उत्पादन कम्पनी, विद्युत प्राधिकरण र स्थानीय विच समन्वय गर्नु पर्ने देखिन्छ । साथै गाउँपालिकामा रहेका उद्योग व्यवसायहरुबाट स्थानीय सरकारलाई राजस्व समेत प्राप्त हुने हुनाले उर्जाको वितरणलाई सुलभ बनाइ यसको प्रयोगलाई गाउँपालिकाले प्रोत्साहन गर्नुपर्ने छ ।

६.३.२ समस्या तथा चुनौती

समस्याहरु	चुनौती
➢ सबै घरधुरीमा विद्युतीकरण हुन नसकेको । ➢ नियमित रुपमा विद्युत सेवा नभएको (लोडसेडिङको समस्या) ।	➢ पालिकाका सबै बस्तीहरु विद्युतीकरण हुननसक्नु । ➢ अन्तरनिकाय समन्वयमा कमी हुनु ।

➢ विद्युत वितरण प्रणालीको सुदृढीकरण हुन नसक्नु । ➢ विद्युतको उपयोग केबल उज्यालोको प्रयोजनाका लागी मात्र गरिएको । ➢ इन्धनको श्रोतको रुपमा दाउराको प्रयोगले गर्दा वनमा अत्याधिक चाप परेको ।	➢ विद्युतलाई उज्यालो बाहेक अन्य घरायसी प्रयोजनहरुमा ल्याउन । ➢ लोडसेडिङ्को अन्त्य गर्नु । ➢ स्थानीय घरधुरीहरुमा विद्युत खपत बढाउनु।

६.३.३ सम्भावना तथा अवसर

सम्भावना	अवसर
➢ विद्युतीकरणको लागी जलस्रोतको उपयोग गर्न सकिने ➢ गाउँपालिकामा वैकल्पिक ऊर्जाको सम्भावना समेत प्रशस्त रहेको ➢ गाउँपालिका भित्रका सम्पूर्ण वडा, टोल र बस्तीहरुमा विद्युतीकरण गरी वन तथा अन्य आयातीत उर्जाको खपतमा कमी ल्याउन सकिने	➢ स्थानीय लघु जलविद्युतबाट उत्पादित बिजुली निर्यात गर्न सकिने । ➢ स्थानीय लघु तथा घरेलु उद्योगहरुको प्रवर्द्धनबाट विद्युत खपत बढाउन सकिने । ➢ कृषिमा विद्युतीकरण गरी कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने । ➢ वैकल्पिक उर्जालाई प्रवर्द्धन गर्न सकिने

६.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र योजना

लक्ष्य

जलविद्युतको दिगो र भरपर्दो विकासबाट गाउँपालिकाको समृद्धिमा योगदान पुऱ्याउने ।

उद्देश्य

- ➢ सवै घरधुरीहरुमा विद्युतीकरण गर्ने ।
- ➢ उर्जालाई घरायसी ईन्धनको रुपमा अधिकतम सदुपयोग गर्ने ।
- ➢ जलश्रोतको अधिकतम उपयोग गरी राजस्वको दायरा वृद्धि गर्ने

रणनीति र कार्यनीति

- ➢ जलस्रोतको संरक्षण र उपयोग गर्ने ।
- ➢ गाउँपालिकाका सबै घरधुरीहरुमा उर्जालाई भरपर्दो र सुलभ बनाउने ।
- ➢ उर्जाको बृहत प्रयोगमा जोड दिईने छ ।

मुख्य कार्यक्रमहरु

क्र. स.	कार्यक्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सरकारी र अन्य
१	थप विद्युत उत्पादनको लागी जलविद्युतको संभाव्यता अध्ययन गर्ने ।	✓	✓	✓	✓	

२	जलस्रोत तथा जलाधारको संरक्षण गर्ने	✓	✓	✓	✓	✓
३	विद्युत तथा वैकल्पिक उर्जा सम्बनधी नीतिहरु तर्जुमा गर्ने ।		✓	✓		
४	नवीकरणीय तथा वैकल्पिक उर्जा उत्पादनमा सहयोग गर्ने ।			✓	✓	
५	खानेपानी, लिफ्ट सिंचाइ, घरेलु उद्योग लगायतको क्षेत्रमा हुने बिजुलीमा सहुलियत प्रदान गर्ने ।			✓		

६.३.५ अपेक्षित उपलब्धि

- जलस्रोत तथा जलाधारको संरक्षण भएको हुनेछ ।
- विद्युतको नियमित आपूर्तिसगै गाउँपालिका भित्र घरेलु तथा साना उद्योगहरुको स्थापना भइ नयाँ रोजगारहरुको सृजना भएको हुनेछ ।
- गाउँपालिकाले विद्युत तथा उर्जाबाट थप राजस्व प्राप्त गरेको हुनेछ ।
- ईन्धनको रुपमा विद्युतको प्रयोगको गर्ने घरपरिवारको संङ्ख्या बढेको हुनेछ ।
- गाउँपालिकामा राष्ट्रिय प्रसारण लाइन पुगेको हुनेछ ।
- स्थानीय वन विनाश र वातावरणमा सकारात्मक प्रभाव हुनेछ ।
- विद्युतको नियमित आपूर्ति गरी गाउँपालिका भित्र उद्योगहरुको वृद्धि भइ नयाँ रोजगारहरुको अवसर सृजना भएको हुनेछ ।
- ईन्धनको रुपमा विद्युतको प्रयोगको गर्ने घरपरिवारको संङ्ख्या बढेको हुनेछ ।
- जलविद्युतको अधिकतम उत्पादन भइ राजस्वमा सहयोग पुऱ्याएको हुनेछ ।

६.३.६ अनुमान तथा जोखिम पक्ष

- जलस्रोतको संरक्षण गर्ने ।
- केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध गराउने ।
- ऊर्जा अनुदान, सहयोग र ऋण उपलब्ध हुनेछ ।
- निजी क्षेत्रबाट उत्पादित ऊर्जा सहज रुपमा बिक्री हुनेछ ।

६.४ सूचना, सञ्चार तथा प्रविधि

६.४.१ पृष्ठभूमि

नेपलको सविधानले सूचना तथा संचारको हकलाई मौलिक हकको रुपमा उल्लेख गरेकोछ । त्यसकारण सूचना, सञ्चार र प्रबिधिको क्षेत्रले मर्यादित, व्यावसायीक, दायित्व र जिम्मेवार अगाडि बढ्नु पर्ने देखिन्छ । प्रविधिमा भएको विकासले गर्दा आधुनिक विश्व नै एक ठाँउमा रुपान्तरण भएको छ । हालका वर्षहरुमा दिगो विकासका बृहत्तर लक्ष्य हासिल गर्न अवलम्वन गरिएका रणनीतिहरुको केन्द्रमा सूचना तथा संचार प्रविधि रहदै आएको छ । सूचना तथा संचार प्रविधिको प्रयोग मार्फत प्राप्त हुने अन्य लाभका अतिरिक्त यो प्रविधिको प्रयोगबाट गाउँपालिकामा सुशासनको प्रत्याभूत गर्नुका साथै बढि पारदर्शी एवं प्रभावकारी सार्वजनिक व्यवस्थापनको लागी यथेष्ठ पूर्वधार निर्माण गर्न सकिन्छ । साथै सूचना प्रविधि र यसमा आधारित विभिन्न सेवाहरु (Information Technology: Information Technology Enabled Services/Business

Process Outsourcing) लगायत अन्य उद्योग एवं सेवाजन्य व्यवसायको वृद्धिद्वारा गाउँपालिकाको मात्र नभएर बृहत्तर राष्ट्रिय लक्ष्यहरु हासिल गर्नमा समेत यो प्रविधि सहायक हुने देखिन्छ ।

गाउँपालिकामा अहिलेसम्म ईन्टरनेट र ल्याण्डलाइन टेलिफोन सेवा सुविधा निकै कमजोर छ । राजधानी काठमाण्डौबाट प्रकाशित हुने पत्रपत्रिकाहरु समेत पाउन मुस्किल छ । हालैका वर्षहरुमा गाउँपालिकाको सवै वडाहरुमा रहेकोले केही घरधुरीहरुमा टेलिभिजन सेवा भने उपलब्ध रहेको छ ।

सूचना तथा संचार प्रविधि पूर्वाधारको हिसाबले हेर्दा यो गाउँपालिका निकै कमजोर देखिन्छ । यस क्षेत्रमा टेलिफोन नेटवर्कको समस्याका कारण अत्यावश्यक समयमा सूचना आदान प्रदान गर्न समस्या परेको देखिन्छ । यसमा सम्बन्धित निकायको ध्यान पुग्न नसकेको हुन सक्छ । सहज दिनचर्याको लागी मानिसहरुले विभिन्न सामाग्रीहरुको प्रयोग गर्ने गर्दछन् । त्यसमध्ये विशेष सुविधाका सामाग्रीहरुमा टिभी, कम्प्यूटर, मोबाइल सेट, ईन्टरनेट, 3G, 4G आदि प्रयोग गर्ने गर्दछन् । यस स्थानमा कुल घरधुरी संङ्ख्यामध्ये ७८.७% घरहरुमा मोबाईल सेट, ६६.८% रेडियो, ३९.९% घरहरुमा टिभी, ३८.२% स्मार्ट फोन, ०.६% परिवारमा कम्प्यूटर प्रयोग गर्ने गरेको पाइन्छ । यस तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने अधिकांश परिवारमा मोबाइल फोन सुविधा पुगेको र स्थानीय नागरिकहरु पनि आधुनिक प्रबिधिको पहुँचमा रहेको देखिन्छ ।

गाउँपालिकामा इ-शासकीय प्रणालीका केही पूर्वाधारहरु (कम्प्युटर, कम्प्युटर नेटवर्किङ, इन्टरनेट, वेभसाईट, वाईफाई) जडान भइ सञ्चालनमा आएकाछन् । गाउँपालिका र नागरिकबिच हुने कारोवारहरु जस्तै इ-भुक्तानी, इ-आवेदन, इ-सर्भे, इ-अनुमति तथा जोखिम व्यवस्थापनका लागी पूर्व चेतावनी जस्ता पूर्वाधाहरुको अभावले नागरिक तहसम्म सेवा प्रवाह हुन सकेको छैन । त्यसैगरी गाउँपालिका र व्यवसायीहरुबिच हुने कारोवारहरु (इ-खरिद) को सुरुवात भएको छ ।

६.४.२ समस्या तथा चुनौती

समस्या	चुनौती
➢ गाउँपालिकामा ल्याण्ड लाइन र इन्टरनेट सेवा प्रदायक संस्थाहरु नपुगेको । ➢ टेलिफोन नेटवर्कको समस्याका कारण अत्यावश्यक समयमा सूचना आदान प्रदान गर्न समस्या । ➢ सञ्चार सेवामा सबै नागरिकको पहुँच पुग्न नसक्नु । ➢ सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको न्यून उपयोग हुनु । ➢ आवश्यक जनशक्ति र प्राविधिक ज्ञानको अभाव । ➢ गाउँपालिकाको वेभसाइट नियमित अद्यावधिक नहुने । ➢ आवश्यक कानुन र नीतिगत व्यवस्थाको अभाव ।	➢ गाउँपालिका कार्यालय र वडा कार्यालयहरुलाई सूचना प्रविधि मैत्री बनाउनु । ➢ नीतिअनुरुप सस्थागत हुन नसक्नु । ➢ सामाजिक संजालको बढदो प्रयोगबाट आउने चुनौती र विकृतिहरु । ➢ सूचना तथा संचार प्रविधिका क्षेत्रमा विभिन्न परियोजना तर्जुमा तथा कार्यान्वयनमा चुनौती। ➢ गाउँपालिकाबाट प्रवाह हुने सेवाहरु सरल, सहज र पारदर्शी हुने । ➢ गाउँपालिकाका काम कारवाही र भुक्तानी प्रणाली पारदर्शी हुने । ➢ मोवाइल सेवा भरपर्दो बनाउनु । ➢ स्थानीय पत्रपत्रिका प्रकाशन गर्नु ।

	➢ टेलिफोन टावरहरु विस्तार गर्नु । ➢ इन्टरनेट र वाईफाईको गुणस्तर र पहुँच बढाउनु ।

६.४.३ सम्भावना र अवसर

सम्भावनाहरु	अवसरहरु
➢ सूचना प्रविधिको प्रयोगले गाउँपालिकाको सेवा प्रवाहलाई सरल, चुस्त गर्न सकिने ➢ सूचना छिटो र सहज रुपमा जनमानसमा पुऱ्याउने सकिने । ➢ प्रविधिमैत्री गाउँपालिकाको रुपमा स्थापित गराउने ।	➢ समय र पैसाको बचत हुने । ➢ छिटो र सहज रुपमा सूचना प्राप्त हुने । ➢ नेपालको संविधानले प्रदान गरेको सूचना, संचार, प्रकाशन र प्रसारण सम्बन्धी हकहरुको सुनिश्चितता हुने । ➢ गाउँपालिकाका सबै वडा, टोल र बस्तीहरुसम्म ल्याण्डलाइन, मोवाइल सेवा र इन्टरनेट सेवाको पहुँच स्थापित हुने । ➢ सरकार र आधारभूत सेवामा नागरिकको पहुँच बढाउन सूचना प्रविधिको प्रयोग गर्ने नीति रहेको । ➢ गाउँपालिकाको वेभसाइटको व्यवस्था रहेको ।

६.४.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

- ➢ सञ्चार तथा सूचना प्रविधिमा सबै नागरिकको पहुँच बढाउनु ।
- ➢ विद्युतीय सरकारको अवधारणा अनुरुप यो आवधिक योजना अवधिभर कम्तिमा ८० प्रतिशत नागरिक लक्षित सेवाहरु अनलाइन मार्फत् प्रदान गर्ने ।

उद्देश्य

- ➢ मोवाईल, टेलिफोन र इन्टरनेट सेवाको पहुँच सबै नागरिकमा सुनिश्चित गर्ने ।
- ➢ आमसंचार माध्यमलाई निस्पक्ष, विश्वसनीय र व्यवसायिक बनाउने ।

रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
सबै प्रकारका संचार सुविधाको सम्पूर्ण वडा, बजार केन्द्र र बस्तीहरुसम्म विस्तार गर्ने ।	➢ सबैको पहुँच पुग्ने गरी मोवाइल, इन्टरनेट र वाइफाइको लागी टावर तथा अन्य पूर्वाधारको निर्माण गर्न पहल गरिने छ । ➢ गाउँपालिका तथा सबै शाखा र वडा कार्यालयहरुसम्म विद्युतीय सूचना पूर्वाधारको व्यवस्था गरिने छ । ➢ गाउँपालिकाको विद्युतीय शासन क्षमता विकास गर्न व्यवसायिक योजना बनाई कार्यान्वयन गरिने छ ।

प्रमुख कार्यक्रमहरु

क्र. स.	कार्यक्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सरकारी र अन्य
१	गाउँपालिकाको विद्युतीय शु-शासन क्षमता विकास गर्ने ।		✓	✓	✓	
२	ईन्टरनेट सेवा नपुगेका वडा, टोल र बस्तीहरुमा सेवा पुऱ्याउन सेवा प्रदायक संस्थाहरुलाई सहजीकरण गर्ने ।			✓	✓	
३	सूचना प्रविधि पूर्वाधारहरुको निर्माण तथा विकास गर्ने ।	✓	✓	✓	✓	
४	सामुदायिक एफ. एम. स्थापना गर्ने ।			✓	✓	
५	स्थानीय पत्रिपत्रिकाहरु प्रकाशन गर्न प्रोत्साहन गर्ने ।			✓	✓	

६.४.५ अपेक्षित उपलब्धि

- सामुदायिक सूचना केन्द्रको स्थापना भएको हुनेछ ।
- गाउँपालिकाको विद्युतीय शासन क्षमता अभिवृद्धि भइ नागरिकहरुले सरल र सहज रुपमा सेवा र सुविधाहरु प्राप्त गरेका हुनेछन् ।
- गाउँपालिकाका सबै कार्यालयहरुका वेभसाइट, इमेल, फेसबुक, ट्वीटर, भाइबर जस्ता सामाजिक संजालका माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था भएको हुनेछ ।
- गाउँपालिकाको २०% घरधुरीमा इन्टरनेट सेवाको पहुँच स्थापित हुनेछ ।
- गाउँपालिकाको महत्वपूर्ण क्षेत्रमा सूचना प्रविधि पूर्वाधारहरुको निर्माण तथा विकास भएको हुनेछ।
- आम संचारका माध्यम व्यावसायिक, मर्यादित र जिम्मेवार भएको हुनेछ ।
- अनलाइन सेवाहरु व्यवस्थित र विश्वासिलो भएको हुनेछ ।
- स्थानीय पत्रपत्रिकाहरु प्रकाशन र एफ. एम. रेडियो सञ्चालन भएको हुने छ ।

६.४.६ अनुमान तथा जोखिम पक्ष

- केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध गराउने ।
- सूचना तथा संचार क्षेत्रमा निजी क्षेत्र समेत सहभागी भएको हुनेछ ।

परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

७.१ वन तथा जैविक विविधता

७.१.१ पृष्ठभूमि

वन महत्पूर्ण प्राकृतिक सम्पदा हो । वन आर्थिक विकासका मेरुदण्डका रुपमा रहेका कृषि, पर्यटन, जलस्रोत, उद्योग आदिको आधारस्तम्भ पनि वन नै हो । लिखुपिके गाउँपालिकाको आर्थिक, सामाजिक एवं वातावरणीय क्षेत्रको विकासमा वनको उल्लेखनीय योगदान रहेको छ । यो गाउँपालिकामा ७६४१.८९ हेक्टर (६१.५२%) क्षेत्रफल वन छ । कुल ६ वटा सामुदायिक वनले ६०० हेक्टर क्षेत्रफल ढाकेको छ । वडा ४ मा भने सामुदायिक वन छैन । गाउँपालिकामा नागे नामको एक सरकारी वन र एउटा निजी वन दर्ता भएको छ ।

यो पालिका लिखु खोलाको किनार देखि पिकेको चुचुरो सम्म फैलिएको हुँदा यो पालिकामा भौगोलिक विविधता छ जसले गर्दा हावापानीमा बिबिधता छ र यसैका कारण यहाँ जैविक विविधतामा धनी रहेको छ । वडा ३ को लिखु किनारी भागमा तातोहावापानी भएको हुँदा यहाँ साल, लगाएतका तातो हावापानीमा पाईने वनस्पति पाइन्छ, भने पिकेको डाँडामा चिसो हावापनिमा पाईने प्रजातिका बनस्पतिहरु पाइन्छ । पालिकामा गोब्रे सल्ला, खस्रु, उतिस, गुराँस, अगेरी, चिमाल, धुपी, लोठ सल्लो, चिलाउने, ओखर, चाँप, चेथाङ/भद्रथे, साल, बाँस, उतिस लगायतका बनस्पतिहरु पाइन्छ ।

गाउँपालिकामा चिराइतो, पाँचऔले, जटामसी, पाखनभेद, पाखनभेद, कुड्कि, पदमचाल, सुनापाती, धुपी, वनलसुन, सतुवा, बोझो, गुर्जो, मझिटो, धसिङ्ग्रे, कालो मुस्ली, सेतो मुस्ली, याश्र्यागुम्बा जस्ता जडीबुटीहरु पाइन्छ । यी जडीबुटीहरुको उत्पादन, संकलन तथा विक्रि वितरण समेत हुने गरेको छ । रेडपाण्डा, झारल, कस्तुरी जस्ता लोपोन्मूख वन्यजन्तु र डाँफे, मुनाल, चिलिमे, लुईचे/कालिज जस्ता लोपउन्मुख चाराहरु पाइन्छन् ।

यहाँ रहेको जीबजन्तु तथा वनस्पितले पालिकामा रहेको जैविक बिबिधतालाई धेरै धनि वनाएको छ । यसको संरक्षण तथा सम्वर्द्धन गर्दै अगाडि बढ्नु पर्ने गाउँपालिकाको दायित्व हो ।

७.१.२ समस्या तथा चुनौती

समस्या	चुनौती
➢ वन पैदावारको चोरी निकासी ➢ वन्य जन्तुको अबैध शिकार ➢ वन डढेलोको समस्या ➢ सिमान्तकृत बर्गमा वनको तुलनात्मक लाभ हुन नसकेको । ➢ वनको दिगो व्यवस्थापन हुन नसकेको । ➢ वन पैदावर, वन्यजन्तु र जैविक विविधताको संरक्षणको कार्ययोजना नभएको । ➢ पानीका स्रोत र मुहानहरुको संरक्षण नभएको।	➢ विकास र वातावरण बिच सन्तुलन कायम गर्नु ➢ खाली एवं बाझो जमीनमा बृक्षारोपण गर्नु । ➢ वन तथा वातावरण संरक्षणलाइ आर्थिक क्रियाकपालसँग आवद्व गर्नु । ➢ दाउरा, घर निर्माण र फर्निचरको लागी वन फडानी रोक्नु । ➢ वन पैदावर र वन्यजन्तुहरुको संरक्षण । ➢ डढेलो नियन्त्रण र जथाभावी वन फडानी । ➢ वन्य जन्तुहरुको अवैधानिक शिकार ।

➢ वनमा रहेका जडीबुटीहरुको संरक्षण हुन नसकेको ।	➢ वन, वातावरण तथा जैविक विविधता सम्बन्धी जनचेतनामा वृद्धि गर्नु ।

७.१.३ सम्भावना तथा अवसर

सम्भावनाहरु	अवसरहरु
➢ विद्यमा प्राकृतिक स्रोतहरुको समुचित प्रयोग गरी आय-आर्जन बढाउन सकिने । ➢ जैविक विविधता संरक्षण गरी पर्या-पर्यटनको विकास हुने । ➢ वतावरणीय सरसफाइ तथा हरियाली प्रवर्द्धन हुने । ➢ समुदायको संलग्नतामा वृद्धि भइ वातावरणप्रति जनतालाई उत्तरदायी बनाउने । ➢ जैविक विविधतालाई सदुपयोग गर्ने । ➢ वन पैदावार लगायत महत्वपूर्ण जडीबुटी उत्पादन । ➢ विविधतायुक्तक्षेत्रले पर्यावरणीय सन्तुलन र पर्या पर्यटनलाई फराकिलो र दिगो बनाउने, पर्यापर्यटनको विकासमा सहयोग पुग्ने ।	➢ वनको दिगो व्यवस्थापन भइ स्थानीयवासीहरुको जीवनस्तरमा सकारात्मक प्रभाव पर्ने । ➢ वन पैदावर, वन्यजन्तु र जैविक विविधताको संरक्षण हुने । ➢ भू-क्षय, पहिरो आदिको प्रकोप न्यूनीकरण हुने । ➢ पानीका स्रोत र मुहानहरुको संरक्षण हुने । ➢ वनमा रहेका जडीबुटीहरुको संरक्षण हुने । ➢ भू-स्खलन नियन्त्रण तथा जैविका विविधताको संरक्षण हुने । ➢ वनको बैज्ञानिक व्यवस्थापनबाट काष्ठ र गैरकाष्ठ वन पैदावारको व्यवसायिक लाभ लिन सकिने

७.१.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना

लक्ष्य

वन, जैविक विविधता र जलस्रोतको एकीकृत व्यवस्थापन मार्फत वनजन्य उत्पादनको उत्पादनमा वृद्धि गरी वातावरणीय सन्तुलन कायम गर्ने लक्ष्य रहेको छ ।

उद्देश्य

- ➢ वन व्यवस्थापन मार्फत जैविक विविधताको संरक्षण।
- ➢ वन क्षेत्रलाई उद्योग र पर्यटनसँग जोडेर स्थानीय जनताको आर्थिक समृद्धिमा सहयोग गर्ने ।
- ➢ वन, जलस्रोत तथा जलस्रोत तथा जैविक विविधताको एकीकृत व्यवस्थापन मार्फत वातावरणीय सन्तुलन कायम गर्ने ।

रणनीति र कार्यनीति

- ➢ समुदायिक वन कार्यक्रमलाई थप समावेशी बनाउँदै समाजका विपन्न वर्गलाई लाभान्वित गर्ने ।
- ➢ वन तथा जलस्रोतको वैज्ञानिक व्यवस्थापनका लागि नीति तर्जुमा गर्ने ।
- ➢ वातावरणीय विनाश र चोरी शिकार नियन्त्रण गर्ने ।

प्रमुख कार्यक्रमहरु

	कार्यक्रमहरु	सहकार्य गर्ने निकाय

क्र. सं.		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सहकारी र अन्य
१	वनको वैज्ञानिक व्यवस्थापन	✓	✓	✓	✓	
२	जैविक विविधताको दिगो संरक्षण जलाधारको उपल्लो तथा तल्लो तटिय क्षेत्रको अन्तरसम्वन्धलाई महत्व दिंदै एकीकृत जलाधार संरक्षण तथा व्यवस्थापन ।	✓	✓	✓	✓	
३	विपन्न सममुदायलाई आयमूलक, रोजगार मूलक र जिविकोपार्जन सुधार सम्वन्धि कार्यक्रमहरु सबै वन व्यवस्थापन प्रणालीमा कार्यन्वयन ।	✓	✓	✓	✓	✓
४	कृषि वन जस्ता बैकल्पिक जीवन यापनका उपायहरुको प्रवर्द्धन गर्ने ।	✓	✓	✓	✓	✓
५	लोपोन्मूख वनस्पति तथा जीवजन्तुको संरक्षण	✓	✓	✓	✓	✓
६	रैथाने वनस्पति, जडीबुटी, सुगन्धित फूलको संरक्षण, विस्तार र उपयोग	✓	✓	✓	✓	✓
७	सार्वजनिक खाली जग्गाहरुमा फलफूल, जडीबुटी र वन पैदावार उत्पादन गर्न मिल्ने प्रजातिहरु लगाइ वन क्षेत्रको विकास गर्ने			✓	✓	
८	सामुदायिक वनको थप तथा उचित व्यवस्थापन गरी सबैको पहुँचमा विस्तार गर्ने			✓	✓	

७.१.५ अपेक्षित उपलब्धि

- वन र जलको बैज्ञानिक व्यवस्थापन सम्बन्धीकानुन, नीति र मापदण्ड भएको हुनेछ ।
- समुदायमा आधारित वन व्यवस्थापन प्रणालीको विकास भएको हुनेछ ।
- वन विनाश नियन्त्रण हुनेछ ।
- विपन्न वर्गलाई लाभ पुगेको हुनेछ ।
- वन्य पैदावार; फलफूल, जडीबुटीको, काठ, दाउरा आदि उत्पादन वृद्धि भएको हुनेछ ।
- नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापनको योजना कार्यन्वयन भएको हुनेछ ।
- वन अतिक्रमण, वन्यजन्तु चोरी शिकारी, वातावरण विनाश गर्ने खुल्ला चरिचरण, वन डढेलो जस्ता कार्यक्रम नियन्त्रण भयको हुनेछ ।
- विकास गर्दा वातावरणमैत्री विकासलाई मात्र प्राथमिकता दिएको हुनेछ ।
- EIA, IEE, IEA गरेर मात्र विकास कार्यको स्वीकृत दिएको हुनेछ ।
- जडीबुटि उत्पादन, संकलन तथा प्रशोधन गरी बिक्रिवितरण भएको हुनेछ ।
- जैबिक विविधताको संरक्षण प्रभाकारी भएको हुनेछ ।

७.१.६ अनुमान तथा जोखिम पक्ष

- केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध गराउनेछ ।
- वन, जैविक विविधतामा स्थानीय समुदायको सकृय संलग्नता हुनेछन् ।
- सामुदायिक वनहरुको संरक्षण हुनेछ ।

७.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

७.२.१ पृष्ठभूमि

नेपाल विविध प्रकृतिका प्रकोपका घटनाहरूबाट संकटापन्न अवस्थामा रहेको छ भने वर्सेनि प्राकृतिक विपद्का घटनाहरूको सामना गरिरहनु परेको छ । भू-क्षयको कारण हरेक वर्ष खेती योग्य माटोको ह्रास भएको पाइन्छ । विगत ९ वर्षको तथ्याङ्क विश्षण गर्दा पहिरोले यस अवधिमा ९०४ जनाको ज्यान लियो भने यही अवधिमा २३३ जना बेपत्ता भएका छन् भने ७७० जना घाईते, ६७९६ घरपरिवार प्रभावित, ३०८ वटा गोठ क्षेति, ३२२ पशु चौपायको क्षेति र १.७ अर्व अनुमानित धनमालको क्षेति भएको देखिन्छ (मनसुन पूर्व तयारी र प्रतिकार्य कार्ययोजना, २०७७, भाग-१)।

यो गाउँपालिका पहाडी भूगोल भएको कारण यहाँ भू-क्षय र पहिरो को समस्या रहेको छ । पालिकामा भूक्षयको मुख्य कारणहरु भिरालो भूगोल, कमजोर भू-बनोट, छोटो अवधिमा हुने अधिक मनसुनी वर्षाजस्ता प्राकृतिक कारणहरु क्षतिका कारकहरु हुन् । अवैज्ञानिक भूउपयोग, संरक्षण एवं वातावरणमैत्री विकासको अवधारणा विपरीत जथाभावी सञ्चालन गरिने विकास निर्माणका कार्यहरु, वनजंगलको विनाश, जनचेतनाको कमी आदि मानवीय कारणहरु समेतले गर्दा पालिकामा गाउँबस्ती हरेक वर्ष बाढी र पहिरोको समस्यामा पर्ने, भौतिक पूर्वाधार तथा सम्पत्तिको क्षति हुँदै आएको छ ।

जलाधार व्यवस्थापन जलाधार क्षेत्र भित्र रहेका समस्त वन, वनस्पति, जनावर तथा मानव समुदायलाई आवश्यक पर्ने जलाधारीय सेवाहरुको परिचालन सुनिश्चित गर्न जलाधार क्षेत्र भित्रको विभिन्न अंगहरुको कार्य योजना तथा कार्यक्रम विकास गरी जलाधारको क्रियाकलापहरुलाई दिगोरुपमा अगी वढाउनु हो । यसको जलाधार क्षेत्रमा उपलब्ध हुने सबै प्रकारका प्राकृतिक श्रोतहरु मुख्यतयाः जमीन, जल र जंगललाई आर्थिक सामाजिक, भौतिक तथा वातावरणीय श्रोतहरुको दिगो विकास हुनेगरी व्यवस्थापन गर्नु पर्दछ । यो परिप्रेक्षमा भू-संरक्षण र जलाधार व्यवस्थापनलाई एकीकृत रुपमा सँगसँगै व्यवस्थापन गर्नु पर्ने हुन्छ । यसको लागी लिखु खोला, लगायतका यो पालिका भएर बग्ने अन्य लिखु खोला, लगाएत मार्बु खोला, थेमजेङ खोला, किञ्जा खोला, ढाडे खोला, घट्टेखोला, कोरेसि खोला, बुकु खोला, कढ्डाबु खोला, ओईमु खोलाको प्रवाह क्षेत्र र जलाधार (watershed) मा स्थानीय समुदायलाई दैनिक जीवन यापन गर्न चाहिने मानवीय क्रियाकलापहरु सञ्चालन गर्दै यसको व्यवस्थापन गर्नु पर्ने हुन्छ । तव मात्र भू-सरक्षण तथा जलाधारको सही व्यवस्थापन हुन्छ ।

भू-संरक्षण, जलाधार व्यवस्थापन, भू-क्षय तथा पहिरो नियन्त्रणलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई विपद व्यवस्थापन कोषको गठन गर्ने नीति लिएको छ । यस गाउँपालिका क्षेत्रभित्र बाह्रै महिना बहने नदी तथा खोलाहरु रहेका छन् जसलाई खानेपानी, सिंचाइ र विद्युत उत्पादन प्रयोजनका लागी जलश्रोतको उपयोग हुने गरेको देखिन्छ ।

भू-क्षय, बाढी र पहिरो यहाँका प्रमुख विपद्हरु हुन् । यसमध्ये पहिरोले गाउँपालिकामा ठूलो क्षति भएको देखिन्छ । पालिकाले पहिरो तथा भू-क्षय नियन्त्रणको लागी सडक लगायत विकास निर्माण गर्दा वातावरणीय

प्रभाव मूल्याङ्कनलाई अनिवार्य गरेको छ। साथै पहिरो तथा भू-क्षय नियन्त्रणको लागी स्थानीय परम्परागत प्रविधिको प्रयोगलाई समेत जोड दिएको छ । यी क्षेत्रको भूमि व्यवस्थापनमा गाउँपालिकाले विशेष ध्यान दिनुपर्ने देखिन्छ । गाउँपालिका क्षेत्रभित्र भू-क्षय/पहिरो हुने स्थान सहितको विवरण तलको तालिकामा समावेश गरिएको छ।

तालिका ६०: पहिरो र यसका कारण प्रभावित घरपरिवर संङ्ख्या

पहिरो	स्थान	समस्या	गर्नु पर्ने
यर्माखु रातमाटे पहिरो	वडा १	१० घर	बस्ती स्थानान्तरण तत्काल सार्नु पर्ने
सापे काप्ति	वडा १	२५ घर	गेबीङवाल र बृक्षारोपण
यर्माखु रातमाटे पहिरो	वडा २	७० घर	बस्ती स्थानान्तरण तत्काल सार्नु पर्ने
बुर्नालु रक्षपु	वडा २	२० घर	बृक्षारोपण
जोलुखु	वडा २	१५ घर	ग्याबीङवाल र बृक्षा रोपण
पोखरी	वडा २	४० घर	बृक्षारोपण
कोरेसी राङ्दा	वडा ३	३ घर	बृक्षारोपण
उप्चाङटादीङ	वडा ४	२१ घर	ग्याबिङवाल
रिन्डाँडा	वडा ४	१३ घर	बृक्षारोपण
नामजाङ्ग	वडा ४	११ घर	गेबीङवाल लिखु र किञ्जा खोला
फोतीकुँडार	वडा ४	५ घर	गेबीङवाल र बृक्षा रोपण (१ कि. मि. लम्वाई) १००० रोपनी
पाताल पहिरो	वडा ५	६ घर	स्थानान्तरण ६ घर ग्याविङवाल
भकाञ्ले पहिरो		३ घर	ग्याबीङवाल र बृक्षा रोपण
सगरडाँडा		६ घर	
किञ्जा खोला	किञ्जा बजार	५० घर	किञ्जा खोला तटबन्ध
कुल		२८८ घर	
			स्रोतः पालिका तथा वडा छलफलबाट, २०८०

७.२.२ प्रमुख समस्या

समस्या	चुनौती
➢ पहाडी भूभाग भएकोले भूक्षय र पहिरोको उच्च जोखिम हुनु। ➢ पहिरो तथा भू-क्षय नियन्त्रणको लागी गाउँपालिकासँग पर्याप्त बजेट, प्रविधि र यन्त्र उपकरण नभएको। ➢ पहिरो तथा भू-क्षय सम्बन्धी जनचेतनाको अभाव।	➢ बिपद्मा परेका घरपरिवार तथा समूहलाई तत्काल राहतको व्यवस्था गर्नु। ➢ प्रत्येक वर्ष बर्षातको समयमा हुने पहिरो तथा भू-क्षयलाई नियन्त्रण गर्न पर्याप्त बजेट, प्रविधि र यन्त्र उपकरणको व्यवस्था गर्नु।

➢ कमजोर सडक पूर्वाधार भएकोले पहिरो तथा भूक्षयबाट हुने मानवीय जोखिम न्यूनीकरण गर्न कठीन हुने । ➢ बिपद्मा परेका घरपरिवार तथा समूहलाई तत्काल राहतको व्यवस्था गर्नु । ➢ प्रत्येक वर्ष बर्षातको समयमा हुने पहिरो तथा भू-क्षयलाई नियन्त्रण गर्न पर्याप्त बजेट, प्रविधि र यन्त्र उपकरणको व्यवस्था गर्नु । ➢ जलवायु परिवर्तनको कारण विपद् व्यवस्थापनलाई समय अनुकुल परिमार्जित तथा व्यवस्थित गर्न नसक्नु ।	➢ जलवायु परिवर्तनको कारण विपद् व्यवस्थापनलाई समय अनुकुल परिमार्जित तथा व्यवस्थित गर्न नसक्नु । ➢ पहिरो तथा भू-क्षय नियन्त्रणको लागी अन्तर सरकार र दातृ निकायहरुसँग समन्वय र सहकार्य गरी पहिरो तथा भू-क्षय नियन्त्रण गर्न।

७.२.३ सम्भावना तथा अवसर

सम्भावना	अवसर
➢ जोखिम क्षेत्र पहिचान गरी नगरको बस्ती विकासलाई शुरक्षित र व्यवस्थित गर्न सकिने। ➢ भू-क्षय नियन्त्रण गरी प्राकृतिक स्रोतको संरक्षण गर्न सकिने । ➢ दिगो विकासको बाटोमा नगरलाई डोऱ्याउन सकिने ।	➢ पहिरो तथा भू-क्षय नियन्त्रण र पूर्व तयारीको लागी नीति तथा कार्यक्रमहरु बनाएर प्रयोगमा ल्याउने । पहिरो तथा भू-क्षय नियन्त्रण गाउँपालिकाको नीति रहेको र दिगो तथा शुरक्षित विकासका लक्ष्यहरुमा गाउँपालिकाको प्रतिवद्धता रहने, पहिरो तथा भू-क्षय नियन्त्रण र पूर्व तयारीको लागी नीति तथा कार्यक्रमहरु बन्नु पालिकाको अवसर छ। ➢ सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रबिधि संरचना, मापदण्ड र आवश्यक दक्ष जनशक्तिको विकास गर्न सकिने । ➢ पहिरो तथा भू-क्षय नियन्त्रणको लागी अन्तर सरकार र दातृ निकायहरुसँग समन्वय र सहकार्य गर्ने सकिने ।

७.२.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना

लक्ष्य

- ➢ पहिरो तथा भू-क्षयबाट हुने मानवीय तथा अन्य क्षतिमा कमी ल्याउने ।
- ➢ नदी प्रणाली तथा तालतलैया/पोखरीमा आधारित एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

उद्देश्य

- ➢ गाउँपालिका क्षेत्रमा जोखिम क्षेत्र पहिचान गरी शुरक्षित बस्ती विकास गर्ने ।
- ➢ पहिरो तथा भू-क्षयलाई नियन्त्रण गरी क्षतिको न्यूनीकरण गर्ने ।
- ➢ गाउँपालिकाको क्षेत्रको जलाधार व्यवस्थापन गर्ने ।

रणनीति तथा कार्यनीति

- पहिरो तथा भू-क्षय रोकथाम तथा नियन्त्रण गर्ने ।
- पहिरो तथा भू-क्षय न्यूनीकरणको लागी कोष गठन र पूर्व सूचना प्रणालीको व्यवस्था गर्ने ।
- स्थानीय संचार माध्यम र सामाजिक संजालबाट जोखिमको पूर्व-सूचना प्रचार प्रसार गरी मानवीय र भौतिक क्षति न्यूनीकरण गरिनेछ ।
- पहिरो तथा भू-क्षय न्यूनीकरणका लागी निजी र अन्तर सरकारी समन्वय र सहकार्य गरिनेछ ।

प्रमुख कार्यक्रमहरु र कार्यान्वयन योजना

क्र. सं.	कार्क्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सहकारी र अन्य
१	पहिरो तथा भू-क्षयका संभावित स्थानहरुको पहिचान र नक्साङ्कन गरी रोकथाम तथा नियन्त्रण गर्ने ।	✓	✓	✓	✓	
२	पहिरो तथा भू-क्षय नियन्त्रणको लागी स्थानीय प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने ।			✓	✓	✓
३	जोखिमयुक्त स्थानहरुको पहिचान गरी स्थायी तटबन्ध निर्माण र ग्याविन वाल निर्माण गर्ने ।	✓	✓	✓	✓	✓
४	जोखिमयुक्त स्थानहरुमा वृक्षारोपण र जैविक तटबन्ध निर्माण गर्ने ।	✓	✓	✓		✓
५	क्षतिपूर्ति सम्बन्धी कार्यविधि तर्जुमा गर्ने		✓	✓		
६	जोखिमयुक्त स्थानहरुमा विपद पूर्व सूचना प्रणाली जडान गर्ने ।		✓	✓	✓	
७	स्थानीय संचार माध्यम र सामाजिक सञ्जालबाट जोखिमको पूर्व सूचना प्रचार प्रसार गरी मानवीय र भौतिक क्षति न्यूनीकरण गर्ने ।	✓	✓	✓		✓
८	गाउँपालिकामा जोखिम न्यूनीकरण तथा व्यस्थापन कोषको गठन गर्ने ।			✓	✓	
९	पहिरो तथा भूक्षय न्यूनीकरणका लागी निजी र अन्तर सरकारी समन्वय र सहकार्य गर्ने ।	✓	✓	✓		
१०	सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने		✓	✓	✓	✓

७.२.५ अपेक्षीत उपलब्धि तथा नतिजा खाका

- पहिरो तथा भू-क्षयका संभावित स्थानहरुको पहिचान र नक्साङ्कन भइ रोकथाम तथा नियन्त्रंण भएको हुनेछ ।
- जोखिमयुक्त स्थानहरुको पहिचान भइ स्थायी तटबन्ध र जैविक वालको निर्माण भएको हुनेछ।
- पहिरो तथा भू-क्षयबाट हुने क्षतिमा कमी आएको हुनेछ ।
- पिडितहरुले उचित क्षतिपूर्ति प्राप्त गरेका हुनेछन ।

७.२.६ अनुमान तथा जोखिम पक्ष

- भू-संरक्षण तथा जलाधार व्यवस्थापनमा गाउँपालिका क्रियाशिल हुनेछ ।

- वन, जैविक विविधतामा स्थानीय समुदायको सकृय संलग्नता हुनेछन् ।
- केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध गराउनेछ ।

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

७.३.१ पृष्ठभूमि

प्राकृतिक वातावरण र मानवीय क्रियाकलाप बिचको अन्तरक्रिया र अन्तरसम्बन्धलाई सन्तुलित गर्ने कार्य नै वातावरण व्यवस्थापन हो । नेपालको संविधानले हरेक नागरिकले स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ । साथ साथै प्रदूषकबाट पीडितले क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ । यसले वातावरण व्यवस्थापनको कार्यक्षेत्र सङ्घ, प्रदेश र स्थानीय तीनै तहको जिम्मेवारी भित्र राखेको छ ।

स्थानीय वातावरणीय परिवर्तनमा स्थानीय, क्षेत्रीय तथा विश्वव्यापी देखापरेको वातावरणीय समस्यको भूमिका हुन्छ । हाल देखा परेको प्रमुख वातावरणीय समस्या भनेको जल, वायू, जमीन, ध्वनिको प्रदुषण हो । यसका साथै ठोस फोहोर प्रदुषण, रासायनिक पदार्थ, विज्ञान र प्रविधिको दुरुपयोगले पनि वातातरण प्रभाव पार्ने प्रदुषकको रुपमा काम गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र फोहर मैला व्यवस्थापन ऐन, २०६८ ले स्थानीय तहलाई स्थानीय स्तरमा प्रदुषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन, फोहोर संकलन तथा विसर्जन गर्न आबस्यक संरचनाहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्वस्च्छ वातावरण कायम राख्ने जिम्मेवारी प्रदान गरेको छ । संघले स्थानीय सरकारलाई निश्चित मापदण्डमा रही वातावरणीय प्रभाव मुल्ययाङ्कन, वातावरणीय अध्ययन जस्ता विषयबस्तु स्थानीय तहलाई नै हस्तान्तरण गरेको छ ।

फोहोर मैला व्यवस्थापन गर्ने कानुनी दायित्व र अधिकार स्थानीय सरकारलाई तोकेको छ । फोहोर मैला व्यवस्थापन ऐन, २०६८ (संशोधन २०७४) को परिच्छेद २ को दफा ३ मा व्यवस्था भए बमोजिम फोहोरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनको लागी आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ भनी लेखिएको छ । यसैगरी दफा ११ प्रारम्भिकर चरणमा संकलन भएको फोहोर मैला व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्नुपर्ने व्यवस्था गरेको छ भने दफा १२ मा फोहोरलाई स्थायी विसर्जन गर्नको लागी वातावरण सम्बन्धी प्रचलित कानुनको अधिनमा रही फोहोर मैला व्यवस्थापन स्थल तोक्न सक्ने छ भनी उल्लेख गरेको छ । त्यसैले फोहोर मैला व्यवस्थापनको प्रबन्ध मिलाउने जिम्मेवारी स्थानीय तहको हुनेमा दुइमत छैन तसर्थ कानुनी आधारमा टेकेर स्थानीय सरकारले फोहोरको व्यवस्थापन गर्न निर्देशिका बनाई त्यसको माध्यमबाट स्थानीय स्तरमा नै विविध योजना र कार्यक्रमहरू बनाई त्यसको प्रभावकारी कार्यान्वयन मार्फत नगारिकलाई सुसूचित गर्ने जिम्मेवारी स्थानीय निकायको हो ।

७.३.२ समस्या तथा चुनौतीहरु

समस्या	चुनौती
➢ वातावरण सम्बन्धी न्यून सचेतना ।	➢ प्राकृतिक वातावरण र मानवीय वातावरणी विच सन्तुलन बनाई राख्न ।

➢ प्लाष्टिक झोलाहरुको जथाभावी प्रयोग । ➢ मुख्य बस्ती क्षेत्रमा ढलको व्यवस्था नभएको । ➢ वातावरण संक्षणमा अत्यन्त न्यून बजेटको व्यवस्था । ➢ स्थानीय निकायहरूको गठन वा पुनर्गठन भएर ऐनले फोहोर मैला व्यवस्थापनमा स्थानीय तहलाई जिम्मेवार निकाय बनाएपछि आम नागरिकमा फोहोर मैला व्यवस्थापन नितान्त स्थानीय तहको दायित्व हो भन्ने ठान्नु ➢ स्पष्ट र दरिलो कानुनी धरातलको अभावले गर्दा अनुगमन निकायको भूमिका प्रभावकारी नहुनु । ➢ कृषि भूमिमा हानिकारक रासायनिक पदार्थ (किटनाशक विषाधि, रासायनिकमल आदि) को जथाभावी प्रयोग ।	➢ वातावरणीय प्रदुषणले गर्दा वातावरणीय तत्वहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पार्ने । ➢ वातावरणीय प्रदुषणको समाधान जटिल र प्राविधिक रुपमा अत्यन्तै चुनौतीपूर्ण हुने । ➢ कृषि भूमिमा हानिकारक रासायनिक पदार्थ (किटनासक विषाधि, रासायनिकमल, ... आदि) को जथाभावि प्रयोगमा नियन्त्रण । ➢ मापदण्ड सहितको प्लाष्टिक झोला प्रतिबन्ध गर्न । ➢ मौसम अनुकूल पानी नपर्ने, लामो समयसम्म खडेरी लाग्ने, अति बर्षा, खण्ड बर्षाले वाढी, पहिरो जानु ।

७.३.३ सम्भावना तथा अवसर

सम्भावना	अवसर
➢ प्रदेशको विशिष्टीकरणको रुपमा उद्योग, वन तथा वातावरण मन्त्रालयको गठन हुनु र यसले वातावरण संरक्षणमा तदारुकता देखाउनु । ➢ फोहोरलाई ऊर्जा रुपमा प्रयोग गर्न सक्ने प्रविधिको विकास हुनु । ➢ वातावरण संरक्षणको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन हुन सक्ने । ➢ वातावरण संरक्षणमा गैरसरकारी संस्थाहरुको परिचालन गर्न सकिने ➢ तीव्र शहरीकरण भइ नसकेकोले शहरलाई व्यवस्थित गर्दै वातावरण संरक्षण गर्न सकिने । ➢ उत्पादित पोहोर लाई मोहोरको रुपमा प्रयोग गर्ने ।	➢ वातावरण तथा फोहोर व्यवस्थापन र प्रदूषण नियन्त्रणको क्षेत्रमा स्थानीय सरकार, विकास साझेदार तथा अन्य सरकारी/ गैरसरकारी संस्थाहरु, उपभोक्ता समितिहरु र नागरिकको सहभागिता बढ्दै जानु । ➢ प्रदेश तथा संघीय सरकारको फोहोर व्यवस्थापनको नीति, रणनीति र निर्देशिकाहरु निर्माण हुनु । ➢ वातावरण संरक्षण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी वातावरण संरक्षणमा स्थानीयवासीहरुलाई परिचालन गर्न सकिने । ➢ वातावरण संरक्षणमा पर्याप्त बजेटको व्यवस्था गर्न सकिने । वातावरण संरक्षण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी वातावरण संरक्षणमा स्थानीयवासीहरुलाई परिचालन गर्न सकिने । ➢ प्राङ्गारिक मलको प्रयोग गर्न सकिने ।

७.३.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना

लक्ष्य

वातावरणीय प्रदुषण न्यूनीकरण गरी वातावरणीय स्वच्छता कायम गर्ने ।

उद्देश्य

- मानवीय तथा प्राकृतिक कारणबाट उत्पन्न हुने वातावरणीय जोखिम रोकथाम गर्नु ।
- फोहोरमैलाको उचित व्यवस्थापन गर्नु ।
- वातावरणीय प्रदूषण कम गरी स्वच्छ वातावरण बनाउने ।

रणनीति तथा कार्यनीति

- वातावरणमैत्री उर्जा र कृषि प्रविधिको छनौट र विस्तार गर्ने ।
- प्रदुषण रहित स्वच्छ वातावरण तयार गर्ने ।
- बायो ग्यास, सुधारिएको चुल्हो, ग्यासीफायर, बायोब्रिकेट जस्ता किफायती जैविक उर्जाहरुको प्रवर्द्धन एवं विस्तार गरिने छ ।
- किटनाशक विषादी र रासायनिक मल प्रयोगलाई दुरुत्साहन गरी जैविक र प्रांगारिक मलको प्रयोग र प्लाष्टिक झोलाको सट्टा स्थानीय सामाग्रीबाट उत्पादित वातावरण मैत्री झोला उपयोगमा ल्याइने छ ।
- वातावरणीय चेतना र सावधानी, फोहोर वर्गीकरण र फोहोर व्यवस्थापन सम्बन्धी शैक्षिक तथा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

प्रमुख कार्यहरु

क्र.सं .	कार्क्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सहकारी र अन्य
१	एक घर एक शौचालयको निर्माण गर्ने ।	✓	✓	✓	✓	
२	सार्वजनिक स्थानहरुमा शौचालय निर्माण गर्ने ।		✓	✓	✓	
४	वैकल्पिक उर्जाबाट चल्ने सवारी साधन र उद्योगहरुलाई प्रवर्द्धन गर्ने ।	✓	✓	✓		
५	उद्योगहरुलाई मुख्य बजार र मानव बस्तीभन्दा टाढा लैजान प्रोत्साहन गर्ने ।		✓	✓	✓	
६	बायो ग्यास ,ग्यासीफायर ,सुधारिएको चुल्हो , बायोब्रिकेट जस्ता किफायती जैविक उर्जाहरुकोप्रवर्द्धन एवम् विस्तार गर्ने ।		✓	✓		
७	गरिब र विपन्नवर्गसम्म नवीकरणीय उर्जा प्रविधिको पहुँच सुलभ गरी दाउराको प्रयोग कम गर्ने ।			✓		
८	पालिका क्षेत्रमा प्लाष्टिक झोला निषेध गर्दै लैजाने ।		✓	✓		
९	स्थानीय सामाग्रीबाट उत्पादित वातावरणमैत्री हरित झोला उपयोगमा ल्याउने ।		✓	✓	✓	

क्र.सं .	कार्क्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सहकारी र अन्य
१०	किटनाशक औषधी प्रयोग र व्यवस्थापन गर्ने काममा स्थानीय कृषक उपभोक्तासमूहर संघसंस्थाह रुसँग समन्वय र सहकार्य गर्ने ।		✓	✓	✓	
११	फोहोरमैला व्यवस्थापन सम्बन्धी शैक्षिक तथा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने ।		✓	✓	✓	
१२	पालिका वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण सम्बन्धी आवश्यक संयन्त्रको व्यवस्था गर्ने		✓	✓		
१३	हरियाली कायम गर्न खाली रहेका स्थानहरुमा वृक्षारोपण गर्ने ।			✓		

७.३.५ अपेक्षित उपलब्धि

- वातावरणीय प्रदुषण प्रति जनचेतनाको स्तर बढेको हुनेछ ।
- एक घर एक शौचालयको निर्माण भएको हुनेछ ।
- मुख्य बजार र चौकहरुमा शौचालय र ढलको निर्माण भएको हुनेछ ।
- प्लाष्टिक झोला निषेध भएको हुनेछ ।
- वातावरण व्यवस्थापनको लागी एकीकृत कार्यक्रम सञ्चालन भएको हुनेछ ।
- स्थानीय वातावरणमा सुधार भएको हुनेछ ।
- नागरिकहरुको स्वास्थ्यमा सुधार आएको हुनेछ ।
- फोहोरजन्य झाडापखाला र हैजाहरुको प्रकोप कम भएको हुनेछ ।
- वातावरण प्रदुषण कम भएको हुनेछ ।

७.३.६ अनुमान तथा जोखिम पक्ष

- फोहोर व्यवस्थापनमा स्थानीय नागरिकहरु सकृय हुनेछन् ।
- वन, जैविक विविधता व्यवस्थापन तथा फोहोर न्यूनीकरणमा गाउँपलिकाले यथेष्ठ बजेट विनियोजन गर्नेछ ।
- केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध गराउनेछ ।

७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

७.४.१ पृष्ठभूमि

नेपाल बहु-प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को अत्यधिक जोखिममा रहेको मुलुक हो । यहाँ प्रत्येक वर्ष बाढी, पहिरो, चट्याङ्ग, आगलागी, सडक दुर्घटना र महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुका कारण जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ । मुलुक विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान,

चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिबृष्टि, अनावृष्टि, हुरी बतास, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरुबाट प्रभावित छ । २०७२ साल बैशाखमा आएको गोरखा भूकम्प, २०७१ र २०७४ सालमा आएको बाढी तथा पहिरो र यसबाट भएको ठूलो जनधनको क्षति तथा नोक्सानी यसका पछिल्ला उदाहरणहरु हुन् (विपत जोखिम राष्ट्रिय न्यूनीकरण नीति, २०७४) ।

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई योजनाबद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरेको छ। विपद् जोखिम व्यवस्थापनका लागी दैवी प्रकोप (उद्धार) ऐन, २०३९, स्थानीय स्वायत्त शासन ऐन, २०५५, भवन ऐन, २०५५, राष्ट्रिय भवन संहिता, २०६०, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६, जलवायु परिवर्तन नीति, २०६७, भू–उपयोग नीति २०६९, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२, राष्ट्रिय पुनर्निर्माण तथा पुनरुथापना नीति, २०७२, राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मार्गदर्शन, २०७२, राष्ट्रिय शहरी विकास रणनीति, २०७३ आदि महत्वपूर्ण कानूनी तथा नीतिगत आधार हुन् भने नेपालको संविधान, २०७२ पछि आएका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ पछिल्ला महत्वपूर्ण कानूनी व्यवस्था हुन्। यीनै नीतिगत आधारमा लिखु पिके गाउँपालिकाले पनि विपद् व्यवस्थापन समिति, शुरक्षित स्थानको पहिचान, विपद् व्यवस्थापन पूर्व तयारी योजना र विपद् व्यवस्थापन कोष स्थापना गरेको छ।



चित्र २०: जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशीलता विकासमा संघ, प्रदेश र स्थानीय तहको भूमिका

स्रोतः स्थानीय अनुकुलन कार्य योजना खाका, २०७६

७.४.२ समस्या तथा चुनौती

समस्या	चुनौती
➢ विपद व्यवस्थापन तथा न्यूनीकरणको लागी यन्त्र उपकरणको अभाव । ➢ कठिन भू-वनोट । ➢ विपद तथा महामारी सम्बन्धी सचेतनाको अभाव । ➢ आर्थिक अभाव र गरिबी । ➢ भवन संहिताबारे अनभिज्ञ । ➢ भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी शिप र तालिमको अभाव पानीका स्रोतहरु सुक्दै गईरहेको । ➢ खडेरी र सुख्खाले कृषि उत्पादनमा कमी । ➢ पहिरो तथा भूक्षयको प्रकोप । ➢ विभिन्न प्रकारका महामारी तथा स्वास्थ्य प्रकोपहरु ।	➢ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति र रणनीतिक कार्ययोजना कार्यान्वयनमा ल्याउन, भवन संहिता लागू गर्न, भूक्षय र पहिरोजन्य प्रकोप व्यवस्थापन गर्न, विपद् तथा महामारी व्यवस्थापनमा संलग्न विभिन्न संघसस्था वीच समन्वय गर्न, जोखिम युक्त वसोवास क्षेत्र पहिचान गरी शुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्न, प्राकृतिक विपद, महामारी र जोखिम पूर्ण रुपमा न्यूनीकरण गरी मानवीय तथा आर्थिक धनजनको क्षति कम गर्न । ➢ विभिन्न प्रकारका महामारी तथा स्वास्थ्य प्रकोपहरु बढ्ने । ➢ कतिपय लोपोन्मुख प्राणी र जैविक विविधता नाश हुने ।

	➢ वातावरणीय प्रदुषणको समाधान जटिल र प्राविधिक रुपमा अत्यन्तै चुनौतीपूर्ण हुने । ➢ पानीको श्रोत सुक्दै जानु । ➢ उचित समयमा पानी नपर्ने, लामो समयसम्म खडेरी लाग्ने, अति बर्षा, खण्ड बर्षाले वाढी, पहिरो जानु । ➢ बिपद्मा परेका घरपरिवार तथा समूहलाई तत्काल राहतको व्यवस्था गर्नु । ➢ हावापानीको परिवर्तनको कारण जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापनलाई समय अनुकुल परिमार्जित तथा व्यवस्थित गर्न नसक्नु ।

७.४.३ सम्भावना तथा अवसर

सम्भावना	अवसर
➢ विपद् जोखिम न्यूनीकरणका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरी जोखिन न्यूनीकरणमा सहयोगी भूमिका निर्वाह गर्ने । ➢ जोखीम अवस्थामा रहेका बस्तीहरुलाई शुरक्षित स्थानमा स्थानान्तरण गर्ने । जोखिम न्यूनीकरण नीति तथा कार्यनीतिलाई पालना गरी धनजनको क्षेतिमा कमी गर्ने ।	➢ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति र रणनीतिक कार्ययोजना कार्यान्वयनमा रहेको, २०७२ सालको भूकम्पले जनतामा चेतना बढ्नु, भूकम्प प्रतिरोधी भौतिक संरचनाहरूको निर्माण गर्नु, कोभिड-१९ ले स्वास्थ्य सचेतना बढनु, स्थानीय सरकारको अधिकार क्षेत्रमा पर्नु र प्राथमिकताको विषय बन्नु, भूकम्प पुनर्निर्माणमा विभिन्न संघसंस्थाहरूको सहयोग र क्रियाशीलता रहनु, मापदण्ड अनुसार शुरक्षित पूर्वाधार र भवन निर्माण गर्नु जस्ता अवसरहरुलाई उपयोग गरेको पाइन्छ । ➢ पानीको श्रोतहरुको संरक्षण गर्ने सकिने । ➢ बिपद्मा परेका घरपरिवार तथा समूहलाई तत्काल राहतको व्यवस्था गर्न सकिने । ➢ हावापानीको परिवर्तनको कारण जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापनलाई समय अनुकुल परिमार्जित तथा व्यवस्थित गर्न नसक्नु ।

७.३.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना

लक्ष्य

जोखिम तथा विपदबाट हुने क्षति न्यूनीकरण गर्नु ।

उद्देश्य

- जोखिम, विपद तथा महामारीबाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, सास्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।
- जलवायुका कारण हुने विपद्का असरको न्यूनीकरण ।
- मानवीय तथा प्राकृतिक प्रकोपबाट उत्पन्न वातावरणीय जोखिम रोकथाम ।

रणनीति तथा कार्यनीति

- प्राकृतिक तथा गैर प्राकृतिक विपदको प्रभावकारी व्यवस्थापन गर्ने
- विपदबाट हुने भौतिक र मानवीय क्षति न्यूनीकरण गर्ने
- जलवायुजन्य घटनाहरुको पहिचान गरी मानव जीवनको रक्षा गरिने छ ।
- मौसम पूर्वअनुमान प्रणालीलाई सुदृढीकरण गर्दै विपद् न्यूनीकरण गर्ने ।

प्रमुख कार्यक्रमहरु र कार्यान्वयन योजना

क्र.सं.	कार्क्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सहकारी र अन्य
१	विपद व्यवस्थापन तथा महामारी जोखिम न्यूनीकरण सम्बन्धी नीति कानून र योजना तर्जुमा गर्ने ।	✓	✓	✓		
२	विपद् तथा महामारी पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने ।	✓	✓	✓		✓
४	अन्तर सरकार तथा अन्तर निकायहरु बिच समन्वय र सहकार्य गर्ने ।	✓	✓	✓		
५	विपद व्यवस्थापन तथा महामारी जोखिम न्यूनीकरण सम्बन्धी जनचेतना अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।	✓	✓	✓		
६	विपद तथा महामारी प्रतिरोधि संरचनाहरु निर्माण गर्ने ।	✓	✓	✓	✓	
७	विपद् जोखिमको क्षेत्र पहिचान गरी नक्साङ्क गर्ने।		✓	✓	✓	
८	जोखिमयुक्त बस्तीहरुको स्थानान्तरण गर्ने ।	✓	✓	✓		✓
९	भवन संहिता क्रमश लागू गर्ने ।		✓	✓	✓	
१०	विपद तथा महामारी प्रतिरोधि संरचनाहरु निर्माण सम्बन्धी तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।		✓	✓	✓	✓
११	कोभिड -१९ सम्बन्धी सचेतना कार्यक्रमहरु गर्ने र कोरोना खोप कार्यक्रमलाई प्रभावकारी बनाउने ।			✓	✓	✓
१२	प्रदेश तथा संघीय सरकार र दातृ निकयाहरुको सहयोगमा कोरोना परीक्षण गाउँपालिकामा नै गर्ने व्यवस्था गर्ने ।	✓	✓	✓	✓	✓
१३	जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणको लागी स्थाइ कोषको व्यवस्था गर्ने ।		✓	✓	✓	

१४	जलवायु परिवर्तनले मानव जीवनमा पारेको प्रभाव र अनुकूलन सम्बन्धी तालिम लगायत सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने ।		✓	✓		✓
१५	जलवायु परिवर्तनबाट फैलिन सक्ने रोगव्याधि र सोको नियन्त्रणको लागी सम्बन्धित सरोकारवालाहरुको अभिमुखीकरण एवम् क्षमता विकास गर्ने ।	✓	✓	✓	✓	✓
१६	वातावरण मैत्री र जलवायु सशक्त कृषि बालीको लागी प्रदेश सरकार र सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।		✓	✓	✓	✓
१७	स्थानीय पराम्परागत ज्ञानलाई प्रयोग गरेर कृषि व्यवस्थापनमा अनुकुलनका कार्यक्रमहरु सञ्चालन गर्ने।	✓	✓	✓		
१८	खडेरी तथा अधिक बर्षा सहन सक्ने खालका वालीहरुको सम्भाव्यता अध्ययन गरी स्थानीय कृषकहरुलाई उक्त वालीहरु लगाउन प्रोत्साहन गरिने छ ।	✓	✓	✓		

७.४.५ अपेक्षित उपलब्धि

- विपद् सम्बन्धी नीति, कानून र योजना तर्जुमा भएको हुनेछ ।
- विपद् जोखिम नक्साङ्कन भएको हुनेछ ।
- जलवायु परिवर्तन सम्बन्धी दक्ष जनशक्ति सहित संस्थागत व्यवस्था भइ स्थानीय अनुकुलन योजना कार्यान्वयन भएको हुने छ ।
- भवन निर्माण संहिता पूर्ण रुपमा लागू भएको हुनेछ ।
- भूकम्प प्रतिरोधी भवन निर्माणको शुरुवात भएको हुनेछ ।
- पहिरो र भूक्षयहरु नियन्त्रण भएका हुनेछन ।
- सम्पूर्ण गाउँपालिकावासीहरुले कोविड-१९ बिरुद्धको खोप लगाएका हुनेछन ।
- खोलानाला तथा नदीबाट हुने बस्ती कटान रोकिएको हुनेछ
- स्वास्थ्य सम्बन्धी रोगको महामारी न्यून भएको हुनेछ ।
- सरोकारवाला संस्थाहरू वीच प्रभावकारी समन्वय भएको हुनेछ ।
- पूर्वसूचना प्रणालीहरुको जडान भएको हुनेछ ।
- मानवीय तथा प्राकृतिक विपद् जोखिम रोकथाम भएको हुनेछ ।
- स्थानीय वातावरण र कृषि उत्पादनमा जलवायु परिवर्तनको असर न्यूनीकरण भएको हुनेछ।
- जलवायु परिवर्तनले कृषि तथा खाद्यन्न सुरक्षामा पारेको प्रभाव न्यूनीकरण भएको हुनेछ ।

७.४.६ अनुमान तथा जोखिम पक्ष

- केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध गराउनेछ ।
- वन, जैविक विविधता व्यवस्थापन तथा फोहोर न्यूनीकरणमा नगरपलिकाले यथेष्ठ बजेट विनियोजन गर्नेछ ।
- संङ्क्रामक रोगहरुको रोकथामको लागी नगरस्थिति सरोकारवालाहरुको सकृय सहभागिता हुनेछ ।

परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

८.१ संस्थागत विकास तथा सुशासन

८.१.१ पृष्ठभूमि

स्थानीय निकायहरुमा मानवीय तथा भौतिक श्रोत साधनको व्यवस्था, प्रभावकारी रुपमा आन्तरिक श्रोतहरुको पहिचान, परिचालन र व्यवस्थापन गर्न संस्थागत विकासको महत्वपूर्ण भूमिका हुन्छ । संस्तागत विकासबाट मात्र चुस्त तथा दुरुस्त आर्थिक प्रशासन, पारदर्शी, गुणस्तरीय, छिटोछरितो सेवा प्रवाह गर्न सकिन्छ । संस्थागत विकास गरी सुशासनको माध्यमबाट मात्र स्थानीय नागरिक तथा सेवा प्रदायकलाई गुणस्तरीय सेवा प्रवाह गर्न सकिन्छ ।

सुशासन शव्दको अर्थ नेपाली शब्दसागर र वृहत् नेपाली शव्दकोशले राम्रो राज्य व्यवस्था, उत्तम शासन भन्ने जनाएको छ । असल शासन र कुशल प्रशासन नै सुशासन हो । राज्य संयन्त्रलाई जनमुखी बनाई नागरिकको अपेक्षाअनुरूप प्रभावकारी छिटो, छरितो र प्रभावकारी सेवाका माध्यमबाट नागरिकलाई शासनको सुखद अनुभूति दिलाउनु नै सुशासन हो । यसलाई असल, कुशल र जनमुखी शासन भनेर पनि चिनिन्छ । शासकीय पात्रहरूमा निहित शक्ति, अधिकार र दायित्व नागरिक सेवा र सन्तुष्टि सापेक्ष गर्ने शासन प्रणालीलाई समेत सुशासन भनीन्छ । सन् १९८९ मा विश्व बैंकले विकास परियोजना सञ्चालनका लागी यसको अवधारणा अगाडि ल्याएको हो । यो जनमुखी शासन व्यवस्था हो । नेपालको संविधानले पनि दिगो शान्ति, समृद्धि र सुशासनमा जोड दिएको छ । यसले लिखु पिके गाउँपालिकालाई सुशासन मार्फत उन्नतिशील, उन्नत तथा सामाजिक, आर्थिक, पूर्वाधार लगायतका गतिविधिले पूर्ण रुपमा विकास गर्नुपर्ने विषयलाई समेटेको छ । सुशासन शव्दले तल उल्लेख गरिएको विषयलाई समेटिएको छ जसले लिखु पिके गाउँपालिकालाई सुशासन तर्फ डोऱ्याउनेछ ।

- जनसहभागितामूलक शासन व्यवस्था र जनउत्तरदायी सरकार सञ्चालन
- शासन प्रक्रियामा पारदर्शिता अवलम्बन गरी कानुनमा आधारित शासन व्यवस्था कायम गर्नु,
- जवाफदेही शासन सञ्चालन,
- प्रशासनको सरलीकरण र निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता,
- समावेशितामा आधारित न्यायपूर्ण समाज निर्माणमा जोड,
- भ्रष्टाचार रहित समाजको परिकल्पना,
- दण्डहीनताको अन्त्य र नियम कानुनको पूर्ण परिपालना,
- वित्तीय जवाफदेहिता प्रवर्द्धन,
- स्वतन्त्र प्रेसको व्यवस्था ।

समग्रमा भन्नु पर्दा जनमुखी र नागरिक सहभागितामूलक शासन व्यवस्था नै सुशासन हो । यसले विकास, समृद्धि र जनसन्तुष्टिको अपेक्षा बोकेको हुन्छ ।

संस्थागत विकास योजना सम्बन्धित सरोकारवालाहरूको क्षमता सुदृढीकरण गर्दै दक्ष र वौद्धिक संगठनात्मक संरचनाको स्थापना गरी विकास कार्यहरुलाई तीब्र र व्यवस्थित गर्नेतर्फ केन्द्रित छ । यस अन्तर्गत पूर्वाधार विकास र क्षमता अभिवृद्धि कार्यक्रमहरू समावेश गरिएको छ । त्यस्तै वित्तीय विकास योजनाले राजस्व सुधार गर्ने योजनालाई समावेश गरी स्थानीय आम्दानीका स्रोत वृद्धि गर्ने, कर प्रशासन प्रणालीमा सुधार र निजी क्षेत्र तथा नागरिक समाजको प्रवर्द्धनका लागी रणनीति एवं कार्यक्रमहरु समावेश गरेको छ ।

८.१.२ समस्या तथा चुनौती

समस्या	चुनौती
➢ कमजोर संस्थागत पूर्वाधार । ➢ पर्याप्त नीतिगत तथा कानुनी व्यवस्थाको अभाव । ➢ गाउँपालिकाको न्यून आन्तरिक आयस्रोत । ➢ कमजोर योजना तर्जुमा र कार्यान्वयन खाका ➢ आवश्यक्ता भन्दा पहुँचका भरमा योजना तर्जुमा हुनु । ➢ योजना तर्जुमा तथा कार्यान्वयनको लागी बजेटको अभाव । ➢ दक्ष जनशक्ति र प्राविधिकहरुको अभाव । ➢ कमजोर अन्तर सरकार र अन्तर निकाय समन्वय ।	➢ भौतिक पूर्वाधार आयोजनाहरु निर्धारित समयमै सम्पन्न गर्न नियमति अनुगमन तथा मूल्याङ्कन गर्नु । ➢ दक्ष जनशक्तिको व्यवस्था गर्नु । ➢ आवधिक योजना र वार्षिक योजना वीच तादाम्यता कायम गर्नु । ➢ नतिजामुखी योजना तर्जुमा गर्नु । ➢ योजनाको कार्यान्वयन क्षमता बढाउनु । ➢ जनताका बढ्दो आकांक्षा व्यवस्थापन गर्नु । ➢ संस्थागत क्षमताको विकास गर्नु । ➢ निजी क्षेत्रको लगानी आकर्षित गर्नु । ➢ विकासमा सबै लिङ्ग, वर्ग र समुदायको समतामूलक पहुँच स्थापित गर्नु । ➢ वालवालिका, महिला, अपाङ्गता एवं वातावरण मैत्री विकास गर्नु । ➢ आन्तरिक स्रोत वृद्धि गरी श्रोतको समुचित व्यवस्थापन गर्नु ।

८.१.३ सम्भावना तथा अवसर

सम्भावना	अवसर
➢ स्थानीय निकायको लागी स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था हुनु । ➢ स्थानीय पदाधिकारीहरुद्वारा स्थानीय आवश्यकताको उचित पहिचान हुनु । ➢ स्थानीय सरोकारवालाहरुद्वारा नगरको विकासमा लाग्नको लागी वतावरण भएको ।	➢ आवधिक योजनाबाट योजना तर्जुमाको आधार प्राप्त हुनु । ➢ जनप्रतिनिधि योजनावद्ध विकास प्रति उत्साह हुनु । ➢ विकासका सम्भावनालाई प्राथामिकीकरण गर्ने अवस्था प्राप्त हुनु ।

➢ विकासप्रति जनप्रतिनिधिहरु चनाखो हुँदै गएका र जनताप्रति उत्तरदायी हुँदै गएका ।	➢ संघीय योजना र दिगो विकासका लक्ष्यहरू तथा अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई योजना प्रणालीमा आवद्ध गर्नु ।

८.१.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना

लक्ष्य

जवाफदेही, व्यवसायिक र सक्षम सार्वजनिक प्रशासनबाट सार्वजनिक सेवाप्रतिको जनविश्वास अभिवृद्धि गर्ने।

उद्देश्य

- प्रशासन सेवालाई स्थानीय संरचना अनुसार सबल, सक्षम र सुदृढ बनाई दक्ष, सेवाग्राहीमुखी र व्यवसायिक बनाउनु ।
- पालिकाको सेवा प्रवाह पारदर्शी, चुस्त र परिणाममुखी बनाउने ।
- पालिकाका कर्मचारीको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीयलाई सहज र सरल तरिकाबाट सेवा सुविधा पुऱ्याउनु ।
- जनताप्रति उत्तरदायी र जवाफदेही शासन सञ्चालन गर्नु ।

रणनीति र कार्यनीति

- संस्थागत जनशक्ति विकास गर्ने ।
- सेवा प्रबाहलाई स्थानीय नागरिक र विकास मैत्री बनाइ विकास व्यवस्थापनमा सहकारी तथा निजी क्षेत्रलाई आवद्ध गर्ने ।
- जन सहभागितामा आधारित योजनाको तर्जुमा प्रणालीलाई अबलम्बन गरिनेछ ।
- जन उत्तरदायी, जवाफदेही, नतिजामुखी योजना प्रक्रियाको अवलम्वन गरिनेछ ।
- नियमित, प्रभावकारी, नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- अन्तर सरकार समन्वय र सहकार्यलाई प्रभावकारी एवम् व्यवस्थित बनाउने ।

कार्यक्रम र आयोजना

क्र.स.	कार्यक्रमहरु	सहकार्य गर्ने निकाय				
		संघ	प्रदेश	स्थानीय तह	निजी क्षेत्र	सरकारी र अन्य
१	जनमुखी सेवा उपलब्ध गराउने ।	✓	✓	✓	✓	✓
२	संस्थागत जनशक्ति विकास सम्बन्धी तालिम र गोष्ठीहरु सञ्चालन गर्ने ।	✓	✓	✓	✓	✓
३	तथ्याङ्क संकलन, प्रशोधन, आवधिक परिमार्जन र प्रकाशन गर्ने ।		✓	✓	✓	
४	तथ्याङ्कलाई विद्युतीय संजालीकरण गर्ने ।		✓	✓	✓	
५	सहभागितामूलक योजना तर्जुमा कार्यान्वयन गर्ने ।		✓	✓		✓
६	पालिकाबाट जनशक्ति विकासको लागी बार्षिक कार्यक्रम बनाइ बजेटको व्यवस्था गर्ने ।		✓	✓		

७	संघ, केन्द्र र प्रदेशबाट प्राप्त हुने संस्थागत जनशक्ति विकास सम्बनधी तालिमा र गोष्ठीहरुमा स्थानीय युवाहरुलाई समान र समावेशी रुपमा भागलिने अवसर प्रदान गर्ने ।	✓	✓	✓		✓
८	निजी क्षेत्र र विभिन्न संघसंस्थाहरुलाई संस्थागत जनशक्ति विकास सम्बन्धी कार्यमा प्रोत्साहन गर्ने ।			✓	✓	✓
९	जनशक्ति विकास सम्बनधी नीतिगत व्यवस्था गर्ने ।		✓	✓		
१०	आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरु क्रमशः कार्यान्वयन गर्ने ।	✓	✓	✓		
११	योजना तथा कार्यक्रमहरुको नियमित प्रगति समिक्षा गर्ने ।		✓	✓	✓	✓

८.१.५ अपेक्षीत नतिजा

- गाउँपालिकाको न्यूनतम पूर्वाधार सहितको वडा तहसम्मको प्रशासकीय भवन निर्माण सम्पन्न भएको हुनेछ ।
- संस्थागत संरचनाको सुधार भएको हुनेछ ।
- अन्तरसरकार समन्वय सम्बन्धी कानुन तर्जुमा भइ यसको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारिको आचार संहित निर्माण भइ लागू भएको हुनेछ ।
- पालिकाको कार्यकुशलता अभिबृद्धि भएको हुनेछ ।
- पालिकाबाट संस्थागत जनशक्ति सम्बन्धी कार्यक्रमहरुको लागी बजेट विनियोजन भइ नियमित रुपमा कार्यक्रमहरु भएको हुनेछ ।
- संस्थागत जनशक्ति विकास सम्बन्धी नीतिको तर्जुमा भएको हुनेछ ।
- पालिकामा दक्ष जनशक्तिको विकास भएको हुनेछ ।
- पूँजीगत खर्च ९० प्रतिशत भन्दा बढी भएको हुनेछ ।

८.१.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकाले पालिकाको काममा प्रत्यक्ष राहत महशुस गरेका हुनेछन् ।
- पालिकामा जनस्तरमा सुशानको प्रत्याभूती भएको हुनेछ ।
- जनप्रतिनिधि तथा पालिकाका कर्मचारीहरु नागरिक प्रति पूर्णरुपमा उत्तरदायी भएको हुनेछन्।

परिच्छेद ९: योजना कार्यान्वयन व्यवस्था

९.१ पृष्ठभूमि

गाउँपालिकामा प्रथम स्थानीय निर्वाचन पछि थुप्रै विकासकार्यहरु गरिए । यसरी भएगरेका कार्यहरुले स्थानीय नागरिकलाई राहत महसुस भएको छ तर पूर्ण र आशातित हुन भने सकेको छैन । यसरी तर्जुमा गर्ने कार्य र कार्य गर्नको लागी छुट्टयाईएको वार्षिक वजेटको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी प्राथमिकतामा खासै रहेको देखिएको छैन । अनुगमन कार्यलाई सामान्य स्थलगत निरीक्षण एवं वजेट खर्चसँगको तादात्म्यतासँग मात्र जोडेर हेर्ने गरेको पाइन्छ । केही योजना तथा कार्यक्रमहरुको हकमा प्रतिनिधि तथा कर्मचारीहरु समेतको सहभागितामा अनुगमन हुने गरेको एवं चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ । तथापि स्पष्ट ढंगले कार्यतालिका तयार गरी सूचकहरूको आधारमा अनुगमन हुने गरेको भने देखिँदैन । अनुगमन तथा मूल्याङ्कन कार्य योजना चक्र व्यवस्थापनमा महत्वपूर्ण कार्यको रूपमा ग्रहण गर्ने तथा यसका लागी बजेट विनियोजन समेत हुने गरेको परिस्थिति विद्यमान छ । गाउँपालिकाको आवधिक योजना कार्यान्वयनको लागी संघ र प्रदेशबाट सञ्चालन हुने आयोजनाहरु, गाउँपालिकाले सञ्चालन गर्ने आयोजनाहरु र वडा स्तरका विकास कार्यक्रम तथा आयोजनाहरु छुट्टाछुट्टै शीर्षकमा क्षेत्रगत रुपमा उल्लेख गरिएको छ । त्यसै गरी योजना कार्यान्वयनको प्रकृया र योजना अनुगमन तथा मूल्यांकन पद्दति समेतको प्रस्ताव यसै परिच्छेदमा समेटिएको छ ।

यस आवधिक योजनाको प्रस्तावमा आधारित भई वार्षिक योजना तथा बजेट तर्जुमा गरी योजनाको कार्यान्वयन गरीनुपर्दछ । यसरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, विषयक्षेत्रगत उद्धेश्य तथा कार्यक्रमलाई आधार लिईनेछ । आवधिक योजनाको स्वीकृतीपछि नगर कार्यपालिकाले सवै विषयगत समिति एवं शाखा र सवै वडा कार्यालयहरुलाई मार्गदर्शन सहित वार्षिक योजना तर्जुमा प्रयोजनका लागी पठाईनेछ । अनुमानित वजेट एवं योजना तर्जुमा मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया मार्फत वार्षिक योजनाको तर्जुमा गरी आवधिक योजनाको कार्यान्वयन सुनिश्चित गरिनेछ ।

९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

गाउँपालिकामा विभिन्न विभाग शाखा, उपशाखाहरुको संरचना तयार भएको छ । यसैगरी विषयगत तथा विभागीय समितिहरु गठन भइ क्रियाशील रहेका छन् । नियमित रुपमा गाउँकार्यपालिका बैठक, गाउँसभा सञ्चालन, आन्तरिक लेखापरीक्षण, महालेखा लेखापरीक्षण, अनुगमन तथा सुपरिवेक्षण कार्य सम्पादन हुँदै आइरहेका छन् ।

हाल गाउँपालिकामा रहेका शाखा, उपशाखा, तथा ईकाइ र सेवा केन्द्रहरु निम्न बमोजिम सञ्चालन हुँदै आएकाछन् । गाउँपालिकामा ५ वटा वडा कार्यालय, पालिकामा गठन भएको विभिन्न ६ वटा विषयगत समिति, प्रशासन शाखा, स्वस्थ्य शाखा, पशु सेवा शाखा, पूर्वाधार विकास शाखा, सूचना प्रविधि शाखा,

रोजगार सेवा केन्द्र, राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग (सेवा ईकाई), कृषि शाखा, लेखा शाखा र राजस्व योजना तथा विपद् व्यवस्थापन शाखाबाट नियमित कार्य सञ्चालन हुँदै आएको छ। उपलब्ध विवरण अनुसार गाउँपालिकमा हाल प्रमुख प्रशासकीय अधिकृतको मातहतमा केन्द्रिय सरकार र स्थानीय सरकारबाट स्थायी, अस्थायी तथा करार सेवामा गरी कुल ८३ जना कर्मचारीहरुले सेवा प्रदान गर्दै आएका छन्। तर पनि गाउँपालिकामा हालसम्म संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दरवन्दी तेरिज अनुसार कर्मचारी नरहेको देखिन्छ। त्यसैले मन्त्रालयले प्रस्ताव गरेको दरवन्दी तेरिज अनुसार आवश्यक्ता अनुसार कर्मचारीको व्यवस्था गर्दै लैजानु पर्ने देखिन्छ। यसरी कर्चमारी भर्ना र नियुक्ती गर्दा नेपाल सरकार र गाउँपालिकाको कर्मचारी नियुक्ती सम्बन्धी ऐन र कार्यविधिलाई आधार मानेर गर्नुपर्ने छ। कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागी आवश्यक तालिम र भ्रमणहरु समेत पर्याप्त हुने सकेको देखिदैन।

लिखु पिके गाउँपालिकामा विद्यमान अवस्थामा ८३ कर्मचारिहरु कार्यरत रहेकाछन्। कार्यक्रम तथा आयोजनाको स्वरुप र प्रकृतिका आधारमा गाउँपालिकाले संस्थागत व्यवस्थापन र मानव संसाधन योजना तर्जुमा गर्ने कानुनी अधिकार रहेको छ। हाल गाउँपालिकामा रहेका विभिन्न शाखा, ईकाइ, वडा कार्यालय, सम्न्वय समिति, विषयगत समिति, अनुगमा समिति, कार्यमुल्याङ्कन तथा अनुगम समिति, लगायत अन्य समितिहरु मार्फत कार्य हुँदै आएको छ। यसले संस्थागत व्यवस्थापनमा पालिकाको सेवाग्राहिका हितमा राम्रो काम गरेको देखिन्छ। तर कतिपय शाखा तथा ईकाइमा भने कर्मचारिहरुको अभाव खड्किएको देखिन्छ। यसको लागी गाउँपालिकालाई आवश्यक रुपमा कर्मचारीको व्यवस्था गर्न सक्ने कानुनी प्रावधान रहेको छ।

विद्यमान जनशक्ति	हाल कार्यरत संङ्ख्या	आवश्यक थप जनशक्ति	कार्यस्थल
ईन्जिनियर छैठौं	१	१	गाउँपालिका कार्यालय
सब-इन्जिनियर पाँचौं	२	५	(२ जना गाउँपालिकामा र ५ जना प्रत्येक वडामा)
अ.स.ई. चौथो	५	२	(२ जना गाउँपालिकामा र ५ जना प्रत्येक वडामा)
सूचना प्रविधि विज्ञ	१	१	गाउँपालिका कार्यालय
जिआइएस विज्ञ	-	१	गाउँपालिका कार्यालय
प्लानर (अधिकृत)	-	१	गाउँपालिका कार्यालय
कानुनी सल्लाहाकार	-	१	गाउँपालिका कार्यालय

९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनाले प्रस्ताव गरेको क्षेत्रगत विकास (आर्थिक, सामाजिक, भौतिक, वातावरण तथा विपद व्यवस्थापन, संस्थागत विकास तथा सुशासन लगायत) योजनाको लागी कुल रकम रु २,५८५,१४००००० विनियोजन गर्नुपर्ने देखिन्छ। जसमध्ये पहिलो आ.व.मा ५०४७८००००, दोस्रो आ.व. मा ६४४७३००००, तेस्रो आ.व. मा ५२६८०५०००, चौथो आ.व. मा ४८८८००००० र पाँचौं आ.व. मा ४२०१२५००० खर्च गर्नु पर्ने देखिन्छ। त्यस्तै गरेर आर्थिक क्षेत्र विकास तर्फ रु. १४३४७००००, सामाजिक क्षेत्र विकास तर्फ रु २८१८७०, पूर्वाधार क्षेत्र विकास तर्फ रु. २,०८७,९००००० , वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु. ५४५००००० र सुशासन तथा संस्थागत विकास तर्फ रु. १७४००००० खर्च हुने देखिएको छ। गाउँपालिका

विकासको लागी क्षेत्रगत विकासमा हुने खर्चको सारांश तालिका ५४ र ५५ मा देखाइएको छ भने यसको विस्तृत खाका अनुसूची ३ मा राखिएको छ। प्रस्तावित क्षेत्रगत विकास योजनाको अतिरिक्त गाउँपालिकाको रणनैतिक योजना तथा वडागत योजनाहरु समेत अनुसूची ४ मा प्रस्ताव गरिएको छ।

तालिका ६१: आगामी ५ वर्षको लागी आबश्यक पर्ने विषयगत उप-क्षेत्रगत बजेट अनुमान सारांश

विषय क्षेत्र	आ.व.					जम्मा
	२०८०/०८१	२०८१/०८२	२०८२/०८३	२०८३/०८४	२०८४/०८५	
आर्थिक विकास						
कृषि विकास	१०१३०	६९३०	५६८०	७२३०	६४००	३६,३७०
पशु सेवा	३५७०	३६७०	३४२०	३४४०	३५५०	१७६५०
उद्योग, पयर्टन तथा व्यापार	६५००	२३०००	२४६००	१६०५०	१४३००	८४४५०
वित्तीय संस्था तथा सहकारी	१०००	१०००	१०००	१०००	११००	५०००
जम्मा	**२१२००**	**३४६००**	**३४७००**	**२७७२०**	**२५३५०**	**१४३,४७०**
सामाजिक विकास						
शिक्षा	२०,०००	२०,२५०	१९,६७५	१९,७००	१९,२७५	९८,९००
स्वास्थ्य	३,९००	३,४००	३,४००	३,४००	३,५००	१७,६००
खानेपानी तथा सरसफाइ	१८,१००	२०,६००	२०,६००	२०,६००	२०,६००	१००,५००
महिला तथा वालवालिका र लक्षित	६,३३०	२,५३०	३,९३०	१,५३०	३,६५०	१७,९७०
दलित जनजाति तथा लक्षित बर्ग	१,२००	१,२००	१,२००	१,२००	१,१००	५,९००
युवा तथा खेलकुद	३,२००	१८,२००	१३,२००	३,२००	३,२००	४१,०००
जम्मा	**५२,७३०**	**६६,१८०**	**६२,००५**	**४९,६३०**	**५१,३२५**	**२८१,८७०**
भौतिक विकास पूर्वाधार						
सडक	१८६,४००	१८९,२००	१३३,०००	१३३,०००	७९,०००	७२०,६००
